"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"

लुम्बिनी प्रदेशको
दीर्घकालिन रणनीतिक योजना
(आ.व. २०७५/०८० देखि २०८८/०८९) सम्म

लुम्बिनी प्रदेशको नक्सा



प्रदेश योजना आयोग
लुम्बिनी प्रदेश, मुकाम: बुटवल

"बुद्ध जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुकाम: बुटवल, नेपाल

मुख्यमन्त्री

मन्तव्य

लुम्बिनी प्रदेश सरकारको स्थापना गरेर करिब ५ वर्ष हामीले सरकार संचालन गर्यौं । यो प्रदेशलाई आर्थिक सम्पन्नता सहित समृद्धि हासिल गर्न पञ्चवर्षीय आवधिक योजना बनाएर लागूको अन्तीम चरणमा छौं । हाम्रो प्रदेश हिमाल, पहाड र तराई मिलेर बनेको छ । यो प्रदेश भित्र शहिदहरुको मात्रा बढी नै छ, उनीहरुको सपनालाई साकार पार्दै प्रदेशलाई आत्मनिर्भर बनाउने जिम्मेवारी हाम्रो काँधमा छ । यो दश वर्षे रणनीतिक योजनाले प्रदेशलाई दुइ अंकको आर्थिक वृद्धिदर सहित समृद्धि प्रदेश बनाउने लक्ष्य छ ।

हाम्रो प्रदेशको भौगोलिक अवस्थालाई मध्यनजर गरेर केही प्रदेश गौरवका योजना सहित कृषि, उत्पादनमूलक उद्योग र पर्यटनको विकासलाई विशेष जोड दिएर यो क्षेत्रहरुको लागि भौतिक पूर्वाधार र मानव पूँजीको विकास गर्ने आवश्यकता रहेको छ । हामीले विकास गर्दा सामाजिक न्याय, संन्तुलित विकास, संविधानद्धारा परिलक्षित समाजवाद उन्मुख, प्रदेशले तयगरेको नारा **"समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश"** मा टेकेर आर्थिक सामाजिक व्यवस्था उन्नत बनाउनु छ । यसको अतिरिक्त प्रदेशको साधन स्रोतको वृद्धि गरी जनताको जीवन गुणस्तरीय बनाउने, दिगो विकासको लक्ष्य हासिल गर्ने स्वास्थ्य र शिक्षा (आधारभूत) निःशुल्क बनाउने हाम्रो दश वर्षे रणनीतिक योजनामा रहेको छ । यस प्रदेशको दश वर्षे रणनीतिक योजना तयारी गरिदिनुहुने लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष, सदस्यहरु, मन्त्रीहरु, सचिवहरुलाई धन्यवाद दिन चाहान्छु । यस अतिरिक्त यो योजना तयार पार्ने सहयोग गर्ने विज्ञहरु सुझाव दिने माननीय सदस्यहरु, उद्योग वाणिज्य संघ, उद्योगीहरु, विकासमा साझेदारी गर्ने सञ्चारकर्मीहरु सबैलाई धन्यवाद दिन चाहान्छु ।

मिति २०७९/०४/३१

मा. कुल प्रसाद के.सी.
(मुख्यमन्त्री)
लुम्बिनी प्रदेश

प्रदेश सरकार

लुम्बिनी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकाम: बुटवल, नेपाल

मिति: २०७९।०६।०५

शुभकामना

लुम्बिनी प्रदेश सरकार, प्रदेश योजना आयोगले दीर्घकालीन रणनीतिक योजना (२०७९/२०८० - २०८८/२०८९) स्वीकृत गरि कार्यान्वयनमा ल्याउन लागेकोमा खुसी लागेको छ । नेपालको संविधान, दिगो विकासका लक्ष्य, सरकारको दीर्घकालीन सोंच एवं प्रचलित नियम, कानूनले परिकल्पना गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितताका लागि सुसंस्कृति, शान्तिपूर्ण तथा समतामूलक समाजको निर्माण गर्दै समृद्ध राष्ट्र निर्माणमा सहयोग पुर्याउन एवं समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेशको परिकल्पनालाई साकार पार्न यो योजना सफल हुने अपेक्षा गरिएको छ ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको लुम्बिनी प्रदेश गौतम बुद्धको जन्मस्थलको रुपमा अन्तराष्ट्रिय जगतमा समेत परिचित रहेको छ । प्रदेश योजना आयोगबाट लुम्बिनी प्रदेशको समग्र भौगोलिक, आर्थिक, सामाजिक तथा मानवीय अवस्था एवं विकास निर्माणको आवश्यकता र संभावनाहरुको तथ्य र तथ्याङ्कमा आधारित विश्लेषणबाट तयार गरिएको दीर्घकालीन रणनीतिक योजनाले हालसम्मको योजनाबद्ध विकासको समीक्षा गर्दै प्रदेशका चुनौती तथा अवसरको विश्लेषण गरेको छ । प्रदेश भित्र वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्वमा वृद्धि गरि लगानी तथा स्रोत व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्दै प्रदेशको समष्टिगत अर्थतन्त्रको सुदृढीकरण गर्ने दिशामा योजना लक्षित रहेको छ ।यस क्रममा कृषि विकास, प्राकृतिक स्रोतको दिगो व्वयस्थापन, उद्योग, बाणिज्य, आपूर्ती र पर्यटन क्षेत्रको विकास, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, भाषा, कला, साहित्य क्षेत्रको विकास मार्फत मानवीय विकास एवं सबल र सुदृढ लोकतान्त्रिक अभ्यास मार्फत सुरक्षित, सुदृढ र सुशासित प्रशासनिक तथा व्यवस्थापकीय अभ्यासको उद्देश्य पुरा गर्ने लक्ष्यका साथ दीर्घकालीन रणनीतिक योजना जनसमक्ष आउनु गौरवको विषय रहेको छ ।

यस योजनाको कार्यान्वयनबाट प्रदेशको समग्र विकासमा नयाँ गन्तव्य प्राप्त हुने अपेक्षा गर्दै योजनाको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबैको सहयोग प्राप्त हुनेनै छ भन्ने विश्वासका साथ योजना सफलताको शुभकामना व्यक्त गरिएको छ ।

डा. दिपक काफ्ले

प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश,
प्रदेश योजना आयोग
मुकामः बुटवल, नेपाल

भूमिकाः

लुम्बिनी प्रदेशले २०७६/०७७ देखि लागू हुने गरी पहिलो पंचवर्षिय आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याएको अवस्था हो । तत्काल प्रदेश सरकारले प्रदेशलाई समृद्धि सहित आत्मनिर्भर बनाउन नेपालको संविधानमा टेकेर दीर्घकालीन सोच सहित १५ औ राष्ट्रयिता योजनालाई पछ्याउदै १६ औ राष्ट्रिय योजनालाई आधार बनाएर दिगो विकासको लक्ष्य बनाउदै आ.व. २०७९/०८०- २०८८/०८९ दीर्घकालीन रणनीति योजना बनाएको छ। यो प्रदेशमा उपलब्ध प्राकृतिक सम्पदा र भौगोलिक विविधताको अधिकतम प्रयोग हुने गरी आर्थिक बृद्धिदर हासिल हुने, गरिबी र बेरोजगारीको अन्त हुने, सामाजिक न्यायमा आधारित विकास गर्ने उद्देश्य सहित यो रणनीति योजना बनाइएको छ। यसबाट रोजगार सीर्जना गर्ने, भौतिक पूर्वाधार निर्माण, कृषि उत्पादनमा आत्मनिर्भर, औद्योगिकरण, गुणस्तरीय शिक्षा र स्वास्थ्य प्राथमिकतामा रहेका छन् । समाजमा रहेको विभेदकारी नीतिको अन्त्य, लैङ्गिक समानता, महिला सशक्तीकरण र वातावरण संरक्षणलाई पनि प्राथमिकताका आधारमा राखिएको छ । पर्यटन क्षेत्र यो प्रदेशको गहना हो यसबाट मानवीय पूँजी निर्माणमा प्राथमिकताका आधारमा राख्दै सबै क्षेत्र र स्थानको सन्तुलित विकासलाई ध्यानमा राखी यो दीर्घकालीन रणनीति योजना बनाइएको छ ।

सरकारले अघि सारेका योजना कार्यान्वयनका लागि विषयगत रुपमा तथ्यगत अध्ययन अनुसन्धान र विष्लेषण गर्दै वर्तमान अवस्थाको जानकारीका योजना कार्यन्वयनका समस्या, चुनौती तथा अवसरहरुको पहिचान गर्नु पर्दछ। संघात्मक व्यवस्थामा प्रदेश सरकारले सम्बन्धित क्षेत्रका जनताको चाहना अनुसार कार्य गर्नुपर्ने जनताको अपेक्षा पुरा गर्नको लागि प्रदेश सरकारले योजनावद्ध रुपमा विकासनिर्माणका कृयाकलापहरु सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ।सोका आधारमा आवश्यक रणनीति तथा कार्यनीति तय गर्दै लक्ष्य प्राप्तिका लागि अगाडि बढ्नु आवश्यक रहेकोछ।यस रणनीतिक योजना तर्जुमा गर्दा नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र १५ औ राष्ट्रिय योजनालाई पछ्याउदै १६ औ राष्ट्रिय योजनालाई समेटिने व्यवस्था, दिगो विकासको लक्ष्य तथा सरकारका गौरव तथा प्राथमिकताका योजनाहरुलाई ध्यान दिईएकोछ।

लुम्बिनी प्रदेश सरकारले प्रथम पञ्चवर्षिय योजना कार्यान्वयन गर्दैगर्दा लुम्बिनी प्रदेशको सम्वृद्धिको लागि प्राथमिकताका क्षेत्रहरु पहिचान गर्दै सम्वृद्धिको मार्गमा अगाडी बढ्न,संघीयताको मर्म अनुरुप लुम्बिनी प्रदेश सरकारको दीर्घकालीन सोच "सम्वृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"हासिल गर्नको लागि योजनावद्ध रुपले अगाडी बढ्नु पर्ने आवश्यकताका आधारमा दीर्घकालीन रणनीतिक योजना (आर्थिक वर्ष २०७९/०८०-२०८८/०८९) तयार गरिएको हो।यस रणनीतिक योजनाले आवधिक योजना, वार्षिक योजना, नीति तथा

कार्यक्रम निर्माणको लागि मार्गदर्शन गर्नेछ ।साथै यस रणनीतिक योजनाको मध्यावधि समिक्षा गरी विषयगत क्षेत्रका लक्ष्य, रणनीति र कार्यनीतिलाई समिक्षाका आधारमा परिमार्जन गरिनेछ।

यस रणनीतिक योजना तयार पार्नका लागि यस प्रदेशबाट प्रतिनिधि सभा तथा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने माननीयसदस्य, प्रदेश सभाका माननीय सदस्य, विभिन्न स्थानीय तहका प्रमुख तथा उपप्रमुख, राजनीतिक दलका प्रतिनिधि, विषयगत क्षेत्रका विज्ञ, प्रदेशका विभिन्न मन्त्रालयहरुका सचिवहरुसँगको अन्तरक्रियात्मक कार्यक्रम तथा पृष्ठपोषणका आधारमा जनसहभागितामूलक ढंगले योजना तर्जुमा गरिएकोछ। यस दीर्घकालीन रणनीतिक योजना तयार पार्न योगदान गर्ने प्रदेश योजना आयोगका सदस्यहरु तथा कर्मचारी, मुख्यमन्त्री र मन्त्रीपरिषदका कर्मचारी, परामर्श दाता संस्थाका विज्ञ लगाएत सबैप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु।मुख्य गरी दुई दुई पटकको प्रिजेन्टेशन र छलफलमा पूर्ण उपस्थित भई सुझाव दिनुहुने माननीय मुख्यमन्त्रि ज्यू प्रति आभार प्रकट गर्दछु । यसलाई अध्ययन गरि भूमिका लेखिदिने प्रमुख सचिव ड. दिपक काफ्ले प्रति आभार व्यक्त गर्दछु । यसका साथै यस दीर्घकालिन रणनीतिक योजना कार्यान्वयन गर्न प्रदेश सरकार, स्थानीय तह, राजनैतिक दल, नागरिक समाज, कर्मचारी, गैर सरकारी संस्था लगाएत सबैबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु।

मिति २०७९/०६/०४

वामदेव क्षेत्री (घिमिरे)
उपाध्यक्ष
प्रदेश योजना आयोग

विषयसूची

परिच्छेद-१_परिचय ५

१.१ पृष्ठभूमि ५

१.२ लुम्बिनी प्रदेशको समष्टिगत आर्थिक अवस्था ६

१.२.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान ६

१.२.२ प्रादेशिक अर्थतन्त्रको संरचना ७

१.२.३ वार्षिक बजेटमा पूँजीगत खर्च तथा वास्तविक खर्चको हिस्सा ९

१.३ लुम्बिनी प्रदेशमा योजनाबद्ध विकासको शुरुवात १०

१.४ प्रथम आवधिक योजनाको मध्यावधि समीक्षा १२

१.५ दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता १३

१.६ लुम्बिनी प्रदेशको समृद्धिको लागि प्राथमिकताका क्षेत्रहरू १४

१.७ लुम्बिनी प्रदेशको समृद्धिका आधारहरू १४

१.८ योजना तर्जुमाका मार्गदर्शक आधारहरू १५

१.९ योजना तर्जुमा विधि १५

परिच्छेद-२_दीर्घकालीन रणनीतिक योजना_(आर्थिक वर्ष २०७९/८०-२०८८/८९) १७

२.१ पृष्ठभूमि १७

२.२ चुनौती तथा अवसर १७

२.३ संघीय सरकारको पन्ध्रौं योजना १८

२.३.१ पन्ध्रौं योजनाको लक्ष्य १८

२.३.२ उद्देश्यहरू १९

२.३.३ रणनीतिहरू २०

२.४ लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना (आ.व. २०७९/८०-२०८८/८९)२०
२.४.१ दीर्घकालीन सोच..... २०
२.४.२ लक्ष्य २१
२.४.३ उद्देश्यहरू..... २४
२.४.४ रणनीतिहरू २४
२.५ आर्थिक वृद्धिदर, लगानी तथा स्रोत व्यवस्थापन..... २८
२.५.१ आर्थिक वृद्धिदर..... २८
२.५.२ उत्पादकत्व, सीमान्त पूँजी, उत्पादन अनुपात तथा लगानी..... ३९
२.५.३ सार्वजनिक खर्च व्यवस्थापन..... ५८
परिच्छेद ३_लुम्बिनी प्रदेशको समष्टिगत अर्थतन्त्र..... ६०
३.१ बचत तथा लगानी ६०
३.२ सार्वजनिक वित्त ६३
३.३ राजस्व..... ६६
३.४ आन्तरिक ऋण..... ६९
३.५ वैदेशिक सहयोग ७१
परिच्छेद ४_आर्थिक क्षेत्र..... ७४
४.१ कृषि तथा प्राकृतिक स्रोत..... ७४
४.१.१ कृषि ७४
४.१.२ पशुपन्छी विकास ८१
४.१.३ मत्स्य विकास..... ८५
४.१.४ भूमि व्यवस्थापन..... ८९
४.१.५ खानी तथा उत्खनन..... ९३
४.१.६ जलस्रोत..... ९६

४.१.७ वन तथा जैविक विविधता १०६
४.२ उद्योग, वाणिज्य तथा आपूर्ति र पर्यटन ११२
४.२.१ उद्योग ११२
४.२.२ वाणिज्य तथा आपूर्ति ११६
४.२.३ पर्यटन ११९
परिच्छेद ५_सामाजिक क्षेत्र १२५
५.१ शिक्षा १२५
५.२ स्वास्थ्य १२८
५.३ ज्येष्ठ नागरिक र अपाङ्गता १३३
५.४ महिला विकास तथा सशक्तीकरण १३६
५.५ बालबालिका १३८
५.६ खेलकूद १४१
५.७ भाषा, कला, साहित्य तथा संस्कृति १४३
५.८ सम्पदा संरक्षण १४६
५.९ गुठी व्यवस्थापन १४७
५.१० जनसंख्या तथा बसाइँसराइ १४९
परिच्छेद-६_पूर्वाधार क्षेत्र १५३
६.१ यातायात पूर्वाधार १५३
६.२ यातायात व्यवस्थापन १६०
६.३ सिँचाइ १६६
६.४ खानेपानी तथा सरसफाइ १७१
६.५ जलविद्युत तथा प्रसारण लाइन १८०
६.६ सौर्य ऊर्जा १८४

६.७ नवीकरणीय ऊर्जा १८८
६.८ विज्ञान तथा प्रविधि १९२
६.९ शहरी विकास १९९
६.१० भवन, आवास तथा बस्ती विकास २०४
परिच्छेद-७_लोकतन्त्र, सुशासन र सुरक्षा २१२
७.१ सुशासन २१२
७.२ शान्ति सुरक्षा २१६
परिच्छेद ८_अन्तरसम्बन्धित क्षेत्र २१९
८.१ तथ्याङ्क सुदृढीकरण २१९
८.२ गरिबी निवारण २२२
८.३ श्रम तथा रोजगारी २२४
८.४ वन तथा वातावरण २२७
८.५ सूचना तथा सञ्चार प्रविधि २३०
८.६ विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन व्यवस्थापन २३२
८.७ मानव संसाधनको विकास २३५
८.८ आम सञ्चार २३७
८.९ सामाजिक समावेशिता २३९
परिच्छेद ९_योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन २४३
९.१ योजना तर्जुमा २४३
९.२ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन २४६

परिच्छेद-१

परिचय

१.१ पृष्ठभूमि

वि.सं. २०७२ सालमा लागु गरिएको नेपालको संविधानले मुलुकलाई संघीय राज्यमा परिणत गरेको छ। संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकले दिगो शान्ति, सुशासन, विकास एवम् समृद्धि हासिल गर्ने अपेक्षा गरेको छ। मुलुकमा १ संघ, ७ प्रदेश एवम् ७५३ स्थानीय तहको राज्य संरचना निर्माण भएको छ। यी सात प्रदेशमध्ये एक रहेको लुम्बिनी प्रदेश २७.२०' देखि २९.०' अक्षांशसम्म एवम् ८१.२१' देखि ८४.०२' देशान्तरसम्म फैलिएको छ । यो प्रदेशको क्षेत्रफल २२,२८८ वर्ग कि.मि. रहेको छ । लुम्बिनी प्रदेशले मुलुकको कुल भूभागको १५.१ प्रतिशत हिस्सा ओगटेको छ। यो प्रदेशमा १२ जिल्ला, २६ संघीय निर्वाचन क्षेत्र, ५२ प्रादेशिक निर्वाचन क्षेत्र, ७३ गाउँपालिका, ३२ नगरपालिका एवम् ४ उप-महानगरपालिका रहेका छन्। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार लुम्बिनी प्रदेशको जनसंख्या ५१,२४,२२५ रहेको छ, जुन मुलुकको कूल जनसंख्याको १७.६ प्रतिशत हो ।

संविधान सभाबाट जनताको चाहनाअनुरूपको संविधान जारी गर्ने नेपाली जनताको सदियौंदेखिको सपना साकार भएसँगै मुलुक अब जनताको आर्थिक समृद्धिको सपना साकार पार्नुपर्ने अवस्थामा आइपुगेको छ। मुलुकको राजनीतिक संरचना संघात्मक स्वरूपमा परिणत भएसँगै आर्थिक विकासमा प्रदेशको अहम् भूमिका रहने कुरा जगजाहेरै छ। प्रदेशका एकल एवम् साझा अधिकारहरूको सूची संविधानमा उल्लेख गरिएको छ। यस परिप्रेक्ष्यमा संविधानमा गरिएको व्यवस्थालाई दृष्टिगत गर्दै जनताको समृद्धिको सपना साकार पार्न प्रदेशहरूले आफ्ना सम्पूर्ण विकल्पहरू एवम् उपकरणहरूको परीचालन गर्नुपर्ने अवस्था रहेको छ। उपयुक्त योजनाको निर्माण एवम् त्यसको सफल कार्यन्वयनले प्रदेशको विकासको गतिलाई तीव्रता प्रदान गर्न सहयोग गर्नेछ ।

१.२ लुम्बिनी प्रदेशको समष्टिगत आर्थिक अवस्था

१.२.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान

नेपालमा आ.व. २०७५/७६ देखि प्रादेशिक रूपमा कुल गार्हस्थ्य उत्पादन मापन गर्न थालिएको हो। विगतका ४ आर्थिक वर्षहरू (आ.व. २०७५/७६—२०७८/७९) मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा १४.१ प्रतिशत रहेको छ। उक्त हिस्सा प्रादेशिक औसतभन्दा कम रहेको छ।यस प्रकार राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा उत्साहप्रद हुन सकिरहेको छैन। आ.व. २०७५/७६—२०७८/७९ को अवधिमा केबल एक आर्थिक वर्ष (आ.व. २०७७/७८) मा मात्र लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर प्रादेशिक औसत बराबर रहेको थियो। अन्य आर्थिक वर्षहरूमा सो वृद्धिदर प्रादेशिक औसतभन्दा कम रहेको देखिन्छ।

तालिका १.१: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा विभिन्न प्रदेशहरूको योगदान

प्रदेश	कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशत)				आर्थिक वृद्धिदर (आधारभूत मुल्यमा) (प्रतिशत)			
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९
प्रदेश १	१५.५	१५.८	१५.८	१५.७	७.१	-१.५	३.९	५.१
मधेश	१३.०	१३.३	१३.४	१३.३	७.९	-१.५	३.४	४.५
बागमती	३७.९	३६.४	३६.७	३६.९	५.१	-३.८	४.१	६.४
गण्डकी	८.८	९.०	८.९	८.९	६.७	-१.२	३.६	५.७
लुम्बिनी	१४.०	१४.२	१४.१	१४.१	६.७	-१.८	३.८	४.९
कर्णाली	३.९	४.२	४.१	४.१	८.३	०.९	३.९	५.२
सुदूरपश्चिम	६.८	७.१	७.०	७.०	६.५	०.८	३.८	४.६
औसत	१४.३	१४.३	१४.३	१४.३	६.९	-१.५	३.८	५.२

स्रोतः आर्थिक सर्वेक्षण २०७८-७९, अर्थ मन्त्रालय, नेपाल सरकार

१.२.२ प्रादेशिक अर्थतन्त्रको संरचना

लुम्बिनी प्रदेशको अर्थतन्त्रका प्रमुख क्षेत्रहरू कृषि, वन तथा मत्स्यपालन; थोक तथा खुद्रा व्यापार; गाडी तथा मोटरसाइकल मर्मत सेवा; शिक्षा; निर्माण; उत्पादनमूलक उद्योग; सार्वजनिक प्रशासन रक्षा तथा अत्यावश्यक सामाजिक सुरक्षा; यातायात तथा भण्डारण; आदि रहेका छन्। अर्थतन्त्रको करिब एक तिहाइ हिस्सा कृषि, वन तथा मत्स्यपालनले ओगटेको छ। यो प्रदेशको भौगोलिक विविधताले गर्दा यहाँ विभिन्न प्रकारका कृषिजन्य वस्तुहरू जस्तै खाद्यान्न, दलहन, तेलहन, नगदेबाली, फलफूल तथा तरकारी प्रशस्त मात्रामा उत्पादन गर्न सकिने अवस्था रहेको छ। यस प्रदेशका प्रमुख खाद्यान्न बालीहरूमा धान, गहुँ, मकै, कोदो, फापर एवम् जौ रहेका छन्। समग्रमा, लुम्बिनी प्रदेश खाद्यान्न बचत हुने प्रदेशको रूपमा रहेको छ। नेपाल राष्ट्र बैंक (आर्थिक गतिविधि अध्ययन, २०७७/७८) का अनुसार यो प्रदेशमा ८,३४,१०९ हेक्टर क्षेत्र कृषिले ढाकेको छ। यसमध्ये प्रदेशगत रूपमा खाद्य तथा अन्य बालीले १७.७ प्रतिशत, तरकारी तथा बागबानीले ११.४ प्रतिशत एवम् फलफूल तथा मसलाले १०.५ प्रतिशत हिस्सा ओगटेका छन्।

लुम्बिनी प्रदेशका १८ क्षेत्रहरू (तालिका १.२) मध्ये सात प्रमुख क्षेत्रहरू कृषि, वन तथा मत्स्यपालन; उत्पादनमूलक उद्योग; निर्माण; थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाईकल मर्मत सेवा; यातायात तथा भण्डारण; सार्वजनिक प्रशासन, रक्षा र अत्यावस्यक सामाजिक सुरक्षा; एवम् शिक्षाको योगदान ८० प्रतिशतभन्दा बढी रहेको छ।

तालिका १.२: लुम्बिनी प्रदेशको अर्थतन्त्रको संरचना (प्रतिशत)

क्र.सं.	औद्योगिक वर्गीकरण	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९
१	कृषि, वन तथा मत्स्यपालन	३०.७	३०.७	३०.५	२९.४
२	खानी तथा उत्खनन्	०.७	०.७	०.७	०.७
३	उत्पादनमूलक उद्योग	६.६	५.८	६.२	६.४
४	विद्युत, ग्याँस, वास्प तथा वातानुकुलित आपूर्ति सेवा	०.५	०.६	०.६	०.६
५	पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू	०.८	०.८	०.७	०.७
६	निर्माण	८.७	७.७	७.३	७.६

क्र.सं.	औद्योगिक वर्गीकरण	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९
७	थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा	११.७	१०.७	११.४	११.७
८	यातायात तथा भण्डारण	६.८	५.५	५.७	६.३
९	आवास तथा भोजन सेवा	१.९	१.२	१.३	१.४
१०	सूचना तथा सञ्चार	२.५	२.५	२.५	२.३
११	वित्तीय तथा बीमा क्रियाकलापहरू	४.३	५.३	५.४	५.३
१२	घरजग्गा कारोवारको सेवा	४.६	४.९	४.७	४.६
१३	पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू	०.५	०.६	०.६	०.६
१४	प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू	०.४	०.४	०.४	०.४
१५	सार्वजनिक प्रशासन, रक्षा र अत्यावाश्यक सामाजिक सुरक्षा	७.८	९.६	९.३	९.२
१६	शिक्षा	९.४	१०.५	१०.१	१०.१
१७	मानव स्वास्थ्य तथा सामाजिक कार्य	१.८	२.१	२.१	२.१
१८	अन्य सेवाका क्रियाकलाप	०.४	०.५	०.५	०.५
	कुल जम्मा	**१००.०**	**१००.०**	**१००.०**	**१००.०**

स्रोतः आर्थिक सर्वेक्षण, २०७८/७९, अर्थ मन्त्रालय, नेपाल सरकार

लुम्बिनी प्रदेशमा विभिन्न प्रकारका व्यवसायिक प्रतिष्ठानहरू रहेका छन्। राष्ट्रिय आर्थिक गणना २०७५ का अनुसार नेपालमा रहेका कूल ९,२३,३५६ व्यवसायिक प्रतिष्ठानहरू मध्ये लुम्बिनी प्रदेशमा कूल १,४७,७८९ व्यवसायिक प्रतिष्ठानहरू रहेका छन्। तीमध्ये १ देखि ९ जना व्यक्ति संलग्न व्यवसाय १४१,८८५; १० देखि ४९ जना व्यक्तिहरू संलग्न व्यवसायहरू ५,३४०; ५० देखि ९९ जना संलग्न ३१२; एवम् १०० वा सोभन्दा बढी संलग्न व्यवसायहरू २५२ रहेका छन्। संख्याको हिसाबले लुम्बिनी प्रदेश तेस्रो स्थानमा रहेको छ (बागमती प्रदेशमा २,८२,९२० व्यवसायहरू, प्रदेश १ मा १,६८,५१८ व्यवसायहरू)। अतः मुलुकमा संचालित व्यवसायिक एकाइहरूमध्ये १५.९ प्रतिशत यो प्रदेशमा रहेका छन्। यी प्रतिष्ठानहरूमा ४७४,२६४ जनशक्ति कार्यरत छन्। त्यसै गरी,

उद्योग विभागका अनुसार २०७८ सालसम्म लुम्बिनी प्रदेशमा ६१४ वटा उद्योग दर्ता भएका छन्। ती उद्योगहरूमा कुल २२०.०८ अर्ब लगानी प्रस्ताव गरिएको छ।

यो प्रदेशमा आन्तरिक व्यापारको ठूलो सम्भावना रहेको छ। यहाँबाट मुलुकका अन्य प्रदेशहरूमा पनि कृषिजन्य एवम् औद्योगिक वस्तुहरूको व्यापार गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। लुम्बिनी प्रदेशमा भारतसँगका व्यापारिक नाकाहरू पनि रहेकोले अन्तराष्ट्रिय व्यापारको क्षेत्रमा ठुलो सम्भावना रहेको छ। यदि यो प्रदेशले विभिन्न सुविधाहरूमार्फत् उद्यमी—व्यवसायीहरूलाई आकर्षित गर्न सकेको खण्डमा प्रदेश १ तथा मधेश प्रदेशबाट भइरहेको अन्तराष्ट्रिय व्यापार यतातर्फ स्थानान्तरण हुने प्रबल सम्भावना रहेको छ।

अन्य प्रदेशहरूसँग तुलना गर्दा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशमा ३ वटा क्षेत्रहरू (कृषि, वन तथा मत्स्यपालन; खानी तथा उत्खनन; एवम् उत्पादनमूलक उद्योग) को योगदान उल्लेख्य रहेको छ। यो प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्ने विभिन्न क्षेत्रहरूमध्ये प्रमुख क्षेत्रहरू (कृषि, वन तथा मत्स्यपालन; शिक्षा; उत्पादनमूलक उद्योग; एवम् निर्माणको हिस्सा ५० प्रतिशतभन्दा बढी रहेको छ। त्यसकारण आगामी दिनमा लुम्बिनी प्रदेशको अर्थतन्त्रको विस्तार, रोजगारी सिर्जना एवम् आय वृद्धिको लागि यी क्षेत्रहरूमा जोड दिनु आवश्यक रहेको छ। यी क्षेत्रहरूको अलावा पर्यटन पनि प्रचुर सम्भावना बोकेको क्षेत्र रहेको छ। यी क्षेत्रहरूको विस्तारको लागि पर्याप्त मात्रामा पूर्वाधारको विकास जरुरी छ।

१.२.३ वार्षिक बजेटमा पूँजीगत खर्च तथा वास्तविक खर्चको हिस्सा

पछिल्ला आर्थिक वर्षहरूमा संघीय सरकारको बजेटमा पूँजीगत खर्चभन्दा चालु खर्च बढी भएको देखिन्छ। यद्यपि प्रादेशिक रूपमा आ.व. २०७५/७६ मा बागमती प्रदेश एवम् आ.व. २०७६/७७ मा मधेश प्रदेशबाहेक अन्य सबै प्रदेशहरूमा पूँजीगत खर्चको हिस्सा बढी रहेको छ। लुम्बिनी प्रदेशको हकमा यस्तो हिस्सा प्रायजसो अन्य प्रदेशमा भन्दा अझै बढी रहेको अवस्था छ। तुलनात्मक रूपमा यो राम्रो अवस्था हो। यद्यपि यसप्रकारको हिस्सालाई आगामी दिनमा अझै बढाउन सकेको खण्डमा विकास निर्माणका क्रियाकलापहरूमा वृद्धि भई प्रदेशको आर्थिक समृद्धिमा टेवा पुग्ने निश्चित छ।

तालिका १.३: प्रदेशगत पूँजीगत खर्च (प्रतिशतमा)

प्रदेश	पूँजीगत खर्च (प्रतिशत)		
	२०७५/७६	२०७६/७७	२०७७/७८
प्रदेश १	५३.९	५९.९	५६.८
मधेश	५६.१	४५.७	६१.७
बागमती	४६.३	५६.१	५६.२
गण्डकी	६२.६	६८.५	६८.७
लुम्बिनी	५९.७	५७.९	५७.६
कर्णाली	५४.१	५६.५	६१.६
सुदुरपश्चिम	५१.१	५२.७	५४.९
औसत	५४.४	५७.२	५९.३

स्रोतः आर्थिक सर्वेक्षण, २०७८/७९, अर्थ मन्त्रालय, नेपाल सरकार

१.३ लुम्बिनी प्रदेशमा योजनाबद्ध विकासको शुरुवात

नेपालमा योजनाबद्ध विकासको शुरुवात प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१८) बाट शुरु भएको हो। हालसम्म १४ वटा आवधिक योजनाहरू सम्पन्न भइसकेका छन् भने १५ औं आवधिक योजना कार्यान्वयनको चरणमा रहेको छ। विभिन्न आवधिक योजनाहरूको कार्यान्वयनसँगै मुलुकको आर्थिक एवम् सामाजिक क्षेत्रमा जनताको अपेक्षाअनुसार सुधार हुन नसके पनि क्रमिक रूपमा सुधार हुँदै आइरहेको अवस्था जगजाहेर नै छ। यसै सन्दर्भमा "समृद्ध प्रदेशः खुशी जनता" को सोचसहित लुम्बिनी प्रदेशले प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) कार्यान्वयनमा ल्याएको छ। समाजवादउन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित एवम् दिगो विकासको माध्यमबाट उच्च आर्थिक वृद्धि गर्दै लुम्बिनी प्रदेशका जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य यो योजनाले राखेको छ। यो योजनाले योजना अवधिमा औसतमा ९.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने तथा मुद्रास्फिति ५ वर्षमा औसत ६.० प्रतिशत कायम गर्ने लक्ष्य राखेको छ। त्यसै गरी, आ.व. २०८०/८१ मा गरिवीको रेखामुनिको जनसंख्या १० प्रतिशतमा झार्ने, प्रतिव्यक्ति आय १६०० अमेरीकी डलर पुर्याउने, बेरोजगारी दर ६.० प्रतिशतमा झार्ने, अपेक्षित आयु ७२ वर्ष पुर्याउने, बाल मृत्युदर (प्रतिहजार) २५ मा झार्ने, माध्यमिक तहमा कुल भर्ना दर ९३.० प्रतिशत पुर्याउने, सम्पूर्ण परिवारहरूलाई खानेपानी

तथा विद्युत सुविधा पुर्याउने, ७० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्याउने, पक्की सडकको हिस्सा २८ प्रतिशत पुर्याउने, इन्टरनेटको पहुँच पुगेको घरपरिवार ८५.० प्रतिशत पुर्याउने साथैं १५ वर्षमाथिको साक्षरता दर ८५ प्रतिशत पुर्याउने लक्ष्यहरू राखेको छ।

सामाजिक न्यायमा आधारित अवसरको सिर्जना, उत्पादनमा वृद्धि, रोजगारी प्रवर्धन एवम् गरिबी निवारण गर्ने उद्देश्यहरू पूरा गर्नको लागि योजनाले निम्न लिखित ६ वटा रणनीतिहरू अवलम्बन गर्न खोजेको छ।

१. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने।

२. आवश्यक भौतिक पूर्वाधारको निर्माण तथा विस्तार गर्ने।

३. गुणस्तरीय शिक्षा र स्वास्थ्यमा विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने।

४. सामाजिक समावेशिता एवम् लैंगिक समता प्रवर्धन गर्ने।

५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलित विकास गर्ने।

६. विधिको शासन कायम गर्दै सुशासनको प्रत्याभूति गर्ने।

माथि उल्लेखित उद्देश्यहरू एवम् लक्ष्यहरू हासिल गर्न प्रादेशिक गौरवका आयोजनाहरू कार्यान्वयन गर्ने, निर्माणाधिन पुर्वाधारका आयोजनाहरू शीघ्रातिशीघ्र सम्पन्न गर्ने, प्राथमिकताको आधारमा आयोजनाहरू छनौट गर्ने, भूमिको उपयुक्त रूपमा प्रयोग गर्ने, स्वरोजगारी एवम् रोजगारीका अवसरहरू सिर्जना गर्दै नागरिकको आम्दानी वृद्धि गर्ने, प्रदेशको विकासको लागि नयाँ सम्भावनाहरूको पहिचान गर्ने, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने, सामाजिक सहिष्णुता एवम् सद्भाव कायम गर्ने, लगानी अभिवृद्धि गर्नको लागि उपयुक्त वातावरण निर्माण गर्ने, भौतिक पूर्वाधारको विकास गर्ने, प्राकृतिक स्रोतको व्यवस्थितरूपले उपयोग गर्ने एवम् पर्याप्त मात्रामा स्रोतको विनियोजन तथा लगानी गर्ने नीतिहरू यो योजनाले लिएको छ।

१.४ प्रथम आवधिक योजनाको मध्यावधि समीक्षा

विगत तीन आर्थिक वर्षको औसत आर्थिक वृद्धिदर केबल २.३ प्रतिशत रहेको छ, जुन लक्षित वृद्धिदर ९.५ प्रतिशतभन्दा निकै कम रहेको छ। उपभोक्ता मूल्य वृद्धिदर लक्षितभन्दा कम रहेको छ। बहुआयामिक गरिबीको दर, जन्मदाको अपेक्षित आयु, खानेपानी सुबिधा पुगेको घरपरिवार, विद्युत सुविधा पुगेको जनसंख्या तथा सडकको लम्बाइसँग सम्बन्धित तथ्याङ्कहरू लक्ष्यको नजिक रहेका छन्। त्यसै गरी, इन्टरनेटको पहुँच भएका घरपरिवारसँग सम्बन्धित लक्ष्य पनि हासिल हुने अवस्था देखिन्छ। अर्कोतर्फ, प्रतिव्यक्ति आय, बेरोजगारी दर, साक्षरता दर, बालमृत्यु दर, सिंचित क्षेत्र तथा पक्की सडकको अंशसँग सम्बन्धित लक्ष्यहरू हासिल गर्न कठिन हुने अवस्था देखिन्छ।

तालिका १.४ : प्रथम आवधिक योजनाको परिमाणात्मक लक्ष्य एवम् उपलब्धि

सूचक	आधार वर्ष (२०७५/७६)	आ.व.२०८०/८१ सम्मको लक्ष्य	आ.व.२०७८/७९ सम्मको अवस्था
प्रादेशिक आर्थिक वृद्धिदर र मूल्य वृद्धि			
कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत)	७.४	९.५ (५ वर्षको औसत)	२.३ (आ.व. २०७६/७७ - २०७८/७९ को औसत)
उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत)	-	६.० (५ वर्षको औसत)	३.६
आय, गरिबी तथा रोजगारी			
निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)	१८.२	१०.०	१३.६*
बहुआयामिक गरिबीको दर (प्रतिशत)	२९.९	१५.०	२०.०*
प्रतिव्यक्ति आय (अमेरीकी डलर)	८०३	१६००	११०३**
बेरोजगारीको दर (प्रतिशत)	११.२	६.०	१६*
सामाजिक सूचक			
जन्मदाको अपेक्षित आयु (वर्ष)	६९.३	७२.०	७०.०*
साक्षरता दर (१५ वर्षमाथि, प्रतिशत)	५८.०	८५.०	७०.०*
बाल मृत्यु दर (प्रतिहजार)	४५	२५	३८*

सूचक	आधार वर्ष (२०७५/७६)	आ.व.२०८०/८१ सम्मको लक्ष्य	आ.व.२०७८/७९ सम्मको अवस्था
माध्यामिक तह (९-१२) मा कुल भर्ना दर (प्रतिशत)	७४.७	९३	५३.५**
पूर्वाधार			
खानेपानी सुविधा पुगेको घरपरिवार (प्रतिशत)	८९.८	१००.०	९७.०*
विद्युत सुविधा पुगेको जनसंख्या (प्रतिशत)	८१.०	१००.०	९४.९*
सिंचित क्षेत्र (प्रतिशत)	५१.०	७०.०	५८.२*
सडकको लम्बाइ (कि.मि.)	११,२३३	१२,५००	११,८००*
पक्की सडकको अंश (प्रतिशत)	१७.० (१९३८ कि.मि.)	२८.० (३५०० कि.मि.)	२१.०*
इन्टरनेटको पहुँच भएका घरपरिवार (प्रतिशत)	४९.४	८५.०	७५.०८

*स्रोतः प्रदेश नं. ५ को प्रथम आवधिक योजना (आ.व. २०७६/७७ - २०८०/८१), प्रदेश योजना आयोग; *प्रथम आवधिक योजना आ.व. २०७६/७७ - २०८०/८१ को मध्यावधि समीक्षा, लुम्बिनी प्रदेश; **आर्थिक सर्वेक्षण २०७८/७९, अर्थ मन्त्रालय, नेपाल सरकार*

१.५ दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता

नेपालको संविधानले व्यवस्था गरेको एकल एवम् साझा अधिकार उपयोग गर्दै समृद्धिको मार्गमा अगाडि बढ्न, आम नागरिकको चाहनाअनुरूप सेवा प्रवाह गर्न, सामाजिक न्याय सुनिश्चितता गर्न, प्रदेशलाई आर्थिक एवम् सामाजिकरूपले मजबुत बनाउदै संघीयताको मर्मअनुरूप कार्य गर्न, प्रादेशिक समृद्धिको लागि सम्पूर्ण सरोकारवालाहरूलाई सहभागी बनाउदै विकास निर्माणका कार्यहरू सञ्चालन गर्न, दिगो विकास लक्ष्यहरू हासिल गर्न तथा लुम्बिनी प्रदेश सरकारको **'सम्वृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश'** को दीर्घकालीन सोच हासिल गर्नको लागि योजनाबद्धरूपले अगाडि बढ्नु पर्ने आवश्यकता रहेकोले यो रणनीतिक योजना कार्यान्वयन ल्याइएको हो। यसको लागि आगामी आर्थिक बर्षहरूमा लुम्बिनी प्रदेश सरकारले कार्यान्वयन गर्ने वार्षिक बजेटहरू तथा अवलम्बन गर्ने अन्य नीतिहरू यो रणनीतिक योजनाका लक्ष्य एवम् उद्देश्यहरू हासिल हुने गरी तय गर्नेछ।

१.६ लुम्बिनी प्रदेशको समृद्धिको लागि प्राथमिकताका क्षेत्रहरू

प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्दा हाल लुम्बिनी प्रदेशको अर्थतन्त्रमा तुलनात्मकरूपले उच्च योगदान गरेका एवम् आगामी दिनमा योगदान गर्न सक्ने सम्भावना रहेका क्षेत्रहरूको विश्लेषण गर्नुपर्ने आवश्यकता रहन्छ। यसप्रकारको विश्लेषणको आधारमा यो रणनीतिक योजना अवधिको लागि देहायका क्षेत्रहरूलाई प्राथमिकता दिइनेछः

१. कृषि, वन तथा मत्स्यपालन

२. खानी तथा उत्खनन्

३. उत्पादनमूलक उद्योग

४. शिक्षा तथा स्वास्थ्य

५. पूर्वाधार

६. पर्यटन

१.७ लुम्बिनी प्रदेशको समृद्धिका आधारहरू

लुम्बिनी प्रदेशको समृद्धिका आधारहरू देहायबमोजिम रहेका छन्।

१. उच्च पहाडी भू-भागदेखि तराईको समथर भू-भागको उपस्थितिले गर्दा हावापानी तथा मौसम अनुकूलका विविध प्रकारका कृषिजन्य तथा पशुजन्य उत्पादन एवम् मत्स्यपालनको प्रचुर सम्भावना।

२. अन्तर्राष्ट्रिय व्यापारिक नाका (भैरहवा तथा नेपालगन्ज) को उपलब्धता; जनसंख्याको ठुलो हिस्साको बसोबास; गण्डकी, कर्णाली तथा सुदुरपश्चिम प्रदेशसँगको अन्तरआबद्धता; आदि कारणहरूले गर्दा औद्योगिक विकासको ठुलो सम्भावना।

३. सबै जिल्लामा सडक सञ्जाल पुग्नाले आन्तरिक व्यापारमा सहजता।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरूको उपलब्धता, सांस्कृतिक विविधता एवम् विभिन्न पर्यटकीय स्थलहरूको उपलब्धताले गर्दा पर्यटन क्षेत्रको विकासको सम्भावना।

१.८ योजना तर्जुमाका मार्गदर्शक आधारहरू

१. नेपालको संविधान

२. दिगो विकासका लक्ष्यहरू

३. नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू एवम् सन्धि तथा सम्झौताहरू

४. नेपाल सरकारको दीर्घकालीन सोच २१००

५. नेपाल सरकार एवम् लुम्बिनी प्रदेश सरकारबाट विभिन्न समयमा जारी भएका कानुनहरू

६. राजनीतिक दलहरू, जनप्रतिनिधिहरू, विज्ञहरू तथा अन्य सरोकारवालाहरूबाट प्राप्त सुझावहरू

१.९ योजना तर्जुमा विधि

देहायबमोजिमका चरणहरू पार गर्दै यो दीर्घकालीन रणनीतिक योजना तयार पारिएको छः

१. सन्दर्भ सामग्रीहरू सङ्कलन तथा अध्ययन

सर्वप्रथम दीर्घकालीन रणनीतिक योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरू सङ्कलन शुरु गरियो। नेपाल सरकारका विगत तथा वर्तमानका योजनाहरू, संघीय मन्त्रालयका प्रकाशनहरू, विभिन्न प्रदेश सरकारका योजनाहरू, लुम्बिनी प्रदेश सरकारका विगत तथा वर्तमानका नीति तथा कार्यक्रमहरू, लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालयहरूका प्रकाशनहरू, केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू, नेपाल राष्ट्र बैंकका प्रकाशनहरू, आर्थिक सर्वेक्षण लगायत विभिन्न जर्नलहरूमा प्रकाशित लेखहरूलाई सन्दर्भ सामग्रीको रूपमा उपयोग गरियो।

२. सरोकारवालाहरूसँग छलफल

दीर्घकालीन रणनीतिक योजना निर्माणको पहिलो चरणमा सरोकारवालाहरूसँग छलफल सम्पन्न गरियो। उक्त छलफलमा लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालयका मन्त्रीहरू तथा सचिवहरू, उद्योगपतिहरू, व्यापारीहरू, जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो। उक्त अवसरमा लुम्बिनी प्रदेशको सम्भावना तथा आवश्यकता, सेवा प्रवाहको वर्तमान अवस्था, उद्योग क्षेत्रको अवस्था तथा समस्या, कृषि क्षेत्रको अवस्था तथा

समस्या, प्राविधिक जनशक्तिको उपलब्धता, शहरीकरण, शिक्षा, स्वास्थ्य, खानेपानी, फोहोर व्यवस्थापन लगायतका विषयमा गहनरूपमा छलफल भएको थियो।

३. प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण

सन्दर्भ सामग्रीहरूको अध्ययनको आधारमा दीर्घकालीन रणनीतिक योजनाको विषयवस्तुको बारेमा निष्कर्षमा पुगियो। सोही निष्कर्षको आधारमा प्रारम्भिक प्रतिवेदन तयार गरियो। सो प्रतिवेदनलाई लुम्बिनी प्रदेशका मुख्यमन्त्रीको उपस्थितिमा विभिन्न सरोकारवालाहरू समक्ष प्रस्तुतीकरण गरियो। उक्त कार्यक्रमको छलफलको आधारमा रणनीतिक योजनामा समावेश गर्ने विषयवस्तुमा आवश्यक परिमार्जन गरियो।

४. तथ्याङ्क सङ्कलन

प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीकरण पछि लुम्बिनी प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरूमा अनौपचारिक छलफल सम्पन्न गरियो। सो अवसरमा आवश्यक सन्दर्भ सामग्री एवम् तथ्याङ्क लिनुका साथै दीर्घकालीन रणनीतिक योजनाले समेट्नुपर्ने मूलभूत विषयका बारेमा पनि छलफल गरियो।त्यसै गरी, संघीय सरकार एवम् यस मातहतका विभिन्न निकायहरूका प्रकाशनहरूबाट पनि आवस्यक तथ्याङ्क सङ्कलन गरियो ।

५. योजना तर्जुमा तथा मस्यौदा प्रतिवेदनको तयारी

विभिन्न सरोकारवाला व्यक्तिहरूसँको छलफल, सन्दर्भ सामग्रीहरूको अध्ययन, प्रतिवेदन निर्माणमा संलग्न विज्ञहरूको बीचमा व्यापक छलफल एवम् उपलब्ध तथ्याङ्कको विश्लेषणको आधारमा रणनीतिक योजनाको प्रारम्भिक मस्यौदा तयार गरियो। यसरी तयार गरिएको मस्यौदा प्रतिवेदनमाथि लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष एवम् सदस्यहरू, विज्ञहरू तथा सरोकारवालाहरू समक्ष प्रस्तुत गरियो।

६. अन्तिम प्रतिवेदन प्रस्तुतीकरण

विभिन्न चरणका प्रस्तुतीकरणहरू एवम् छलफलहरू तथा विज्ञहरूको सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदनको तयारी गरियो।यसरी तयार गरिएको अन्तिम प्रतिवेदन लुम्बिनी प्रदेशका मुख्यमन्त्रीको उपस्थितिमा प्रस्तुतीकरण गरियो ।

परिच्छेद-२

दीर्घकालीन रणनीतिक योजना

(आर्थिक वर्ष २०७९/८०-२०८८/८९)

२.१ पृष्ठभूमि

मुलुक संघीय संरचनामा रुपान्तरित भएपश्चात् तीन तहका सरकारहरू स्थापित भएका छन्। वि.सं. २०७२ सालमा लागु गरिएको नेपालको संविधानले तीनै तहका सरकारहरूले संविधान एवम् कानूनहरूमा व्यवस्था भएबमोजिम राज्य शक्तिको प्रयोग गर्न सक्ने अधिकार प्रदान गरेको छ। संविधानमा संघ, प्रदेश एवम् स्थानीय तहका एकल अधिकारहरूको सूची, संघ र प्रदेशको साझा अधिकारको सूची एवम् संघ, प्रदेश तथा स्थानीय तहहरूको साझा अधिकारहरूको सूची निर्धारण गरिएका छन्। यी अधिकारहरूभित्र आर्थिक अधिकारहरू पनि पर्दछन्। संघ, प्रदेश एवम् स्थानीय तहले आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयवस्तुमा कानून बनाउन, वार्षिक बजेट बनाउन, निर्णय गर्न, नीति तथा योजना तयार गर्न एवम् त्यसको कार्यान्वयन गर्न सक्ने अधिकार संविधानले प्रदान गरेको छ।

मुलुक संघीयतामा जानुपर्नाका विविध कारणहरू मध्ये एउटा कारण आर्थिक पनि हो। संघात्मक व्यवस्थामा प्रदेश एवम् स्थानीय तहले सम्बन्धित क्षेत्रका जनताको चाहनाअनुसार कार्य गर्ने अपेक्षा जनतामा रहेको छ। जनताको विकासको अपेक्षा पूरा गर्नको लागि प्रदेश सरकारले योजनाबद्ध रूपमा विकास निर्माणका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। यो पृष्ठभूमिमा नेपाल सरकारको दीर्घकालीन सोच २१००, नेपाल सरकारको पन्ध्रौं योजना तथा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनसँग तादम्यता राख्ने गरी आगामी दश वर्षको लागि लुम्बिनी प्रदेशको समृद्धिको खाका तयार गर्न यो दीर्घकालीन रणनीतिक योजना कार्यान्वयनमा ल्याइएको छ।

२.२ चुनौती तथा अवसर

मुलुकमा संघीयता कार्यन्वयनमा आएपश्चात् जनताको विकासप्रतिका अपेक्षाहरू पनि वृद्धि भएको अवस्था छ। यी मध्ये थुप्रै अपेक्षाहरू प्रदेश सरकारसँग सम्बन्धित छन्। संघीय सरकारको तुलनामा प्रदेश सरकार जनताको नजिक हुने हुँदा प्रदेश सरकारसँग जनताको

अपेक्षा हुनु स्वाभाविकै हो। यद्यपि वर्तमान वित्तीय संघीयताको मोडेलअनुसार प्रदेश सरकारसँग सीमित मात्रामा राजश्वका स्रोतहरू रहेका छन्। यस्तो अवस्थामा सीमित स्रोत-साधनको उपयोगबाट जनताका अपेक्षाहरू पूरा गर्नु प्रदेश सरकारको लागि चुनौतीको रूपमा रहेको छ। प्रदेशमा विद्यमान उच्च गरिबी, न्यून प्रतिव्यक्ति आय, कमजोर मानव विकास सूचकांक, कृषि क्षेत्रको कमजोर प्रतिस्पर्धात्मक क्षमता, औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधारको विकास नहुनु, ठुलो आकारको अनौपचारिक अर्थतन्त्र, सीमा वारपार तस्करी आदिको अवस्थामा समृद्धिको यात्रा तय गर्नु अवश्य पनि कठिन कार्य हो। यति हुँदा हुँदै पनि भौगोलिक विविधताको कारणले उपलब्ध कृषिको प्रचूर सम्भावना, अन्तराष्ट्रिय व्यापार नाकाको उपलब्धताको कारण हुने व्यापारिक सहजता, औद्योगिक विकासको सम्भावना, पर्यटनको प्रचूर सम्भावना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आदि यहाँको समृद्धिको आधारका रूपमा रहेका छन्। त्यसै गरी, संघात्मक व्यवस्था लागु भएपछि स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएर जनप्रतिनिधिहरूले काम गर्न थालिसकेको तथा प्रदेशका जनप्रतिनिधिहरूको पहिलो कार्यकाल सम्पन्न हुनै लाग्दा स्थानीय तथा प्रदेश सरकारले विकास निर्माणको क्रममा हासिल गरेका अनुभवहरू, बढ्दो जनचेतना, सेवा प्रवाहमा आएको सुधार आदिलाई पनि लुम्बिनी प्रदेशको भावी विकासका लागि सहयोगी हुने निश्चित छ ।

२.३ संघीय सरकारको पन्ध्रौं योजना

नेपाल सरकारले आ.व. २०७५/७६-२१००/०१ को अवधिमा हासिल गर्ने गरी 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोच कार्यान्वयनमा ल्याएको छ। सो सोच हासिल गर्नको लागि आ.व. २०७६/७७-२०८०/८१ अवधिको लागि पन्ध्रौं योजना कार्यान्वयनमा आएको छ। अतः यो योजना संघीय सरकारको दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा कार्यान्वयनको तहमा रहेको छ।

२.३.१ पन्ध्रौं योजनाको लक्ष्य

यो योजनाको लक्ष्य नेपाललाई समृद्ध एवम् सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवादउन्मुख लोककल्याणकारी राज्यमा रुपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने रहेको छ।यो योजनाले आ.व. २०७५-७६ लाई आधार वर्षको रूपमा लिँदै आ.व. २०८०-८१ मा हासिल गर्ने गरी विभिन्न परिमाणात्मक

लक्ष्यहरू लिएको छ। ती मध्ये प्रमुख लक्ष्यहरूमा आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) १०.३ प्रतिशत, प्रतिव्यक्ति कुल राष्ट्रिय आय अमेरीकी डलर १५९५, गरिबीको रेखामुनिको जनसंख्या (निरपेक्ष गरिबी) ९.५ प्रतिशत, सम्पत्तिमा आधारित जिनी गुणाङ्क ०.२९, अपेक्षित आयु ७२ वर्ष, साक्षरता दर (१५ वर्ष माथि) ९५ प्रतिशत, कालोपत्रे भएको राष्ट्रिय एवम् प्रादेशिक लोकमार्ग (२ लेनसम्म) २०,२०० कि.मि., रेलमार्ग ३४८ कि.मि., विद्युतमा पहुँच भएको परिवार १०० प्रतिशत, इन्टरनेटमा पहुँच भएको जनसंख्या ८० प्रतिशत, अर्थतन्त्रमा प्राथमिक क्षेत्रको योगदान २३ प्रतिशत, अर्थतन्त्रमा द्धितीय क्षेत्रको योगदान १८.१ प्रतिशत, अर्थतन्त्रमा तृतीय क्षेत्रको योगदान ५८.९ प्रतिशत, वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) १५.७ प्रतिशत, वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) ५१ प्रतिशत, सिँचाइयोग्य भुमी मध्ये वर्षैभरी सिँचाइ सुविधा पुगेको भूमी ५० प्रतिशत, प्रति पर्यटक खर्च (प्रति दिन) अमेरीकी डलर १००, मानव विकास सूचकांक ०.६२४, बहुआयामिक गरिबीमा रहेको जनसंख्या ११.५ प्रतिशत, सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या ६० प्रतिशत, लैंगिक असमानता सूचकांक ०.३९, आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या ६० प्रतिशत, वनजंगल घनत्व ४५० रुख प्रति हेक्टर, विधिको शासन सुचकांक ०.५८, भ्रष्टाचार न्युनीकरण अनुभुति सुचकांक ४१, मुद्दा फैसला ६० प्रतिशत, पैmसला कार्यान्वयन ६० प्रतिशत, राष्ट्रिय परिचय पत्र प्राप्त गरेको नेपाली नागरिक १०० प्रतिशत, ५ वर्ष मुनिका बालबालिकाको जन्म दर्ता १०० प्रतिशत, आत्महत्या दर (प्रति लाख जनसंख्यामा) ५ तथा विपद्का घटनाबाट प्रभावित जनसंख्या ३.८ प्रतिशत रहेका छन्।

२.३.२ उद्देश्यहरू

पन्ध्रौं योजनाका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण; उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि; उच्च, दिगो र समावेशी आर्थिक वृद्धि; तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु।

२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जीवनयापनको अनुभूति गराउनु।

३. सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधिन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हित संरक्षण गर्नु।

२.३.३ रणनीतिहरू

पन्ध्रौं योजनाका निम्नलिखित रणनीतिहरू रहेका छन् :

१. तीव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धि गर्ने।

२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने।

३. आन्तरिक तथा अन्तरदेशिय अन्तर-आबद्धता एवम् दिगो शहर–बस्ती विकास गर्ने।

४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।

५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने।

६. गरिबी निवारण र आर्थिक सामाजिक समानतासहितको न्यायपूर्ण समाज निर्माण गर्ने।

७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने।

८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने।

२.४ लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना (आ.व. २०७९/८०-२०८८/८९)

२.४.१ दीर्घकालीन सोच

'समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश'

उत्पादन एवम् रोजगारी अभिवृद्धिमार्फत् आयस्तरमा वृद्धि गर्दै तथा वितरणात्मक न्याय कायम गर्दै सुरक्षित र न्यायपूर्ण समाज एवम् सुशासन कायम भएको लुम्बिनी प्रदेशको निर्माण गर्नु।

२.४.२ लक्ष्य

दीर्घकालीन रणनीतिक योजनाको लक्ष्य समृद्ध एवम् आत्मनिर्भर लुम्बिनी प्रदेश निर्माण गर्नु रहेको छ, जहाँ लुम्बिनीवासीहरूले गुणस्तरीय सेवा प्राप्त गर्नुको साथै सम्मानपूर्ण जीवन व्यतित गरिरहेका हुनेछन्।

तालिका २.१: प्रमुख परिमाणात्मक लक्ष्यहरू

क्र. सं.	सूचक	एकाइ	आ.व. २०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधि
१ आर्थिक वृद्धिदर, आय तथा मूल्य वृद्धिदर														
१.१	आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)	प्रतिशत	४.९*	५.८	६.३	६.८	७.२	७.६	८.०	८.५	७.५	९.६	१०.१	७.७
१.२	प्रतिव्यक्ति आय	अमेरीकी डलर	१,१०३	१,१४४	१,१८३	१,२२९	१,२८२	१,३४३	१,४१२	१,४९१	१,५६४	१,६६७	१,७८६	
१.३	उपभोक्ता मूल्य वृद्धिदर	प्रतिशत	३.६	६.५	७.०	६.५	४.५	४.५	४.०	४.०	३.५	३.५	३.५	४.६
२ गरिबी तथा रोजगारी														
२.१	निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या	प्रतिशत	१३.६**	१३.०	१२.०	११.०	१०.०	९.०	८.०	७.०	६.०	५.०	४.०	
२.२	बहुआयामिक गरिबीको दर	प्रतिशत	२०.०**	१८.५	१७.०	१५.५	१४.०	१२.५	११.०	९.५	८.०	६.५	५.०	
२.३	बेरोजगारीको दर		१९.६**	१८.८	१८.०	१७.२	१६.४	१५.६	१४.८	१४.०	१३.२	१२.४	११.६	
३ पूर्वाधार, सेवा प्रवाह तथा अन्तरआबद्धता														
३.१	प्रादेशिक सडक	कि.मि.	११,८००**	१२,३००,	१२,८००,	१३,३००,	१३,८००,	१४,३००,	१४,३५०,	१४,८५,०	१५,३५०,	१५,८५०	१६,३५०,	
३.२	सिचित क्षेत्र	प्रतिशत	५८.२**	६१.२	६४.२	६७.२	७०.२	७३.२	७६.२	७९.२८	८२.२	८५.२	८८.२	
३.३	पक्की सडकको हिस्सा	प्रतिशत	२१.०**	२३.०	२५.०	२७.०	३०.०	३३.०	३६.०	३९.०	४२.०	४५.०	४८.०	
३.४	आधारभूत खानेपानी पुगेको जनसंख्या	प्रतिशत	९७.०**	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	
३.५	विद्युत सेवा पुगेको जनसंख्या	प्रतिशत	९४.९**	९८.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	
३.	इन्टरनेटको पहुँच भएको घरपरिवार	प्रतिशत	७५.०**	८०.०	८५.०	९०.०	९५.०	१००.	१००.	१००.	१००.	१००.	१००.	

क्र. सं.	सूचक	एकाइ	आ.व. २०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधि
६								०	०	०	०	०	०	
४ मानव पूँजी निर्माण														
४.१	अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	&)=)**	७१.०	७२.०	७३.०	७४.०	७५.०	७६.०	७७.०	७८.०	७९.०	८०.०	
४.२	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	&)=)**	७३.०	७६.०	७९.०	८२.०	८५.०	८८.०	९१.०	९४.०	९७.०	१००.०	
४.३	५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	संख्या	# प्रतिशत=)**	३३.०	३१.०	२९.०	२७.०	२५.०	२३.०	२१.०	१९.०	१७.०	१५.०	
४.४	आधारभूत तह (१—८) मा खुद भर्नादर	प्रतिशत	९४.०**	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	
४.५	माध्यामिक तह (९—१२) मा खुद भर्नादर	प्रतिशत	५३.५*	५५.०	५७.०	५९.०	६१.०	६३.०	६५.०	६७.०	६९.०	७१.०	७३.०	
५. सुशासन														
५.१	स्थानीय तहका सरकारी कार्यालयमा काममा ढिलाई	प्रतिशत	९०.९***	८४.०	८१.०	७८.०	७५.०	७२.०	६९.०	६६.०	६३.०	६०.०	५७.०	
५.२	स्थानीय तहका सरकारी कार्यालयमा कर्मचारी समयमा कार्यालयमा नआउने	प्रतिशत	६३.६***	५३.०	४८.०	४३.०	३८.०	३३.०	२८.०	२३.०	१८.०	१३.०	८.०	
५.३	स्थानीय तहबाट पाउने सेवा प्रति सन्तुष्टि	प्रतिशत	८२.५***	८६.०	८८.०	९०.०	९२.०	९४.०	९६.०	९८.०	१००.०	१००.०	१००.०	
५.४	स्थानीय तहमा हुने भ्रष्टाचारको बारेमा सम्बन्धित तहमा आउने उजुरी	प्रतिशत	०.५***	१०.०	१५.०	२०.०	२५.०	३०.०	३५.०	४०.०	४५.०	५०.०	५५.०	

** आर्थिक सर्वेक्षण २०७८/७९, अर्थ मन्त्रालय, नेपाल सरकार; **प्रथम आवधिक योजना (आ.व. २०७६/७७-आ.व. २०८०/८१) को मध्यावधि समीक्षा, लुम्बिनी प्रदेश; ***स्थानीय तहमा हुने भ्रष्टाचारसम्बन्धी अध्ययन (२०७६), अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, नेपाल*

२.४.३ उद्देश्यहरू

रणनीतिक योजनाले आगामी १० वर्षमा हासिल गर्ने गरी देहायका उद्देश्यहरू निर्धारण गरेको छः

१. प्रादेशिक सम्भावनालाई दृष्टिगत गर्दै उत्पादन वृद्धिमार्फत् रोजगारीका अवसरहरू सिर्जना तथा गरिबी निवारण गर्दे नागरिकको जीवनस्तर सुखी एवम् सम्मानपूर्ण बनाउने।

२. प्रदेशभित्रका स्थानीय तहहरूबीच एवम् अन्य प्रदेशहरूसँग अन्तरआबद्धता अभिवृद्धि हुने गरी गुणस्तरीय पूर्वाधार निर्माण गर्ने।

३. प्रादेशिक एवम् समग्र मुलुकको विकासको सम्भावनालाई दृष्टिगत गर्दै दक्ष जनशक्ति उत्पादन गर्ने।

४. जनताको चाहनाअनुसार गुणस्तरीय सेवा प्रवाह गर्ने एवम् आधारभूत सेवामा सम्पूर्ण नागरिकको पहुँच पुर्याउने।

५. सुशासन कायम गर्ने।

६. वातावरणीय स्वच्छता कायम हुने गरी आर्थिक क्रियाकलापहरू सञ्चालन गर्ने।

७. प्रदेशमा रहेका धार्मिक एवम् सांस्कृतिक धरोहरहरूको संरक्षण गर्ने।

२.४.४ रणनीतिहरू

१. उच्च, दिगो, समावेशी एवम् रोजगारीमूलक आर्थिक वृद्धि हासिल गर्ने।

उच्च, दिगो, समावेशी एवम् रोजगारीमूलक आर्थिक वृद्धि हासिल गर्नको लागि उत्पादन अभिवृद्धिमा जोड दिइनेछ । यसको लागि कृषि क्षेत्रको व्यवसायीकरणलाई तीव्रता दिइने एवम् औद्योगिक विकासको प्रवर्धन गरिनेछ। प्रदेशका विभिन्न क्षेत्रहरूमा कृषि उत्पादनको सम्भावनालाई दृष्टिगत गर्दै कृषि विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दा विभिन्न क्षेत्रहरूलाई कृषि पकेट क्षेत्रको रूपमा विकास

गरिनेछ। कृषकहरूलाई समयमै बिउ एवम् मल उपलब्ध गराइनेछ। प्रदेशका विविध स्थानहरूमा कृषि बजारहरू स्थापना गरिनेछ। ती बजारहरूमा कृषि सहकारीहरूको पहुँचलाई अभिवृद्धि गरिनेछ। लुम्बिनी प्रदेशमा भारततर्फका व्यापारिक नाकाहरूको अवस्थितले गर्दा आवश्यक औद्योगिक कच्चा पदार्थहरूको आयात एवम् उत्पादित वस्तुहरूको निर्यातमा सहजता रहेको छ। यहाँ समथर भूभाग पनि अवस्थित छ। यी कारणहरूले गर्दा यहाँ औद्योगिक विकासको प्रचूर सम्भावना रहेको छ। यही सम्भावनाको उपयोग गर्दै तीव्र औद्योगिक विकासको लागि उच्चतम प्रयास गरिनेछ। स्वदेशी उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको निर्यातलाई निरुत्साहन गर्न आवश्यक कदमहरू चालिनुको साथै निर्यात गर्न प्रतिबन्धित कच्चा पदार्थहरूको चोरी निकासीलाई नियन्त्रण गरिनेछ। उद्योगधन्दाको प्रवर्धन गर्ने क्रममा रोजगारीमूलक उद्योगहरूको विस्तारलाई विशेष जोड दिइनेछ।

२. उत्पादनको सम्भावना भएका क्षेत्रहरूमा पूर्वाधारको विकास गर्ने एवम् प्रादेशिक तथा अन्तरप्रदेश अन्तरआबद्धता वृद्धि गर्ने।

कृषि एवम् औद्योगिक क्रियाकलापहरू सञ्चालन गर्नको लागि सडक, सञ्चार, खानेपानी, अस्पताल तथा ढल लगायतका पूर्वाधारहरूको निर्माणलाई प्राथमिकता दिइनेछ। पूर्वाधारको निर्माण गर्दा उत्पादनको सम्भावना भएका क्षेत्रहरूलाई प्राथमिकतामा राखिनेछ। प्रदेशभित्रका विभिन्न स्थानीय तहहरू एवम् अन्तरप्रदेश सडक सञ्जाल निर्माण गरिनेछ। यसो गर्दा लुम्बिनी प्रदेशको कुनै एक स्थानमा उत्पादित वस्तु प्रदेशभित्रको अर्को स्थानमा वा अर्को प्रदेशमा बिक्री गर्न सहज हुने अपेक्षा गरिएको छ।

३. गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै अनुसन्धानमुखी दक्ष जनशक्ति तयार गर्ने।

लुम्बिनीवासीको शिक्षामा पहुँच वृद्धि हुँदै गइरहेको अवस्थामा शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ। यसको लागि शिक्षण संस्थाहरूमा आधुनिक भौतिक पूर्वाधारहरू निर्माण गरिनेछ। शिक्षक एवम् अन्य जनशक्तिलाई तालिमको व्यवस्था गरिनेछ। विश्वविद्यालय तहमा अध्यापन गर्ने प्राध्यापकहरूलाई एवम् अध्ययन गर्ने

विद्यार्थीहरूलाई अनुसन्धात्मक क्षमता अभिवृद्धि गर्नको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। आवश्यकताअनुसार नयाँ विश्वविद्यालयहरूको पनि स्थापना गरिनेछ।

४. स्थानीय तहहरूमा जनताको मागअनुसार लागतमा कार्यकुशलता हासिल गर्दै गुणस्तरीय सेवा प्रवाह गर्ने।

संघीय शासन व्यवस्थाको विभिन्न सकारात्मक पक्षहरूमध्ये एउटा जनताको चाहनाअनुसारको सेवा प्रवाह गर्नु हो। स्थानीय तहहरूको निर्माण भएपश्चात् सेवा प्रवाहमा वृद्धि भइरहेको अवस्था छ। यद्यपि गुणस्तरमा व्यापक सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। यस परिस्थितिमा लुम्बिनी प्रदेश सरकारले प्रदेशस्तरमा माग हुने सेवाको प्रवाहमा जनताको चाहनालाई थप प्रतिविम्बित गर्दै गुणस्तर सुधारमा ध्यान केन्द्रित गर्नेछ। त्यसै गरी संघीयताको मर्मअनुरूप सेवा प्रवाहको लागतलाई पनि कम गरीनेछ।

५. स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।

रोजगारीका अवसरहरू सिर्जना गर्न सरकारको साथै निजी एवम् सहकारी क्षेत्रको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ। लुम्बिनी प्रदेश सरकारले स्वरोजगारीका अवसरहरू सिर्जना गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। स्वरोजगारीका व्यवसायहरूमा संलग्न हुन चाहने लुम्बिनीवासी नागरिकहरू एवम् निजी तथा सहकारी संस्थाहरूलाई आवश्यकताको आधारमा तालिम प्रदान गर्ने, बिना धितो ऋण प्रदान गर्ने एवम् अनुदान प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन गरीनेछ। त्यसै गरी, कृषि सहकारी संस्थाहरूको बजारमा पहुँच अभिवृद्धि गर्न विशेष जोड दिइनेछ। यी कार्यक्रमहरूले आयस्तर वृद्धि गर्नुका साथै गरिबी निवारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

६. सामाजिक समावेशिता सुनिश्चित गर्दै न्यायपूर्ण समाज निर्माण गर्ने।

लुम्बिनी प्रदेश सरकारले सञ्चालन गर्ने कार्यक्रमहरूमा सामाजिक समावेशितालाई सुनिश्चित गरिनेछ। प्रदेश सरकारले सञ्चालन गर्ने क्रियाकलापहरूमा महिला एवम् पिछडिएको समुदाय लगायत अन्य समुदायको सहभागिता सुनिश्चित गरिनेछ। त्यसै गरी सबै प्रकारका हिंसा,

विभेद, बहिष्करण एवम् विकृतिको अन्त्य गर्दै न्यायपूर्ण समाज निर्माणको लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. सुशासन प्रवर्धन गर्ने।

प्रदेश सरकारले लिने निर्णय प्रक्रिया एवम् निर्णय कार्यान्वयन गर्ने प्रक्रियामा सुशासन कायम गरिनेछ। यसको लागि सरकारले सञ्चालन गर्ने क्रियाकलापहरूमा सामाजिक समावेशिता, जवाफदेहीता एवम् पारदर्शिता कायम गर्ने, उत्तरदायित्व वहन गर्ने, प्रभावकारीता एवम् कार्यकुशलता कायम गर्ने तथा कानूनी शासनको पालना गरिनेछ। त्यसै गरी भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता अवलम्बन गर्ने, अल्पसंख्यक समुदायहरूको आवाज सुन्ने तथा आर्थिक एवम् सामाजिकरूपले कमजोर नागरिकहरूको पीरमर्का बुझेर कार्य गरिनेछ।

८. उत्पादनका क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणीय स्वच्छता कायम गर्ने।

उच्च आर्थिक वृद्धिदर हासिल गर्नको लागि उत्पादनमा जोड दिनुपर्ने हुन्छ। औद्योगिक क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणीय प्रदुषणको जोखिम रहन्छ। लुम्बिनी प्रदेश सरकारले यसप्रकारका कार्यहरू गर्दा वातावरणीय स्वच्छता कायम गर्न प्रोत्साहन गर्नेछ। यसको लागि प्रदुषण रहित वा प्रदुषण न्यूनीकरण गर्ने प्रविधिको प्रयोगलाई प्रवर्धन गर्नेछ। प्रदुषण न्यूनीकरण गर्ने प्रयोजनको लागि नियमनको समयसापेक्ष मापदण्डहरू निर्धारण गर्ने एवम् तिनीहरूलाई कडाइका साथ पालना गराइनेछ।त्यसै गरी प्रदुषणरहित आधुनिक प्रविधिको प्रयोग गर्न चाहने व्यावसायिक संस्थालाई सहुलियत प्रदान गर्न आवश्यकताअनुसार कार्यविधि तयार गरी लागु गरिनेछ।

९. सांस्कृतिक सम्पदाहरूको संरक्षण एवम् प्रवर्धन गर्ने।

लुम्बिनी प्रदेश विविध जातजातीहरूको संगमस्थल हो। यी जातजातीहरू सम्वद्ध विभिन्न सांस्कृतिक सम्पदाहरू रहेका छन्। यी सम्पदाहरूको संरक्षण एवम् सम्बर्धनको लागि लुम्बिनी प्रदेश सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ। यस्ता कार्यक्रमहरूले सम्बन्धित समुदायहरूको जीवनलाई सुखमय बनाउनुको साथै उनीहरूलाई सम्मानपूर्ण जीवन जीउनमा पनि सघाउ पुग्ने अपेक्षा गरिएको छ। त्यसै गरी, यसप्रकारका सांस्कृतिक

धरोहरहरूलाई पर्यटन विकासको माध्यमबाट आय आर्जनका स्रोतहरूमा रुपान्तरण गर्नको लागि पनि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०. प्राविधिक जनशक्तिको उच्चतम उपयोग गर्ने।

समृद्धि हासिल गर्नको लागि प्राविधिक जनशक्तिको अति महत्वपूर्ण भूमिका रहेको हुन्छ। वर्तमान समयका विकसित राष्ट्रहरूले दक्ष प्राविधिक जनशक्तिको उपयोगमार्फत् नै समृद्धि हासिल गर्न सफल भएका हुन्। लुम्बिनी प्रदेश सरकारले पनि आफ्नो दक्ष प्राविधिक जनशक्तिको यथोचित उपयोग गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी त्यसलाई कडाइका साथ लागु गर्नेछ। प्राविधिक जनशक्तिमा रहेको प्राविधिक एवम् व्यवस्थापकीय क्षमताको पूर्ण उपयोग हुने गरी लुम्बिनी प्रदेश सरकारका सम्पूर्ण निकायहरूमा सो जनशक्तिको उच्चतम रूपमा उपयोग गरिनेछ।

२.५ आर्थिक वृद्धिदर, लगानी तथा स्रोत व्यवस्थापन

२.५.१ आर्थिक वृद्धिदर

मुलुकमा तुलनात्मक रूपमा राजनीतिक स्थायित्वको वातावरण बन्दै गएको, उर्जाको आपूर्तिमा निरन्तर रूपमा सुधार हुँदै आइरहेको, संघीयता कार्यान्वयनमा आएपश्चात् स्थानीय एवम् प्रदेश सरकारहरूको विकासको अनुभव पनि बढिरहेको एवम् भौतिक पूर्वाधारहरू पनि निर्माण भइरहेको अवस्थामा आगामी १० वर्षमा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदरमा सुधार आउने अपेक्षा गरिएको छ। कृषि, उद्योग, शिक्षा एवम् पर्यटन यो क्षेत्रको वृद्धिदरलाई प्रभाव पार्ने प्रमुख क्षेत्रहरू रहेका छन्। योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनमा (आधारभूत मुल्यमा) औसतमा वार्षिक ७.७ प्रतिशतले वृद्धि हुनेछ। सो अवधिमा कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ४.३ प्रतिशत, उद्योगको औसत वार्षिक वृद्धि दर १०.१ प्रतिशत तथा सेवा क्षेत्रको औसत वार्षिक वृद्धिदर ६.९ प्रतिशत हुने प्रक्षेपण रहेको छ। तालिका २.२ मा योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनमा हुने क्षेत्रगत मूल्य अभिवृद्धि दर उल्लेख गरिएको छ।

तालिका २.२: कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत मूल्य अभिवृद्धि दर (२०७७/७८ को स्थिर मुल्यमा) (प्रतिशतमा)

क्र.सं.	क्षेत्रहरु	आधार वर्ष	दीर्घकालीन रणनीतिक योजना										
		२०७८	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४	२०८४-८५	२०८५-८६	२०८६-८७	२०८७-८८	२०८८-८९	योजना अवधिको औसत
१	कृषि, वन तथा मत्स्यपालन	२.४	३.५	४.१	४.५	४.८	५.०	५.१	५.३	५.५	५.८	६.०	४.९
२	खानी तथा उत्खनन	८.२	९.५	१०.०	१०.६	११.२	११.६	१२.१	१२.८	१३.३	१३.९	१४.५	११.८
३	उत्पादनमूलक उद्योग	५.८	६.२	६.८	७.२	७.६	७.९	८.३	८.७	९.०	९.४	९.८	८.०
४	विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलित आपूर्ति सेवा	२५.४	२५.४	२५.६	२६.०	२६.०	२६.५	२६.८	२६.०	२७.४	२७.८	२८.०	२६.६
५	खानेपानी, ढल तथा फोहर	०.६	१.५	२.३	२.५	२.७	३.०	३.१	३.४	३.७	४.०	४.१	२.९

क्र.सं.	क्षेत्रहरु	आधार वर्ष	दीर्घकालीन रणनीतिक योजना										
		२०७८	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४	२०८४-८५	२०८५-८६	२०८६-८७	२०८७-८८	२०८८-८९	योजना अवधिको औसत
	व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप												
६	निर्माण	९.८	१०.२	१०.८	११.४	११.९	१२.४	१३.०	१३.६	१४.२	१४.९	१५.४	१२.७
७	थोक तथा खुद्रा व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सेवा	८.९	९.५	९.८	१०.०	१०.३	१०.७	११.०	११.४	१.९	१३.२	१३.५	९.२
८	यातायात तथा भण्डारण	४.४	४.९	५.७	६.२	६.७	७.२	७.८	८.३	८.८	९.२	९.७	७.३
९	आवास तथा भोजन सेवा	११.३	१२.५	१३.०	१३.०	१४.०	१४.०	१४.५	१५.०	१५.०	१५.५	१६.०	१४.२

क्र.सं.	क्षेत्रहरु	आधार वर्ष	दीर्घकालीन रणनीतिक योजना										
		२०७८	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४	२०८४-८५	२०८५-८६	२०८६-८७	२०८७-८८	२०८८-८९	योजना अवधिको औसत
१०	सूचना तथा सञ्चार	३.४	४.१	४.८२.	५.२	५.७	६.१	६.६	६.९	७.२	७.७	८.१	६.१
११	वित्तीय मध्यस्थता	६.२	६.९	७.५	७.७	७.९	८.१	८.४	८.६	८.८	९.२	९.७	८.२
१२	घर जग्गा कारोबार सेवा	४.०	४.८	५.३	५.९	६.३	६.९	७.४	७.९	८.४	८.८	९.६	७.०
१३	पेशागत वैज्ञानिक र प्राविधिक क्रियाकलाप	३.६	३.८	३.९	४.०	४.२	४.५	४.७	५.०	५.३	५.५	५.८	४.६
१४	प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप	४.२	४.६	५.०	५.३	५.५	५.७	५.९	६.०	६.२	६.५	६.७	५.७

क्र.सं.	क्षेत्रहरु	आधार वर्ष	दीर्घकालीन रणनीतिक योजना										
		२०७८	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४	२०८४-८५	२०८५-८६	२०८६-८७	२०८७-८८	२०८८-८९	योजना अवधिको औसत
१५	सार्वजनिक प्रशासन तथा रक्षा	४.०	४.५	४.५	४.७	४.९	५.०	५.२	५.५	५.८	६.३	६.५	५.२
१६	शिक्षा	३.९	४.१	४.३	४.७	५.१	५.५	५.८	६.०	६.३	६.५	६.८	५.४
१७	स्वास्थ्य तथा सामाजिक कार्य	६.८	७.४	८.०	८.२	८.४	८.६	८.८	९.०	९.३	९.५	९.८	८.७
१८	अन्य सेवाका क्रियाकलाप	३.६	२.८	२.८	४.०	४.४	४.८	५.१	५.५	५.८	६.१	६.३	६.५
	कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)	४.९	५.८	६.३	६.८	७.२	७.६	८.०	८.५	७.५	९.६	१०.१	७.७
	खुद वस्तु तथा	९.२	५.०	९.७	१०.०	१०.४	१०.९	११.३	११.७	१२.०	१२.३	१२.७	१०.३

क्र.सं.	क्षेत्रहरु	आधार वर्ष	दीर्घकालीन रणनीतिक योजना										
		२०७८	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४	२०८४-८५	२०८५-८६	२०८६-८७	२०८७-८८	२०८८-८९	योजना अवधिको औसत
	सेवा उत्पादन कर												
	कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	५.४	६.२	६.८	७.३	७.७	८.२	८.६	९.१	८.३	१०.१	१०.६	८.२
	कृषि	३.३	३.५	४.१	४.५	४.८	५.०	५.१	५.३	५.५	५.८	६.०	४.३
	उद्योग	८.३	८.८	९.६	१०.२	१०.८	११.४	१२.१	१२.८	१३.५	१४.३	१५.०	१०.१
	सेवा	६.०	६.१	६.५	६.९	७.३	७.७	८.१	८.५	६.३	९.५	९.९	६.९

तालिका २.२ मा उल्लेखित वृद्धिदरको आधारमा योजना अवधिमा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत उत्पादनको आकार तालिका २.३ मा उल्लेख गरिएबमोजिम हुने प्रक्षेपण गरिएको छ।

तालिका २.३: लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य (२०७७/७८ को स्थिर मूल्यमा)

(रु.दश लाखमा)

क्र. सं.	क्षेत्र	कुल गार्हस्थ्य उत्पादन									
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६ /८७	२०८७/८८	२०८८/८९
१	कृषि, वन तथा मत्स्यपालन	१७६,४४९	१८३,६८४	१९१,९५०	२०१,१६३	२११,२२१	२२१,९९४	२३३,७५९	२४६,६१६	२६०,९२०	२७६,५७५
२	खानी तथा उत्खनन	४,१४५	४,५६०	५,०४३	५,६०८	६,२५९	७,०१६	७,९१४	८,९६७	१०,२१३	११,६९४
३	उत्पादनमूलक उद्योग	३९,५९५	४२,२८७	४५,३३२	४८,७७७	५२,६३१	५६,९९९	६१,९५८	६७,५३४	७३,८८२	८१,१२३
४	विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलित आपूर्ति सेवा	४,६९५	५,८९७	७,४३०	९,३६२	११,८४३	१५,०१७	१९,०७२	२४,२९८	३१,०५३	३९,७४८
५	खानेपानी,ढल तथा फोहर व्यवस्थापन तथा पुनःउत्पादन का	३,९१०	४,०००	४,१००	४,२११	४,३३७	४,४७१	४,६२४	४,७९५	४,९८६	५,१९१

क्र. सं.	क्षेत्र	कुल गार्हस्थ्य उत्पादन									
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९
	क्रियाकलाप										
६	निर्माण	४८,८०४	५४,०७५	६०,२४०	६७,४०९	७५,७६७	८५,६१७	९७,२६१	१११,०७२	१२७,६२२	१४७,२७५
७	थोक तथा खुद्रा व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सेवा	७४,४५५	८१,७५२	८९,९२७	९९,१८९	१०९,८०३	१२१,८८१	१३५,७७५	१३८,३५५	१५६,६१८	१७७,७६२
८	यातायात तथा भण्डारण	३८,४१८	४०,६०७	४३,१२५	४६,०१४	४९,३२७	५३,१७५	५७,५८८	६२,६५६	६८,४२१	७५,०५७
९	आवास तथा भोजन सेवा	९,०७०	१०,२४९	११,५८१	१३,२०३	१५,०५१	१७,२३३	१९,८१८	२२,७९१	२६,३२४	३०,५३५
१०	सूचना तथा सञ्चार	१४,००७	१४,६८०	१५,४४३	१६,३२३	१७,३१९	१८,४६२	१९,७३६	२१,१५७	२२,७८६	२४,६३२
११	वित्तीय मध्यस्थता	३२,९०४	३५,३७१	३८,०९५	४१,१०५	४४,४३४	४८,१६७	५२,३०९	५६,९१२	६२,१४८	६८,१७६
१२	घर जग्गा कारोवार सेवा	२८,०३४	२९,५२०	३१,२६२	३३,२३१	३५,५२४	३८,१५३	४१,१६७	४४,६२५	४८,५५२	५३,२१३
१३	पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलाप	३,३२९	३,४५९	३,५९७	३,७४८	३,९१७	४,१०१	४,३०६	४,५३४	४,७८४	५,०६१
१४	प्रशासनिक तथा सहयोगी सेवाका	२,३०८	२,४२३	२,५५२	२,६९२	२,८४६	३,०१३	३,१९४	३,३९२	३,६१३	३,८५५

क्र. सं.	क्षेत्र	कुल गार्हस्थ्य उत्पादन									
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६ /८७	२०८७/८८	२०८८/८९
	क्रियाकलाप										
१५	सार्वजनिक प्रशासन तथा रक्षा	५५,६६८	५८,१७३	६०,९०७	६३,८९१	६७,०८६	७०,५७४	७४,४५६	७८,७७४	८३,७३७	८९,१८०
१६	शिक्षा	६०,९३०	६३,५५०	६६,५३६	६९,९३०	७३,७७६	७८,०५५	८२,७३८	८७,९५१	९३,६६८	१००,०३७
१७	स्वास्थ्य तथा सामाजिक कार्य	१३,२८८	१४,३५१	१५,५२७	१६,८३२	१८,२७९	१९,८८८	२१,६७८	२३,६९४	२५,९४४	२८,४८७
१८	अन्य सेवाका क्रियाकलाप	२,९७५	३,१०५	३,२५५	३,४२१	३,६०९	३,८१८	४,०५१	४,३०६	४,५८६	४,८९३
	कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)	६१२,९८४	६५१,७४३	६९५,९०२	७४६,१०९	८०३,०२९	८६७,६३५	९४१,४०५	१ ४२९,०१२,	१,१०९,८५६	१,२२२,४९४
	खुद वस्तु तथा सेवा उत्पादन कर	११०,५९६	१२१,३२३	१३३,४५६	१४७,३३५	१६३,३९५	१८१,८५८	२०३,१३६	२२७,५१२	२५५,४९६	२८७,९४४
	कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	७२३,५७९	७७८,०६७	८२९,३५८	८९३४४४	९६६,४२३	१०४९४९३	१,१४४,५४०	१,२३९,९४१	१,३६५,३५२	१,५१०,४३८
	कृषि	**१७६,४४९**	**१८३,६८४**	**१९१,९५०**	**२०१,१६३**	**२११,२२१**	**२२१,९९४**	**२३३,७५९**	**२४६,६१६**	**२६०,९२०**	**२७६,५७५**

क्र. सं.	क्षेत्र	कुल गार्हस्थ्य उत्पादन									
		२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६ /८७	२०८७/८८	२०८८/८९
	उद्योग	१०१,१५०	११०,८२०	१२२,१४६	१३५,३६७	१५०,८३७	१६९,१२१	१९०,८२८	२१६,६६५	२४७,७५६	२८५,०३०
	सेवा	३३५,३८४	३५७,२४०	३८१,८०७	४०९,५७९	४४०,९७०	४७६,५२०	५१६,८१७	५४९,१४८	६०१,१८०	६६०,८८९

तालिका २.२ तथा तालिका २.३ मा उल्लेख भएबमोजिमको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य हासिल गर्न पर्याप्त मात्रामा लगानी गरिनेछ। यस प्रकारको लगानीमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र एवम् सामुदायिक क्षेत्रको भूमिका रहनेछ।

तालिका २.४ मा कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान उल्लेख गरिएको छ।

तालिका २.४: कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (आ.व.२०७७/७८ को स्थिर मूल्यमा) (प्रतिशत)

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९
१	कृषि, वन तथा मत्स्यपालन	२९.४२	२८.७९	२८.१८	२७.५८	२६.९६	२६.३०	२५.५९	२४.८३	२४.३६	२३.५१
२	खानी तथा उत्खनन	०.६५	०.६८	०.७०	०.७२	०.७५	०.७८	०.८१	०.८४	०.८९	०.९२
३	उत्पादनमूलक उद्योग	६.४३	६.४६	६.४९	६.५१	६.५४	६.५५	६.५७	६.५८	६.६७	६.६६
४	विद्युत, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा	०.६५	०.७७	०.९०	१.०७	१.२५	१.४७	१.७३	२.०३	२.४०	२.८०
५	खानेपानी, ढल तथा फोहर व्यवस्थापन तथा पुन:उत्पादनका क्रियाकलाप	०.६६	०.६४	०.६१	०.५९	०.५६	०.५४	०.५२	०.४९	०.४७	०.४५
६	निर्माण	७.६४	७.९६	८.३०	८.६६	९.०३	९.४४	९.८७	१०.३३	१०.९७	११.५०
७	थोक तथा खुद्रा व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सेवा	११.७३	१२.१५	१२.५४	१२.९२	१३.२९	१३.६७	१४.०५	१४.४२	१३.६७	१४.११
८	यातायात तथा भण्डारण	६.३२	६.२७	६.२३	६.२०	६.१७	६.१४	६.१३	६.१२	६.१९	६.१६
९	आवास तथा भोजन सेवा	१.३९	१.४८	१.५७	१.६६	१.७७	१.८७	१.९९	२.११	२.२५	२.३७
१०	सूचना तथा सञ्चार	२.३२	२.२९	२.२५	२.२२	२.१९	२.१६	२.१३	२.१०	२.०९	२.०५
११	वित्तीय मध्यस्थता	५.३१	५.३७	५.४३	५.४७	५.५१	५.५३	५.५५	५.५६	५.६२	५.६०
१२	घर जग्गा कारोबार सेवा	४.६२	४.५७	४.५३	४.४९	४.४५	४.४२	४.४०	४.३७	४.४१	४.३७
१३	पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलाप	०.५५	०.५४	०.५३	०.५२	०.५०	०.४९	०.४७	०.४६	०.४५	०.४३
१४	प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप	०.३८	०.३८	०.३७	०.३७	०.३६	०.३५	०.३५	०.३४	०.३४	०.३३
१५	सार्वजनिक प्रशासन तथा रक्षा	९.१९	९.०८	८.९३	८.७५	८.५६	८.३५	८.१३	७.९१	७.७८	७.५४
१६	शिक्षा	१०.१०	९.९४	९.७५	९.५६	९.३७	९.१९	९.००	८.७९	८.६९	८.४४
१७	स्वास्थ्य तथा सामाजिक कार्य	२.१३	२.१७	२.२०	२.२३	२.२६	२.२८	२.२९	२.३०	२.३४	२.३४
१८	अन्य सेवाका क्रियाकलाप	०.४९	०.४९	०.४८	०.४७	०.४६	०.४५	०.४४	०.४३	०.४३	०.४१
कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)		**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**
	कृषि	**२९.४**	**२८.८**	**२८.२**	**२७.६**	**२७.०**	**२६.३**	**२५.६**	**२४.८**	**२४.४**	**२३.५**
	उद्योग	**१६.०**	**१६.५**	**१७.०**	**१७.६**	**१८.१**	**१८.८**	**१९.५**	**२०.३**	**२१.४**	**२२.३**
	सेवा	**५४.५**	**५४.७**	**५४.८**	**५४.९**	**५४.९**	**५४.९**	**५४.९**	**५४.९**	**५४.२**	**५४.२**

२.५.२ उत्पादकत्व, सीमान्त पूँजी, उत्पादन अनुपात तथा लगानी

लुम्बिनी प्रदेशमा उत्पादित वस्तुहरूको मुलुकभर माग हुन्छ। उत्पादित वस्तुको माग अभिवृद्धि गर्नको लागि ती वस्तुहरू प्रतिस्पर्धी मूल्यमा बजारमा आपूर्ति गर्नुपर्ने हुन्छ। लुम्बिनी प्रदेश सरकारले यहाँ उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्नेछ। ती कार्यक्रमहरूले उत्पादनका साधनहरूको उत्पादकत्व अभिवृद्धि गर्नेछन्। यसप्रकारका कार्यक्रमहरूअन्तर्गत विभिन्न स्थानहरूमा औद्योगिक क्षेत्रहरूको निर्माण, प्राविधिक तालिमको व्यवस्था, सडकहरूको स्तरोन्नति, सिँचाइ सुविधा विस्तार, शैक्षिक संस्थाहरूको गुणस्तर अभिवृद्धिको लागि भौतिक पूर्वाधारमा सुधार एवम् शिक्षकहरूको क्षमता अभिवृद्धि, लुम्बिनी प्रदेशका स्थानीय तहहरूबीच हुन सक्ने सम्भाव्य आर्थिक क्रियाकलापहरूलाई दृष्टिगत गर्दै ती तहहरूबीचको यातायातको दुरी घटाउन सक्ने सम्भाव्य सडकहरूको पहिचान एवम् निर्माण, सीमावर्ती प्रदेशहरूसँग यातायातको दुरी घटाउने सडकको पहिचान एवम् निर्माण, वित्तीय सुविधामा विस्तार, कृषिमा यान्त्रिकीकरण, रासायनिक मलको सहज उपलब्धता, गुणस्तरीय बिउ-बिजनको उत्पादन तथा वितरण, उद्यमशीलता विकासका कार्यक्रहरू सञ्चालन, व्यवस्थापकीय तालिमको व्यवस्था आदि रहनेछन्।

लक्षित आर्थिक वृद्धिदर हासिल गर्नको लागि पर्याप्त मात्रामा लगानीको व्यवस्था गरिनेछ। योजना कार्यान्वयनको लागि सार्वजनिक क्षेत्रको नेतृत्वदायी भूमिका रहनेछ।यो क्षेत्रले निजी, सहकारी एवम् सामुदायिक क्षेत्रलाई प्रदेशको विकासको लागि परिचालन गर्नेछ। लुम्बिनी प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेर प्रदेशको विकासको निमित्त आवश्यक पर्ने नीति, योजना, रणनीति, कार्यनीति, आदि तयार गर्नुको साथै तिनीहरूको कार्यान्वयन पनि गर्नेछ। त्यसको साथसाथै विकासको लागि आवश्यक मापदण्डहरूको निर्माण तथा कार्यान्वयनको अनुगमन एवम् मूल्यांकन पनि गर्नेछ।

स्थानीय तहहरू सेवा प्रवाह गर्ने एकाइहरू हुन्। यी एकाइहरूले सेवा प्रवाह गर्दा यो दीर्घकालीन रणनीतिक योजनाको सोच, लक्ष्य, उद्देश्य, एवम् रणनीति तथा कार्यनीतिलाई

दृष्टिगत गर्ने अपेक्षा गरिएको छ। आफ्नो क्षेत्रभित्र लगानीमैत्री वातावरण सिर्जना गर्न स्थानीय तहहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्। यसको लागि व्यवसायिक क्षेत्रको मागअनुसार गुणस्तरीय सेवा प्रवाह गर्ने, स्थानीय सरकारले लगाउने करका दरहरू निर्धारण गर्दा व्यवसायिक क्षेत्रलाई कम असर पर्ने गरी निर्धारण गर्ने, पूर्वाधारको क्षेत्रमा लगानी गर्ने, प्रशासनिक सहजता सिर्जना गर्ने आदि कार्यहरू स्थानीय तहहरूले गर्नेछन्। भौतिक पूर्वाधारमा सुधार एवम् लगानीमैत्री वातावरण सिर्जना हुँदै जाँदा निजी क्षेत्रको लगानीमा पनि वृद्धि हुने अनुमान रहेको छ। आगामी दिनमा उत्पादकत्व वृद्धि गर्दै निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ। यस क्षेत्रले तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गर्दै गुणस्तरीय वस्तु तथा सेवा उत्पादन एवम् आपूर्ति गर्ने, निर्यात प्रवर्धनमा योगदान गर्ने, सुमधुर औद्योगिक सम्बन्ध कायम गर्ने, सामाजिक सुरक्षामा सहभागिता जनाउने, बालश्रम निवारणमा सघाउ पुर्याउने एवम् सामाजिक उत्तरदायित्व बहन गर्नेछ। सहकारी क्षेत्रले स्थानीय स्रोत एवम् साधनको उपयोग गरेर आर्थिक क्रियाकलापहरूमा संलग्न हुँदै स्थानीय स्तरमा रोजगारी एवम् आय अभिवृद्धि गर्ने एवम् गरिबी निवारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। त्यसै गरी, गैरसरकारी संस्था, नागरिक समाज एवम् सामुदायिक क्षेत्रले सार्वजनिक, निजी एवम् सहकारी क्षेत्रलाई उनीहरूका क्रियाकलापहरूमा जवाफदेही एवम् पारदर्शी बन्न प्रेरित गर्ने, नागरिक सचेतना एवम् सशक्तीकरणमा योगदान गर्ने, क्षमता अभिवृद्धिका क्रियाकलापहरू सञ्चालन गर्ने आदि कार्यहरूमार्फत् प्रदेशको विकासमा सहयोग पुर्याउनेछन्। समग्रमा भन्नुपर्दा लुम्बिनी प्रदेशका सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र तथा गैरसहकारी संस्था, नागरिक समाज एवम् सामुदायिक क्षेत्रले यो प्रदेशमा लगानीको वातावरण सिर्जना गर्न योगदान गर्नेछन्।

तालिका २.२ तथा तालिका २.३ मा उल्लेख गरिएबमोजिमको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य हासिल गर्नको लागि योजना अवधिमा लुम्बिनी प्रदेशमा आवश्यक पर्ने लगानीको प्रक्षेपण तालिका २.५ मा गरिएको छ। यो अवधिमा कुल ३१ खर्ब ६७ अर्ब ९२ करोड ५० लाख लगानी आवश्यक पर्ने अनुमान गरिएको छ।

तालिका २.५: कुल लगानी (आ.व. २०७७/७८ को स्थिर मूल्यमा) (रु. दश लाख)

क्र. सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधि को जम्मा	सार्वजनिक	निजी	सहकारी
१	कृषि, वन तथा मत्स्यपालन	१९,६९१	२३,८७४	२७,२७७	३०,४०५	३३,१९२	३५,५४९	३८,८२७	४२,४२७	४७,२०२	५१,६६२	३५०,१०५	४०.०	४८.०	१२.०
२	खानी तथा उत्खनन	२,१९४	२,५२९	२,९४८	३,४४६	३,९६८	४,६१९	५,४७८	६,४२१	७,६०३	९,०३३	४८,२३९	२६.०	७२.०	२.०
३	उत्पादनमूलक उद्योग	१२,०२०	१४,००१	१५,८३२	१७,९१५	२०,०३८	२२,७१५	२५,७८६	२८,९९६	३३,०११	३७,६५०	२२७,९६५	१२.०	८०.०	८.०
४	विद्युत्त, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा	१८,०६९	२२,८३८	२९,१३२	३६,७०७	४७,१४०	६०,३०७	७७,०४०	९९,२९०	१२८,३४२	१६५,२०१	६८४,०६४	६६.०	३२.०	२.०
५	खानेपानी, ढल तथा फोहर व्यवस्थापन	६९३	१,०७९	१,२००	१,३२८	१,५१६	१,६१३	१,८२४	२,०५३	२,३०१	२,४५३	१६,०६२	५६.०	४२.०	२.०

क्र. सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधि को जम्मा	सार्वजनिक	निजी	सहकारी
	तथा पुनःउत्पादनका क्रियाकलाप														
६	निर्माण	१४,४५५	१६,८६७	१९,७२७	२२,९३९	२६,७४८	३१,५१९	३७,२६०	४४,१९५	५२,९५९	६२,८९२	३२९,५६२	४५.०	५३.०	२.०
७	थोक तथा खुद्रा व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सेवा	१३,५६५	१५,३२३	१७,१६८	१९,४५१	२२,२८८	२५,३६४	२९,१७८	५,४१७	३८,३५२	४४,४०१	२३०,५०८	६.०	८४.०	१०.०
८	यातायात तथा भण्डारण	१४,५३६	१७,७३७	२०,३९३	२३,४०४	२६,८३६	३१,१६५	३५,७५०	४१,०४९	४६,६९१	५३,७५८	३११,३१९	३८.०	५७.०	५.०
९	आवास तथा भोजन सेवा	६,१४७	७,१९२	८,१२७	९,८९०	११,२७५	१३,३१३	१५,७६८	१८,१३४	२१,५४९	२५,६९२	१३७,०८७	८.०	९०.०	२.०

क्र. सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधि को जम्मा	सार्वजनिक	निजी	सहकारी
१०	सूचना तथा सञ्चार	४,४६९	५,४४६	६,१८३	७,१३०	८,०६५	९,२५९	१०,३१९	११,५१०	१३,१९६	१४,९५०	९०,५२७	५७.०	३८.०	५.०
११	वित्तीय मध्यस्थता	६,५८४	७,६५०	८,४४३	९,३२९	१०,३२१	११,५७१	१२,८४१	१४,२७०	१६,२३१	१८,६८८	११५,९२९	१९.०	६८.०	१३.०
१२	घर जग्गा कारोवार सेवा	६,५४८	७,५७८	८,८८३	१०,०४४	११,६९४	१३,४०७	१५,३७२	१७,६३६	२०,०२८	२३,७७१	१३४,९६१	५.०	९०.०	५.०
१३	पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलाप	४६३	४९३	५२६	५७४	६४१	७००	७७९	८६७	९४८	१,०५४	७,०४५	२५.०	७०.०	५.०
१४	प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप	३२५	३६९	४११	४४९	४९१	५३७	५७९	६३४	७०६	७७५	५,२७५	२५.०	७०.०	५.०
१५	सार्वजनिक प्रशासन	१०,७८७	११,२७३	१२,३०४	१३,४३०	१४,३७६	१५,६९८	१७,४६७	१९,४३३	२२,३३२	२४,४९३	१६१,५९३	१००.०	०.०	०.०

क्र. सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधि को जम्मा	सार्वजनिक	निजी	सहकारी
	तथा रक्षा														
१६	शिक्षा	९,८३९	१०,७४२	१२,२४६	१३,९१३	१५,७६९	१७,५४४	१९,२०२	२१,३७१	२३,४३९	२६,११५	१७०,१७९	६६.०	३१.०	३.०
१७	स्वास्थ्य तथा सामाजिक कार्य	८,०५७	९,३५४	१०,३५५	११,४७८	१२,७३८	१४,१५५	१५,७५१	१७,७४१	१९,८०८	२२,३७४	१४१,८१२	६०.०	३६.०	४.०
१८	अन्य सेवाका क्रियाकलाप	३२०	३६६	४१७	४६५	५२७	५८६	६५२	७१५	७८४	८६०	५,६९२	२०.०	७३.०	७.०
कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)		**१४८,७६३**	**१७४,७११**	**२०१,५७३**	**२३२,२९८**	**२६७,६२२**	**३०९,६२१**	**३५९,८७३**	**३९२,१५९**	**४९५,४८१**	**५८५,८२३**	**३,१६७,९२५**	**४३.४**	**५१.५**	**५.१**
खुद वस्तु तथा सेवा उत्पादन कर															
कुल गार्हस्थ्य															

क्र. सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधि को जम्मा	सार्वजनिक	निजी	सहकारी
उत्पादन (उत्पादकको मूल्यमा)															
कृषि		१९,६९१	२३,८७४	२७,२७७	३०,४०५	३३,१९२	३५,५४९	३८,८२७	४२,४२७	४७,२०२	५१,६६२	३५०,१०५	४०.०	४८.०	१२.०
उद्योग		४७,४३२	५७,३१३	६८,८४०	८२,३३५	९९,४०९	१२०,७७४	१४७,३८९	१८०,९५५	२२४,२१६	२७७,२३०	१,३०५,८९२	४९.७	४७.३	३.०
सेवा		८१,६४०	९३,५२५	१०५,४५६	११९,५५८	१३५,०२१	१५३,२९८	१७३,६५७	१६८,७७७	२२४,०६३	२५६,९३२	१,५११,९२७	३८.८	५५.९	५.३

तालिका २.५ मा उल्लेख गरिएको लगानीको परिमाण नेपाल सरकारको पन्ध्रौं योजनामा उल्लेख गरिएको क्षेत्रगत सीमान्त पूँजी उत्पादन अनुपातको आधारमा निर्धारण गरिएको छ। त्यसै गरी, सार्वजनिक, निजी एवम् सहकारी क्षेत्रको लगानीको अंश पनि सोही योजनामा भएबमोजिम उल्लेख गरिएको छ। पुनश्चः सहकारी क्षेत्र अन्तर्गत गैरसरकारी संस्था, नागरिक समाज एवम् सामुदायिक क्षेत्र पनि समावेश गरिएको छ।

तालिका २.६: सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबाट हुने लगानी (आ.व.२०७७/७८ को स्थिर मूल्यमा) (रु. दश लाखमा)

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
सार्वजनिक क्षेत्रको लगानी												
१	कृषि, वन तथा मत्स्यपालन	७,८७६	९,५४९	१०,९११	१२,१६२	१३,२७७	१४,२१९	१५,५३१	१६,९७१	१८,८८१	२०,६६५	१४०,०४२
२	खानी तथा उत्खनन	५७०	६५७	७६७	८९६	१,०३२	१,२०१	१,४२४	१,६६९	१,९७७	२,३४९	१२,५४२
३	उत्पादनमूलक उद्योग	१,४४२	१,६८०	१,९००	२,१५०	२,४०५	२,७२६	३,०९४	३,४८०	३,९६१	४,५१८	२७,३५६
४	विद्युत, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा	११,९२६	१५,०७३	१९,२२७	२४,२२६	३१,११२	३९,८०२	५०,८४६	६५,५३१	८४,७०६	१०९,०३३	४५१,४८२

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
५	खानेपानी, ढल तथा फोहर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप	३८८	६०४	६७२	७४४	८४९	९०३	१,०२२	१,१५०	१,२८९	१,३७४	८,९९५
६	निर्माण	६,५०५	७,५९०	८,८७७	१०,३२३	१२,०३६	१४,१८४	१६,७६७	१९,८८८	२३,८३२	२८,३०१	१४८,३०३
७	थोक तथा खुद्रा व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सेवा	८१४	९१९	१,०३०	१,१६७	१,३३७	१,५२२	१,७५१	३२५	२,३०१	२,६६४	१३,८३१
८	यातायात तथा	५,५२४	६,७४०	७,७४९	८,८९३	१०,१९८	११,८४३	१३,५८५	१५,५९९	१७,७४३	२०,४२८	११८,३०१

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
	भण्डारण											
९	आवास तथा भोजन सेवा	४९२	५७५	६५०	७९१	९०२	१,०६५	१,२६१	१,४५१	१,७२४	२,०५५	१०,९६७
१०	सूचना तथा सञ्चार	२,५४७	३,१०४	३,५२४	४,०६४	४,५९७	५,२७८	५,८८२	६,५६१	७,५२२	८,५२२	५१,६००
११	वित्तीय मध्यस्थता	१,२५१	१,४५४	१,६०४	१,७७३	१,९६१	२,१९८	२,४४०	२,७११	३,०८४	३,५५१	२२,०२६
१२	घर जग्गा कारोवार सेवा	३२७	३७९	४४४	५०२	५८५	६७०	७६९	८८२	१,००१	१,१८९	६,७४८
१३	पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलाप	११६	१२३	१३१	१४४	१६०	१७५	१९५	२१७	२३७	२६४	१,७६१
१४	प्रशासनिक तथा सहयोगी	८१	९२	१०३	११२	१२३	१३४	१४५	१५८	१७६	१९४	१,३१९

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
	सेवाका क्रियाकलाप											
१५	सार्वजनिक प्रशासन तथा रक्षा	१०,७८७	११,२७३	१२,३०४	१३,४३०	१४,३७६	१५,६९८	१७,४६७	१९,४३३	२२,३३२	२४,४९३	१६१,५९३
१६	शिक्षा	६,४९४	७,०९०	८,०८२	९,१८२	१०,४०८	११,५७९	१२,६७३	१४,१०५	१५,४७०	१७,२३६	११२,३१८
१७	स्वास्थ्य तथा सामाजिक कार्य	४,८३४	५,६१३	६,२१३	६,८८७	७,६४३	८,४९३	९,४५१	१०,६४५	११,८८५	१३,४२५	८५,०८७
१८	अन्य सेवाका क्रियाकलाप	६४	७३	८३	९३	१०५	११७	१३०	१४३	१५७	१७२	१,१३८
कुल लगानी		**६२,०३९**	**७२,५९०**	**८४,२७३**	**९७,५३९**	**११३,१०५**	**१३१,८०८**	**१५४,४३२**	**१८०,९१७**	**२१८,२७६**	**२६०,४३०**	**१,३७५,४१०**

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
कृषि		७,८७६	९,५४९	१०,९११	१२,१६२	१३,२७७	१४,२१९	१५,५३१	१६,९७१	१८,८८१	२०,६६५	१४०,०४२
उद्योग		२०,८३२	२५,६०५	३१,४४३	३८,३३९	४७,४३४	५८,८१६	७३,१५४	९१,७१८	११५,७६४	१४५,५७४	६४८,६७८
सेवा		३३,३३१	३७,४३६	४१,९१९	४७,०३९	५२,३९४	५८,७७३	६५,७४८	७२,२२९	८३,६३२	९४,१९१	५८६,६८९
निजी क्षेत्रको लगानी												
१	कृषि, वन तथा मत्स्यपालन	९,४५२	११,४५९	१३,०९३	१४,५९४	१५,९३२	१७,०६३	१८,६३७	२०,३६५	२२,६५७	२४,७९८	१६८,०५०
२	खानी तथा उत्खनन	१,५८०	१,८२१	२,१२३	२,४८१	२,८५७	३,३२६	३,९४४	४,६२३	५,४७४	६,५०४	३४,७३२
३	उत्पादनमूलक उद्योग	९,६१६	११,२०१	१२,६६६	१४,३३२	१६,०३०	१८,१७२	२०,६२९	२३,१९७	२६,४०९	३०,१२०	१८२,३७२
४	विद्युत, ग्याँस, वाष्प तथा वातानुकूलित	५,७८२	७,३०८	९,३२२	११,७४६	१५,०८५	१९,२९८	२४,६५३	३१,७७३	४१,०६९	५२,८६४	२१८,९०१

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
	आपूर्ति सेवा											
५	खानेपानी, ढल तथा फोहर व्यवस्थापन तथा पुनःउत्पादन का क्रियाकलाप	२९१	४५३	५०४	५५८	६३७	६७८	७६६	८६२	९६७	१,०३०	६,७४६
६	निर्माण	७,६६१	८,९३९	१०,४५५	१२,१५८	१४,१७६	१६,७०५	१९,७४८	२३,४२४	२८,०६८	३३,३३३	१७४,६६८
७	थोक तथा खुद्रा व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सेवा	११,३९५	१२,८७१	१४,४२१	१६,३३९	१८,७२२	२१,३०६	२४,५१०	४,५५१	३२,२१६	३७,२९७	१९३,६२७
८	यातायात तथा	८,२८५	१०,११०	११,६२४	१३,३४०	१५,२९६	१७,७६४	२०,३७७	२३,३९८	२६,६१४	३०,६४२	१७७,४५२

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
	भण्डारण											
९	आवास तथा भोजन सेवा	५,५३३	६,४७३	७,३१५	८,९०१	१०,१४७	११,९८१	१४,१९२	१६,३२०	१९,३९४	२३,१२३	१२३,३७९
१०	सूचना तथा सञ्चार	१,६९८	२,०७०	२,३५०	२,७०९	३,०६५	३,५१८	३,९२१	४,३७४	५,०१४	५,६८१	३४,४००
११	वित्तीय मध्यस्थता	४,४७७	५,२०२	५,७४१	६,३४४	७,०१९	७,८६८	८,७३२	९,७०४	११,०३७	१२,७०८	७८,८३२
१२	घर जग्गा कारोवार सेवा	५,८९४	६,८२०	७,९९४	९,०४०	१०,५२५	१२,०६६	१३,८३५	१५,८७२	१८,०२५	२१,३९४	१२१,४६५
१३	पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलाप	३२४	३४५	३६८	४०२	४४९	४९०	५४५	६०७	६६३	७३८	४,९३१
१४	प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप	२२७	२५८	२८८	३१४	३४४	३७६	४०५	४४४	४९४	५४२	३,६९२

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
१५	सार्वजनिक प्रशासन तथा रक्षा											
१६	शिक्षा	३,०५०	३,३३०	३,७९६	४,३१३	४,८८८	५,४३९	५,९५२	६,६२५	७,२६६	८,०९५	५२,७५५
१७	स्वास्थ्य तथा सामाजिक कार्य	२,९००	३,३६८	३,७२८	४,१३२	४,५८६	५,०९६	५,६७०	६,३८७	७,१३१	८,०५५	५१,०५२
१८	अन्य सेवाका क्रियाकलाप	२३४	२६८	३०५	३३९	३८५	४२८	४७६	५२२	५७२	६२८	४,१५६
	कुल लगानी	**७८,३९९**	**९२,२९६**	**१०६,०९३**	**१२२,०४४**	**१४०,१४२**	**१६१,५७५**	**१८६,९९३**	**१९३,०४६**	**२५३,०७१**	**२९७,५५३**	**१,६३१,२११**
कृषि		**९,४५२**	**११,४५९**	**१३,०९३**	**१४,५९४**	**१५,९३२**	**१७,०६३**	**१८,६३७**	**२०,३६५**	**२२,६५७**	**२४,७९८**	**१६८,०५०**
उद्योग		**२४,९३०**	**२९,७२२**	**३५,०७०**	**४१,२७५**	**४८,७८५**	**५८,१७९**	**६९,७४०**	**८३,८७८**	**१०१,९८७**	**१२३,८५२**	**६१७,४१९**
सेवा		**४४,०१७**	**५१,११५**	**५७,९३०**	**६६,१७५**	**७५,४२५**	**८६,३३२**	**९८,६१६**	**८८,८०३**	**१२८,४२७**	**१४८,९०३**	**८४५,७४२**

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
सहकारी क्षेत्रको लगानी												
१	कृषि, वन तथा मत्स्यपालन	२,३६३	२,८६५	३,२७३	३,६४९	३,९८३	४,२६६	४,६५९	५,०९१	५,६६४	६,१९९	४२,०१३
२	खानी तथा उत्खनन	४४	५१	५९	६९	७९	९२	११०	१२८	१५२	१८१	९६५
३	उत्पादनमूलक उद्योग	९६२	१,१२०	१,२६७	१,४३३	१,६०३	१,८१७	२,०६३	२,३२०	२,६४१	३,०१२	१८,२३७
४	विद्युत, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा	३६१	४५७	५८३	७३४	९४३	१,२०६	१,५४१	१,९८६	२,५६७	३,३०४	१३,६८१
५	खानेपानी, ढल तथा फोहर व्यवस्थापन	१४	२२	२४	२७	३०	३२	३६	४१	४६	४९	३२१

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
	तथा पुनःउत्पादनका क्रियाकलाप											
६	निर्माण	२८९	३३७	३९५	४५९	५३५	६३०	७४५	८८४	१,०५९	१,२५८	६,५९१
७	थोक तथा खुद्रा व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सेवा	१,३५७	१,५३२	१,७१७	१,९४५	२,२२९	२,५३६	२,९१८	५४२	३,८३५	४,४४०	२३,०५१
८	यातायात तथा भण्डारण	७२७	८८७	१,०२०	१,१७०	१,३४२	१,५५८	१,७८७	२,०५२	२,३३५	२,६८८	१५,५६६
९	आवास तथा भोजन सेवा	१२३	१४४	१६३	१९८	२२५	२६६	३१५	३६३	४३१	५१४	२,७४२
१०	सूचना तथा	२२३	२७२	३०९	३५७	४०३	४६३	५१६	५७६	६६०	७४८	४,५२६

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
	सञ्चार											
११	वित्तीय मध्यस्थता	८५६	९९५	१,०९८	१,२१३	१,३४२	१,५०४	१,६६९	१,८५५	२,११०	२,४२९	१५,०७१
१२	घर जग्गा कारोवार सेवा	३२७	३७९	४४४	५०२	५८५	६७०	७६९	८८२	१,००१	१,१८९	६,७४८
१३	पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलाप	२३	२५	२६	२९	३२	३५	३९	४३	४७	५३	३५२
१४	प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप	१६	१८	२१	२२	२५	२७	२९	३२	३५	३९	२६४
१५	सार्वजनिक प्रशासन तथा रक्षा											

क्र.सं.	क्षेत्र	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	२०८८/८९	योजना अवधिको जम्मा
१६	शिक्षा	२९५	३२२	३६७	४१७	४७३	५२६	५७६	६४१	७०३	७८३	५,१०५
१७	स्वास्थ्य तथा सामाजिक कार्य	३२२	३७४	४१४	४५९	५१०	५६६	६३०	७१०	७९२	८९५	५,६७२
१८	अन्य सेवाका क्रियाकलाप	२२	२६	२९	३३	३७	४१	४६	५०	५५	६०	३९८
कुल लगानी		**८,३२५**	**९,८२५**	**११,२०८**	**१२,७१५**	**१४,३७५**	**१६,२३८**	**१८,४४८**	**१८,१९५**	**२४,१३४**	**२७,८४१**	**१६१,३०४**
	कृषि	**२३६३,**	**२,८६५**	**३,२७३**	**३,६४९**	**३,९८३**	**४,२६६**	**४,६५९**	**५,०९१**	**५,६६४**	**६,१९९**	**४२,०१३**
	उद्योग	**१,६७०**	**१,९८६**	**२,३२७**	**२,७२२**	**३,१९०**	**३,७७८**	**४,४९५**	**५,३५९**	**६,४६५**	**७,८०४**	**३९,७९६**
	सेवा	**४,२९२**	**४,९७४**	**५,६०८**	**६,३४५**	**७,२०२**	**८,१९४**	**९,२९४**	**७,७४५**	**१२,००५**	**१३,८३७**	**७९,४९६**

२.५.३ सार्वजनिक खर्च व्यवस्थापन

योजना अवधिमा कुल रु. ३१ खर्ब ६७ अर्ब ९२ करोड ५० लाख खर्च हुने अनुमान गरिएको छ। जसमध्ये सार्वजनिक क्षेत्रको खर्च १३ खर्ब ७५ अर्ब ४१ करोड, निजी क्षेत्रको खर्च १६ खर्ब ३१ अर्ब २१ करोड १० लाख तथा सहकारी क्षेत्रको खर्च (सामुदायिक, गैरसरकारी संस्था तथा नागरिक समाजको खर्चसहित) १ खर्ब ६१ अर्ब ३० करोड ४० लाख हुने अनुमान गरिएको छ।

आन्तरिक स्रोतबाट १ खर्ब ८ अर्ब ४१ करोड ३० लाख, राजश्व तथा रोयल्टी बाँटफाँडबाट ४ खर्ब १८ अर्ब ७५ करोड ८० लाख, संघबाट प्राप्त हुने वित्तीय हस्तान्तरणबाट ७ खर्ब ६३ अर्ब ६५ करोड ३० लाख, आन्तरिक ऋणबाट ६० अर्ब ७५ करोड ९० लाख तथा वैदेशिक सहायताबाट रु. २३ अर्ब ८२ करोड ७० लाख उठाउने अनुमान गरिएको छ।

तालिका २.७: सार्वजनिक खर्च व्यवस्थापन

क्र. सं.	सार्वजनिक खर्च व्यहोर्ने स्रोत	आर्थिक वर्ष										
		२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४	२०८४-८५	२०८५-८६	२०८६-८७	२०८७-८८	२०८८-८९	योजना अवधिको जम्मा
	कुल खर्च	**६२०३९**	**७२५९०**	**८४२७३**	**९७५३९**	**११३१०५**	**१३१८०८**	**१५४४३२**	**१८०९१७**	**२१८२७६**	**२६०४३०**	**१३७५४१०**
१	आन्तरिक स्रोत (राजस्व)	४८९०	५८२२	६६८०	७६८८	८९१५	१०३८९	१२१७३	१४२६०	१७२०५	२०५२८	१०८४१३
२	राजस्व बाँडफाँट तथा रोयल्टी बाँडफाँट	१८८८८	२२२०१	२५६०८	२९६९७	३४४३६	४०१३०	५५०८२	६६४५७	७९२९१	७९२९१	४१८७५८
३	संघबाट प्राप्त	३४४४५	४०२०३	४६७९२	५४१५६	६२७९८	७३१८२	१००४४९	१२११९१	१४४५९६	१४४५९६	७६३६५३

क्र. सं.	सार्वजनिक खर्च व्यहोर्ने स्रोत	आर्थिक वर्ष										
		२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४	२०८४-८५	२०८५-८६	२०८६-८७	२०८७-८८	२०८८-८९	योजना अवधिको जम्मा
	वित्तीय हस्तान्तरणको रकम (समानीकरण, सशर्त, समपुरक, विशेष)											
४	आन्तरिक ऋण	२७४१	३१०७	३७३०	४३०९	४९९६	५८२३	७९९२	९६४२	११५०४	११५०४	६०७५९
५	वैदेशिक सहायता (ऋण अनुदान)	१०७५	१२५८	१४६४	१६९०	१९५९	२२८३	३१३४	३७८१	४५१२	४५१२	२३८२७

परिच्छेद ३

लुम्बिनी प्रदेशको समष्टिगत अर्थतन्त्र

३.१ बचत तथा लगानी

१. पृष्ठभूमि

उच्च आर्थिक वृद्धि गरी तीव्र आर्थिक विकासको मार्गमा मलुकलाई हिँडाउनका निम्ति बचत परिचालनको निकै ठूलो भूमिका हुने गर्दछ। नेपालको संविधानले संकल्प गरेको आत्मनिर्भर, स्वतन्त्र र उन्नतशील राष्ट्रिय अर्थतन्त्र निर्माण गर्दै समाजवादउन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्ने महान अभियानमा लुम्बिनी प्रदेश सरकारको "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" को दीर्घकालीन सोचले अवश्य पनि मदत पुर्याउन सक्छ। राष्ट्रिय तथा प्रदेशगत लक्ष्यहरूलाई मूर्त रूप दिनको लागि बचत तथा लगानीको केन्द्रीय भूमिका रहन्छ। बचत परिचालनको माध्यमबाट पूँजी निर्माण र पूँजी निर्माणको माध्यमबाट प्रदेश सरकारको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न सम्भव हुन्छ। आ.व. २०७५/७६-२०७७/७८ को अवधिमा औसतमा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ९.६ प्रतिशत रहेको छ ।

२. प्रमुख समस्या

प्रदेशका जनताको प्रतिव्यक्ति आम्दानी न्यून भएका कारण बचत गर्ने क्षमतामा कमी हुनु स्वभाविक हुन्छ।यद्यपि वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयका कारण बचत परिचालन सम्भव भएको छ। त्यसमा पनि विप्रेषण आयको ठूलो हिस्सा उपभोग खर्चमा जानु र जीवन निर्वाह खर्च उच्च हुनुको कारण उल्लेख्य रूपमा बचत परिचालन हुन सकिरहेको छैन। समाजमा झाँङ्गिदै गएको उपभोगवादी संस्कृति पनि बचत परिचालनको बाधकको रूपमा देखा परेको छ। सबै वर्ग तथा क्षेत्रमा वित्तीय पहुँच पुग्न नसक्नु, बचतसम्बन्धी उपकरणको कमी हुनु, वित्तीय साक्षरताको कमी रहनु र पूँजी बजारको विस्तार तीव्ररूपमा हुन नसक्नु बचत परिचालनका प्रमुख समस्याहरू हुन् भने नागरिकमा लगानी संस्कृतिको अभाव, उद्यमशीलताको कमी, लैङ्गिक समावेशिताको प्रभावकारी प्रयोगमा कमी तथा संघीय सरकारको पूँजीगत खर्चमा देखिएको सुस्तता आदि कारणहरूबाट लगानी अपेक्षित मात्रामा हुन सकिरहेको छैन।

३. चुनौती र अवसर

आम नागरिकमा वित्तीय साक्षरता पुर्याएर बचतको महत्व र बचत गर्ने बानीको विकास गर्नु, अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रुपान्तरण गर्नु, बचत तथा लगानीको अधिकतम प्रतिफल सुनिश्चित गर्नु, मुद्रास्फिति नियन्त्रणमा लिनु, विप्रेषण आयलाई उत्पादनमुखी क्षेत्रमा प्रवाहित गर्नु, उपभोग संस्कृति र फजुल खर्चलाई नियन्त्रणमा राख्ने उपाय पत्ता लगाउनु समग्र अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा रहेका छन्। बैंकिङ सेवाको विस्तार गर्नु, नागरिकको आयस्तर बढाउनु, उद्यमशील संस्कृतिको विकास गर्नु, लगानी मैत्री ऐन तथा नियम लागु गर्नु, प्रादेशिक साधन र स्रोतहरूको सम्भाव्यताहरूको अन्वेषण गर्नु, सहज र सस्तो ऋणको प्रबन्ध मिलाउनु जस्ता चुनौतहरू प्रदेशमा विद्यमान रहेका छन्।

बैंक तथा वित्तीय संस्थाहरूको विस्तारको कारण वित्तीय पहुँच विस्तार हुँदै जानु, वित्तीय उपकरणमा सहकारी संस्था तथा लघुवित्तको समेत उल्लेख्य उपस्थिति हुनु, विप्रेषण आयमा क्रमशः सुधार हुँदै जानुले बचत परिचालनमा सुधार भई पूँजी निर्माणमा सघाउ पुग्न सक्ने देखिन्छ। मुलुक राजनीतिक स्थिरतातर्फ अघि बढेको कारण प्रदेशमा लगानीको वातावरण बन्दै गएको छ। निजी क्षेत्रको विस्तार, प्रदेशका सम्भाव्य क्षेत्रहरूको पहिचान र गैरआवासीय नेपालीको लगानीप्रति चासो र वैदेशिक लगानीको वातावरण बन्दै गएको कारण थप लगानी आकर्षित हुने देखिन्छ। मुलुकमा वित्तीय संघीयता लागु भएपश्चात् स्थानीय तहसम्म विकास निर्माणका योजनाहरू पुग्नुको कारण बचत तथा लगानीको सम्भावना बढ्दै गएको स्थिति छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

बचत परिचालन र लगानी प्रवर्धनमा सबल र सक्षम प्रादेशिक अर्थतन्त्र निर्माण।

लक्ष्य

उच्च बचत परिचालन गरी दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने।

उद्देश्य

बचत परिचालन र उत्पादनमूलक लगानीलाई उल्लेख्य रूपमा वृद्धि गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. रोजगारीका अवसरहरू सिर्जना गर्दै आय वृद्धि गरी बचत अभिवृद्धि गर्ने।	१. रोजगारी सिर्जना गर्नको लागि आवश्यक आर्थिक नीति तथा कार्यक्रम अवलम्बन गरिनेछ। २. मूल्यवृद्धि वाञ्छित सीमाभित्र राखी सामाजिक सुरक्षाका उपायहरू अवलम्बन गरेर बचत अभिवृद्धि गरिनेछ। ३. बचत गर्ने बानीको विकासका लागि आवश्यक कार्यक्रमहरू तयार गरी कार्यन्वयन गरिनेछ।
२. वित्तीय पहुँच, ज्ञान र आय आर्जन बढाउने।	१. वित्तीय पहुँच विस्तारका निम्ति ग्रामीण भेगहरूमा बैंक तथा वित्तीय संस्थाहरूको गुणस्तरीय सेवा विस्तारमा जोड दिइनेछ। २. धितोपत्र बजारको विकास गर्नुका साथै सरकारी ऋणपत्र निष्काशन गरिनेछ। ३. प्रादेशिक लगानीकोषको स्थापना गरी दीर्घकालीन ऋण लगानीको वातावरण निर्माण गरिनेछ। ४. वित्तीय साक्षरता विस्तारका गर्नका लागि वैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गर्नुका अतिरिक्त अन्य शैक्षिक तथा प्रशिक्षणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। ५. सहकारी तथा लघुवित्त संस्थाहरूको व्यवस्थापनमा जोड दिइनेछ।
३. वित्तीय प्रणालीको विकास तथा अनौपचारिक क्षेत्रको	१. बचत तथा लगानीसम्बन्धी विद्यमान उपकरणको प्रभावकारी उपयोग तथा नविनतम उपकरणहरूको अवलम्बन र विस्तार गरिनेछ।

रणनीति	कार्यनीति
नियमनमार्फत् व्यक्तिगत, संस्थागत र वैदेशिक रोजगारीको बचत परिचालन गर्ने।	२. पूँजी बजारलाई एकीकृत गरी पूँजी निर्माणमा बचत आकर्षित गरिनेछ। ३. अनौपचारिक अर्थतन्त्रमा भए गरिएका आर्थिक गतिविधिहरूलाई क्रमशः औपचारिक अर्थतन्त्रमा समाहित गर्ने कार्यक्रमहरूलाई नीतिगत रूपमा प्राथमिकतामा राखी अगाडि बढाइनेछ।

५. अपेक्षित उपलब्धि

वित्तीय संस्थाहरूको सेवा विस्तार र नागरिकको आय बढ्न गई बचत परिचालनमा उल्लेख्य वृद्धि हुनेछ ।

३.२ सार्वजनिक वित्त

१. पृष्ठभूमि

प्रदेश सरकारसँग उपलब्ध साधन र स्रोतको समुचित परिचालनको माध्यमबाट सरकारले निर्दिष्ट गरेको दीर्घकालीन लक्ष्य प्राप्त गर्न सकिन्छ। सरकारले प्राप्त गर्ने आम्दानी र खर्चको समुचित व्यवस्थापन समृद्ध, समुन्नत र स्वतन्त्र अर्थतन्त्रको आधार निर्माण गरी समाजवादउन्मुख अर्थतन्त्रको जग बसाल्न सकिन्छ। सन्तुलित विकास र समृद्धिका लागि प्रदेश सरकारले प्रभावकारी एवम् मितव्ययी ढंगले खर्च गरेर उत्पादकत्व बढाउनु अति जरुरी छ।

२. प्रमुख समस्या

विनियोजित बजेटमा चालु खर्चको तुलनामा अझ पनि पूँजीगत खर्च हुन सकिरहेको छैन। बजेट निर्माण गर्दा वस्तुपरक रूपमा विनियोजन गर्न नसकिएको, खर्च गर्ने निकायको क्षमता अभिवृद्धिमा उदासिनता, पारदर्शिताको अभाव र गुणस्तरीय निर्माणजस्ता पक्षहरूमा समस्या देखिएका छन्। यसको अतिरिक्त तोकिएको समयमा पूँजीगत खर्च गर्न नसकिएको कारण राज्यकोषको सही सदुपयोग हुन नसकेको देखिन्छ।

३. चुनौती र अवसर

नेपालको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्यहरू, पन्ध्रौं योजनाको लक्ष्य तथा लुम्बिनी प्रदेशको दीर्घकालीन लक्ष्य हासिल हुने गरी सार्वजनिक खर्चको व्यवस्थापन गर्नु, विनियोजन कुशलता र खर्च गर्ने दक्षता अभिवृद्धि गर्नु र चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी पूँजीगत खर्चमा बढोत्तरी गर्नु प्रमुख चुनौतीको रूपमा देखा परेका छन्। बजेटलाई प्रतिफलमुखी बनाउने, वित्तीय अनुशासन कायम गर्ने, सरकारी खर्चमा हुने चुहावटलाई नियन्त्रण गर्ने काम निकै चुनौतीपूर्ण देखिन्छ। विनियोजन गरिएको बजेटको कार्यान्वयनका लागि चुस्त प्रशासनिक संरचना निर्माण र कर्मचारीहरूलाई उत्प्रेरणा दिने काम पनि चुनौतीपूर्ण छ।

लुम्बिनी प्रदेश सरकारको पूँजीगत खर्चको स्थिति हेर्दा औसतमा ५९ प्रतिशत हाराहारी भएको हुनाले सामान्य निगरानी, उत्प्रेरणा र खबरदारीले प्रदेशको सार्वजनिक वित्तमा सुधार गर्न सकिने स्थिति देखिनु सुखद पक्षको रूपमा लिन सकिन्छ। खर्च सुधारका उपायहरूसहित उच्च र दिगो विकास हासिल गर्न सकिने स्थिति रहेको छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

पारदर्शी र उत्तरदायित्वपूर्ण सार्वजनिक खर्च व्यवस्थापनद्वारा आर्थिक समृद्धि।

लक्ष्य

दक्ष, प्रभावकारी, समतामूलक र पारदर्शी सार्वजनिक खर्च व्यवस्थापनद्वारा सार्वजनिक खर्चको उत्पादकत्व र प्रभावकारिता वृद्धि गर्ने।

उद्देश्य

१. औचित्यपूर्ण र समावेशी बजेट विनियोजन तथा कार्यान्वयन दक्षता अभिवृद्धि गर्नु।

२. वित्तीय अनुशासन कायम गर्नुका साथै सार्वजनिक खर्चलाई बढी प्रतिफलमुखी बनाउनु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पूँजी निर्माणको क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने।	१. चालु खर्च व्यवस्थापनसम्बन्धी मापदण्ड बनाइनेछ। साथै गैरबजेटरी खर्चलाई नियन्त्रण गर्दै लगिनेछ। २. चालु खर्चलाई पूँजीगत खर्चको उत्पादनशील क्षमता अभिवृद्धि गर्न आबद्ध गरिनेछ। ३. राजस्वको आधार वृद्धि गर्ने एवम् उच्च प्रतिफल दिने र उत्पादन वृद्धिसँगसम्बन्धी पूर्वाधारका क्षेत्रमा सार्वजनिक स्रोतको विनियोजन गरिनेछ। ४. विकास आयोजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आयोजना व्यवस्थापन निर्देशिका तर्जुमा गरी प्रदेश र स्थानीय तहमा कार्यान्वयन गरिनेछ। ५. प्रदेशस्तरीय आयोजनाहरूको लागत लाभ विश्लेषण गरी उपयुक्त आयोजनाहरूलाई आयोजना बैंकमा सूचीकृत गरिनेछ। ती आयोजनाहरूलाई प्राथमिकताका आधारमा बजेट विनियोजन गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। ६. आयोजना सुशासनमा सुधार गरी क्रमागत आयोजनाहरू निर्धारित समयमै सम्पन्न गरिनेछ। ७. अनुदानलाई उत्पादनशील र पारदर्शीरूपमा प्रदान गर्न अनुदान नीति तर्जुमा गरिनेछ। ८. एकद्वार प्रणालीमार्फत् अनुदान वितरण गर्ने नीति लिइनेछ।
२. नीति र योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने।	१. सार्वजनिक खर्चलाई प्रदेशको राजस्वसँग सन्तुलन मिलाई समष्टिगत स्थायित्व कायम गरिनेछ। २. स्थानीय तहसँगको समन्वयमा लैङ्गिक हिसाबले समावेशी बजेट प्रणालीको विकास गरिनेछ।

रणनीति	कार्यनीति
	३. बजेट तर्जुमा गर्दा मध्यकालिन खर्च संरचना अवलम्बन गरिनेछ।
३. सरकारी संयन्त्रहरूको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने।	१. कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक खर्चको कुशलतापूर्वक सदुपयोग गर्ने परिपाटी विकास गरिनेछ। २. आयोजनाको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ। ३. प्रदेशस्तरीय सरकारी संरचनाहरूको संस्थागत विकासमा विशेष जोड दिइनेछ।

५. अपेक्षित उपलब्धि

प्रदेशको सार्वजनिक खर्चमा पूँजीगत खर्चको हिस्सा बढेको र कूल विनियोजित बजेटको ९० प्रतिशत बढी रकम खर्च भई बजेट पूर्णरूपमा कार्यान्वयन भएको हुनेछ। लैङ्गिक उत्तरदायित्व बोकेको र समष्टिगत स्थायित्व कायम भएको बजेट हुनेछ।

३.३ राजस्व

१. पृष्ठभूमि

मुलुकको सर्वाङ्गीण विकास र समृद्धिका निम्ति सार्वजनिक खर्च अनिवार्य शर्त हो। जनताका चुलिंदा आवश्यकताहरू पूरा गर्न राज्यले खर्च गर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ। यसको लागि पार्याप्त मात्रामा राजस्व सङ्कलन गर्नुपर्ने हुन्छ। नेपालको संविधानले प्रदेशका राजस्वका स्रोतहरूको बारेमा उल्लेख गरेको छ । यी स्रोतहरूको पर्याप्त उपयोग गरेर लुम्बिनी प्रदेश सरकारले राजस्व सङ्कलन वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

२. प्रमुख समस्या

कमजोर संस्थागत क्षमता, करसम्बन्धी कानूनी व्यवधानहरूको समाधानको अभाव, साझा करको बारेमा रहेका द्विविधाहरू, व्यवस्थित तथ्याङ्कको उपलब्धताको अभाव, जनतामा करसम्बन्धी

चेतनाको कमी तथा अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्रमा समाहित गर्न नसक्नु आदि राजस्व सङ्कलनका प्रमुख समस्याका रूपमा देखा परेका छन्।

३. चुनौती र अवसर

सरकारको निम्ति राजस्व सङ्कलन गर्नु कति जरुरी छ र नागरिकको करबाट के कस्ता कामहरू गर्न सकिन्छ भन्नेबारे कानूनी व्यवस्थाको जानकारी र चेतनाको अभिवृद्धि गर्नु, संस्थागत क्षमता सुदृढ गर्नु, करसम्बन्धी द्विविधा हल गर्नु वा हल गर्नको निम्ति संघीय सरकारलाई अनुरोध गर्नु, दोहोरो करको भार पर्न नदिने गरी कर सङ्कलन गर्नु, कर तिर्ने बानीको विकास गर्नु, तिरेको करको उपादेयता पुष्टि गर्न नसक्नु, कर चुहावट नियन्त्रण गर्नु आदि राजस्व सङ्कलनका मुख्य चुनौतीका रूपमा देखापरेका छन्।

वित्तीय हस्तान्तरण ऐन २०७४ कार्यान्वयनमा आएपश्चात् कर बाँडफाँटमा देखा परेका अन्यौलहरू ठूलो मात्रामा हल भएको र तीन तहको सरकारी संरचनाको परिकल्पना गरिएको कारण नयाँ ढंगले कर सङ्कलन गर्न सकिने स्थिति बनेको छ। कर प्रशासनमा नयाँ प्रविधि र युवा पुस्ताको प्रवेशबाट कर सङ्कलन र करको पारदर्शितामा संदेह गर्ने परम्परागत अवधारणा क्रमशः समाप्त हुँदै गएको कारण कर चुहावट नियन्त्रण गर्ने सकिने आधार बन्दै गएको अवस्थालाई अवसरको रूपमा लिन सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

प्रादेशिक विकास कार्य तथा समृद्धिका लागि पर्याप्त आन्तरिक राजस्व परिचालन।

लक्ष्य

कर तिर्ने संस्कृतिको विकासद्वारा राजश्वको दायरा फराकिलो पार्ने।

उद्देश्य

प्रदेशको आन्तरिक राजस्व सङ्कलन वृद्धि गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रणालीमा समयानुकूल सुधार गरी कर प्रशासनलाई थप जनमुखी र विकासमैत्री बनाउने।	१. कर प्रणालीलाई थप प्रगतिशील तथा सार्वजनिक वित्तलाई दिगो बनाइनेछ। २. अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा समाहित गर्न आवश्यक नीतिबारे छलफल र अन्तरक्रिया गरी संघीय सरकारसँगको सहयोगमा कार्यान्वयन गरिनेछ। ३. लुम्बिनी प्रदेशमा बाहेक अन्य प्रदेशहरूमा दर्ता भई सञ्चालनमा आएका लुम्बिनी प्रदेशका सवारी धनीहरूलाई आफ्ना साधन यसै प्रदेशमा दर्ता गर्न सकिने कानूनी तथा व्यवहारिक निकास खोजिनेछ।
२. राजश्वका आधार तथा दरहरू समयानुकूल बनाई प्रभावकारी ढंगबाट राजस्व सङ्कलन गर्ने।	१. सम्पूर्ण आर्थिक क्रियाकलापहरूलाई क्षमताको आधारमा कर तिर्न सक्ने गरी राजस्वको दायरामा ल्याइनेछ। २. करको दायरामा समावेश नभएका तर मनग्गे आम्दानी गरिरहेका अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई औपचारिक करदाताको रूपमा रुपान्तरण गर्न चालिनु पर्ने कदम बारे अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ।
३. प्रभावकारी संस्थागत व्यवस्था गर्ने।	१. अत्याधुनिक सूचना प्रविधिको प्रयोग गरी राजस्व सङ्कलनलाई सहज र पूर्वानुमानयोग्य बनाइनेछ। २. राजस्व सङ्कलनकालागि करदातामैत्री र सुदृढ प्रशासनिक संरचना निर्माण गरिनेछ। ३. राजस्व चुहावटलाई रोक्न नागरिक वाच कार्यक्रम सञ्चालन गर्दै सूचकलाई पुरस्कृत गरिने विधि निर्माण गर्दै कार्यान्वयनमा ल्याइनेछ।
४. कर तिर्ने बानीको विकास तथा	१. निजी क्षेत्र, नागरिक समाज तथा अन्य

रणनीति	कार्यनीति
राजस्व चुहावट नियन्त्रण गर्ने।	सरोकारवालाहरूसँगको सहकार्यमा राजस्वसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। २. राजश्वसम्बन्धी जानकारीमूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। ३. करदाताहरू बीचको कर तिर्ने प्रतिस्पर्धाको वातावरण निर्माण गरी कर कार्यालयहरूमा नियमित डिस्प्ले गर्दै उच्च करदातहरूलाई नागरिक सम्मान तथा पुरस्कारजस्ता कार्यक्रम तथा गतिविधिहरू अगाडि बढाइनेछ।

५. अपेक्षित उपलब्धि

राजस्वको दायरा फराकिलो भई राजस्व सङ्कलन बढेको हुने र बजेटमा राजस्वको योगदान वृद्धि हुँदै जानेछ।

३.४ आन्तरिक ऋण

१. पृष्ठभूमि

नेपालको संविधान २०७२ र अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ ले तीन ओटै तहका सरकारले घाटा बजेट पेश गर्ने व्यवस्था गरेको छ। यसरी घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत उल्लेख गर्नुपर्ने र घाटा बजेट पेश गर्दा तीन ओटै सरकारहरूले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिसको सीमाभित्र रहेर आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरेको छ। यसका साथै संघीय सरकारले प्रदेश तथा स्थानीय तहहरूलाई ऋण दिन सक्ने व्यवस्था गरेको छ।

२. प्रमुख समस्या

प्रदेशस्तरीय गौरवका आयोजनाहरूमा ऋण परिचालनका उपकरणहरू प्रभावकारीरूपले प्रयोग नहुनु, जनचेतनाको कमी हुनु र उत्पादनमूलक क्षेत्रमा ऋण परिचालन हुन नसक्नु आन्तरिक ऋण परिचालनमा समस्या रहेका छन्।

३. चुनौती र अवसर

आन्तरिक ऋण लिन संघीय सरकारको सहमति लिनुपर्ने, ऋण सङ्कलन गर्न संघीय संरचना प्रयोग गर्नुपर्ने र आन्तरिक ऋणको दुरुपयोगको सम्भावनालाई रोक्ने कुरा चुनौतीपूर्ण रहेको छ भने प्रदेश सरकारले सम्भाव्यता अध्ययन गरी विशिष्ट आयोजनाहरूमा लगानी बढाउनको निम्ति स्वतन्त्ररूपले पहल गरेर प्रदेश अर्थतन्त्रलाई उच्च आर्थिक वृद्धितर्फ डोर्याउन सक्ने अवस्थालाई अवसरको रूपमा लिन सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

प्रादेशिक समष्टिगत स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी उच्च प्रतिफलयुक्त आयोजनाहरूका लागि आन्तरिक ऋण परिचालन गर्ने।

लक्ष्य

निश्चित सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्ने।

उद्देश्य

प्रदेशका विकासका कार्यक्रमहरूका लागि अत्यावश्यक आन्तरिक ऋण परिचालन गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रमको लागि आन्तरिक ऋणको परिचालन गर्ने।	१. प्रदेशस्तरीय गौरवका आयोजनाहरू समेटिने गरी योजना बैंक बनाई उच्च प्रतिफल दिने आयोजनाहरूका निम्ति आन्तरिक ऋण परिचालन गरिनेछ।
२. ऋणपत्रहरू बिक्री गरी वित्तीय स्रोतको व्यवस्थापन गर्ने।	१. आयोजना लक्षित ऋणपत्रहरू बिक्री गर्ने प्रबन्ध मिलाई वित्तीय साधन सङ्कलन गरिनेछ।
३. ऋणपत्रमा लगानी सुनिश्चित गर्न नागरिक सचेतना अभियान सञ्चालन	१. उद्योगपति, व्यापारी तथा आम नागरिकमा ऋणपत्रको आकर्षण जागृत गर्न सार्वजनिक माध्यमबाट जनचेतना

रणनीति	कार्यनीति
गर्ने।	अभियान सञ्चालन गरिनेछ। २. ऋणपत्रमा लगानी गरिसकेपछि प्रतिफलको सुनिश्चितता आवश्यक पर्ने भएकोले निश्चित प्रतिशत प्रतिफल लगानी कर्तालि पाउने छन् भनी घोषणा गर्दा प्रचलित बजार व्याजदरभन्दा बढीमा २ प्रतिशत माथिसम्म तोक्न सकिने व्यवस्था मिलाइनेछ। ३. वैदेशिक रोजगारीबाट आएको विप्रेषणलाई आकर्षित गर्नका निम्ति स्वदेशी लगानीकर्तालाई दिइने व्याजदरभन्दा बढिमा १ प्रतिशत व्याज थप निर्धारण गर्न सक्ने नीति बनाइनेछ। ४. प्रत्येक ५ वर्षमा लगानी सम्मेलनको आयोजना गरी प्रदेशका आयोजनाहरूमा लगानी प्रवाहित गर्न तथा ऋणपत्र खरिद गर्न प्रेरित गरिनेछ।

५. अपेक्षित उपलब्धि

प्रचलित ऐनले तोकेको दायराभित्र रहेर उच्च प्रतिफलयुक्त आयोजनाहरूका लागि आवश्यक मात्रामा आन्तरिक ऋण परिचालन भएको हुनेछ।

३.५ वैदेशिक सहयोग

१. पृष्ठभूमि

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको निम्ति वैदेशिक सहयोग लिन सक्ने व्यवस्था अन्तरसरकारी वित्तीय व्यवस्था ऐन २०७४ मा उल्लेख छ। प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको पूर्वस्वीकृति लिएर कुनै पनि किसिमका वैदेशिक सहयोग लिन वा वैदेशिक सहयोगमा कुनै कार्यक्रम गर्न गराउन सक्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ।

२. प्रमुख समस्या

नेपालले वि.सं. २००८ साल देखि वैदेशिक सहायता लिन शुरु गरको थियो। नेपालमा पूर्वाधार क्षेत्रमा लगानीको मुख्य आधार वैदेशिक सहयोग नै हो। तर पनि यसको प्रभावकारी उपयोग हुन सकिरहेको छैन भन्ने कुरा नेपालको अर्थतन्त्रको आकार, आर्थिक वृद्धि, सामाजिक विकासको स्थितिबाट प्रष्ट हुन आउँछ। यस पृष्ठभूमिमा प्रदेश सरकारले प्रथमतः वैदेशिक सहयोग प्राप्त गर्न कठिन छ भने सहयोग प्राप्त भएपछि त्यसलाई प्रदेशको उच्च आर्थिक वृद्धि हासिल हुने गरी कार्यान्वयन गर्नेमा प्रशस्त समस्या देखिन्छ।

३. चुनौती र अवसर

वैदेशिक सहायता प्रदान गर्ने विकासका साझेदारहरूलाई प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता प्रवाह गर्न आकर्षित गर्नु, संघीयताअनुरूप साझेदारहरूलाई सहयोग प्रवाहको क्षेत्र र स्थान पहिल्याउन र प्रदेशस्तरको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीप्रति विश्वस्त गराउनु चुनौतीपूर्ण देखिएको छ।

नेपालको संविधान तथा वित्त व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम प्रदेश सरकारले संघीय सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक सहायता प्राप्त गर्ने प्रक्रिया अगाडि बढाउन सक्ने प्रावधान रहेको हुँदा लुम्बिनी प्रदेश सरकारबाट यस प्रावधानलाई अवसरको रूपमा लिई प्रदेश गौरवका आयोजना तथा प्रदेश योजना बैंकमा रहेका उच्च प्राथमिकता प्राप्त आयोजनाहरूको निम्ति आवश्यक स्रोतको परिचालन गर्न सकिनेछ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

उच्च प्रतिफलयुक्त प्राथमिकताप्राप्त आयोजनामा मात्र वैदेशिक सहयोग लिई दीर्घकालमा यसप्रतिको निर्भरता न्यूनीकरण गर्ने।

लक्ष्य

प्रदेशको आवश्यकताका आधारमा छनौटपूर्ण हिसाबले वैदेशिक सहायता लिइने।

उद्देश्य

उच्च प्रतिफल दिने आयोजनाको लागि वैदेशिक सहयोग लिनु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. आयोजना बैंक बनाउने।	१. प्रदेशका सम्पूर्ण जिल्लाका निम्ति सम्भावित विशिष्ट परियोजनाहरूको सूची तयार पारिनेछ। २. प्रदेशका प्रमुख आयोजनाहरूको प्रतिफल विश्लेषण गरी आयोजना बैंकमा समावेश गरिनेछ।
२. उच्च प्रतिफयुक्त आयोजनाको लागि वैदेशिक सहयोग उपयोग गर्ने।	१. उच्च प्रतिफल भएका आयोजनाहरूको लागि सहयोग जुटाउने प्रयास गरिनेछ। २. वैदेशिक सहयोगलाई पारदर्शी र प्रभावकारी ढंगले सदुपयोग गरिनेछ।

५. अपेक्षित उपलब्धि

छनौटपूर्णरूपले उच्च प्रतिफलयुक्त आयोजनाहरूमा वैदेशिक सहायता परिचालन भएको हुने र आन्तरिक स्रोत नपुग भएको अवस्थामा वैदेशिक सहयोग पूरकको रूपमा प्रयोग भएको हुनेछ।

परिच्छेद ४

आर्थिक क्षेत्र

४.१ कृषि तथा प्राकृतिक स्रोत

४.१.१ कृषि

१. पृष्ठभूमि

नेपाल सरकारको पछिल्लो तथ्याङ्कअनुसार लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र माछापालन क्षेत्रको योगदान करिब ३० प्रतिशत रहेको र लगभग दुई तिहाइ जनताको जीविकोपार्जनको माध्यम कृषि रहेको छ। यस प्रदेशमा आर्थिक समृद्धि हासिल गर्न उच्च तथा समावेशी आर्थिक विकासको लागि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्ने हुन्छ। यस प्रदेशमा कृषि क्षेत्रका प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछा-मासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको आवश्यकता छ। नेपालको समग्र कृषि विकासको लागि कृषि विकास रणनीति (२०१५-२०३५) अनुसार कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यावसायीकरण, यान्त्रीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएअनुसार यस प्रदेशमा पनि सोहीअनुरूप कार्य गर्ने हुन्छ। नेपालको संविधानअनुसार प्रदेशको अधिकार सूचीभित्र कृषि तथा पशु विकास र स्थानीय तहको अधिकार क्षेत्रभित्र कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण रहेको छ। साथै, कृषि क्षेत्र तीनै तहको साझा अधिकार सूचीभित्र पनि रहेको छ। जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार यस प्रदेशमा ४८.४ प्रतिशत घरपरिवार मात्र पूर्णरूपमा खाद्य सुरक्षामा रहेका छन् भने १०.२ प्रतिशत घरपरिवारमा गम्भीर खाद्य असुरक्षा रहेको पाइएको छ। दिगो विकासको दोस्रो लक्ष्यका रूपमा सन २०३० सम्ममा कृषिको दिगोपनासहित पूर्ण खाद्य सुरक्षा र पोषण उपलब्ध गराई भोकको अन्त्यका लागि समेत कृषि क्षेत्रको विकास हुनु जरुरी छ। दिगो विकासको लक्ष्यअनुरूप सबै खालको कुपोषण हटाउन र सबैलाई सुरक्षित ढंगले पौष्टिक खाद्यान्न बढाउन कृषि क्षेत्रको उत्पादकत्व र किसानहरूको आम्दानी बढाउनु आवश्यक रहेको छ।

यस प्रदेशका तराईका जिल्लाहरू खाद्यान्न, दलहन तथा तेलहन बाली उत्पादन र पहाडी जिल्लाहरू तरकारी तथा फलफूल खेतीका लागि उपयुक्त मानिन्छन्। कफी, कपास र उखु यस प्रदेशका प्रमुख नगदेबाली हुन्।मौरीपालन यहाँको अर्को आर्थिक सम्भावना बोकेको क्षेत्र मानिन्छ। यो प्रदेश खाद्यान्न र तरकारीमा आत्मनिर्भर भई अर्थोपार्जन गर्नसक्ने अवस्थामा रहेको छ। फलफूल र खानेतेलको हकमा भने माग धान्न आन्तरिक उत्पादनले पुगिरहेको छैन।

२. प्रमुख समस्या

कृषि क्षेत्रको लागि आवश्यक भौतिक पूर्वाधार, स्रोत-साधन र सामग्रीहरूको अपर्याप्तताले गर्दा कृषि क्षेत्रको उत्पादकत्व वृद्धि हुन सकेको छैन; जस्तै सडक, सिँचाइ, कृषि बजार, शीत भण्डार, गोदाम घर, सङ्कलन केन्द्र, समयमा मल तथा बिउको उपलब्धता नहुनु आदि प्रमुख समस्याको रूपमा देखिएका छन्। खेतीयोग्य जमिनको खण्डीकरण हुँदै जानुका साथै भएको जमिन पनि बाँझै रहनु, युवा श्रमशक्ति कृषि पेशामा आकर्षित हुन नसक्नु, शहरी क्षेत्रतिर बसाइँसराइ हुनु, उन्नत तथा गुणस्तरीय बिउ अभाव हुनु, कृषि वस्तुहरूको मूल्यमा अनिश्चितता हुनु, खुला सिमानाका कारण छिमेकी देश भारतबाट सस्तो मूल्यमा खाद्यवस्तु आयात हुनु, वैदेशिक रोजगारीका कारण श्रमिक अभाव हुनु र कृषि क्षेत्रमा आधुनिकीकरण र व्यवसायीकरण हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन्। साथै व्यावसायिक रूपमा कृषि उत्पादन गर्दा अनियन्त्रित र असन्तुलित रूपमा विषादी तथा रासायनिक पदार्थको प्रयोग र खाद्यवस्तुको गुणस्तर नियमन प्रणाली कमजोर हुनु पनि समस्याको रूपमा रहेको छ।

३. चुनौती तथा अवसर

यस प्रदेशमा रहेको परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायिक बनाउनु, कृषि उत्पादकत्व वृद्धिको लागि आवश्यक पूर्वाधार निर्माण, कृषिउपजको बजारको सुनिश्चतता, उत्पादन लागतमा कटौती, सिँचाइ सुविधा बर्षैभरी उपलब्ध गराउनु, प्रतिष्पर्धी क्षमता बढाउनु, जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रबृत्तिलाई निरुत्साहित गर्नु, सीमित स्रोत-साधन, कृषि ऋण, बिमा, प्रविधि र ज्ञानको सही सदुपयोग गर्नु, युवाहरूलाई कृषि पेशामा आकर्षित गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन्। यसका साथै व्यवसायिक कृषि तथा पशुपन्छीजन्य उत्पादनमा विषादी, हानिकारक रसायन, हर्मोन आदिको अत्याधिक प्रयोगबाट हुने नकारात्मक प्रभावको बारेमा जनचेतना जगाई यस्ता वस्तुहरूको प्रयोगलाई निरुत्साहित गर्नु पनि चुनौतीको रूपमा रहेको छ।

नेपालको संविधानमा खाद्यसम्बन्धी हक मौलिक हकको रूपमा रहेको साथै नेपालको कृषि विकास रणनीति (२०१५-२०३५) अनुसार भूमिको उत्पादकत्व वृद्धिका लागि कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति रहनु, दिगो विकास लक्ष्य हासिल गर्न कृषि क्षेत्रको विकासको लागि विकासका साझेदारहरूले लगानी गर्न चासो देखाउनु, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूमा कृषि क्षेत्रलाई प्राथमिकतामा राख्नु, वैदेशिक रोजगारीबाट सिप र जाँगर लिई फर्केका केही युवाहरूले व्यवसायिकरूपमा कृषि व्यवसाय थाल्नु, सडक सञ्जाल विस्तार हुँदै जानु, शहरीकरणसँगै प्राङ्गारिक कृषिउपजको माग बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र औद्योगीकरणबाट प्रदेशको समृद्धिमा योगदान।

लक्ष्य

कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यवसायिक र सम्मानजनक पेशाको रूपमा रुपान्तरण गर्ने।

उद्देश्य

१. निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु।
२. बाली वस्तुको मूल्य श्रृङ्खलामा आधारित कृषि उद्योगहरूको विकास गर्नु।
३. कृषि क्षेत्रलाई सम्मानजनक र विशिष्टीकृत व्यवसायको रूपमा विकास गर्नु।
४. कृषि उपजहरूको उत्पादन लागत घटाई कृषि बजार प्रवर्धन गर्नु।
५. परम्परागत कृषि ज्ञान तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्धन गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र	१. सिंचित क्षेत्रको विस्तारसँगै सघन बाली प्रणाली अवलम्बन गर्न प्रोत्साहित गरिनेछ। २. माटो, मल तथा बाली परीक्षण प्रयोगशाला स्थापना तथा सुदृढीकरण

रणनीति	कार्यनीति
प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।	गरी स्वस्थ बाली उत्पादन गरिनेछ। ३. उच्च मूल्यका कृषि उपजहरूको उत्पादन वृद्धि गर्न प्रारम्भ गरिएको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई विस्तार गरिनेछ। ४. गुणस्तरीय उन्नत बिउ तथा बिरुवाको सहज उपलब्धताका लागि बाली विशेष स्रोत केन्द्रहरूको स्थापना गरिनेछ। ५. बाली विशेष खुल्ला सेचित तथा वर्णशंकर प्रकृतिका बिउ उत्पादनलाई उच्च प्राथमिकतामा राखी सहकारी र निजी क्षेत्रलाई बिउ उत्पादनतर्फ आकर्षित गर्न प्रदेशस्तरीय आवश्यक कानुनी व्यवस्था गरिनेछ। ६. सामुहिक र सहकारीमार्फत् खेतीयोग्य जग्गा चक्लाबन्दी गरी व्यावसायिक कृषिलाई प्रोत्साहन गरिनेछ। ७. कृषि क्षेत्रको उत्पादन वृद्धि र उत्पादन लागत कम गर्नका लागि नियमित अनुसन्धान गरिनेछ। ८. कृषि तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानून तथा गुणस्तर मापदण्ड बनाई खाद्य उत्पादन कम हुने तथा खाद्य सुरक्षाको हिसाबले असुरक्षित भएका क्षेत्रमा स्थानीय स्तरमै उत्पादन हुनसक्ने कृषिजन्य वस्तुको उत्पादन र उपयोगमा जोड दिइनेछ। ९. स्वस्थ र पोषणयुक्त खानपानको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। १०. कृषिमा जोखिम न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रम विस्तार गरिनेछ। ११. प्राकृतिक विपत्तिबाट कृषि उपजमा हुने हानि नोक्सानीको क्षतिपूर्ति दिने व्यवस्था गरिनेछ।
२. कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै	१. लोकमार्ग र उत्तर दक्षिणका सहायक मार्गका आसपासका सम्भाव्य क्षेत्रहरूमा बढी मुल्य प्राप्त हुने वस्तु उत्पादनमा विशेष प्राथमिकता

रणनीति	कार्यनीति
आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने।	दिइनेछ। २. कृषि उपजहरूको प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न कृषिजन्य उद्योगहरू स्थापनाका लागि नीतिगत व्यवस्था गरी अनुदान सहयोग गरिनेछ। ३. कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरणको लागि अनुदान दिइनेछ। ४. व्यावसायिक कृषि फर्महरू खोल्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरी संस्थागत रोजगारी सिर्जना हुने वातावरण बनाइनेछ। ५. स्थानीय तहसँगको सहकार्यमा लैङ्गिकमैत्री कृषिकर्मी रोजगारीका माध्यमबाट कृषि विकासका कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक नीति नियम तय गरी कार्यान्वयन गरिनेछ। ६. कृषिसम्बन्धी प्रादेशिक तथ्याङ्क प्रणालीलाई व्यवस्थित एवम् अद्यावधिक गरिनेछ। ७. कृषि क्षेत्रको विकासको लागि स्थानीय तह र संघसँग समन्वय गरिनेछ। ८. स्थानीय तहको सहकार्यमा नदीको बगरमा उपयुक्त खेती प्रवर्धन गरिनेछ। ९. महिला तथा सीमान्तकृत वर्गलक्षित कृषि आयोजना सञ्चालन गरी कृषि लगानी तथा उत्पादनमा महिलाको अर्थपूर्ण पहुँच तथा स्वामित्व बढाइनेछ।
३. भूमिको खण्डीकरण रोकी कृषिभूमिको संरक्षण गर्ने।	१. खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नका लागि आवश्यक नीति तय गरी भूमि बैंकको स्थापना गरिनेछ। २. जग्गा बाँझो नराख्ने नीति अवलम्बन गरी बाँझो जमिन व्यवस्थापनका लागि करारमा जमिन लिएर खेती गर्ने कृषक तथा व्यवसायीलाई प्रोत्साहन गरिनेछ।

रणनीति	कार्यनीति
	३. कृषिभूमि संरक्षण गर्न भू-उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ।
४. सहुलियत कृषि ऋण र कृषि शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने।	१. सहुलियत रूपमा कृषि ऋण उपलब्ध हुने व्यवस्था गरी ब्याजमा अनुदान कार्यक्रम लागु गरिनेछ। २. शैक्षिक प्रमाणपत्रको धितोमा युवायुवतीहरूलाई कृषि व्यवसाय शुरु गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ। ३. कृषिवस्तु उत्पादन र निर्यात गरी आयात प्रतिस्थापनमा टेवा पुर्याउने व्यवसायिक फर्म वा कम्पनीलाई प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। ४. कृषि प्राविधिक शिक्षालयहरूको क्षमता विकासमा लागि सहयोग गरिनेछ।
५. कृषि प्रविधि प्रसार प्रणालीलाई सवल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्ने।	१. कृषि विज्ञान विषयमा स्नातक अध्ययनरत केही विद्यार्थीहरूलाई उद्यमशीलता विकासका लागि आर्थिक सहयोग गरिनेछ। २. स्थानीय तहको सहभागितामा कृषि विश्वविद्यालय र यसका आंगिक क्याम्पस, कृषि अनुसन्धान केन्द्र र कृषि फार्महरूको कमाण्ड क्षेत्र तोकी कृषकको प्रविधिमाथिको पहुँचलाई विस्तार गरिनेछ। ३. कृषि व्यवसायसँग सम्बन्धित सेवा प्रवाह प्रक्रियालाई प्रविधिमैत्री बनाइनेछ। ४. कृषकहरूलाई नियमित तालिम प्रदान गर्ने व्यवस्थाको लागि स्थानीयस्तरमा कृषि पाठशाला सञ्चालन गरिनेछ।
६. कृषि क्षेत्रबाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने।	१. कृषकहरूलाई सामाजिक सम्मान प्रदान गर्ने व्यवस्था गरी उत्कृष्ट कृषकहरूलाई प्रादेशिक पुरस्कार प्रदान गरिनेछ। २. पूर्णकालीन व्यावसायिक कृषकहरूलाई कृषक परिचयपत्र प्रदान गरी त्यस्ता कृषकहरूलाई सरकारी सहुलियत प्रदान गरिनेछ।

रणनीति	कार्यनीति
७. रासायनिक मल तथा विषादीको उचित प्रयोग गर्दै प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने।	१. विषादीहरूको असन्तुलित र अनियन्त्रित प्रयोग रोक्न कृषिजन्य व्यापारिक केन्द्रहरूमा द्रुततर विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना गरिनेछ। २. कृषिमा प्रयोग हुने विषादीको स्वास्थ्यमा पर्ने गम्भीर असरहरूका बारेमा कृषक तथा जनसमुदायलाई अभिमुखीकरण गरिनेछ। ३. गुणस्तरीय कृषि उत्पादन र उपभोगका बारेमा कृषक तथा उपभोक्ताहरूलाई सचेतनाको कार्यक्रम सञ्चालन गरिनेछ। ४. पर्यटनलाई समेत टेवा पुग्ने गरी स्थानीय पोषणयुक्त बालीहरूको प्राङ्गारिक उत्पादनका लागि पकेट क्षेत्र विकास कार्यक्रम लागु गरिनेछ।
८. किसानलाई कृषि उपजको उचित मूल्य प्रदान गर्न कृषि बजार प्रवर्धन गर्ने।	१. कृषि उपजको अन्तरप्रदेश तथा अन्तरदेशीय व्यापारलाई व्यवस्थित गर्नका लागि आवश्यक प्रदेशस्तरीय नीति निर्माण गरिनेछ। २. कृषि उपज खरिद विक्रीमा विचौलियाको भूमिका कम गरी किसानहरूलाई उचित मूल्य उपलब्ध गराउन सङ्कलन केन्द्र, सहकारी पसल तथा हाटबजारहरूको व्यवस्था गरिनेछ। ३. बाली विशेषका उत्पादन पकेटक्षेत्र विकास गरी उत्पादनको मात्रा बढाउँदै बजारलाई व्यवस्थित गरिनेछ। ४. शीत भण्डार तथा खाद्यान्न भण्डार निर्माण गरी कृषि उपजको भण्डारण क्षमता बढाइनेछ। ५. मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी क्रमशः कार्यान्वयन गरिनेछ।
९. परम्परागत कृषि ज्ञान, सिप, प्रविधिका साथै रैथाने बाली तथा जैविक	१. स्थानीय स्तरमा भएका उपयोगी ज्ञान सिप र जैविक प्रविधिलाई संरक्षण र प्रवर्धन गर्न प्रोत्साहन गरिनेछ। २. कृषकस्तरमा हुने बिउ संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ।

रणनीति	कार्यनीति
विविधतालाई संरक्षण र प्रवर्धन गर्ने।	३. रासायनिक मल र विषादीको उचित प्रयोगमा जागरण फैलाउँदै जैविक विषादी र प्रङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ। ४. बढी मूल्य पर्ने र पोषणयुक्त स्थानीय बाली वस्तुहरूको संरक्षण तथा उत्पादन प्रवर्धन गरिनेछ।
१०. व्यवसायिक पुष्प खेतीको प्रवर्धन गर्ने।	१. पुष्प व्यवसायको सम्भाव्यता अध्ययनका साथै पकेट क्षेत्र निर्धारण गरी व्यावसायिकरूपमा खेती गर्ने व्यवस्था गरिनेछ। २. आयातित पुष्पहरूको प्रयोगलाई निरुत्साहित गर्दै स्वदेशी पुष्प उत्पादनको बजार विस्तार गरिनेछ।

५. अपेक्षित उपलब्धि

योजना अवधिको अन्तमा लुम्बिनी प्रदेशमा उत्पादकत्व वृद्धि भई कृषि उत्पादनमा आत्मनिर्भर भएको हुनेछ, कृषिको व्यवसायीकरणले कृषि उद्योगहरू स्थापना तथा रोजगारीको सिर्जना भएको हुने र स्वस्थकर उत्पादनमा वृद्धि भएको हुनेछ।

४.१.२ पशुपन्छी विकास

१. पृष्ठभूमि

कृषि, पशु र पन्छीपालन एक आपसमा परिपूरकको रूपमा रहेका हुन्छन्। मानिसहरूको खाद्य पोषणका लागि खाद्यान्नका अतिरिक्त दुध, माछा, मासु र अण्डाको महत्वपूर्ण भुमिका रहेको हुन्छ। यस प्रदेशमा रहेका सबै जिल्लाहरू पशु तथा पन्छी पालनका लागि अनुकूल रहेका छन्। कुखुरापालन र दुग्ध उत्पादनले आंशिक रूपमा व्यावसायिक रूप धारण गरेको पाइन्छ। व्यवसायिक बाख्रापालनका पनि केही प्रयासहरू भएका छन् भने अष्ट्रिचपालन, खरायोपालन, टर्कीपालनसमेत यस प्रदेशमा शुरु भएका छन्। अहिले उत्पादित दूध, अण्डा र मासु यहाँका बासिन्दाको पोषण आवश्यकता परिपूर्ति हुने गरी भएको छैन। यस प्रदेशमा २०७३/७४ को तथ्याङ्कअनुसार दूध उत्पादन ३१५ हजार किलोलिटर (६४ लिटर प्रतिव्यक्ति प्रतिवर्ष), मासु ५९

हजार मे. टन (१२ के.जी. प्रतिव्यक्ति प्रतिवर्ष) र अण्डा १४९६ लाख गोटा (३१ गोटा प्रतिव्यक्ति प्रतिवर्ष) पुग्न सकेको छ जबकि न्यूनतम पौष्टिकताको लागि ९१ लिटर दूध, ४८ वटा अण्डा र १४ के.जी. मासुको आवश्यकता पर्दछ। नेपाली दाना उद्योगहरूले सालाखाला वार्षिक ६ लाख ४६ हजार मे. टन पशुपन्छीको दाना उत्पादन गर्ने गरेका छन्। अधिकांश कच्चा पदार्थ भारतबाट आयात गर्नु परेकाले पशुपन्छीको दाना महँगो पर्ने गरेको छ।

२. प्रमुख समस्या

पशुपालन पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित नभई विदेश पलायन हुनु, प्राविधिक ज्ञानको कमीले गर्दा यस क्षेत्रमा ठूला तथा निजी क्षेत्रको लगानी कम हुनु, स्थानीय पशुपन्छीको उत्पादकत्व कम हुनु तथा उन्नत नश्लका पशुपन्छीको स्रोत केन्द्रहरू नहुनु, कृषकले उत्पादन लागतअनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलियाहरू हावी हुनु, नयाँनयाँ तथा पटकपटक देखिने जुनोटिक एवम् महामारीजन्य रोगहरूको प्रकोप देखिनु, प्रविधिको प्रचारप्रसार, बिमा, सुलभ ऋणजस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु, जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभाव, पशुपन्छीजन्य उत्पादनलाई मूल्य श्रृङ्खलासँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।

३. चुनौती र अवसर

गुणस्तरीय उत्पादन सामग्री, दाना, घाँस र औषधी लगायतका सामग्रीको समयानुकूल आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा श्रमशक्तिको अभावलाई सम्बोधन गर्नु, बर्डफ्लू, स्वाइन फ्लूजस्ता रोगहरूको प्रकोप नियन्त्रण गर्नु, प्राविधिक सेवामा कृषकहरूको पहुँचमा वृद्धि गर्नु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी बनाउनु, सार्वजनिक र सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु, कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

प्रदेशको भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको मार्गदर्शनका रूपमा रहेको नेपालको कृषि विकास रणनीति-२०७२ कार्यान्वयन हुनु, निजी क्षेत्र यसतर्फ आकर्षित हुँदै जानु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित पशुपन्छी क्षेत्रमा आकर्षित हुँदै जानु, माछामासु तथा दुग्धजन्य वस्तुहरूको उपभोग

वृद्धि हुँदै जानु र सुलभ ऋण, पशुपन्छी बीमा, नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, पर्यटन अभिवृद्धिसँगै पशुजन्य उपजहरूको उपभोग बढ्नु यस क्षेत्रका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

आधुनिक र व्यावसायिक पशुपन्छीपालनबाट प्रदेशको आर्थिक समृद्धि।

लक्ष्य

स्वच्छ र गुणस्तरीय पशु तथा पन्छीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्धन गर्ने।

उद्देश्य

१. पशुपन्छीपालनलाई व्यावसायिक र आधुनिकीकरण गर्नु।
२. गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उपभोगबाट पोषणयुक्त खानाको स्तर बढाउदै कुपोषण हटाउनु।
३. पशुपन्छीजन्य वस्तुको उपभोगमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. पशुपन्छी पालनलाई व्यावसायिक, प्रतिस्पर्धी र प्रविधियुक्त बनाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।	१. आधुनिक र प्रविधियुक्त व्यावसायिक पशुपन्छीपालनको लागि प्रोत्साहन तथा सहयोग गरिनेछ। २. उच्च प्रतिफल दिने नश्लका पशुपन्छीको स्रोतकेन्द्रहरू स्थापना गरिनेछ। ३. कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुपालनलाई प्रवर्धन गरिनेछ। ४. दाना उद्योग स्थापनाको लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ। ५. दाना बनाउन प्रयोग हुने बाली पहिचान गरी खेतीको प्रवर्धन

रणनीति	कार्यनीति
	गरी गुणस्तरीय पशुपन्छी आहाराको उपलब्धता वृद्धि गरिनेछ। ६. बाँझो जमिन, सामुदायिक तथा कबुलियती बनहरूमा घाँस उत्पादन गर्न प्रोत्साहित गरिनेछ। ७. पशुपालनसम्बन्धी शिक्षालाई सर्बसुलभ बनाइनेछ। ८. आधुनिक प्रविधिको प्रयोग गरी पशुपन्छीपालन तथा यससम्बन्धी सेवा गरिनेछ।
२. पशुपन्छी व्यवसायको लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने।	१. पशुस्वास्थ्य उपचारका लागि भेटेनरी अस्पताल, भेट एम्बुलेन्सका साथै पशु सेवा केन्द्रहरूको विस्तार गरी पहुँच बढाइनेछ। २. प्रदेश स्तरमा पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, स्थानीय स्तरमा सुविधा सम्पन्न पशुपन्छी चिकित्सालयहरूको स्थापना गर्न सहयोग गरिनेछ। ३. पशु स्वास्थ्यको सम्वर्द्धनमार्फत् पशु तथा पशुजन्य उत्पादनबाट मानवमा सर्न सक्ने रोगहरूको नियन्त्रणको लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। ४. पशुपन्छीमा भैरहेको औषधीको अत्याधिक प्रयोग कम गर्न जनचेतना जगाई पशुपन्छीजन्य उत्पादनलाई स्वस्थ र गुणस्तरीय बनाउन प्रोत्सहान गरिनेछ।
३. पशुपन्छीजन्य व्यवसायको बजार प्रवर्धन गर्ने।	१. स्थानीय स्तरमै पशुपन्छी बजार स्थापना र प्रवर्धन गरिनेछ। २. उच्च मूल्य प्राप्तहुने निर्यातमूलक पशुपन्छीको उत्पादन, प्रशोधन र निर्यात गर्नको लागि सहयोग गरिनेछ। ३. मिल्क होलिडे हुन नदिन पाउडर र अन्य दुग्ध पदार्थ बनाउन उद्योगहरू स्थापनाको लागि सहयोग गरिनेछ।

रणनीति	कार्यनीति
	४. पशु बधशालादेखि भान्सासम्म स्वस्थ र स्वच्छ मासु तथा गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दुध अभियानको रूपमा सञ्चालन गरिनेछ।
४. युवाहरूलाई पशुपन्छी व्यवसायमा आकर्षित गर्ने।	१. युवा व्यवसायीलाई व्यवसाय सञ्चालनको लागि विशेष सहुलियत ऋण तथा अनुदान प्रदान गरिनेछ। २. पशुपन्छीजन्य उत्पादनमा आधारित उद्योगहरूलाई प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ।
५. पशुपन्छीपालन व्यवसायमा रहेको जोखिमहरूलाई कम गर्ने।	१. पशु बीमालाई प्रभावकारी बनाई जोखिम न्यूनीकरण गरिनेछ। २. पशु कल्याण ऐन बनाई लागु गरिनेछ। ३. रैथाने पशुपन्छीको संरक्षण गर्नको लागि विशेष संरक्षण अभियान सञ्चालन गरिनेछ।

५. अपेक्षित उपलब्धि

सबै जिल्लाहरूमा आधुनिक पशुपन्छी फर्महरू खुलेका हुने, पशुजन्य उद्योग तथा प्रशोधन केन्द्रहरू स्थापना भएका हुने, दूध, मासु, र अण्डा उत्पादनमा प्रदेश आत्मनिर्भर हुने, न्यूनतम पौष्टिक तत्वको आपूर्तिका लागि चाहिने प्रतिव्यक्ति प्रतिवर्ष दूध, मासु र अण्डा पूरा भएको हुनेछ।

४.१.३ मत्स्य विकास

१.पृष्ठभूमि

भौगोलिक बनावटको आधारमा हेर्दा लुम्बिनी प्रदेश मत्स्यपालनको लागि एक उपयुक्त क्षेत्रको रूपमा रहेको छ। नेपालमा पछिल्ला वर्षहरूमा मत्स्य उत्पादन दोहोरो अंकले बढ्ने गरेको छ। आर्थिक वर्ष २०७३/७४ मा मत्स्य उत्पादन ५५८४२ मे. टन उत्पादन भई यस क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा १.३४ प्रतिशत र कृषिक्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ४.२९ प्रतिशत योगदान रहेको थियो। विश्वका विकसित मुलुकमा माछा उपभोग प्रतिव्यक्ति प्रति वर्ष औसत २० के.जी. र अल्प विकसित मुलुकहरूमा ११ के.जी. छ। आर्थिक वर्ष २०७३/७४ मा आन्तरिक

उत्पादनले नपुगेर सिद्रा र बोनलेस बाहेकका माछा ११.२२ मे. टन आयात भएको थियो। नेपालमा माछा मासुको उत्पादनले प्रतिव्यक्ति प्रतिदिन चाहिने प्राणी प्रोटिनको आवश्यकताको जम्मा ४७.७ प्रतिशतमात्र पूर्ति गरेको छ। नेपालमा प्रतिव्यक्ति प्रतिवर्ष करिब २.९३ के.जी. माछा उपलब्ध हुन सकेको अवस्था छ भने यस प्रदेशमा माछाको प्रतिव्यक्ति उपलब्धता २.६ के.जी. रहेको देखिन्छ।

२. प्रमुख समस्या

माछामा हुने पौष्टिकताको बारेमा जनमानसमा जानकारी नहुनु, उत्पादकत्व कम हुनाले उचित बजार र उचित मूल्य पाउन नसक्नु, पर्याप्त सहुलियत ऋण र अनुदान उपलब्ध नहुनु, मत्स्यपालनलाई संगठित रूपमा विकास गर्न नसक्नु, समयमा पर्याप्त माछाका भुराहरू उपलब्ध नहुनु पर्याप्त प्राविधिक सेवा उपलब्ध नहुनु, युवापुस्तालाई यस पेशातर्फ आकर्षण गर्न नसक्नु समस्याको रूपमा रहेका छन्।

३. चुनौती र अवसर

मत्स्यपालनको लागि आवश्यक गुणस्तरीय सामग्री तथा प्राविधिक सेवामा कृषकहरूको पहुँचमा वृद्धि गर्नु, बीमा व्यवस्थालाई प्रभावकारी बनाउनु, सार्वजनिक तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु, मत्स्यपालनको लागि कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, यस पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु, खुला सिमानाको कारण स्वदेशी उत्पादनलाई बजार व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

प्रदेशको भौगोलिक बनावटले तराईका जिल्लाहरूमा पोखरी निर्माण गरी माछापालन गर्न सकिने र पहाडी जिल्लाहरूमा उच्च मूल्य पर्ने चिसो पानीमा पाल्न सकिने माछापालन गर्न सकिने, खाद्य पोषणको दृष्टिले माछाको उपभोग बढ्दै गएकोले मत्स्यपालन बढी नाफामुलक हुँदै जानु, यस प्रदेशको रुपन्देही र बाँकेमा मत्स्य विकास केन्द्रहरू सञ्चालनमा रहनु, रुपन्देहीलाई मत्स्य उत्पादन क्षेत्रको रूपमा विकास गर्नु अवसरको रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

माछामा आत्मनिर्भर एवम् पोषण सुरक्षामा सुधार।

लक्ष्य

मत्स्य उत्पादन, उत्पादकत्व एवम् उपभोग वृद्धि गर्ने।

उद्देश्य

१. आधुनिक र व्याव्यसायिक माछापालन विस्तार गरी उत्पादकत्व वृद्धि गर्नु।
२. मत्स्य उत्पादनमा आत्मनिर्भर भई खाद्य पोषण उपलब्धता बढाउनु।
३. जलीय जैविक विविधता, वातावरण तथा जलचरहरूको संरक्षण, प्रवर्धन र व्यवस्थापन गरी सन्तुलित उपयोग गर्नु।

रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
१. माछापालनलाई आधुनिक, प्रविधियुक्त प्रतिस्पर्धी तथा व्यवसायीकरण गर्ने।	१. माछापालनको लागि आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। २. व्यवसायिक माछापालनलाई प्रोत्सहान गर्न स्थानीय तहसँगको सहकार्यमा मत्स्य उत्पादनलाई प्रवर्धन गरिनेछ। ३. व्यवसायिक उत्पादन गर्नको लागि आवश्यक पुर्वाधार निर्माणको लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ। ४. माछा प्रशोधन र माछाजन्य वस्तु उत्पादनको लागि प्रोत्साहन गरिनेछ। ५. मत्स्य पर्यटन विस्तार हुनेगरी व्यवसायिक मत्स्यपालन फर्मलाई प्रोत्साहन गरिनेछ। ६. मत्स्य विकास तथा मत्स्य अनुसन्धानको लागि अनुसन्धान तथा विकास केन्द्र स्थापना गरिनेछ।

रणनीति	कार्यनीति
	७. पहाडी जिल्लामा चिसोपानीमा उत्पादन हुने माछाको उत्पादनलाई प्रवर्धन गरिनेछ। ८. माछापालनको लागि आवश्यक दाना तथा भुराहरूको सहज उपलब्ध हुने व्यवस्थाको लागि तत्सम्बन्धी उद्योगहरूलाई सहयोग गरिनेछ। ९. माछामा लाग्ने रोगहरूको निदान तथा व्यवस्थापनको लागि विभिन्न ठाउँमा प्रयोगशालाहरू स्थापना गरिनेछ।
२. माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्धन गर्ने।	१. संघीय स्तरबाट भइरहेका आयोजनासँग तारतम्य मिलाई माछा पकेट क्षेत्र निर्धारण गरिनेछ। २. माछापालन व्यवसायलाई जोखिममुक्त बनाउनका लागि बीमा नीति ल्याइनेछ।
३. माछापालनलाई व्यावसायिक बनाउन सहयोग गर्ने।	१. शैक्षिक प्रमाणपत्रको धितोमा युवाहरूलाई माछापालन व्यवसाय शुरु गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ। २. व्यवसायिक मत्स्यपालन गर्नेहरूलाई सहुलियत ऋण तथा अनुदानको व्यवस्था गरिनेछ। ३. नविनतम तथा उच्च उत्पादन दिने भुरा उत्पादनको लागि सहकारी तथा निजी क्षेत्रलाई आकर्षण गर्न सहुलियत प्रदान गरिनेछ। ४. प्राकृतिक जलासय तथा तालतलैयाको संरक्षण तथा मत्स्य उत्पादनमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
४. माछाको बजार प्रवर्धनमा सहयोग	१. माछा ढुवानी र बजारको लागि सहयोग गरिनेछ।

रणनीति	कार्यनीति
पुर्याउने।	२. माछा भण्डारण तथा प्रशोधनको लागि आवश्यक पुर्वाधार निर्माण गरिनेछ। ३. स्वस्थ माछा उपभोगबाट प्राप्त हुने पौष्टिकताबारे प्रचार प्रसार गरी माछाको उपभोग वृद्धि गरिनेछ।

५. अपेक्षित उपलब्धि

यस रणनीतिक योजनाको अन्तसम्ममा माछाको उत्पादनमा उच्च वृद्धि भई प्रति वर्ष प्रति ब्यक्ति माछाको उपलब्धता आवश्यक मात्रामा पुग्नेछ, माछाको उपभोग बढेर जनस्वास्थ्यमा सुधार भएको हुनेछ, यो प्रदेश मत्स्य उत्पादनमा आत्मनिर्भर भई अन्तरप्रदेश तथा अन्तरदेशीय निर्यात गर्न सक्ने अवस्थामा पुगेको हुनेछ।

४.१.४ भूमि व्यवस्थापन

१. पृष्ठभूमि

सीमित भूमि र भूमिस्रोतको समुचित व्यवस्थापन गरी यसबाट प्राप्त हुने लाभलाई न्यायोचित रूपमा वितरण गरिनुपर्छ। संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक र भूमिहीन हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दीष्ट गरेको लक्ष्य प्राप्त गर्न समेत उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण एवम् भू-उपयोग योजना तयार गरी कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ। खाद्य सम्प्रभुताको अधिकार सुनिश्चित गर्न जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने, भूमिहीन र सुकुम्बासीहरूको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जिविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागिका भूमिको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आधुनिक प्रविधिको प्रयोगमार्फत नापनक्सामा शुद्धता कायम गर्ने तथा प्रादेशिक भु-सूचना प्रणाली स्थापना तथा विकास गर्दै जग्गा प्रशासन सम्बद्ध निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई सरल सहज र व्यवस्थित तुल्याउनका लागि आवश्यक नीति, कानून, पूर्वाधार तयारी तथा स्रोत साधन परिचालन आवश्यक देखिन्छ।

नेपाल जस्तो कृषि प्रधान देशमा कृषि उत्पादनको लागि भूमिको धेरै नै महत्व छ। यस प्रदेशमा जम्मा क्षेत्रफलको २९ प्रतिशत कृषि योग्य भूमि रहेको छ। कृषि योग्य भूमिमा वर्षैभरी सिँचाइ सुविधा उपलब्ध क्षेत्र करिब ५० प्रतिशत रहेको छ। यस प्रदेशमा औसतमा प्रतिपरिवर ०.७ हेक्टर (एक विगाहा) मात्र जग्गा रहेको छ।

२. प्रमुख समस्या

कृषियोग्य भूमिको गैरकृषि क्षेत्रमा बढ्दो प्रयोग र भूमि बाँझै राख्ने तथा खण्डीकरण गर्ने प्रवृत्ति बढ्दै जानुले कृषि उत्पादकत्वमा ह्रास आई संविधानप्रदत्त खाद्य सुरक्षासम्बन्धी हकमा प्रतिकुल प्रभाव पर्नु, भूमिको उपयोग र क्षमताअनुसारको भूउपयोग सूचना प्रणालीको विकास हुन नसक्नु, अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरण बढ्दै जानु र सरकारी र सार्वजनिक जग्गामा अतिक्रमण गर्ने प्रवृत्ति बढ्नु तथा भूमि प्रशासन सम्बद्ध निकायहरूबाट प्रदान हुने सेवा सरल र सहज रूपमा उपलब्ध हुन नसक्नु आदि यस क्षेत्रका विद्यमान समस्याहरू हुन्।

३. चुनौती र अवसर

नेपाल सरकारले भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई बैज्ञानिकीकरण तथा सरलीकरण गर्नु, संघ, प्रदेश तथा स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गर्नु साथै एकीकृत बस्ति विकासलाई व्यवस्थापन गर्नु, संघ र प्रदेश सरकारले प्राकृतिक, वातावरणीय एंव मानवीय जोखिमरहित योजनाबद्ध र दिगो शहरीकरण, सुरक्षित र एकीकृत बस्ती बस्ती विकास गर्नु, प्रदेशमा रहेको स्रोत एवम् प्राकृतिक सम्पदाहरूको संरक्षण र विकासमा स्थानीय चासो र चेतना बढाउनु यस क्षेत्रको प्रमुख चुनौतीको रूपमा रहेका छन्।

नेपालको संविधानले भूमि व्यवस्थापन र जग्गाको अभिलेखलाई प्रदेशको अधिकार सूचीमा राख्नु, राष्ट्रिय भू-उपयोग नीति तर्जुमा हुनु, भूमि व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउनु र व्यवस्थित बसोबास गराउने प्रयास हुनु यस क्षेत्रका अवसर हुन्। भूमिको वैज्ञानिक वर्गीकरण गरी सोही आधारमा यसको उपयोग गर्न समुदायको चासो बढ्नु, कृषक वर्गको भूमिमाथिको पहुँच स्थापित गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउँदै प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउनुतर्फ सम्बद्ध सबै तीनै तहको सरकार र सरोकारवालाहरूको चासो तथा जागरुकता बढ्नु, जग्गाको चक्लाबन्दीप्रति कृषकको आकर्षण वृद्धि हुँदै जानु, सुकुम्बासी समस्या समाधान एवम् अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउनु वहस पैरवी हुनु, संघ र प्रदेश सरकारले प्राकृतिक,

वातावरणीय एंव मानवीय जोखिमरहित योजनाबद्ध र दिगो शहरीकरण, सुरक्षित र एकीकृत बस्ती विकासमा प्रतिबद्धता देखाउनु, प्रदेशमा रहेको प्रचुर भूमि स्रोत एवम् प्राकृतिक सम्पदाहरूको संक्षरण र विकासमा स्थानीय चासो र चेतना उत्साहप्रद रूपमा बढ्नु आदि यस क्षेत्रका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

भूमिको वैज्ञानिक र न्यायोचित वितरण तथा व्यवस्थापनमार्फत् उत्पादन वृद्धि एवम् जीवनस्तरमा सुधार।

लक्ष्य

भूमिको उचित व्यवस्थापन गरी अधिकतम र सही उपयोग गर्ने।

उद्देश्य

१. भूमिको वैज्ञानिक ढंगले अधिकतम उपयोग गर्नु।
२. भूमिको नक्शांकन तथा अभिलेख व्यवस्थित ढंगले राख्नु।
३. कृषियोग्य भूमि बाँझो राख्ने प्रबृति र खण्डीकरणलाई निरुत्साहित गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. भूमिको व्यवस्थित उपयोगको लागि वैज्ञानिक भू-व्यवस्थापन ऐन, नीति तथा संस्थागत व्यवस्था गर्ने।	१. भूउपयोग योजना मार्फत् भूमिको वर्गीकरण गरी कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको अधिकतम सही प्रयोग गरिनेछ। २. भू-उपयोगसम्बन्धी नीति, कानून र मापदण्डको निर्माण गरिनेछ। ३. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँचसम्बन्धी प्रादेशिक नीति र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

रणनीति	कार्यनीति
	४. सरकारी जग्गा प्रयोगसम्बन्धी नीतिगत व्यवस्था गरिनेछ। ५. एकीकृत बस्ती विकासलाई जोड दिइनेछ। ६. भूमिहीन नागरिकका लागि सुरक्षित आवास कार्यक्रम लागु गर्नको लागि सम्बन्धित सरोकारवालासँग सहकार्य गरिनेछ। ७. गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न संघ तथा स्थानीय तहसँग समन्वय गरिनेछ। ८. भूमिको यथार्थ तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिनेछ।
२. भूमि बाँझो राख्ने प्रबृत्ति र खण्डीकरणलाई न्यूनीकरण गर्ने।	१. भूमि बैंक स्थापना गरी सञ्चालन गरिनेछ। २. भूमिहिन किसानहरूलाई खेती गर्ने बाँझो जग्गा करारमा लिन सहयोग गरिनेछ।
३. भू-उपयोग सूचना प्रणालीको विकास गर्ने।	१. भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरिनेछ। २. एकीकृत प्रादेशिक डिजिटल भूसूचना प्रणालीको विकास गरिनेछ। ३. नक्सा तथा भौगोलिक सूचनाहरू तयार तथा अद्यावधिक गरिनेछ। ४. कित्ता नापी कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न कानूनी, नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ।
४. जग्गामा महिलाको पहुच बढाउने।	१. महिलामैत्री भूमि नीति ल्याई कृषियोग्य भूमिमा अधिकतम रूपमा महिलाको स्वामित्व बढाइनेछ। २. भूमिबाट हुने आम्दानीमा महिलाको पहुँच वृद्धि गरी

रणनीति	कार्यनीति
	आत्मनिर्भर बनाइनेछ।
५. व्यवस्थित बस्ती विकास गर्ने।	१. संघ र स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गरिनेछ। २. ग्रामीण तथा शहरी क्षेत्रमा खुला पार्कहरू बनाउन स्थानीय तहलाई सहयोग गरिनेछ।

५. अपेक्षित उपलब्धि

यस योजना अवधिको अन्तसम्ममा भू-उपयोग योजना लागु भएको हुनेछ, कृषियोग्य जग्गा संरक्षण भएको हुनेछ। भूमि बैंक स्थापना भई खेतीका लागि जमिन करारमा दिने व्यवस्था शुरु भएको हुनेछ र अव्यवस्थित बस्तीहरूको व्यवस्थापन भएको हुनेछ।

४.१.५ खानी तथा उत्खनन

१. पृष्ठभूमि

पछिल्लो तथ्याङ्कअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खननले लगभग ०.६० प्रतिशत योगदान गरेको छ। यस प्रदेशले नेपालको कुल खानी तथा उत्खनन १७.६ प्रतिशत र यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको ०.७ प्रतिशत योगदान रहेको छ। लुम्बिनी प्रदेश खनिज उद्योगहरूको अन्वेषण र उत्खनन लगायतका अनेक सम्भावनाहरूका लागि धनी प्रदेश हो। प्रदेशिभत्र विभिन्न जिल्लामा चुनढुंगा, फलाम, टर्मालिन, क्वार्ज, बालुवा खानी लगायतका खनिजहरू रहेको छ। यस प्रदेशमा रहेका भौगर्भिक विविधताका कारण विभिन्न खानी तथा खानी जन्य उद्योगहरूको प्रचुर सम्भावना रहेको भए तापनि सघन रूपमा उत्खनन र सदुपयोग हुन नसकेको तथ्य विभिन्न अध्ययन, अनुसन्धानले देखाएका छन्। यसका लागि पहिचान भईसकेका खनिजहरूको थप अध्ययन र उत्खनन गरी खनिजमा आधारित उत्पादनमूलक तथा निर्माण उद्योगहरू सञ्चालन र सम्भावित अन्य खानी तथा खनिजहरूको अन्वेषण गरी व्यवस्थापन गर्न आवश्यक देखिन्छ। यस्ता उद्योगको प्रवर्धन र विकासले खनिजजन्य वस्तुहरूको आयात घट्ने, केही वस्तुहरू निर्यातसमेत गर्न सकिने, प्रदेशभित्र नयाँ रोजगारी सिर्जना हुने, पूर्वाधार निर्माणका लागि आवश्यक खानीजन्य कच्चा

पदार्थको सहज उपलब्धता हुने, प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धि हुन गई समृद्ध प्रदेशको निर्माणमा मद्दत पुग्दछ। यसका लागि तत्परता, अनुसन्धान, नयाँ प्रविधि, नयाँ सोच र पर्याप्त बजेटको खाँचो पर्ने देखिन्छ। यसका साथै वातावरण अनुकूल हुने गरी खानी तथा उत्खननको विस्तार, व्यवस्थापन र प्रवर्धन गर्नुपर्ने देखिन्छ।

२. प्रमुख समस्या

खानी तथा उत्खनन उद्योगहरूका बारेमा भएका अध्ययन, अनुसन्धानहरूको एकीकृत तथ्याङ्क नहुनु, प्रदेश नीति, कानून, योजना तथा संस्थागत संरचना नहुनु, अवैध रूपमा हुने बालुवा र गिट्टी ढुङ्गा उत्खनन नियन्त्रण कमजोर हुनु, अन्वेषण गर्नको लागि आवश्यक विशेषज्ञता, ज्ञान, सीप, उपकरणहरूको अपर्याप्तता तथा अन्वेषण कार्य महँगो हुनु, उद्यमीहरूको क्षमता र दक्षता वृद्धि गर्न नसक्नु, वातावरणमा परेको नकारात्मक प्रभावका कारण स्थानीयले गर्ने अवरोधको कारण अन्वेषण भईसकेका उद्योगहरू सञ्चालनमा नहुनु आदि यस क्षेत्रमा समस्याहरू हुन्।

३. चुनौती र अवसर

नेपालको संविधानअनुसार तीनै तहको सरकारको साझा अधिकार सूचीमा पर्ने खानी तथा उत्खनन र खनिज उद्योगको सम्बन्धमा तत्काल तीन तहका सरकारबीच तादम्यता हुने गरी आवश्यक प्रदेश नीति, कानून तथा नियमहरू तय गर्नु, खनिज उद्योगको क्षेत्रमा इन्जिनियरिङ तथा भौगर्भिक अन्वेषणकर्ता तथा उद्यमीहरूको सेवा प्राप्त गर्नु, खानी उत्खनन गर्दा हुने वातावरणीय प्रभाव कारण स्थानीयलाई पर्ने असर न्युनिकरण गर्नु, तत्काल प्रतिफल दिने साना तथा मझौला उद्योगहरूमा आकर्षण बढी भई रहेको सन्दर्भमा ठूलो लगानी लाग्ने खनिज उद्योगहरूमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्नु, खनिज उद्योग सञ्चालनको लागि आवश्यक पूर्वाधारको विकास गर्नु, अन्वेषण तथा उत्खननका लागि खानी दर्ता गर्ने तर काम नगर्ने परिपाटी रोक्नु र खानीको उत्खननले हुने वातावरणीय विनाश रोक्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

भौगर्भिक विविधता भएको प्रदेश हुँदा धेरै प्रकारका खनिजहरूको प्रचुर सम्भावना रहनु, राजनीतिक इच्छाशक्तिमा वृद्धि हुनु, खानीहरूको अन्वेषण, सर्वेक्षण र उत्खनन कार्य प्रारम्भ हुँदै जानु, उर्जाको उपलब्धता बढ्दै जानु, लगानीमैत्री वातावरणमा सुधार हुनु, पूर्वाधार निर्माणका कार्यहरूले तीव्रता लिनु, खनिज अन्वेषणमा निजी र अन्तर्राष्ट्रिय क्षेत्रको चासो बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

प्रदेशको आर्थिक समृद्धिका लागि खानी तथा उत्खनन उद्योगको विकास।

लक्ष्य

खानी तथा खनीज साथै उत्खनन क्षेत्रको विकास र व्यवस्थापनद्वारा अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने।

उद्देश्य

१. खानी तथा खनिज उद्योगको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना निर्माण गर्नु।
२. गिट्टि, बालुवा तथा ढुङ्गा उत्खननलाई वातावरण अनुकूल र व्यवस्थित गर्नु।
३. खानी तथा उत्खनन क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा खनिज क्षेत्रको योगदान बढाउनु।

रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
१. खनिज उद्योगलाई आवश्यक पूर्वाधार व्यवस्था गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा र संस्थागत संरचनाको प्रवर्धन र विकास गर्ने।	१. संघसंगको समन्वयमा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ। २. खनिज उद्योगका लागि आवश्यक संस्थागत संरचना तथा पूर्वाधार निर्माण गरिनेछ।
२. खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी प्रतिफल बढी हुने क्षेत्रमा लगानी गर्ने।	१. उत्खनन अनुमति प्राप्त उद्योगहरूको लाभ लागत विश्लेषणका आधारमा उत्खनन कार्यमा जोड दिइनेछ। २. प्रदेशभित्र अन्वेषण सर्वेक्षणको प्रक्रियामा रहेका खानी तथा खनिजहरूको अन्वेषण प्रक्रियालाई तीव्रता

रणनीति	कार्यनीति
	दिइनेछ। ३. निजी क्षेत्रसँगको सहकार्य समेतमा प्रदेशभित्र सम्भावित अन्य धातु तथा अधातु खनिजको अन्वेषण सर्वेक्षण र उत्खनन गरिनेछ। ४. खनिज उत्पादनको मात्रा र गुणस्तर हेरी खनिजसँग सम्बन्धित उत्पादन तथा निर्माण उद्योगको स्थापना, विकास र विस्तारमा सहजीकरण तथा प्रवर्धन गरिनेछ। ५. ढुंगा, माटो, बालुवा र गिटी जस्ता निर्माण सम्बन्धित खनिजहरूको उत्खननलाई नियमित, व्यवस्थित र वातावरणमैत्री बनाइनेछ।

५. अपेक्षित उपलब्धि

यस योजना अवधिको अन्तमा खानी तथा खनिज उत्खननको लागि आवश्यक नीति तथा कानुनहरू निर्माण भएको हुनेछ। वातावरण अनुकूल खानी तथा उत्खननको लागि लगानीमैत्री वातावरण निर्माण भई यस क्षेत्रमा लगानी बढेको हुनेछ। उत्पादनमा उल्लेख्य वृद्धि भई प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान आधार वर्षको तुलनामा दोब्बर पुगेको हुनेछ।

४.१.६ जलस्रोत

१. पृष्ठभूमि

राष्ट्रको समृद्धिको लागि जलस्रोतको उचित उपयोग प्रमुख आधार हो। जलस्रोतको उपयोगितासँगै यसको व्यवस्थापन, संरक्षण, संवर्द्धन र दिगो विकास पनि महत्वपूर्ण छन। जलस्रोतको उपयोगसँग सम्बन्धित खानेपानी, सिँचाइ, विद्युत, जल उत्पन्न विपद् व्यवस्थापनका फरक फरक नीति भएको सन्दर्भमा सम्पूर्ण विषयको एकमुष्ट सम्बोधन हुने गरी नेपाल सरकारले राष्ट्रिय जलस्रोत नीति २०७७ सार्वजनिक गरेको छ। यस नीतिले संघ, प्रदेश र स्थानीय तहको समन्वयमा जलस्रोतको

संरक्षण, विकास तथा उपयोगको व्यवस्था गर्ने लक्ष्य लिएको छ। यस नीतिले आवश्यकताअनुसार जलस्रोतको उपयोग, विकास, व्यवस्थापन तथा संरक्षणको लागि प्रदेश तथा स्थानीय तहमा समेत निकायहरू स्थापना गर्न सक्ने बाटो खोलिदिएको छ।

२. प्रमुख समस्या

शहरीकरण तथा बस्ती विकासको कारण नदीनाला, तालतलैया, सीमसार क्षेत्र देखि समग्र जलाधर क्षेत्रको संकुचन एवम् अतिक्रमण बढ्दै जानु, जलवायु परिवर्तन, हिमक्षेत्रको क्षेत्रफलमा गिरावट, हिमताल विष्फोटन, आकस्मिक अतिवृष्टि तथा अनावृष्टिको कारण वातावरणीय सन्तुलनमा प्रतिकुल असर पर्नु, भूमिगत जलस्रोतको अत्याधिक दोहन हुँदा भूमिगत जलसतह घट्नु, अव्यवस्थित र अवैज्ञानिक तवरले पहाड कटान गरी सडक सञ्जालको विकास, खोलाको बहावले भीरको फेद कटान, भूकम्प, हिमताल विष्फोटन लगायतको आकष्मिक प्राकृतिक विपद्को कारण भीमकाय पहिरो गई नदी थुनिएर बहावमा परिवर्तन, खोलाको पींधबाट अत्याधिक निर्माणजन्य समाग्रीको दोहन र भूक्षयको कारण रिभरबेडको सतहमा वृद्धि हुँदा तराई, भित्री मधेश तथा पहाडी क्षेत्रमा बाढी तथा डुबानको समस्या, नदी कटानको समस्या देखिनु र जलस्रोतको प्राकृतिक स्वरूपमा परिवर्तन आउनुको साथै जलस्रोतको परिमाण र गुणस्तरमा ह्रास आउनु आदि समस्याहरू विद्यमान रहेका छन्।

३. चुनौती र अवसर

उपलब्ध जलस्रोतको समुचित प्रयोग, विकास, संरक्षण र एकीकृत व्यवस्थापन गर्नु, जलवायु परिवर्तनको उच्च जोखिम क्षेत्र पहिचान गर्दै मानव क्रियाकलापमा परेको असर न्यूनीकरण गर्दै जलाधर क्षेत्र संरक्षण गर्नु, जलउत्पन्न प्रकोप न्यूनीकरण गर्नु, भीमकाय पहिरो र भूक्षयबाट नदीको बहावमा परिवर्तन, प्राकृतिक स्वरूपमा परिवर्तन र बाढी तथा डुबानको समस्यालाई न्यूनीकरण गर्नु, अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति र पूर्वाधारको विकास एवम् व्यवस्थापन गर्नु, जलस्रोतको उपयोग, विकास र व्यवस्थापनको लागि सम्बन्धित निकायहरू र अन्तरतह समन्वय एवम् सहकार्य गर्नु आदि चुनौतीहरू छन्।

जलस्रोतको पर्याप्त मात्रामा उपलब्धता रहनु, जलस्रोतको पहिचान, संरक्षण र व्यवस्थापनसम्बन्धी विशेषज्ञ स्वदेशमा उपलब्ध रहनु, जलस्रोतको बहुउपयोगिता बारे सबै तिर आवश्यकता महशुस हुनु, जलस्रोतको एकीकृत व्यवस्थापन तीनै तहको सरकारको प्राथमिकतामा पर्नु, प्रादेशिक नीतिमा

जलस्रोतको प्रयोग र एकीकृत व्यवस्थापनलाई प्राथमिकतामा राख्नु, राष्ट्रिय जलस्रोत सार्वजनिक हुनु र प्रदेशमै आवश्यकताअनुसार जलस्रोतको उपयोग, विकास, व्यवस्थापन र संरक्षणको लागि निकाय स्थापना गर्न सकिने प्रावधान रहनु आदि अवसरहरू रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

जलस्रोतको बहुआयमिक उपयोग, एकीकृत व्यवस्थापन, दिगो विकास र संरक्षणबाट देशको समृद्धि र समाजिक रुपान्तरणमा योगदान।

लक्ष्य

प्रदेशमा उपलब्ध जलस्रोतको बहुआयमिक समुचित प्रयोग, दिगो विकास, संरक्षण, सम्बर्धनबाट आर्थिक समृद्धि र सामाजिक रुपान्तरणमा योगदान पुर्याउने।

उद्देश्य

१. प्रदेशमा उपलब्ध जलस्रोतको बहुउपयोगिता र दिगो विकासमा जोड दिई प्रदेशको आर्थिक, सामाजिक र वातावरणीय समृद्धिमा योगदान पुर्याउनु।

२. जलस्रोतको संरक्षण, विकास, संवर्द्धन, व्यवस्थापन, समुचित प्रयोग, नियमन गर्दा वैज्ञानिक अध्ययन, अनुसन्धान, तथ्य, प्रमाणको विश्लेषणलाई प्राथमिकता दिनु।

३. संघ र स्थानीय निकायसँग जलस्रोतको उपयोग, संरक्षण र विकासको लागि समन्वयात्मक भूमिका निर्वाह गर्न अग्रसर रहनु र सार्वजनिक—निजी साझेदारीमा जोड दिनु।

४. वातावरणीय, सामाजिक, आर्थिक र सांस्कृतिक सन्तुलनमा न्यून असर पर्ने गरी जलस्रोतको विकास र उपयोग गर्नु।

५. जलाधार संरक्षण एवम् व्यवस्थापन तथा जलउत्पन्न विपद्को न्यूनीकरण एवम् प्रभावकारी व्यवस्थापन गरी आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. जलस्रोतको बहुआयमिक उपयोग, दिगो विकास र एकीकृत व्यवस्थापनको लागि संरचनात्मक सुधार गर्ने।	१. जलशाययुक्त विशाल परियोजनाहरूलाई बहुउपयोगिताको सिद्धान्तमा एउटै स्रोतबाट खानेपानी, जलविद्युत उत्पादन, सिँचाइ, मत्स्यपालन, उद्योग सञ्चालन, जल पर्यटन आदिको लागि विकास गरिनेछ। २. जलस्रोतको अध्ययन, अनुसन्धान, विकास, तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखाङ्कन, नियमन, संरक्षण र प्रवद्धनको लागि संघीय सरकारको समन्वयमा जल तथा ऊर्जा आयोग र जलस्रोत अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरिनेछ। ३. जलस्रोतको व्यवस्थित उपयोगको लागि प्रत्येक नदीहरूमा उपलब्ध जलस्रोतको उपयोगको लगत (water accounting system), जल बाँडफाँट प्रणाली (water allocation system), तथा water auditing system को अवलम्बन गरिनेछ। ४. जलस्रोतको प्रयोग एवम् व्यवस्थापन गर्दै एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई कार्यान्वयन गरिनेछ। ५. जलस्रोतको बहुउपयोगितामा वर्षैभरि पानीको उपलब्धतालाई जोड दिइनेछ र पानी अभाव भएको समयमा जल स्तान्तरण को अवधारणलाई लागु गरिनेछ। ६. जलस्रोतको उचित व्यवस्थापनको लागि सतह, वर्षातको

रणनीति	कार्यनीति
	पानी र भूमिगत जलस्रोतको संयोजनात्मक उपयोग (conjunctive use) को लागि प्राथमिकता दिइनेछ। ७. संघीय सरकारको समन्वयमा प्रदेशमा अवस्थित नदी र जलाशयहरूलाई आन्तरिक जल यातायातको लागि उपयोग गर्न सम्भाव्यता अध्ययनपश्चात् विकास गरिनेछ। ८. जलस्रोतको व्यवसायिक उपयोगको लागि प्रदेश सरकारसँग अनुमति लिनु पर्ने व्यवस्था लागु गरिनेछ र उपयोगकर्ताले तिर्नुपर्ने शुल्कलाई कानूनमार्फत् व्यवस्थित गरिनेछ।
२. जलस्रोतको अध्ययन, अनुसन्धान र विकासको लागि अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्ने र सम्बन्धित संस्था, निकाय र जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।	१. जलस्रोत व्यवस्थापन र जलस्रोतको पहिचान सँग सम्बन्धित जलस्रोत इन्जिनियरिङ (water resource engineering) तथा जल भूगर्भशास्त्र (hydrogeology) अध्ययन हुने संस्थानसँग जीटूजी सम्झौता गर्ने अधिकार प्रदेश सरकार अन्तर्गत रहेको जलस्रोत अनुसन्धान तथा विकास केन्द्रलाई जिम्मेवारी प्रदान गरिनेछ। २. जलस्रोतको अध्ययन, अनुसन्धान र प्रविधिको विकासको लागि शोध कार्य, विद्यावारिधि र इन्टर्नशीप कार्यको लागि प्रोत्साहन गरिनेछ। ३. जलस्रोतसम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न र नवीनतम प्रविधिको विकास गर्न सहयोग पुर्याउने राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, कार्यशाला गोष्ठी, तालिम कार्यक्रमको सञ्चालन गर्ने वा सम्बन्धित व्यवसायिक संघ संस्थासँग सहकार्य गरी आयोजना गरिनेछ। ४. जलस्रोतको पहिचानको लागि hydrogeological अध्ययन

रणनीति	कार्यनीति
	प्रदेशको सम्पूर्ण जिल्ला र तहमा सञ्चालन गरिनेछ। ५. देशमा उपलब्ध क्षमता, नवीनतम प्रविधि र मोडलहरूको विकास एवम् प्रयोग गरिनेछ। ६. जलस्रोतसँग सम्बन्धित विषयको अध्ययन प्रदेशमै हुने व्यवस्था मिलाइनेछ। ७. अध्ययन, अनुसन्धानबाट प्राप्त निष्कर्ष र सुझावहरूलाई कार्यन्वयन र प्रचार प्रसार गर्नुको साथै जनचेतनाको अभिवृद्धि पनि गरिनेछ। ८. जलस्रोतको अध्ययन, अनुसन्धान, विकास, व्यवस्थापन, नियमन र संरक्षणको क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्ती र संस्थालाई उचित प्रोत्साहन र पुरस्कृत गरिनेछ। ९. जलस्रोतको आवश्यकता, महत्व, उपयोग, व्यवस्थापन, संरक्षण र नियमनको लागि विद्यालय तह देखी विश्वविद्यालय तहसम्म शैक्षिक पाठ्यक्रमहरूमा समावेश गरी अध्ययन गराउने व्यवस्था गरिनेछ। १०. जलस्रोतको गुणस्तर परीक्षणको लागि आवश्यक प्रयोगशालाहरूको स्थापना गर्ने व्यवस्था गरिनेछ।
३. जलस्रोतको संरक्षण र विकासमा निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरूको सहभागितामा अभिवृद्धि गरिनेछ।	१. जलस्रोतको क्षेत्रमा निजी सहभागिता एवम् सार्वजनिक निजी साझेदारीलाई प्राथमिकतामा राखिनेछ। २. जलस्रोत क्षेत्र सँग सम्बन्धित निकायहरू र स्थानीय तहहरूसँग सहकार्य एवम् समन्वयको वातावरण निर्माण गरिनेछ। ३. निजी क्षेत्रबाट भएका अध्ययन, विकास एवम्

रणनीति	कार्यनीति
	व्यवस्थापनका परियोजनाहरूले प्रदेश सरकारलाई जलस्रोतसँग सम्बन्धित विवरणहरू तोकिएको गुणस्तर र ढाँचामा प्रदान गर्न जिम्मेवार बनाइनेछ। ४. जलस्रोतको क्षेत्रमा सहभागी भएका निकाय तथा संचालित कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ।
४. जलजन्य विपद्को नियन्त्रण एवम् न्यूनीकरण गर्ने र जलस्रोतको आयोजनाहरूबाट प्रभावित क्षेत्र तथा समुदायहरूको सुरक्षा एवम् सुरक्षण गरिनेछ।	१. जोखिमयुक्त पहिरो एवम् बाढी क्षेत्रको पहिचान एवम् क्षेत्रहरूको जोखिमको आधारमा वर्गीकरण गर्न र सम्भावित क्षतिको बारेमा जानकारी पाउन प्रकोप एवम् जोखिम (Hazard, Vulnerability, Susceptibility and Risk Mapping) नक्साङ्कन गरिनेछ। २. जोखिम नक्साको आधारमा विपद्हरुको नियन्त्रण एवम् व्यवस्थापनको योजना लागु गरिनेछ। जोखिमपूर्ण र असुरक्षित क्षेत्रमा बसोबास गर्ने नागरिकहरूलाई स्थान्तरण गरिनेछ र उक्त क्षेत्रमा कुनै पनि समयमा बस्ती विकास गर्न रोक लगाइनेछ। ३. बुटवल लक्ष्मीनगरको पहिरो र गुल्मीको लेते पहिरोको दिर्घकालिन रोकथामको लागि उपायहरू अवलम्बन गरिनेछ। ४. तराई क्षेत्रमा हुने डुबानको समस्या नियन्त्रण एवम् न्यूनीकरण गर्न यसको मूल स्रोत चुरे क्षेत्रबाट संरचनात्मक विकास गरिनेछ। ५. भूक्षय एवम् पहिरो जस्ता जलजन्य विपद् न्यूनीकरण एवम्

रणनीति	कार्यनीति
	नियन्त्रण तथा रोकथामको लागि नवीनतम प्रविधि र परम्परागत ज्ञान र प्रविधिको समुचित प्रयोग गरिनेछ। ६. अतिवृष्टी, अनावृष्टि, हिमताल विष्फोटन, सुख्खा, खडेरी, नदीनाला थुनिएर एक्कासी बाँध फुट्ने जस्ता आकस्मिक र अप्रत्याशित जोखिमहरूबाट सुरक्षित हुन उपयुक्त उपाय तथा प्रविधिको विकास गरिनेछ र पूर्वतयारीको कार्यहरूको जनस्तरसम्म पहुँच पुर्याइनेछ। ७. जल तथा मौसमसम्बन्धी पूर्वानुमान कार्यको लागि स्टेशनको सङ्ख्यामा वृद्धि र आधुनिक प्रविधिको प्रयोग एवम् विकास गरिनेछ। ८. जलवायु परिवर्तनले पार्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न वर्षातको पानी सङ्कलन, स—साना पोखरीहरूको निर्माण, पाइप प्रविधि, लिफ्टीङ प्रविधि, टनेल खेती, कृत्रिम वर्षात तथा भर्चुअल वाटर प्रयोगजस्ता परम्परागत एवम् नवीनतम प्रविधिहरूको उपयोग र विकास गरिनेछ। ९. सम्बन्धित निकायसँगको समन्वयमा चुरे क्षेत्रमा हुने अवैज्ञानिक, अव्यवस्थित निर्माणजन्य सामग्रीको उत्खनन् गरिनेछ र खोलाबाट उत्खनन् गर्न सकिने सीमाको वैज्ञानिक अनुसन्धानद्वारा मापदण्ड तोकिनेछ। १०. जलाधार क्षेत्रहरूमा निर्माण हुने भौतिक पूर्वाधारहरू अध्ययन, अनुसन्धान र तथ्यमा आधारित हुनुको साथै वातावरणमैत्री हुने व्यवस्था लागु गरिनेछ।

रणनीति	कार्यनीति
	११. जलाधार क्षेत्रमा भएका नदीनाला, मूल, सीमसार, तालतलैया, तातोपानीको मूल, ढुङ्गेधारा जस्ता पानीका स्रोतहरू पहिचान गरी संरक्षण गरिनेछ र संवेदनशील स्रोतहरूलाई संरक्षित क्षेत्र घोषणा गरिनेछ। १२. जलस्रोत आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा नै आयोजनाबाट प्रभावित हुने समुदायहरूको आर्थिक, सामाजिक र सांसकृतिक पक्षमा पर्ने असरहरू र यसको समाधानको उपाय र सुझावसहितको अध्ययन एवम् विश्लेषण गरिनेछ। १३. आयोजनाबाट पूर्णरूपमा प्रभावित हुने समुदायहरूको पुनर्वास र पुर्नस्थापनाको व्यवस्था गरिनेछ र साविकबमोजिमको पेशा र व्यवसायको निरन्तरता हुने गरी व्यवस्था मिलाइनेछ। १४. आयोजनाबाट प्रभावित हुने समुदायहरूलाई उपयुक्त सीपमूलक र व्यवसायिक तालिमहरू प्रदान गरिनुको साथै सम्भव भएसम्म आयोजनाबाट प्राप्त हुने रोजगारी एवम् शेयरको सुनिश्चितता गरिनेछ।
५. वातावरणीय, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षमा नकरात्मक प्रभाव न्यून वा नपर्नेगरी जलस्रोतको उपयोग एवम् व्यवस्थापन गरिनेछ।	१. जलवायु परिवर्तनबाट न्यून प्रभाव पर्ने अनुकूलन योजना तथा कार्यक्रमहरूको विकास गरिनेछ। २. जलस्रोतमा आश्रित जलचर, वनस्पति एवम् वन्यजन्तुहरूको पहिचान गरी तिनीहरूको संरक्षणको लागि आवश्यक पानीको परिमाण तथा न्यूनतम गुणस्तरको हुने आवश्यक मापदण्ड बनाइनेछ।

रणनीति	कार्यनीति
	३. जलस्रोत प्रदुषण गर्ने प्रदुषकलाई आवश्यक कारबाही गरिनेछ र कुनै पनि उद्योग, कलकारखाना, बस्तीहरूले प्रदुषित पानी, एवम् फोहोर पदार्थ जलाधर, सीमसार, खोलानाला, एवम् अन्य जलस्रोतमा मिसाउन प्रतिबन्धित गरिनेछ। त्यस्ता पदार्थहरूको प्रशोधन गरी मापदण्डअनुसार मिसाउन पाइने व्यवस्था लागु गरिनेछ। ४. भूमिगत जलस्रोतको अत्याधिक दोहन रोक्न, सतह घट्न नदिन विभिन्न स्थानमा पुनर्भरण पोखरी बनाउन उपर्युक्त जग्गाको संरक्षण गरी पोखरी बनाइनेछ। ५. मानवीय अतिक्रमणबाट नदीनाला तथा तालतलैयाको स्वरुप तथा आकृति विगार्ने वा नष्ट गर्ने कार्यलाई नियन्त्रण गरिनेछ र कारबाहीको दायरामा ल्याइनेछ। ६. जलीय जैविक विविधता तथा वातावरण संरक्षणमा खलल पुग्न नदिन बैकल्पिक ऊर्जाको प्रयोग एवम् विकासलाई प्रोत्साहन गरिनेछ।

५. अपेक्षित उपलब्धि

जलस्रोतको एकीकृत व्यवस्थापन र संरक्षण भएको हुने; वातावरणमैत्री आयोजनाहरू सञ्चालनमा आएको हुने; आयोजनाबाट प्रभावित समुदायको सुरक्षा, रोजगारी, आवास स्थानन्तरण, पुर्नस्थापना र पुर्नवास भएको हुने; तथा जलजन्य विपद् न्यूनीकरणको लागि जोखिम तथा प्रकोप नक्साङ्कन तयार भई सोहीअनुरूप रोकथाम, नियन्त्रण र व्यवस्थापन भएको हुनेछ।

४.१.७ वन तथा जैविक विविधता

१. पृष्ठभूमि

करिब ५० प्रतिशत भूभाग वन जङ्गलले ओगटेको यस प्रदेश जैविक विविधताको दृष्टिले पनि सम्पन्न छ। वन क्षेत्र प्राकृतिक सम्पदा हो र यसले आवश्यक मात्रामा ऊर्जा, काठ, दाउरा, लगायतका निर्माण सामग्री, औषधीजन्य जडीबुटी, पशु आहार, जलाधर, पर्यटन र वातावरणीय सन्तुलनमा विशिष्ट योगदान पुर्याएको हुन्छ। वन जङ्गल र जैविक विविधताको उचित उपयोग, व्यवस्थापन र संरक्षणबाट रोजगारी सिजना, आयआर्जनमा सहयोग र उद्यमशीलता प्रदान गरी राष्ट्रलाई समृद्धिको दिशातर्फ डोर्याउन विशेष योगदान खेलेको हुन्छ। दिगो विकासको लक्ष्य १५ ले वनको दिगो व्यवस्थापन गर्ने र वन विनाश रोक्ने लक्ष्य लिएको छ। नेपालको संविधानले प्रदेशको अधिकार क्षेत्रभित्र राष्ट्रय वन उपयोग र वातावरण व्यवस्थापनलाई समावेश गरेको छ। वन संरक्षणलाई संघ र प्रदेशको साझा अधिकारको सूचिमा उल्लेख गरिएको छ। प्रदेशमा उपलब्ध वानस्पतिक स्रोत तथा जडिबुटीको अध्ययन, अनुसन्धान अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ।

२. प्रमुख समस्या

आवश्यक संरचना र जनशक्तिको अभाव रहनु, वन व्यवस्थापन तथा विकासमा राज्यको लगानी कम रहनु, सम्बन्धित तह र अन्तरनिकायबीच समन्वय र सहकार्य कमजोर रहनु, वन्यजन्तु तथा दुर्लभ वनस्पतिहरूको स्पष्ट पहिचान र अवस्था एकिन हुन नसक्नु, मानव वन्यजन्तु बीचको अन्तरद्धन्द सिर्जना हुनु, वन तथा जैविक विविधतासम्बन्धी चेतनाको कमी हुनु, वन्यजन्तुको चोरी सिकारी तथा अवैध व्यापार हुनु, वन क्षेत्रको अतिक्रमण हुनु, पूर्वाधार विकास र पर्यावरण बीच सन्तुलन कायम हुन नसक्दा वन क्षेत्रको विनाश, क्षयीकरण, खण्डीकरण हुनु, प्राकृतिक प्रकोप, शहरीकरण, वनको फडानी गरी अव्यवस्थित कृषि विकास हुनु, चुरे बिनाश, वन डढेलो, जैविक विविधताको विनाश, आयआर्जन र रोजगारीको सन्तुलन हुन नसक्नु, जलवायु परिवर्तनको प्रभाव रहनु आदि समस्याहरू विद्यमान रहेका छन्।

३. चुनौती र अवसर

वन, वनस्पति, वन्यजन्तु, लगायत जैविक विविधताको व्यवस्थापन एवम् संरक्षणको लागि पर्याप्त पूर्वाधार र जनशक्तिको व्यवस्था मिलाउनु, समाजमा वन र जैविक विविधताको आवश्यकता र

महत्व सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नु, वनको दिगो, वैज्ञानिक व्यवस्थापन, समुचित प्रयोग, वनबाट आर्जन हुने लाभको न्यायाचित वितरण गर्नु, वन डढेलो र बिनास रोक्नु, बस्ती विकास, कृषि, औद्योगीकरण, अव्यवस्थित पूर्वाधार विकास बाट वन अतिक्रमणलाई जोगाउनु, वन क्षेत्रबाट टाढा रहेको समुदायलाई वन बाट उत्पादित सामग्रीको लाभ दिलाउनु, मानव समुदाय र वन्यजन्तु बीचको अन्तरद्धन्द न्यूनीकरण गर्नु, तीनओटै तहको सरकार र सम्बन्धित निकायहरू बीच समन्वय र आपसी सहकार्यबाट वन तथा जैविक विविधताको संरक्षण गर्नु, डढेलो रोक्नु, बढ्दो इन्धन, पूर्वाधार विकास र काठको मागको व्यवस्थापन गर्नु, सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु आदि चुनौतीहरू रहेका छन्।

उल्लेख्य मात्रामा वन क्षेत्र रहनु, प्रदेशमा राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षण रहनु, वन तथा जैविक विविधताको संरक्षण तीनै तहको सरकारको प्राथमिकता रहनु, दिगो विकासको लक्ष्यमा वन व्यवस्थापन र विकासको विषय समावेश हुनु, जनस्तरमा दिगो र वैज्ञानिक वन व्यवस्थापन, वनको संरक्षण, उपयोगिता बारे चेतना अभिवृद्धि हुँदै जानु, वन पैदावरबाट रोजगारी र आय आर्जनमा वृद्धि गर्न सक्ने अवस्था हुनु, सामुदायिक वनमा स्थानीय जनजाती, दलित समुदायको सहभागितामा संरक्षण, प्रवद्धन, विकास र उपयोगको कार्यले सन्तोषजनक नतिजा दिनु, वनमा आधारित उद्योग र पर्यटनको विकास गर्न सक्ने अवस्था रहनु, जडिबुटीको वैज्ञानिक र व्यवस्थित रूपमा उपयोग गरी लाभ लिन सक्ने अवस्था हुनु, सरोकारवाला निकायहरूको वन र जैविक विविधताको संरक्षणमा आकर्षण रहनु, नेपालमै जडिबुटी प्रशोधन गरी विभिन्न सामग्रीको निर्माण गरी उपयोग र निर्यात गर्न सक्ने अवस्था हुनु आदि अवसरहरू रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

वन तथा जैविक विविधताको संरक्षण र दिगो वैज्ञानिक व्यवस्थापन, रोजगारी र उद्यमशीलताबाट प्रदेशको समृद्धिमा योगदान।

लक्ष्य

वन तथा जैविक विविधताको संरक्षण, दिगो व्यवस्थापन र समुचित उपयोगद्वारा रोजगारी र आयआर्जनमा वृद्धि गर्ने।

उद्देश्य

१. वन, पैदावर, गैरकाष्ठ, जडिबुटी, वनस्पति, जैविक विविधताको अध्ययन, अनुसन्धान गरी वनमा आधारित उद्यमशीलता प्रवर्धन गर्नु।
२. वनजन्य पदार्थको समुचित प्रयोग गरी प्राप्त लाभको न्यायोचित वितरण गर्नु र यसमा आधारित उद्योगहरूद्वारा रोजगारी सिर्जना गर्नु।
३. वनको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वनक्षेत्र, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको दिगो वैज्ञानिक व्यवस्थापन एवम् संरक्षण गर्ने।	१. सबै प्रकारको वनको विशेष कार्यक्रम सञ्चालन गरी वैज्ञानिक व्यवस्थापन गरी व्यवसायिक तरिकाले वनजन्य उत्पादन र उत्पादकत्व बढाई वनको अधिकतम प्रयोग गरिनेछ। २. स्थानीय तह, उपभोक्ता समूह र सरोकारवाला निकायहरूको सहकार्य र समन्वयमा वन क्षेत्रको संरक्षण र व्यवस्थापन गरिनेछ। ३. सामुदायिक वन र अन्य वनहरूमा नर्सरी, कृषि वनको विकास गरी काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधिकरण र आधुनिक प्रविधिको विकास गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नयाँ रोजगारी सिर्जना गरिनेछ। ४. गैरकाष्ठ वन पैदावारको खेती विस्तार र बजारीकरण गरिनेछ। ५. फर्निचर उद्योग र पूर्वाधार निर्माणमा चाहिने काठहरूको वैज्ञानिक र व्यवस्थित उपलब्धताको प्रभावकारी नियमन गरिनेछ। सम्भव भएसम्म काठको प्रयोग लाई न्यूनीकरण गरी अन्य वैकल्पिक सामग्रीको प्रयोगमा प्रोत्साहन गरिनेछ। ६. वन डढेलो नियन्त्रण गर्न डढेलो प्रतिरोधी क्षमताको विकास, संस्थागत विकास, परम्परागत र आधुनिक प्रविधिको उपयोग, अग्निरेखा निर्माण र व्यवस्थापन, आकाशेपानी सङ्कलनमा स्थानीय

रणनीति	कार्यनीति
	तह सँगको समन्वय र जनसहभागिता कार्यक्रमहरू सञ्चालन गरिनेछ। ७. वनको दिगो व्यवस्थापनमा उत्कृष्ठ कार्य गर्ने सामुदायिक वन र समुदायलाई पुरस्कृत गर्ने व्यवस्था लागु गरिनेछ। ८. वन क्षेत्रको अतिक्रमणको नियन्त्रणको लागि अन्तरनिकाय समन्वय र सहकार्यमा नीतिगत र संरचनात्मक व्यवस्था लागु गरी कार्ययोजना कार्यन्वयनमा लगिनेछ। ९. व्यवसायिक वृक्षारोपण, कृषि वन, गैरकाष्ठ प्रजाति र जडीबुटीको खेतीको लागि निजी, पारिवारिक, सरकारी, सार्वजनिक जग्गाको प्राप्ति, उपलब्धता र उपयोगसम्बन्धी संघीय सरकारको समन्वयमा सहजीकरण गरिनेछ। १०. सामुदायिक वन, निकुञ्ज र संरक्षित क्षेत्रहरूको पर्यटन विकास गरी पर्यटकको आगमनमा उल्लेख्य वृद्धि गरिनेछ। ११. काष्ठजन्य वन पैदावरको स्वदेशि उत्पादन बढाइ आयातलाई शून्यमा पुर्याउने कोशिस गरिनेछ। १२. वन्यजन्तु पालन, प्रजनन, व्यवसायीकरण र विदेश निकाशीको लागि अन्तरनिकाय समन्वय र सहकार्य गरिनेछ। १३. प्रदेशमा काठ, गैरकाष्ठ, जडीबुटीमा आधारित मझौला र ठूलो स्तरको उद्योगको स्थापना गरिनेछ। १४. बारी, कान्ला, खेतको सिमाना छुट्टीने ठाउँमा हरित पेटीको अवधारण अन्तर्गत मूल्यवान जडिबुटी र बनस्पतीको बिरुवा निशुल्क वितरण गरिनेछ। १५. वृक्षारोपण गर्दा पानी सञ्चय गर्ने खालका वनस्पतिजन्य प्रजातिलाई प्राथमिकता दिइनेछ। १६. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई वनमा आधारित

रणनीति	कार्यनीति
	ठूला तथा मझौला उद्योगहरू खोल्न प्रोत्साहन गरिनेछ। १७. वन पैदावारको आपूर्तिमा निजी क्षेत्र र समुदायलाई खुल्ला बजारको अवधारणामा रहि प्रतिष्पर्धात्मक बनाइनेछ।
२. वनसम्बन्धी प्रादेशिक नीतिगत र संरचनात्मक विकास एवम् सुधार गरिनेछ।	१. वनसँग सम्बन्धित प्रादेशिक नीति, नियम, र कानूनको निर्माण एवम् सयमसापेक्ष सुधार गरिनेछ। २. प्रदेश अन्तर्गतको वनको लगत तयार पारिनेछ। ३. प्रदेशको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधताको संरक्षण एवम् प्रभावकारी नियमनको लागि आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्था गरिनेछ ४. वनसँग सम्बन्धित अपराधजन्य क्रियाकलापको नियन्त्रण गर्न आवश्यक कानूनी एवम् प्रभावकारी संयन्त्रको निर्माण गरिनेछ।
३. वन तथा जैविक विविधताको संरक्षण र विकासको पक्षलाई दृष्टिगत राखि आवश्यकक्ताअनुसार भौतिक पूर्वाधारको विकास गर्ने।	१. वन क्षेत्र भई सवार हुने बाटो र अन्य पूर्वाधार निर्माणको लागि न्यूनतम निश्चित क्षेत्रको व्यवस्था गरिनेछ। २. राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र र वन क्षेत्रमा सम्भव भएसम्म पूर्वाधार विकास निर्माण अन्तर्राष्ट्रीय मापदण्डअनुरूप जमिन मुनि, आकाशे पुल वा फ्लाइओभरमार्फत् संरक्षणमैत्री संरचनाको निर्माण गरिनेछ। ३. मानव वन्यजन्तु द्धन्द न्यूनीकरणको लागि चेतनामूलक कार्यक्रम, उचित क्षतिपूर्तिको व्यवस्था र आवश्यक भौतिक संरचनाको निर्माण गरिनेछ।
४. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्तलाई संस्थागत गरी वन, जैविक विविधताको उपयोग र	१. सामुदायिक वन लगायतका वन व्यवस्थापन पद्दतीमा सामाजिक र लैङ्गिक समानताको प्रत्याभूति दिलाउने गरी कार्य सञ्चालन गरिनेछ। २. सबै स्थानीय तहमा जैविक विविधता र त्यससँग सम्बन्धित

रणनीति	कार्यनीति
व्यवस्थापनबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने।	आदिवासी, जनजाती, स्थानीय समुदायहरूको परम्परागत ज्ञान, सीप, प्रविधि, अभ्यास, कला, सामाजिक सांस्कृतिक पद्धतिको अभिलेखीकरण, उपयोग एवम् संरक्षण गरिनेछ। ३. प्रत्येक स्थानीय तहको वडास्तरमा वन व्यवस्थापन स्रोत व्यक्तीको परिचालनको व्यवस्था लागु गरिनेछ।
५. अनुसन्धान निकाय, विश्वविद्यालय, गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा अध्ययन, अनुसन्धान र क्षमता अभिवृद्धिमा जोड दिने।	१. वन क्षेत्रसँग सम्बन्धित अध्ययन संस्थान, विश्वविद्यालय, प्राविधिक शिक्षालयहरूसँग सहकार्य गरी विद्यार्थीहरूलाई वनसम्बन्धी महत्व, आवश्यकता, व्यवस्थापन, संरक्षण, उपभोक्ता समूहहरू परिचालन, वनमा आधारित उद्योगहरूको सञ्चालन र उद्यमशीलतासम्बन्धी शोध, अनुसन्धान, विद्यावारिधि, इन्टर्नशीप गराउने व्यवस्था मिलाइनेछ। २. वनसँग सम्बन्धित उत्कृष्ट कार्य गर्ने व्यक्ति, समुदाय, संस्थानहरूलाई प्रोत्साहन र पुरस्कृत गरिनेछ। ३. नेपालमा रहेका रैथाने वनस्पति लगायत उपयोगी जडिबुटीको अध्ययन, अनुसन्धान तथा विकास गरिनेछ। ४. वन क्षेत्रको उत्पादकत्व वृद्धि र जैविक विविधता संरक्षण गर्न स्थानीय निकायको समन्वयमा स्थानीय समुदायको सीप विकास र क्षमता अभिवृद्धि गरिनेछ। ५. वन क्षेत्रको सूचना प्रणाली लाई वैज्ञानिक ज्ञान, आधुनिक प्रविधिको उपयोग गरी विकास गरिनेछ।

५. अपेक्षित उपलब्धि

वनजन्य उत्पादनमा वृद्धि भई उद्योग र उद्यमशीलताको विकास भएको हुने, वन तथा पैदावर, गैरकाष्ठ, जडिबुटीमा प्रदेश आत्मनिर्भर भएको हुनेछ। वनको वैज्ञानिक व्यवस्थापन एवम् दिगो विकास भई वन बाट प्राप्त लाभको न्यायोचित वितरण भएको हुनेछ।

४.२ उद्योग, वाणिज्य तथा आपूर्ति र पर्यटन

४.२.१ उद्योग

१. पृष्ठभूमि

उद्योग क्षेत्र मुलुकको समृद्धिको मेरुदण्डको रूपमा रहेको हुन्छ। ठूलो स्तरमा रोजगारी सिर्जना गर्दै आम मानिसको जीवनस्तरमा सुधार ल्याउन यो क्षेत्रको अहम् भूमिका रहेको हुन्छ। मुलुकको आयात व्यवस्थापन गर्दै निर्यात प्रवर्धन गर्नको लागि औद्योगिक विकासमा जोड दिनु नितान्त आवश्यक रहेको छ। मुलुकको औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक उत्पादन तथा रोजगारीमा वृद्धि गर्न मुलुकमा उपलब्ध स्रोत साधनको उपयुक्त तवरले परीचालन गरी आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्धनमा जोड दिंदै उद्योग क्षेत्रको सहज, अनुमानयोग्य एवम् प्रभावकारी व्यवस्थापन गरी गतिशील एवम् सवल अर्थतन्त्र निर्माण गर्ने नीति नेपाल सरकारको रहेको छ।

मुलुक संघीय स्वरूपमा रुपान्तरित भएपश्चात् प्रत्येक क्षेत्रले आफ्नो औद्योगिक विकासको सम्भावनालाई दृष्टिगत गर्दै सोहीअनुरूप आवश्यक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ। यसै परिप्रेक्ष्यमा लुम्बिनी प्रदेश औद्योगिक विकासको ठूलो सम्भावना रहेको क्षेत्र हो। यो सम्भावनालाई यथार्थमा रुपान्तरण गर्नको लागि यहाँ उपलब्ध स्रोतसाधन मुलुकमा विद्यमान माग, उत्पादित एवम् उत्पादनको सम्भावना रहेका वस्तुहरूको राष्ट्रिय एवम् अन्तराष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता, उद्यमशीलता, प्राविधिक क्षमता आदिको पहिचान गरी योजनाबद्ध रूपमा अगाडि बढ्नुपर्ने अवस्था रहेको छ।

२. प्रमुख समस्या

औद्योगिक विकासको लागि पर्याप्त मात्रामा पूर्वाधारको व्यवस्था, कच्चा पदार्थको सहज रूपमा उपलब्धता, प्रतिस्पर्धात्मक क्षमता आदिको आवश्यकता हुन्छ। लुम्बिनी प्रदेशका प्रत्येक जिल्लाहरूमा पर्याप्त औद्योगिक पूर्वाधारहरूको विकास नहुनु, लगानीको स्रोतहरूको अभाव, न्युन प्रतिस्पर्धात्मक क्षमता, प्रशासनिक ढिलासुस्ती उद्यमशीलताको अभाव, जग्गाको उच्च मूल्य, आदि औद्योगिक विकासको लागि प्रमुख समस्याहरूको रूपमा रहेका छन्।

३. चुनौती र अवसर

प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तुको उत्पादन तथा आपूर्ति गर्नु, पर्याप्त मात्रामा दक्ष जनशक्तिको उपलब्धता नहुनु, उपयुक्त औद्योगिक सम्बन्ध कायम राख्नु, श्रमिकको जीवनस्तमा उल्लेख्य सुधार ल्याउनु, उद्यमशीलताको प्रवर्धन गर्नु, युवा जनशक्तिलाई औद्योगिक क्रियाकलापमा आकर्षित गर्नु, स्वदेशी औद्योगिक कच्चा पदार्थको आपूर्ति बढाउनु, तुलनात्मक लाभका औद्योगिक वस्तुहरूको पहिचान गर्नु, नेपाली औद्योगिक उत्पादनको ब्रान्डिङ्ग गर्नु, बौद्धिक सम्पत्तिको संरक्षण गर्नु, औद्योगिक प्रतिष्ठानको लागि पर्याप्त मात्रामा उपयुक्त दरमा जग्गा उपलब्ध गराउनु आदि औद्योगिक विकासका लागि प्रमुख चुनौतीहरू हुन्। विविध चुनौतीहरूका बावजुद पनि लुम्बिनी प्रदेशमा उद्योगको विकासको लागि केही अवसरहरू पनि छन्। अन्तराष्ट्रिय व्यापारिक नाकाहरूसम्मको पहुँचले गर्दा कच्चा पदार्थ एवम् पूँजीगत वस्तुको आयातमा तथा उत्पादित वस्तुको निर्यातमा सहजता, खुल्ला अर्थतन्त्र, उर्जाको सहज उपलब्धता वृद्धि हुँदै जानु, मुलुकको जनसंख्यामा युवाको हिस्सा उल्लेख्य हुनु, बढ्दो शहरीकरण प्रमुख अवसरका रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

लुम्बिनी प्रदेशलाई मुलुकको औद्योगिक केन्द्रको रूपमा स्थापित गर्ने।

लक्ष्य

लुम्बिनी प्रदेशको अर्थतन्त्रमा उद्योगको हिस्सा वृद्धि गर्ने एवम् मुलुकको निर्यात प्रवर्धन एवम् आयात व्यवस्थापनमा योगदान गर्ने।

उद्देश्य

१. औद्योगिक प्रतिष्ठानहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै औद्योगिक उत्पादन वृद्धि गर्ने।

२. औद्योगिक वस्तुहरूको निर्यात प्रवर्धन एवम् आयात व्यवस्थापन गर्ने।

३. औद्योगिक कच्चा पदार्थहरूको सहज आपूर्ति सुनिश्चित गर्ने।

४. औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. औद्योगिक पूर्वाधारहरू विस्तार गर्ने।	१. विद्यमान औद्योगिक क्षेत्रहरू, औद्योगिक ग्रामहरू एवम् औद्योगिक करीडोरहरूमा पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिइनेछ। २. आवश्यकताअनुसार थप औद्योगिक क्षेत्रहरू निर्माण गरिनेछ। ३. नयाँ निर्माण गरिने औद्योगिक क्षेत्रहरू एवम् सीमा नाकालाई जोड्ने गरी औद्योगिक करीडोरहरू निर्माण गरिनेछ। ४. अर्घाखाँची, गुल्मी, प्यूठान, रोल्पा तथा रुकुम पूर्वमा औद्योगिक ग्रामहरू निर्माण गरिनेछन्। ५. औद्योगिक ग्राम एवम् प्रमुख शहरहरूबीचको सकडको स्तरोन्नति गरिनुको साथै नयाँ सडकहरू पनि निर्माण गरिनेछ।
२. औद्योगिक उत्पादकत्व अभिवृद्धि गर्ने।	१. चौथो पुस्ताको औद्योगिक अवधारणा (Industry ४.०) लाई आत्मसात गर्दै त्यसलाई व्यवहारमा लागु पर्न उद्योगहरूलाई प्राविधिक सहयोग प्रदान गरिनेछ। २. प्रदेशमा उत्पादन गर्न सकिने तुलनात्मक लाभका वस्तुहरू पहिचान गरी ती वस्तुहरू उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। ३. लुम्बिनी प्रदेशमा विद्यमान उद्योगहरूको आवश्यकतालाई दृष्टिगत गर्दै उद्योगधन्दाहरूमा काम गर्ने जनशक्तिलाई आवश्यक पर्ने प्राविधिक तालिमको व्यवस्था गरिनेछ।
३. स्वदेशी एवम् विदेशी लगानी आकर्षित गर्न प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन	१. लुम्बिनी प्रदेशमा सञ्चालित उद्योगधन्दाहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनको लागि वित्तीय संस्थाहरूसँग

रणनीति	कार्यनीति
गर्ने।	समन्वय गरिनेछ। २. लगानीसँग सम्बन्धित दर्ता प्रक्रिया एवम् अन्य सेवाहरू एकीकृत रूपमा उपलब्ध गराइनेछ। ३. लुम्बिनी प्रदेशसँग सम्बन्धित गैरआवासीय नेपालीहरूको पूँजी, सीप एवम् ज्ञानलाई यहाँको उद्योगको विकासका लागि उपयोग गरिनेछ। ४. लुम्बिनी प्रदेशमा लगानी आकर्षित गर्न प्रत्येक ५ वर्षमा लगानी सम्मेलन गरिनेछ। सो सम्मेलनमा स्वदेशी एवम् विदेशी लगानीकर्ताहरूको सहभागिता गराई उनीहरूलाई लुम्बिनी प्रदेशमा भएका लगानीका अवसरहरूको बारेमा जानकारी गराइनेछ।
४.औद्योगिक कच्चा पदार्थहरूको आपूर्तिलाई प्रोत्साहन गर्ने।	१. लुम्बिनी प्रदेशमा संचालित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थहरू उत्पादन गर्ने व्यवसायलाई वित्तीय एवम् प्राविधिक सहयोग प्रदान गरिनेछ।
५.उद्यमी, सार्वजनिक नीति निर्माणकर्ता एवम् सार्वजनिक नीति कार्यान्वयनकर्ताहरूबीच नियमित समन्वय कायम गर्ने।	१. लुम्बिनी प्रदेश सरकारले वर्षमा कम्तिमा एकपटक उद्यमीहरू, सार्वजनिक नीति निर्माणकर्ताहरू एवम् सार्वजनिक नीति कार्यान्वयनकर्ताहरू बीच प्रदेशभित्र संचालित उद्योगधन्दाहरूले सामना गर्न परिरहेको कठिनाइहरूको बारेमा छलफल गरेर नीतिहरूको समाधानको उपायहरू पहिल्याएर लागु गर्नेछ।

५. अपेक्षित उपलब्धि

योजना अवधिको अन्त्यमा पर्याप्त मात्रामा औद्योगिक पूर्वाधारहरूको निर्माण, औद्योगिक उत्पादनमा अभिवृद्धि एवम् औद्योगिक लगानीमा उल्लेख्य रूपमा वृद्धि भएको हुनेछ।

४.२.२ वाणिज्य तथा आपूर्ति

१. पृष्ठभूमि

लुम्बिनी प्रदेश कृषिको साथसाथै उद्योगको क्षेत्रमा निकै सम्भावनायुक्त प्रदेश हो। यहाँ उत्पादित वस्तुहरूको व्यापार आन्तरिक बजारको साथसाथै भारतसँग सीमा जोडिएको कारणले बाह्य मुलुकहरूमा पनि हुँदै आइरहेको छ। यद्यपि मुलुकको आन्तरिक उत्पादनको परिमाण कम भएको एवम् प्रतिस्पर्धात्मक क्षमता पनि कम हुनाले ठूलो परिमाणमा वस्तुहरूको आयात हुँदै आइरहेको एवम् निर्यात निकै कम परिमाणमा हुँदै आइरहेको छ। मुलुकभित्र उपभोग हुने अधिकांश वस्तु आयातित नै रहेका छन्। यस्तो अवस्थामा आन्तरिक उत्पादन वृद्धि गर्दै आन्तरिक बजार तथा बाह्य बजारमा बिक्री बढाउँदै लग्नुपर्ने आवश्यकता रहेको छ। यसको लागि लुम्बिनी प्रदेशलाई कृषिजन्य एवम् उद्योगजन्य वस्तुको उत्पादनको केन्द्रको रूपमा विकसित गर्दै वाणिज्य एवम् आपूर्तिको क्षेत्रमा मुलुकलाई योगदान पुर्‍याउनु पर्ने अवस्था रहेको छ। लुम्बिनी प्रदेशभित्र पनि वस्तुहरूको आपूर्ति समान रूपमा हुन सकिरहेको छैन। मुलतः रोल्पा तथा रुकुम पूर्व जिल्लाहरूमा वस्तुको तुलनात्मक रूपमा सहज र निर्वाध आपूर्तिमा केही कठिनाइ रहेको छ। प्रदेशको मूख्य शहरी क्षेत्रको अलावा अन्य क्षेत्रहरूमा पनि गुणस्तरीय वस्तुहरूको आपूर्ति गर्नु चुनौतीपूर्ण नै रहेको छ।

२. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा कृषिजन्य एवम् उद्योगजन्य विविध वस्तुहरू उत्पादन हुँदै आइरहेपनि एकतर्फ उत्पादित परिमाण कम छ भने अर्कोतर्फ तिनीहरूको प्रतिस्पर्धात्मक क्षमता आयातित वस्तुको तुलनामा कम रहेको छ। स्वदेशमा कच्चा पदार्थको उपलब्धता कम हुनु, आयातित कच्चा पदार्थ महंगो हुनु, कृषि क्षेत्रमा पर्याप्त यान्त्रिकीकरण नहुनु, समया रासायनिक मलको उपलब्धता नहुनु, उन्नत बिउबिजन सहज रूपमा उपलब्ध नुहनु, उपलब्ध वस्तुहरूको गुणस्तर कम हुनु, खाद्यान्नमा मिसावट हुनु, म्याद गुज्रेका वस्तुहरू बजारमा बिक्री भइरहनु, ठगी, कालोबजारी, कार्टेलिङ, प्रभावकारी अनुगमनको अभाव, पर्याप्त भण्डारण क्षमता नहुनु आदि वाणिज्य तथा आपूर्ति क्षेत्रका प्रमुख समस्याहरूको रूपमा रहेका छन्।

३. चुनौती र अवसर

प्रदेशमा उत्पादन गरिएका वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, कच्चा पदार्थको सहज उपलब्धता सुनिश्चित गर्नु, उत्पादित वस्तुको गुणस्तर कायम गर्नु, प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्नु, सम्पूर्ण स्थानीय तहहरूमा सहज रूपमा वस्तुहरू आपूर्ति गर्नु, बजारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्नु, कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु, आदि विषयहरू लुम्बिनी प्रदेशमा वाणिज्य तथा आपूर्तिको क्षेत्रमा रहेका प्रमुख चुनौतीहरू हुन्। सडक सञ्जाल क्रमिक रूपमा विस्तार हुँदै जानु, उपभोक्तामा सचेतता वृद्धि हुँदै जानु, विद्युतको आपूर्ति सहज हुँदै जानु, उपभोक्ताको आय वृद्धि हुँदै जानु, निजी क्षेत्रको लगानी विस्तार हुँदै जानु, उत्पादनमा नयाँ प्रविधिको प्रयोग बढदै जानु, आदि विषयहरू लुम्बिनी प्रदेशको वाणिज्य र आपूर्तिको क्षेत्रमा अवसरको रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

सोच

मुलुकमा उत्पादन गरेर राष्ट्रिय एवम् अन्तराष्ट्रिय बजारमा आपूर्ति गरिने वस्तुहरूमा लुम्बिनी प्रदेशको हिस्सा अभिवृद्धि गर्ने।

लक्ष्य

लुम्बिनी प्रदेशमा गुणस्तरीय वस्तु तथा सेवाको पर्याप्त एवम् सहज उपलब्धता सुनिश्चित गर्ने।

उद्देश्य

१. लुम्बिनी प्रदेशमा उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

२. लुम्बिनी प्रदेशमा उत्पादीत वस्तुको गुणस्तरीयता अभिवृद्धि गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. लुम्बिनी प्रदेशका उपभोक्ताहरूको मागअनुसार वस्तुहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने।	१. लुम्बिनी प्रदेशका सम्पूर्ण स्थानीयतहरूमा नियमित अनुगमनको व्यवस्था गरिनेछ। २. लुम्बिनी प्रदेशका प्रत्येक स्थानीय तहहरूमा यथेष्ठ मौज्दातसहित भण्डारणको व्यवस्था गरिनेछ।

रणनीति	कार्यनीति
	३. स्वच्छ व्यापारिक प्रतिस्पर्धालाई प्रोत्साहन गरिनेछ। ४. लुम्बिनी प्रदेशका सम्पूर्ण स्थानीय तहहरूमा रहेका सडकहरूको स्तरोन्नति गरी वर्षभरी नै सहज रूपमा यातायातका साधनहरू सञ्चालन हुने वातावरण मिलाइनेछ।
२. लुम्बिनी प्रदेशमा उत्पादित वस्तुहरू तथा यहाँ आपूर्ति हुने आयातित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्ने।	१. लुम्बिनी प्रदेशमा बिक्री वितरण हुने वस्तुहरूलाई प्रयोगशालाबाट गुणस्तरीयता परीक्षण गर्ने व्यवस्था गरिनेछ। २. म्याद गुज्रेका एवम् अन्य गुणस्तरहीन वस्तुहरूको बिक्री वितरण नियन्त्रण गर्न नियमित अनुगमनको व्यवस्था गरिनेछ। ३. गुणस्तरहिन वस्तुहरू बिक्री वितरण गर्ने बिक्रेताहरूलाई कानूनको दायरामा ल्याइनेछ।
३.वस्तुहरूको आपूर्तिमा आधुनिक प्रविधिको प्रयोग गर्ने।	१. अनलाइनमा आधारित रहेर गरिने आपूर्ति प्रणालीलाई प्रोत्साहन गरिनेछ।
४. वस्तुहरूको आपूर्तिमा बिचौलियाहरूको भूमिका निरुत्साहित तथा न्यूनीकरण गर्ने।	१. लुम्बिनी प्रदेश सरकारले प्रमुख शहरी क्षेत्रहरूमा कृषि बजारहरूको विकास गरेर कृषि सहकारी, संस्थाहरूलाई वस्तु बिक्री गर्न स्थान उपलब्ध गराउनेछ। यसरी विकास गरिएका बजारहरूमा बिचौलियाहरूको पहुँचलाई सीमित पारिनेछ।

५. अपेक्षित उपलब्धि

मुलुकभित्र आपूर्ति हुने एवम् मुलुकबाट निर्यात हुने वस्तुहरूमा लुम्बिनी प्रदेशको हिस्सा अभिवृद्धि हुने, लुम्बिनी प्रदेशमा उत्पादन हुने एवम् उपभोग हुने वस्तुको गुणस्तर वृद्धि हुने तथा लुम्बिनी प्रदेशमा वस्तुहरूको सहज आपूर्ति हुने अवस्था रहनेछ।

४.२.३ पर्यटन

१. पृष्ठभूमि

लुम्बिनी प्रदेश पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले सुसम्पन्न अवस्थामा रहेको छ। पाषाणकालीन मानवको बसोवास रहेको दाङदेउखुरी, पूर्वपश्चिम लम्पसार परेको चुरे श्रृङखला, १ करोड १० लाख वर्ष पुरानो मानवसम रामापिथेकसको दन्तावशेष फेला परेको तिनाउ तटको बुटवल, जोसमनी सन्त परम्पराका प्रबर्तन स्वामी शशिधरको साधनास्थल रेसुङ्गा, रोल्पाको रुम्टीगढीबाट आई बसेका महाप्रभुको साधनास्थल स्वर्गद्वारी, शैव मतको नाथ सम्प्रदायको उर्बरस्थल दाङचौघेरा रतननाथ, कालिगण्डकीको तटमा अवस्थित रुरु, रुद्रवेणी जस्ता ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरू यस प्रदेशमा अवस्थित रहेका छन्। त्यसै गरी यस प्रदेशमा विभिन्न धर्माबलम्बी, जातजाति, भाषाभाषी, भेषभूषा, खानपिन आदि सामाजिक जीवन भएका बासिन्दाहरूको बसोवास छ। यहाँ मानुषी बुद्ध कनकमुनी, क्रकुछन्द, शाक्यसिंह वंशी गौतम बुद्ध जस्ता बुद्ध धर्म दर्शनसँग सरोकार भएका विभूतिहरूका जन्मस्थानहरू रहेका छन्। गौतम बुद्धको जन्मस्थल लुम्बिनी, प्राचीन कपिलवस्तुको राजधानी तिलौराकोट, पैसिया, बञ्जराही, गोटिहवा, निग्लिहवा, सगरहवा, बिकुली, अरौराकोट, कुदान, अमौली, बभनी, सिसहनिया, देवदह, कन्यामाई, बैरीमाई, बंगालाबंगाली, बर्दगोरिया, पण्डितपुर, रामग्राम, भैरवस्थान, रानीमहल, सुपादेउराली, स्वर्गद्धारी, शिद्धबाबा जस्ता पुरातात्विक, सांस्कृतिक तथा धार्मिकस्थलहरू यसै प्रदेशमा रहेका छन्।पर्यटन उद्योगको निम्ति आवश्यक पर्ने पूर्वाधारहरू जस्तैः सडक, वायुसेवा जस्ता यातायातको सञ्जालमा जोडिएको छ। स्तरीय पर्यटकीय होटेलहरूको संख्या बढेको छ।

२. प्रमुख समस्या

लुम्बिनी लगायत यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरूको बसाइ अवधि छोटो हुनु, प्रदेशका अन्य पर्यटकीय स्थलहरूमा पुग्ने सञ्जालको अभाव, प्रचारप्रसारमा कमी हुनु, पर्यटन मैत्री सेवा नहुनु, निजी क्षेत्रसँग स्पष्ट सहकार्यको खाका नहुनु तथा पर्यटन पूर्वाधार विकास अपेक्षित हुन नसक्नु यस प्रदेशका मूल समस्याहरू हुन्।

३. चुनौती र अवसर

प्रदेशमा विद्यमान पर्यटकीय स्थलहरूको पहिचान गरी आवश्यकीय भौतिक पूर्वाधारको निर्माण गर्नु, पर्यटनको विकासको लागि पर्याप्त सुबिधा, सूचना र सुरक्षा विस्तार गर्नु, छिमेकी प्रदेशहरूसँग पर्यटक आकर्षक गर्ने सबालमा हुने प्रतिस्पर्धाको सामना गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्। यो प्रदेश प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, तथा धार्मिक विविधतायुक्त हुनु, भैरहवामा गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन हुनु, सडक सञ्जाल, स्तरीय तथा स्टार होटेलको संख्या बढ्दै जानु, सञ्चार सञ्जाल बलियो बन्दैजानु, लुम्बिनी आएका पर्यटकलाई अन्य पर्यटकीय गन्तव्यहरूको विकास गरी बसाई लम्ब्याउन सकिने अवस्था हुनु, उच्च जनसंख्या भएका छिमेकी देशहरूको आयस्तर बढ्दै जानु, दक्षिण सिमानामा रहेका बेलहिया, कृष्णनगर, रुपैडिया जस्ता प्रमुख नाकाहरू यसै प्रदेशमा रहनु र हवाइ सम्पर्क बढ्दै जानु यस प्रदेशका अवसरका रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

पर्यटन क्षेत्रको विकास गरी आर्थिक समृद्धिमा सघाउ पुर्याउने।

लक्ष्य

पर्यटन क्षेत्रको प्रवर्धन बाट आय र रोजगारी बढाउने।

उद्देश्य

१. प्रदेशमा भएका पर्यटकीय अवसरको उजागर, बजारीकरण, प्रवर्धन र संरक्षण गर्नु।

२. आय र रोजगारीका लागि पर्यटनलाई प्रमुख क्षेत्रको रूपमा विकास गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेशको पर्यटनको विकासको लागि प्रादेशिक संस्थागत संरचना र नीति नियम प्रभावकारी गराउने।	१. प्रदेशको पर्यटन विकासको लागि प्रादेशिक संस्थागत संरचनाको रूपमा पर्यटन विकास परिषद्लाई क्रियाशील बनाइनेछ।

रणनीति	कार्यनीति
	२. गौतमबुद्ध अन्तरराष्ट्रिय बिमानस्थलमा पर्यटकीय सूचना केन्द्रको व्यवस्था गरिनेछ। ३. पर्यटन विकासको लागि आवश्यक कानुनी प्रावधानहरू खासगरी नीति नियम तथा निर्देशिकाहरूको व्यवस्था गरिनेछ।
२. प्रदेशमा रहेका पर्यटकीय स्थलहरूको संरक्षण, सम्वर्धन गर्दै आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने।	१. यस प्रदेशमा रहेका १२ ओटै जिल्लाका पर्यटकीय स्थलहरूको संरक्षण गरी लुम्बिनी आएका पर्यटकलाई यस प्रदेशका अन्य स्थानहरूमा आकर्षित गरिनेछ। २. यस प्रदेशका सबै जिल्लाहरूमा रहेका ताल, मठ, विहार, चैत्य, गुम्बा, मस्जिद लगायतका आस्थाका केन्द्रका रूपमा रहेका धार्मिकस्थल र ऐतिहासिक दरवार, कोट, किल्ला समेतका सम्पदालाई आधार बनाएर पर्यटकीय स्थलहरूको संरक्षण तथा विकासको लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ। ३. यस क्षेत्रका प्रमुख धार्मिकस्थलहरू तथा तीर्थस्थलहरूको विकास गरी धार्मिक पर्यटन प्रबर्धन गरिनेछ। ४. रूकुम र रोल्पा जिल्लाहरूमा पर्यटन प्रबर्धन गर्न गुरिल्ला मार्ग, युद्ध संग्रहालय, यार्शा मार्गहरू अन्वेषण निर्माण तथा सञ्चालन गरिनेछ। ५. युद्ध शैली, प्रविधि तथा सञ्चालन प्रशिक्षण केन्द्रहरू जगेर्ना गरी यससम्बन्धी पर्यटन प्रवर्धन गरिनेछ।
३. पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने।	१. गौतम बुद्धको जन्मस्थल लुम्बिनी, प्राचीन कपिलवस्तु, मावली देवदह, अस्तुधातु रहेको रामग्राम, नारायणी नदीको ठाडीघाट लगायत बुद्धसँग सम्बन्धित ठाउँहरूलाई बुद्ध

रणनीति	कार्यनीति
	सर्किटको रूपमा विकास र प्रभावकारी ढंगले प्रचारप्रसार गरिनेछ। २. हिन्दु तथा मुस्लिम मठ, मन्दिर, मस्जिद आदि स्थलहरूमा मेलाको आयोजन गरिनेछ। ३. लुम्बिनीको पर्यटन प्रवर्धनको लागि डिजिटल प्लेटफर्मको विकास गरिनेछ। ४. सांस्कृतिक पर्यटन प्रबर्धन गर्न सांस्कृतिक महोत्सब आयोजना गरिनेछ। ५. राष्ट्रिय एवम् अन्तरराष्ट्रिय स्तरमा पर्यटकीयस्थल तथा गन्तब्यको सूचना तथा प्रचारप्रसारको लागि नेटवर्किङ गरिनेछ। ६. प्रदेश भित्रने नाकामा व्यावसायिक रूपमा स्थानीय तहको सहकार्यमा पर्यटन सूचना केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।
४. पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने।	१. पर्यटन उद्योगलाई चाहिने वस्तु तथा सेवाहरू आन्तरिक रूपमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ। २. अर्गानिक खाद्यान्न , तरकारी, फलफूल, दूध, मासु र माछा उत्पादन गर्ने फर्महरूलाई होमस्टेसँग जोडी कृषि पर्यटन संचानल गर्न प्रोत्साहित गरिनेछ। ३. पर्यटन क्षेत्रको लागि चाहिने जनशक्ति उत्पादन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ। ४. गौतमबुद्धसँग सम्बन्धित पर्यटकीय क्षेत्रहरू जोड्ने गरी पर्यटकीय बस सञ्चालन गरिनेछ। ५. थारू र मगर संस्कृतिलाई प्रबर्धन गर्दै थारू र मगर

रणनीति	कार्यनीति
	बस्तीहरूमा होमस्टे सञ्चालन गर्न सहयोग गरिनेछ। ६. माटो, धातु, काठ तथा प्रस्तरका बुद्धमूर्ति निर्माणका लागि स्थानीय युवायुवतीलाई तालिमको आयोजना गरिनेछ। ७. पर्यटक पथप्रदर्शकका लागि तालिम प्रदान गरिनेछ।
५. नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको विकास गर्ने।	१. संग्रहालय, उद्यान, इकोभिलेजहरू, मनोरञ्जनस्थल तथा हिमाल अवलोकन केन्द्र निर्माण गरी आन्तरिक र बाह्यपर्यटकलाई आकर्षित गरिनेछ। २. उपयुक्त ठाउँहरूमा हिलस्टेसनहरू निर्माण गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरिनेछ। हिल स्टेसन भएकामा पर्यटकका लागि स्टे गर्न सक्ने पूर्वाधार तयार गरिनेछ। ३. पहाडी र हिमाली जिल्लाहरूमा भएका तातोपानीका मुहानहरूलाई संरक्षण र संबर्धन गर्दै स्वास्थ्य पर्यटनको विकास गरिनेछ। ४. लुम्बिनी प्रदेशमा भएका रमणीय डाँडाहरूलाई पर्यटन डाँडाको रूपमा विकास गरिनेछ।
६. स्थानीय समुदायमा पर्यटन व्यवसायसम्बन्धी सीप र दक्षता अभिवृद्धि गर्ने।	१. पर्यटन प्रबर्धन गर्न स्थानीय समुदायलाई पर्यटन मैत्री बनाउन आवश्यक तालिम र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छन्। २. स्थानीय कला र संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्दै पर्यटकलाई आकर्षित गर्ने माध्यम बनाइनेछ। ३. पर्यटन व्यवस्थापनसम्बन्धी उच्च शिक्षा तथा तालिम सञ्चालन गर्न चाहने सामुदायिक संघसंस्थालाई सहयोग गरिनेछ।

रणनीति	कार्यनीति
७. पर्यटन विकासको लागि अन्तरप्रदेश तथा अन्तरनिकायसँग सहकार्य गर्ने।	१. छिमेकी प्रदेशसँग पर्यटन प्रवर्धन गर्न सहकार्य गरिनेछ। २. पर्यटन विकासका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।

५. अपेक्षित उपलब्धि

योजना अवधीमा पर्यटकीय पूर्वाधारको विकास भएको हुने, लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान वृद्धि भएको हुने तथा नेपालमा आउने बाह्य पर्यटकको लागि लुम्बिनी प्रदेश प्रमुख गन्तब्यको रूपमा विकास भएको हुनेछ।

परिच्छेद ५

सामाजिक क्षेत्र

५.१ शिक्षा

१. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकको शिक्षाको मौलिक हक सुनिश्चित गर्दै (धारा ३१) आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई (अनुसूची ८; बुँदा ८) र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेशलाइ (अनुसूची ६; बुँदा ८) दिएको छ। तीनै तहको साझा सूची (अनुसूची ९; बुँदा २) हेर्दा पनि शिक्षा क्षेत्रलाई एक संवैधानिक दायित्व बनाईको देखिन्छ। प्रदेश सरकारले माथि संघीय सरकार र तल स्थानीय तहको सरकारसँग एक सहकार्यको सिद्दान्तबाट निर्देशित भएर शिक्षासम्बन्धी नीति कार्यक्रम र योजना तथा रणनीति बनाउनुपर्ने हुन्छ।

दिगो विकासको लक्ष्य ४ ले समावेशी र समान गुणस्तरीय शिक्षाका साथै सबैलाई जीवनभर अध्ययनको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ। दिगो विकासका लक्ष्यका लागि लैंगिक विभेदरहित बालविकास देखि गुणस्तरीय, प्राविधिक, व्यवसायिक र उच्च शिक्षा उपलब्ध हुनुपर्ने आवश्यकता छ। शिक्षा क्षेत्र आफैमा बहुआयामिक विषय बोकेको र विकासको प्राथमिक मुद्धा भएको हुँदा यसले दीर्घकालीन रूपमा अन्य अर्थ राजनीतिक र सामाजिक क्षेत्रहरूलाई पनि प्रभाव पार्दछ। यस कुरालाई दृष्टिगत गर्दै लुम्बिनी प्रदेशले आफ्नो रणनीतिक योजनाहरूमा शिक्षा क्षेत्रलाई जोड दिनु जरुरी छ।

२. प्रमुख समस्या

यस प्रदेशमा १२ जिल्ला र कुल १०९ स्थानीय तहहरू रहेकाले सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहुँच सुनिश्चित गर्न र शैक्षिक उपलब्धिलाई पनि अपेक्षा गरिए मुताविक सुधार गर्न नसक्नु; घरदेखि विद्यालय तथा विश्वविधालयसम्म अनुसन्धान तथा सिकाइमैत्री वातावरणको अभाव हुनु; विद्यालय छाड्ने दर उच्च हुनु; गुणस्तर कमजोर हुनु; प्राविधिक, उद्यमशील तथा नैतिकवान शिक्षाको कमी हुनु; सिकाइ विधि परम्परागत हुनु; शैक्षिक सुशासनमा कमी रहनु ; सामुदायिक स्तरमा उच्च प्राविधिक शिक्षालयहरू खोल्न नसकिनु; एवम् सीमान्तकृत, लोपोउन्मुख, पिछडिएका र

विपन्न समुदायका बालबालिका शिक्षाको मूलप्रवाहमा अझै आउन नसक्नु प्रमुख समस्याका रूपमा रहेका छन्।

३. चुनौती र अवसर

सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहुँच विस्तार गर्नु एवम् शैक्षिक क्षेत्रलाई योजनाबद्ध रूपमा सुधार गर्दै लैजानु चुनौतीको रूपमा रहेको छ।

वास्तवमा विद्यालय शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारमा र प्राविधिक शिक्षा र उच्च शिक्षाको व्यवस्थापन प्रदेश सरकारको अधिकार क्षेत्रमा आएको र शिक्षा हासिल गर्नेतर्फ मानिसहरूको जागरुकता बढ्नु अवसरको रूपमा रहेको छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, जुझारु र उत्पादनशील जनशक्तिको विकास गर्नु।

लक्ष्य

प्रतिष्पर्धी, रोजगारमुलक, स्वाबलम्बी, नवप्रर्वधनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मुल्यप्रति संवेदनशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान र नैतिकवान नागरिक तयार गर्ने।

उद्देश्य

१. शिक्षा (पद्दति, पाठ्यक्रम र पेडागोजी) को गुणस्तरीयता वृद्धि गर्ने।

२. स्थानीय तहसँगको समन्वयमा समग्र शिक्षा क्षेत्रमा सुशासन प्रवर्धन गर्ने।

३. बजारको मागअनुसारको दक्ष जनशक्तिको उत्पादन अभिवृद्धि गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वर्तमान शिक्षा प्रणालीलाई बजारको माग, उत्पादन र	१. रुपान्तरणकारी प्रदेश शिक्षा नीति तर्जुमा गरी शिक्षासम्बन्धी ऐन, नियम, कार्यविधि र निर्देशिकाहरूको निर्माण गरी

रणनीति	कार्यनीति
उद्दमसँग जोडेर प्राविधिक तथा व्यवसायिक शिक्षामा रुपान्तरण गर्ने।	कार्यान्वयन गरिनेछ। २. शैक्षिक सुशासन कायम गरिनेछ। ३. प्रदेश परीक्षा बोर्ड, प्रदेश शैक्षिक सामग्री विकास केन्द्र र प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको स्थापना गरिनेछ। ४. प्रादेशिक शैक्षिक सूचना प्रणालीको विकास गरी शैक्षिक तथ्याङ्क व्यवस्थित गरिनेछ। ५. स्थानीय तहको शिक्षासम्बन्धी नीति निर्माणमा प्राविधिकरूपले सहयोग गरिनेछ।
२. विद्यालय छाड्ने दरलाई घटाउँदै लगी विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य सम्पन्न गर्ने व्यवस्था गर्ने।	१. माध्यमिक तहसम्मको शिक्षा अनिवार्य गर्नको लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।
३. शिक्षामा सबैको पहुँच एवम् गुणस्तर अभिवृद्धि गर्ने।	१. लैंगिक समावेशिता, पिछडिएका जाति/समुदाय र क्षेत्रका विद्यार्थीको मूलप्रवाहीकरण र मुक्त कम्लहरी र तिनमा आश्रित विद्यार्थीका लागि "समावेशी शिक्षाः प्रदेश सरकारको प्राथमिकता" र "छोरीलाई शिक्षाः समृद्धिको यात्रा" जस्ता कार्यक्रमहरू लागु गरिनेछ। २. शैक्षिक पूर्वाधारको विस्तार, प्रविधिको उपयोग तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
४. निजी शैक्षिक संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व बहन गराउने।	१. शैक्षिक संस्थाहरूको नियमन तथा अनुगमनका लागि स्थानीयतहसँग सहकार्य गरिनेछ।
५. आवश्यकताअनुसार नयाँ विश्वविद्यालयहरूको स्थापना गर्ने।	१. आवश्यकताअनुसार विभिन्न प्राविधिक क्षेत्रहरूसँग सम्बन्धित विश्वविद्यालयहरूको स्थापना गरिनेछ। २. विद्यमान एवम् आगामी दिनमा स्थापना गरिने विश्वविद्यालयहरूमा सुविधासम्पन्न अनुसन्धान केन्द्रहरूको स्थापना गरिनेछ। ३. सामुदायिक क्याम्पसहरूलाई तिनीहरूको प्रकृतिअनुसार

रणनीति	कार्यनीति
	प्रादेशिक विश्वविद्यालयहरूको मातहत ल्याई उच्च शिक्षालाई अनुसन्धानमूलक, व्यवसायिक र व्यवस्थित गरिनेछ।

५. अपेक्षित उपलब्धि

दीर्घकालीन रणनीतिक योजनाको अन्त्यमा यस प्रदेशको १५ वर्षभन्दा माथिका उमेर समुहको साक्षरता दर १०० प्रतिशत पुग्ने, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुन आउने बालबालिका १०० प्रतिशतको हाराहारीमा हुने, कक्षा १-८ को खुद भर्नादर ९९ प्रतिशत पुगेको हुने, कक्षा ९-१२ को ८० प्रतिशत पुगेको हुने, कक्षा १-५ को सिकाइ उपलब्धि ८० प्रतिशतभन्दा माथि र कक्षा १-८ को सिकाइ उपलब्धि ८० प्रतिशतभन्दा माथि पुगेको हुनेछ। प्रदेशस्तरमा आधुनिक र प्राविधिक प्रादेशिक विश्वविद्यालयको स्थापना र सञ्चालन भएको हुनेछ।

५.२ स्वास्थ्य

१. पृष्ठभूमि

नागरिकलाई स्वास्थ्यसम्बन्धी आधारभूत सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो। नेपालको संविधानले स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नुका साथै स्वास्थ्यलाई संघ, प्रदेश र स्थानीय सरकारहरूको साझा अधिकारको सूचीमा राखिएको छ। पछिल्ला वर्षहरूमा स्वास्थ्य चेतना र सेवाको विस्तार हुँदै गएको छ। स्वास्थ्य सेवाका सूचकका रूपमा रहेका अपेक्षित औसत आयु, मातृ मृत्युदर र बाल मृत्युदरमा सुधार हुँदै गएको छ।

स्वास्थ्य सेवा विभागको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदनअनुसार यस प्रदेशमा ३० वटा सार्वजनिक अस्पताल, २८ प्राथमिक स्वास्थ्य केन्द्र, ५६९ स्वास्थ चौकी, १६८ निजीस्तरमा सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरू रहेका छन्। ९८ प्रतिशत महिलाले गर्भावस्थामा कम्तिमा एक पटक स्वास्थ्य परीक्षण गराएको, ७५ प्रतिशत महिलाले प्रोटोकलसम्बन्धी गर्भावस्थामा चार पटक नै परीक्षण गराएको एवम् दक्ष प्राविधिकबाट सुत्केरी गराउने महिला ७७ प्रतिशत रहेको छ। स्वास्थ्य संस्थाहरूको संख्यात्मक उपस्थिति राम्रै रहे पनि जटिल रोगका उपचारको लागि अन्यत्र जानुपर्ने बाध्यता रहृदै आएको छ। अर्कोतर्फ ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरू सामान्य उपचारका लागि पनि शहर झर्नुपर्ने बाध्यता रहेको छ।

२. प्रमुख समस्या

आवश्यकतासम्बन्धीका दक्ष जनशक्तिको पूर्तिहुन नसक्नु, नसर्ने रोगहरूको बढोत्तरी, मलेरिया र कुष्ठरोगको अन्त्य हुन नसक्नु, पूर्वाधारको अभाव, स्वास्थ्य सेवा सेवामुलकभन्दा पनि नाफामुलक सिद्धान्तबाट प्रेरित हुनु, प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई विस्तार गर्न नसक्नु, निःशुल्क वितरण गरिने औषधीको समयमै पूर्तिहुन नसक्नु, जिल्लास्तरमा गुणस्तरीय प्रयोगशाला तथा सुविधा सम्पन्न अस्पतालको अभाव, स्वास्थ्य बीमा कार्यक्रमलाई विस्तार गर्न नसक्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमनको व्यवस्था नहुनु स्वास्थ्य क्षेत्रमा प्रमुख समस्याका रूपमा रहेका छन्।

३. चुनौती र अवसर

नागरिकहरूलाई सर्वसुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, दुर्गम जिल्लाहरूमा दक्ष चिकित्सकहरूको आकर्षक नहुनु तथा निजी स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन हुन नसक्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

बजारमा दक्ष स्वास्थ्यकर्मीको उपलब्धता, नागरिकमा स्वास्थ्य सेवाको महत्वबारे जनचेतना बढ्दै जानु, प्रदेशका सुविधासम्पन्न रेफरल अस्पतालको स्थापना हुनु, मेडिकल कलेज सञ्चालनमा रहनु, आधारभूत स्वास्थ्य संस्थाहरूको व्यवस्थापन तथा सञ्चालन स्थानीय तहमा हस्तान्तरण हुनु अवसरको रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

सोच

गुणस्तरीय तथा भरपर्दो स्वास्थ्य सेवाको विकास गर्ने।

लक्ष्य

स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने।

उद्देश्य

१. स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्दै आमनागरिकको पहुँच पुर्याउने।
२. स्वास्थ्य संस्थाहरूको क्षमता विस्तार गर्ने।

३. नागरिकहरूमा स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

४. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विस्तार गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने।	१. आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको मौलिक हकको कार्यान्वयन गर्न आगामी १० वर्षभित्र सबै सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरूमा ओपिडी र जनरल बेड सेवा निशुल्क गरिनेछ। २. प्रदेशबाट प्रदान गरिने स्वास्थ्य सेवाको सूचनालाई डिजिटल प्रणाली (digital database) मार्फत "एकीकृत स्वास्थ्य सूचना प्रणाली" को रूपमा विकास गरिनेछ। ३. अति गरिब, विपन्न, बेवारिसे, अनाथ, ज्येष्ठ नागरिक र असहायलाई प्रमाणका आधारमा सबै प्रकारका स्वास्थ्य उपचारको व्यवस्था निःशुल्क गरिनेछ। ४. विरामीको चाप रहेका जिल्ला अस्पतालहरूलाई क्षमता विस्तार र सेवाको गुणस्तर सुधार गर्दै स्वास्थ्य संस्थाहरूमा दरबन्दीसम्बन्धी दक्ष स्वास्थ्य जनशक्ति उपलब्ध गराइनेछ। ५. ग्रामीण क्षेत्रमा बर्थिङ सेन्टरहरूको विस्तार तथा गुणस्तर सुधार; स्वास्थ्य शिबिरहरू सञ्चालन; महिला स्वयमसेविकाहरूको क्षमता अभिवृद्धि र प्रोत्साहन; र प्रजनन स्वास्थ्य, परिबार नियोजन, सुरक्षित मातृत्व, गर्भपतन, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ। ६. जिल्लाहरूमा संकट व्यवस्थापन केन्द्रसहित मानसिक स्वास्थ्य व्यवस्थापनका लागि प्रादेशिक मानसिक अस्पताल र मनोपरामर्श सुविधा उपलब्ध गराइनेछ। ७. स्वास्थ्य बीमालाई प्रभावकारी ढंगले सञ्चालन गरी स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ। ८. स्थानीय तहको सहकार्यमा विशेष र रणनीतिक ठाउँ/ अस्पतालहरूमा सर्पदंश र रेविज उपचारको व्यवस्था गरिनेछ। ९. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन प्रभावकारी

रणनीति	कार्यनीति
	नियमनका लागि स्वास्थ्य सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। १०. जिल्लास्थित अस्पतालहरूमा शववाहनको उपलब्धता गराइनुको साथै व्यवस्थित शवगृहको व्यवस्था गर्ने नीति लिइनेछ। ११. स्थानीय तहको सहकार्यमा माध्यमिकस्तरका विद्यालयमा एक जना नर्स अथवा स्वास्थ्य सहायकको व्यवस्था गरिनेछ। १२. परिवार नियोजनको जानकारी तथा सेवाको सहज उपलब्धताका लागि लागतसहित योजना बनाई लागु गरिनेछ। १३. किशोर किशोरीहरूलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य/ वृहत यौनिकतासम्बन्धी शिक्षा उपलब्ध गराउने व्यवस्था गरिनेछ। १४. लागु औषधी जस्ता दुर्व्यसनी कम गर्न जनचेतना अभिवृद्धिका साथै सुधार केन्द्रहरू सञ्चालनमा सहयोग गरिनेछ।
२. स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने।	१. लुम्बिनी प्रादेशिक अस्पताललाई मुलुककै नमुना अस्पताल र प्रादेशिक मेडिकल कलेज (आ.व. २०८१/८२) मा बनाइने र त्यसलाई स्तरोन्नति गर्दै आव २०८४/८५ मा प्रादेशिक स्वास्थ्य विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ। २. यस प्रदेशका ठूला अस्पतालहरूको गुणस्तर सुधार र क्षमता विस्तार गरी विशेषज्ञ सेवा उपलब्ध गराइनेछ। ३. आन्तरिक र बाह्य दुवै प्रकारका पर्यटक आकर्षण गर्न र विशुद्ध धार्मिक भावनाले भगवान बुद्धको जन्मस्थल पवित्र लुम्बिनी क्षेत्रमा (लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही) बर्थिंग सेन्टर (जन्म घर) र मानव सेवा मैत्री आश्रम (बेसहारा बाल-बालिका, वृद्ध र अन्य असहाय मानिसहरूको लागि) निर्माण गरी सञ्चालनमा ल्याइनेछ। ४. सडक दुर्घटना कम गर्न सचेतना बढाउनुको अतिरिक्त घाइतेहरूको उपचारको लागि प्रादेशिक ट्रमा सेन्टर स्थापना गरिनेछ। ५. अस्पताल विकास समिति तथा स्वास्थ्यसँग सम्बन्धित व्यवसायिक परिषद्हरूलाई सक्षम तथा जवाफदेही बनाइनेछ। ६. स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिहरूको अधिकतम प्रयोग गरिनेछ।

रणनीति	कार्यनीति
	गम्भीर प्रकृतिका रोगहरू लागेका व्यक्तिलाई उपचारमा सहुलियत प्रदान गरिनेछ। ७. जिल्लास्तरसम्म मृगौला डायालिस सेवा विस्तार गरिनेछ। ब्लड बैंक विस्तार गर्दै निःशुल्क रगत उपलब्ध गराउँदै जाने नीति लिइनेछ। ८. थारू बस्तीहरू भएका जिल्ला अस्पतालहरूमा सिकलसेलको परीक्षण, जनचेतना अभिवृद्धि र उपचार हुने व्यवस्था साथै थालेसिमिया रोगको उपचारको लागि पनि जोड दिइनेछ। ९. स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक-एक योग साधना केन्द्र र प्राकृतिक चिकित्सा सेवा सञ्चालन गरिनेछ। १०. महामारी र संक्रामक रोगजस्ता स्वास्थ्यसँग सम्बन्धित विपद सामना गर्न प्रदेशस्तरीय प्रतिकार्य केन्द्र स्थापना गरिने र त्यसलाई आवश्यकतासम्बन्धी प्रदेशका १२ वटा जिल्ला र सबै १०९ पालिकाहरूमा समेत सक्रिय हुने गरी तयारी योजना गरिनेछ। ११. घर, समुदाय, कार्यस्थल, कारखाना, अस्पताल आदिबाट निस्कने फोहरको व्यवस्थित र वैज्ञानिक व्यवस्थापन (फोहोरको वर्गीकरण, प्रदुक्षणको निर्मलीकरण र रि-साईक्लींग) गरिनेछ।
३. वैकल्पिक चिकित्सा पद्धतिको अवलम्बन तथा प्रवर्धन गर्ने।	१. आयुर्वेदिक चिकित्सा लगायतका अन्य बैकल्पिक पद्धतिहरूको प्रवर्धन गरिनेछ। २. वैकल्पिक चिकित्सा पद्धतिका लागि आवश्यक पर्ने सामग्रीको उत्पादन एवम् आपूर्ति वृद्धि गरिनेछ। ३. होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा प्रणाली तथा अन्य चिकित्सा प्रणालीको संरक्षण, विकास एवम् विस्तार गरिनेछ।
४. गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्री उपलन्ध हुने व्यवस्था गर्ने।	१. "घरको भान्सा र होटेलको किचनदेखि नै स्वास्थ्य सुधारौं", आहार विहारमा गरौं विचार, यही नै हो अमुल्य उपचार" लगायतका उत्प्रेरणामुखी कार्यक्रमहरू प्रत्येक वर्ष प्रादेशिक सरकार र सबै स्थानीय तहले लागु गरिनेछ। २. स्थानीय तहको सहकार्यमा नियमित बजार अनुगमन गर्ने व्यवस्था गरी गुणस्तरीय खाद्य वस्तुको आपूर्ति सुनिश्चितता गरिनेछ।

रणनीति	कार्यनीति
	३. न्यून आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरूलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ। ४. बालबालिका र सुत्केरी, गर्भवती आमाहरूलाई विभिन्न प्रकारका खोप र सरसफाइसम्बन्धी जानकारीका साथै षोषणयुक्त खाना र आहारविहारको सवालमा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। ५. होचोपन, पुड्कोपन, दुब्लोपन, कुपोषण, मोटोपन, मानसिक स्वास्थ्य आदिका लागि मनो-सामाजिक परामर्श र पोषण परामर्शसम्बन्धी विशेष कार्यक्रम लागु गरिनेछ।

५. अपेक्षित उपलब्धि

स्वास्थ्य सेवाको सहज पहुँच बढेर दिगो विकासका लक्ष्य हासिल भएको हुनेछ। सुविधासम्पन्न ट्रमा सेन्टरको स्थापना, अस्पतालहरूमा विशिष्टकृत स्वास्थ्य सेवाको उपलब्धता, प्रत्येक स्थानीय तहमा आधारभूत सेवासहितको अस्पतालको सञ्चालन तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान र स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि उचित संस्थागत र नीतिगत व्यवस्था भएको हुनेछ।

५.३ ज्येष्ठ नागरिक र अपाङ्गता

१.पृष्ठभूमि

ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूलाई राज्यको संरक्षण आवश्यक पर्दछ। राष्ट्रिय स्तरमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ र नियमावली २०६५ कार्यन्वयनमा रहेको छ, जसको दफा २ ले साठी वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई ज्येष्ठ भनि परिभाषित गरेको छ। समाज परिवर्तनसँगै संयुक्त परिवारको संस्कार हराउँदै जाँदा ज्येष्ठ नागरिकहरूलाई रेखदेख गर्ने प्रचलन घट्दै गएको छ। नेपाल सरकारको सामाजिक सुरक्षा व्यवस्थाले केही हदसम्म ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूलाई संरक्षण प्रदान गरेको छ।

२०६८ को जनगणनाअनुसार नेपालमा २४ लाख ६९ हजार मानिस ६० वर्ष माथिका छन्। यो नेपालको कुल जनसंख्याको झन्डै नौ प्रतिशत हो। जनगणना २०६८ अनुसार १.६ प्रतिशत महिला र २.२ प्रतिशत पुरुष गरी कुल जनसंख्याको १.९ प्रतिशत अपाङ्गता भएका मानिसहरू रहेका छन्

जुन राष्ट्रिय औसतकै हाराहारी हो। त्यस्तै, यस प्रदेशको कुल जनसंख्याको १.५ प्रतिशत (करिब ६८ हजार मानिसहरू) ७५ वर्षभन्दा माथिका रहेका छन्।

२. प्रमुख समस्या

ज्येष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरूको उचित स्याहार सुविधाको अभाव, अपाङ्गमैत्री भौतिक संरचनाको अभाव, अपाङ्गहरूको अन्तरनिहीत क्षमता विकासको कमी, अपाङ्गता भएका विद्यार्थीहरूको लागि उचित शिक्षादीक्षाको प्रबन्ध हुन नसक्नु जस्ता समस्याहरू रहेका छन्। ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहयोग सुविधा पुर्याउन वित्तीय स्रोतको अभाव रहनु र आवश्यक भौतिक सुविधा एवम् हेरविचार गर्ने जनशक्ति व्यवस्थापन नहुनु समस्याको रूपमा रहेको छ।

३. चुनौती र अवसर

ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको स्याहारको कार्यवोझले गर्दा परिवारिक आय आर्जनमा समस्या तथा अपाङ्गता भएका व्यक्तिको क्षमता विकासमा पर्याप्त ध्यान दिन नसक्नु प्रमुख चुनौतीको रूपमा रहेका छन्।

ज्येष्ठ नागरिक र अपाङ्गहरूप्रति सम्मान र सेवा भाव अनि बढ्दो जनचेतना, हाम्रो समाजको करुणा मैत्री सांस्कृतिक संरचना, ज्येष्ठ नागरिकका लागि वृद्धाश्रम र अपाङ्गहरूको लागि अपाङ्ग सहयोग केन्द्रहरू स्थापना र सञ्चालन तथा प्रविधिको सहयोगले ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक उपार्जनमा लगाउन सकिने अवसरहरू रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

सोच

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक न्याय कायम गर्दै सम्मानजनक जीवनयापन गर्न सक्ने वातावरण सिर्जना गर्नु।

लक्ष्य

समाजमा भेदभाव रहित, सम्मानजनक र सहज ढंगले जीवनयापन गर्ने वातावरण तयार गर्नु।

उद्देश्य

१. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापन सहज बनाउने।
२. सामाजिक न्याय कायम हुने गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू लागु गर्ने।
३. अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास र आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्वक जीवनयापनका लागि वातावरण तयार गर्ने।	१. स्थानीय तहको समन्वय र सहकार्यमा यस प्रदेशका ज्येष्ठ नागरिकको लगत तयार पारी उनीहरूको वर्तमान अवस्थाको बारेमा अध्ययन गरिनेछ। ज्येष्ठ नागरिकको लागि सार्वजनिक, निजी, साझेदारी वा सामाजिक संस्था तथा स्थानीय तहहरूसँग सहकार्य गरी प्रत्येक पालिकामा कम्तीमा एउटा वटा ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन गरिनेछ। २. ज्येष्ठ नागरिकहरूलाई सरकारी अस्पतालहरूमा निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ। ३. सिपमूलक तालिमहरूको व्यवस्था गरी रोजगारी र स्वरोजगारीमा अपाङ्गता भएका मानिसहरूलाई प्राथमिकता दिएर सशक्तीकरण गरिनेछ। ४. ज्येष्ठ नागरिकलाई अनिवार्य, नियमित र निःशुल्क स्वास्थ्य परीक्षण र परामर्श सेवा सञ्चालन गरिनेछ। ५. अपाङ्गता भएका व्यक्तिहरूलाई जीवन निर्वाहका लागि सामाजिक सुरक्षाका कार्यक्रममा समेटिनेछ। ६. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा तथा संरक्षण गर्नको लागि स्थानीय सरकारसँगको समन्यवयमा कानुन बनाई लागु गरिनेछ।

५. अपेक्षित उपलब्धि

रणनीतिक योजनाको अन्त्यसम्ममा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षालाई कानूनी र व्यवहारिक दुवैरूपले प्रत्याभूत भएको हुनेछ। त्यस्ता व्यक्तिहरूले पनि घर तथा समुदायमा सम्मानपूर्वक बाँच्न पाउने अवस्था सिर्जना भएको हुने र क्षमतासम्बन्धी अर्थतन्त्रमा योगदान दिएका हुनेछन्।

५.४ महिला विकास तथा सशक्तीकरण

१. पृष्ठभूमि

नेपालको संविधानले समतामूलक समाज निर्माण गर्नको लागि महिलाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। प्रदेश सरकारले महिला हक अधिकारको प्रत्याभूति गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सशक्तीकरणका माध्यमबाट लैङ्गिक हिंसा तथा भेदभाव अन्त्य गर्ने, एकल महिलाहरूको संरक्षण र क्षमता आभिवृद्धि गरी जीवनस्तर सुधार गर्ने नीति लिएको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनसम्बन्धी लुम्बिनी प्रदेशमा कुल ५१,२४,२२५ जनसंख्या रहेको छ जसमा पुरुष २४,५७,४८४ र महिला २६,६६,७४१ छन्। पुरुषको भन्दा महिलाको जनसंख्या २,०९,२५७ ले बढी छ भने जनसंख्या वृद्धिदर १.२५ रहेको छ जुन राष्ट्रिय जनसंख्या वृद्धिदर ०.९३भन्दा बढी हो।

२. प्रमुख समस्या

समाजको पितृसतात्मक सोच, सामाजिक, आर्थिक, साँस्कृतिक गतिविधिहरूमा महिलाको अर्थपूर्ण सहभागिता हुन नसक्नु, महिला हिंसा विद्यामान हुनु, कानून कार्यान्वयन पक्ष कमजोर हुनु, हिंसा पीडितहरूका लागि सुरक्षित आश्रयस्थलहरू पर्याप्त मात्रामा नहुनु, लैङ्गिक रूपमा खण्डीकृत तथ्याङ्कको कमी र बेचविखन तथा ओसारपसारको उच्च जोखिममा रहनु, समान कामको समान ज्याला नहुनु, पैतृक सम्पत्तिमा व्यवहारिक रूपमा समान हक नहुनु जस्ता समस्याहरू महिला क्षेत्रमा विद्यमान छन्।

३. चुनौती र अवसर

विभेदरहित समाज निर्माण गर्नु, महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, लैङ्गिक हिंसा र भेदभावको अन्त्य गर्नु, परम्परागत सोच र अन्धविश्वासको अन्त्य गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

संवैधानिक रूपमा महिलाको हक स्थापित हुनु एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा हस्ताक्षर गर्नु, आर्थिक क्रियाकलापमा सहभगिता बढ्नु, शैक्षिक स्तरमा सुधार हुनु प्रमुख अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

लैङ्गिक विभेदरहित समाज निर्माण गर्नु।

लक्ष्य

समान अवसर र लैङ्गिक समावेशिताको मध्यमवाट विभेदको अन्त्य गर्नु ।

उद्देश्य

१. लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि लैङ्गिक हिंसामुक्त प्रदेशको अवधारणाअनुरूप नीति कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु।
२. स्थानीय तहसँगको सहकार्यमा महिला हक, हित, सशक्तीकरण र मूलप्रवाहिकरणको लागि नीतिगत व्यवस्था र कार्यक्रमहरू सञ्चालन गर्नु।
३. महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्नु।
४. लैङ्गिक हिंसा, भेदभावको अन्त्य गरी महिला अधिकार सुनिश्चित गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. समतामूलक समाज निर्माणको लागि महिला सहभागिता बढाउने।	१. सशक्तीकरण तथा चेतनामूलक कार्यक्रममार्फत् कानून प्रदत्त अवसर उपभोग गर्ने वातावरण सिर्जना गरिनेछ । २. महिला सहभागीता बढाउनको लागि क्षमता विकास,

रणनीति	कार्यनीति
	उद्यमशीलता तथा रोजगारी लाई प्रोत्साहन दिइनेछ । ३. कानून कार्यान्वयनको माध्यमबाट लैंगिक हिंसा अन्त्य गरिनेछ।
२. आधारभूत स्वास्थ्य, शिक्षा सुनिश्चित गरी महिलाको आय आर्जन अभिवृद्धि गर्ने।	१. आर्थिक हैसियत कमजोर भएका महिलाहरूलाई सिपमूलक व्यवसाय सञ्चालन र व्यवस्थापनमा आवश्यक सहयोग गरी आर्थिक सामाजिक विकासका रुपान्तरणकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ। २. दलित तथा विपन्न वर्गका महिला, अल्पसंख्यक, आदिवासी जनजाति, सोनाहा जाती, एकल तथा अपांगता भएका महिला, वादी, मुक्त कम्लहरी र मुस्लिम महिला जस्ता बन्चितीमा परेकाहरूलाई विशेष जोड दिदैं विभिन्न निकायहरूसँगको सहकार्यमा सिप तथा क्षमता विकास गरी रोजगारीका अवसर मिलाइनेछ। ३. शिक्षा र स्वस्थ्यको पहुँच अभिवृद्धि गर्न विशेष नीति वनाई कार्यन्वयन गरिनेछ।

५. अपेक्षित उपलब्धि

रणनीतिक योजनाको अन्त्यसम्ममा सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि भएको हुने, हिंसाका घटनामा कमी भएको हुने, महिलाहरूको सिप विकास भई आर्थिक क्रियाकलापमा पहुँच हुनेछ।

५.५ बालबालिका

१.पृष्ठभूमि

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेअनुरूप प्रदेश सरकारले बालमैत्री स्थानीय शासनलाई प्रोत्साहन गर्ने नीति लिएको छ। स्थानीय तहहरूले बालमैत्री वातावारण निर्माण गर्नको लागि आफ्नो क्षेत्रमा बालक्लब तथा सञ्जाल गठन गरी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरेका छन्।बालबालिकाको स्वास्थ्य, शिक्षा र सामाजिक संरक्षणमा लगानी गरी मानवीय पूँजी निर्माण गर्न सकिन्छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक

नतिजासम्बन्धी लुम्बिनी प्रदेशको जनसंख्या ५१,२४,२२५ रहेको (वृद्धिदर १.२५ प्रतिशत) र १९ वर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरू करिब ५० प्रतिशत (२०६८ मा ४७.८ प्रतिशत) रहेका छन्।

२. प्रमुख समस्या

समाजमा बालश्रम, बेचबिखन र बालविवाह विद्यमान रहनु, बालबालिका लक्षित नीति तथा कार्यक्रम प्रभावकारी नहुनु, बालमैत्री संरचना न्यून हुनु, बाल-मैत्री सिकाइ र उत्प्रेरणाको अभाव हुनु, बहुआयामिक गरिबीको कारण विद्यालय छोड्नु पोषणको अभाव हुनु प्रमुख समस्याको रूपमा देखा परेका छन्।

३. चुनौती र अवसर

बालअधिकारको संरक्षण गर्नु, बालश्रम निर्मूल गर्नु, साइवर अपराध तथा कुलत वाट जोगाउनु, बालविवाह, बालयौन दुर्व्यवहारबाट वचाउनु, बालमैत्री संरचनाको निर्माण गर्नु, बालबालिका मैत्री वातावरण निर्माण गर्नु, लागुपदार्थको दुर्व्यसनबाट मुक्त राख्नु चुनौतीको रूपमा रहेका छन्।

न्युन आर्थिक विकासको समयमा पनि मृत्युदर, प्रजनन दर र जनसंख्या वृद्धि दरमा आएको उल्लेखनीय गिरावटका कारण नेपालको जनसांख्यिक अनुभव निकै उत्कृष्ट रहेको छ। यस परिप्रेक्ष्यमा देशको जनसंख्या बृद्ध समाज बन्नुभन्दा पहिला जनसांख्यिक लाभ लिनका लागि हालका बालबालिकामा लगानी गर्ने सीमित अवसर उपलब्ध छ। समाज र अर्थतन्त्रमा योगदान दिनसक्ने स्वस्थ र उर्जाशील जनशक्ति उत्पादन गर्नका लागि बालबालिकामा लगानी गर्नु अत्यन्तै महत्वपूर्ण छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

बालअधिकार सुनिश्चित गर्दै सक्षम नागरिक तयार गर्नु।

लक्ष्य

बालमैत्री शासन प्रवर्धन गर्ने।

उद्देश्य

१. बालमैत्री प्रदेश घोषणा गरी बालहिंसा मुक्त प्रदेशको अवधारणालाई आत्मसाथ गर्नु।
२. बालअधिकारको पूर्ण प्रत्याभूतिका लागि स्थानीय तहसँग समन्वय गर्दै नीतिगत सुधार गर्नु।
३. बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. बालबालिकाको अधिकार सुनिश्चित गर्ने।	१. सबै बालबालिकाहरूको शिक्षा र स्वास्थ्यको सुनिश्चता गरिनेछ। २. न्युन आय भएका परिवारका बालबालिका र विभिन्न कारणले बाबुआमा गुमाएर अनाथ भएका र कठिन अवस्थामा रहेका बालबालिकाहरूको लागि स्थानीय तह र गैरसरकारी संस्थासँगको सहकार्यमा विशेष संरक्षण र पुनर्स्थापनाको व्यवस्था गरिनेछ। ३. बाल सुधारगृह सञ्चालन गरिनेछ। ४. बालगृह, बालसुधार गृह, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा सुरक्षाको प्रबन्ध एवम् बाल विवाह, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानुनी ओसारपसार नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
२. बालबालिकाको विकासका लागि नीतिगत सुधार गर्ने।	१. बालबालिकाको हकहीत संरक्षण गर्न प्रादेशिक कानून तर्जुमा गरी संस्थागत संरचना बनाइनेछ।

५. अपेक्षित उपलब्धि

रणनीतिक योजनाको अन्त्यसम्ममा सहकार्य एवम् समन्वयात्मक रूपमा बालबालिकाको विकास तथा सशक्तीकरण भएको हुने, बालबालिकामैत्री वातावरण सिर्जना एवम् बाल अधिकार संरक्षण भएको

हुने र शिक्षा तथा स्वास्थ्य सेवामा सबै बालबालिकाहरूको पहुँच पुगेको हुनेछ। सबै वडामा ९८३ बालक्लबहरू र स्थानीय तहमा १०९ बाल क्लब सञ्जाल गठन भएको हुनेछ।

५.६ खेलकूद

१. पृष्ठभूमि

खेलकूदको विकास गरी अन्तर्राष्ट्रिय रूपमा मुलुकको परिचय बनाउन प्रदेशले गहन भूमिका खेल्न सक्छ। विभिन्न अध्ययनहरूले पनि के देखाएका छन् भने स्वस्थ नागरिक, सामाजिक सम्बन्ध, मनोरञ्जन र अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको परिचयमा खेलकूदको महत्व रहेको हुन्छ। खेलकूद क्षेत्रको विकासमार्फत् पर्यटन व्यवसायको प्रवर्धन गर्न सकिन्छ। संविधानले खेलकूदलाई संघ र प्रदेशको साझा सूची (अनुसूची ७; बुँदा १९) र तीनै तहको साझा सूची (अनुसूची ९; बुँदा २)मा राखेको छ। प्रदेश सरकारले संघीय सरकार र स्थानीय तहको सरकारसँग सहकार्यको सिद्दान्तबाट निर्देशित भएर खेलकुदसम्बन्धी नीति, कार्यक्रम र योजना निर्माण गर्दछ।

२. प्रमुख समस्या

यस प्रदेशको मुख्य समस्या खेलकूदका लागि दिर्घकालिन नीति, कार्यक्रम र पूर्वाधारको अभाव रहनु हो। खेलकुद विकासको लागि स्रोत विनियोजन न्यून हुनु, निजीक्षेत्रको सहभागिता न्यून रहनु, बालबालिकाको खेलकूद क्षमता पहिचान गर्ने प्रवृत्तिको कमी रहनु र खेलकूदलाई पर्यटन लगायत अन्य आर्थिक गतिविधिसँग जोड्न नसकिनु प्रमुख समस्याहरू हुन्।

३. चुनौती र अवसर

खेलकूद पूर्वाधार विकास गर्न वित्तीय स्रोत जुटाउनु, व्यवसायीकरण गर्नु, खेलकुद विकासका लागि स्थापना भएका संरचनाहरूको संस्थागत विकास गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्नु, विद्यालयतह देखि नै खेलकूद विकासका लागि पर्याप्त वातावरण बनाउनु चुनौतीपूर्ण रहेको छ।

लुम्बिनी प्रदेशमा यसको पूर्वी जिल्लाहरूलाई समेटेर बुटवल/भैरहवा र पश्चिमी जिल्लाहरूलाई समेटेर नेपालगंज क्षेत्रलाई खेलकुदको प्रादेशिक हब बनाउने र त्यसलाई राष्ट्रिय खेलकुदको विकास

योजनासँग जोड्न सकिने प्रचुर सम्भावना छ। जनसांख्यिक लाभलाई उपयोग गर्दै खेलकूदलाई क्रमशः व्यावसायिकरण गर्दै जान सकिने अवसरहरू छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

खेलकूदका माध्यमबाट युवाहरूको व्यक्तित्व विकास गर्दै प्रादेशिक तथा राष्ट्रिय पहिचान निर्माण गर्ने।

लक्ष्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धा गर्ने सक्ने खेलाडीहरू उत्पादन गर्ने।

उद्देश्य

१. प्रदेश र स्थानीय तहहरूमा खेलकूद पूर्वाधारहरूको विकास र व्यवस्थापन गर्नु।
२. युवा र बालबालिकाहरूलाई खेल क्षेत्रमा अवसर सिर्जना गर्दै खेलकूदको समग्र विकास गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. खेलकूद विकासका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्ने।	१. संघीय सरकार र स्थानीय तहको सहकार्यमा सबै पालिकाहरूमा "एक स्थानीय तहः एक खेलकूद संरचना" को सिद्धान्त अवलम्बन गर्दै हरित बेल्टसहित खेलमैदान निर्माण गरिनेछ। यसमा निजी क्षेत्रलाई पनि प्रोत्साहन गरिनेछ। २. प्रदेशमा दुईवटा अन्तर्राष्ट्रिय स्तरका रंगशाला निर्माण गर्ने। ३. प्रदेशस्तरीय रंगशालाहरूलाई क्रमशः स्तरोन्नति गरिनेछ। ४. स्थानीय तहको सहकार्यमा बालबालिकाहरूको खेलकूद क्षमता पहिचान गरी उपयुक्त विधामा प्रशिक्षण तथा अभ्यास गराइनेछ। ५. प्रदेशस्तरमा खेलकूदको विकास तथा व्यवस्थापनका लागि स्थानीय तहसँगको समन्वय र संघीय सरकारको खेलकूद

रणनीति	कार्यनीति
	नीतिसँग सहकार्य गर्दै यस प्रदेशमा कानूनी एवम् संस्थागत व्यवस्था गरिनेछ।
२. प्रदेशस्तरीय खेलकूद प्रतियोगिताहरू सञ्चालन गर्दै खेलाडीहरूको वृत्तिविकास गर्ने।	१. प्रदेशस्तरीय खेलकूद प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन गर्दै आन्तरिक पर्यटन प्रवर्धन गरिनेछ। २. खेलाडीको पहिचान र क्षमता विकास गरी अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरको खेलकूद प्रतियोगितामा बिजयी खेलाडीलाई पुरस्कृत गरिनेछ। ३. लुम्बिनी प्रदेशबाट अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका खेलाडीहरूको रोष्टर तयार गरी निश्चित मापदण्ड बनाई खेलाडीहरूलाई प्रोत्साहन भत्ता, खेल प्रशिक्षण र जीविकोपार्जनको सहयोग उपलब्ध गराइनेछ। ४. डण्डीवियो, कपर्दी, कुस्ती जस्ता परम्परागत मौलिक खेलहरू जगेर्ना गरी प्रवर्धन गरिनेछ। ५. युवा लक्षित कार्यक्रमहरूलाई प्रभावकारी बनाई युवाहरूलाई खेलकूदसँग जोड्ने, खेलकूदलाई स्वास्थ्य, पहिचान, पर्यटन र व्यक्तित्व विकाससँग जोड्ने नीति लिइनेछ।

५. अपेक्षित उपलब्धि

रणनीतिक योजनाको अन्त्यसम्ममा प्रदेशस्तरीय खेलकूदको संस्थागत संरचना निर्माण, नियमित रूपमा खेलकूद प्रतियोगिता भइरहेको हुने, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन र रंगशालाहरू निर्माण भएको हुनेछ।

५.७ भाषा, कला, साहित्य तथा संस्कृति

१. पृष्ठभूमि

बहुभाषिक तथा बहुसांस्कृतिक देश नेपालमा १२५ वटा जातजाति र १२३ भाषा रहेकोमा यस प्रदेशमा १०१ जातजाति र ४४ वटा भाषा बोल्ने मानिसहरूको बसोबास रहेको छ। मुख्य जातजातिको रूपमा रहेका थारू, मगर, नेवार, कुमाल, मुस्लिम, मधेसीहरूको आफ्नो छुट्टै भाषा र

संस्कृति रहेको छ। विविध साहित्य र कलाको दृष्टिकोणले पनि धनी लुम्बिनी प्रदेशमा सांस्कृतिक पर्यटन (cultural tourism) को विकास गर्न समेत सकिन्छ।

२. प्रमुख समस्या

लुम्बिनी प्रदेशको भाषा र कलासम्बन्धी विकास प्रक्रियामा सामाजिक सांस्कृतिक पूँजीको पहिचान र व्यवस्थापन हुन नसक्नु; विश्व सम्पदा सूचीमा रहेको भगवान बुद्धको जन्मभूमि लुम्बिनीको प्रचार प्रसार गरी अपेक्षित रूपमा फाईदा लिन नसक्नु; भाषा, कला, साहित्य र संस्कृतिका विभिन्न आयामहरू र जिल्लागत/ क्षेत्रगत विशेषताहरूलाई विकासका योजनाहरूमा समेट्न नसक्नु; लोपोन्मुख भाषा तथा संस्कृतिको संरक्षण हुन नसक्नु र युवा पिढीमा विदेशी संस्कृति र आधुनिकीकरणको प्रभाव बढ्दै जानु प्रमुख समस्याहरू हुन्।

३.चुनौती र अवसर

भाषा, कला, साहित्य तथा संस्कृतिको जगेर्ना र प्रवर्धनमा पर्याप्त ध्यान नपुग्नु, जनचेतनाको अभाव तथा बाह्य संस्कृतिको प्रभाव न्यूनीकरण गर्न नसक्नु प्रमुख चुनौतीको रूपमा रहेका छन्।

समावेशिता र संघीयताको कारणले भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासको महत्व बढ्दै जानु, भाषा, कला, साहित्य र संस्कृतिको पहिचान जागरण बढ्नु, धार्मिक दृष्टिकोणले आन्तरिक र बाह्य दुवै किसिमका पर्यटन प्रवर्धन गर्न लुम्बिनी क्षेत्र, स्वर्गद्वारी, बागेश्वरी र सुपादेउराली जस्ता प्रसिद्ध स्थानहरू हुनु प्रदेशको विकासका लागि अवसर हो।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षण र विकास गर्ने।

लक्ष्य

सबै भाषा तथा संस्कृतिको जगेर्ना र प्रवर्धन गर्ने।

उद्देश्य

१. भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न सांस्कृतिक ग्राम विकास गर्नु।
२. धार्मिक-सांस्कृतिक पर्यटन प्रवर्धन गर्दै आर्थिक विकाससँग जोड्नु।
३. प्रादेशिक भाषा, साहित्य तथा कला प्रतिष्ठानको स्थापना र सञ्चालन गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. भाषा र संस्कृतिको जगेर्ना र विकास गर्ने।	१. प्राथमिक तहसम्म मातृभाषामा अध्ययन गर्नसक्ने व्यवस्थाका निम्ति नीतिगत र विषयगत सहजीकरण गरिनेछ। २. परम्परागत सांस्कृतिक संरक्षण र लोपोन्मुख भाषाको संरक्षण तथा सम्वर्द्धनका लागि एक प्रादेशिक आयोग गठन गरी निर्देशिका तयार गरिनेछ। ३. कला र साहित्य, भाषा र संस्कृति सम्वर्द्धनको लागि स्थानीय तह, सम्बन्धित रैथाने समुदाय र सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ। ४. भाषा संस्कृतिसम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यवस्था गरिनेछ।
२. साँस्कृतिक सम्पदालाई वाह्य तथा आन्तरिक पर्यटन सँग आबद्ध गर्ने।	१. विविध जातिहरूका मौलिकता संरक्षण गर्न सांस्कृतिक संग्रहालयहरूको निर्माण गरिनेछ। २. होमस्टे सञ्चालनको लागि प्रोत्साहन गरिनेछ। ३. चलचित्र, वृतचित्र, नृत्य एवम् नाटक तयार पारी स्थानीय भाषाभाषी र संस्कृतिको प्रचार प्रसार तथा प्रदर्शन गरिनेछ।
३. प्रादेशिक साहित्य, चलचित्र तथा कलाको नीतिगत र संरचनागत विकास र प्रवर्धन गर्ने।	१. प्रादेशिक साहित्यिक कला प्रतिष्ठान स्थापना गरी प्रदेश योगदान पुरस्कार कोष स्थापना गरिनेछ। २. चलचित्रसम्बन्धी सरोकारवाला र विज्ञहरूको प्रतिनिधित्व सुनिश्चित हुने गरी प्रदेश चलचित्र बोर्डको गठन र सञ्चालन गरिनेछ।

५. अपेक्षित उपलब्धि

प्रादेशिक भाषा, साहित्य र कलाको संरक्षण, प्रादेशिक भाषा, साहित्य र कला प्रतिष्ठान स्थापना, प्रादेशिक चलचित्र बोर्डको सञ्चालन र प्रादेशिक साहित्यिक कला पुरस्कार कोषको स्थापना भएको हुनेछ।

५.८ सम्पदा संरक्षण

१. पृष्ठभूमि

लुम्बिनी प्रदेश सांस्कृतिक र ऐतिहासिक सम्पदायुक्त प्रदेश हो। सम्पदाहरू हाम्रो पहिचानका र बिम्ब हुन्। गौतम बुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदा सूचीमा रहेको महत्वपूर्ण सम्पदा यस प्रदेशमा रहेको छ। लुम्बिनीको साथै रुरु क्षेत्र र स्वर्गद्वारी जस्ता धार्मिक सम्पदाहरू र जितगढी, अमरगढी, स्युराज, रानीमहल आदि ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्धनवाट प्रदेशको आर्थिक विकासमा टेवा पुग्न सक्छ।

२. प्रमुख समस्या

प्रदेशमा रहेका ऐतिहासिक, धार्मिक, पूरातात्विक महत्वका सम्पदाहरूको पहिचान, संरक्षण र प्रवर्धन गर्न नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ।

३. चुनौती र अवसर

सम्पदाहरूको पहिचान र संरक्षण, आवश्यक स्रोत-साधनको व्यवस्था र सरोकारवाला पक्षलाई परिचालन गर्नु चुनौतीपूर्ण रहेको छ।

सम्पदाहरूको संरक्षण तथा मौलिक संस्कृतिक पहिचानलाई पर्यटन सँग जोडेर रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र विकास।

लक्ष्य

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको प्रवर्धन गरी पर्यटन उद्योगमार्फत् समृद्ध प्रदेश निर्माण गर्ने।

उद्देश्य

१. सम्पदाहरूको पहिचान तथा अभिलेखीकरण गर्नु।

२. ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको व्यवस्थापन तथा जगेर्ना गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक सम्पदाहरूको संरक्षण गर्ने।	१. प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको पहिचान, अभिलेखीकरण तथा संरक्षण गरिनेछ। २. सम्पदा संरक्षणसम्बन्धी कार्यको लागि विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ।
२. ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूमा आधारित पर्यटन विकास गर्ने।	१. सम्पदाहरूको पूरातात्विक र ऐतिहासिक महत्वका बारे प्रचार प्रसार गरिनेछ (जस्तै-अमरगढी, रुरु क्षेत्र, जीतगढी, कोइलाबास, रतननाथ, रानीमहल आदि)। २. सम्पदा स्थललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। ३. लुम्बिनीलाई केन्द्रबिन्दु बनाई "वृहत बुद्ध सर्किट" तथा प्रदेशका सबै जिल्लाका पर्यटकीय गन्तब्य र सम्पदा विशेष क्षेत्रहरू जोडिने गरी "बाइसे चौबिसे पर्यटकीय सर्किट" निर्माण गरिनेछ।

५. अपेक्षित उपलब्धि

कानूनी तथा संस्थागत संरचनाको व्यवस्था, यस प्रदेशमा रहेका प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको अभिलेखांकन, अनुसन्धान, प्रचारप्रसार संरक्षण भएका हुनेछ।

५.९ गुठी व्यवस्थापन

१. पृष्ठभूमि

धर्म संस्कृतिका विविध पक्षहरूलाई सहयोग पुर्याउने र परोपकारी कार्यहरूका लागि जग्गाको व्यवस्था गरी गुठी स्थापना गर्ने गरिएको पाइन्छ। धर्म संस्कृति र ऐतिहासिक सम्पदासँग जोडिएका सार्वजनिक सम्पतिको रूपमा रहेका यस्ता गुठीहरू जोगाई निरन्तरता प्रदान गरिनुपर्छ। धार्मिक प्रकृतिका स्वर्गद्वारी गुठी, रुरु क्षेत्र गुठी, बागेश्वरी गुठी र रतननाथको गुठी लुम्बिनी प्रदेशका प्रसिद्ध गुठीहरू हुन। नेपालको संविधानले प्रदेशको अधिकारको सूचीमा गुठी व्यवस्थापन समावेश गर्नुका

साथै धारा २९०(१) मा गुठीको मूलभूत मान्यतामा आधारित भई गुठी जग्गामा भोगाधिकार गरिरहेका किसान एवम् गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसदले आवश्यक कानून बनाउने व्यवस्था रहेको छ।

२. प्रमुख समस्या

गुठी सम्पत्तिको सदुपयोग सम्बन्धमा नीतिगत स्पष्टताको अभाव, गुठीको जग्गा अतिक्रमण, गुठीका घर, पाटी, पौवा तथा सत्तलहरू उचित व्यवस्थापन तथा संरक्षण नहुनु, गुठी अन्तर्गत रहेका ऐतिहासिक सम्पदाहरूको मर्मत सम्भारको लागि प्रयाप्त ध्यान पुग्न नसक्नु प्रमुख समस्याहरू हुन्।

३. चुनौती र अवसर

गुठी जग्गाको उचित प्रयोग र व्यवस्थापन गर्नु, गुठी जग्गाको अभिलेखिकरण गर्नु, गुठीको स्वामित्वमा रहेको अतिक्रमित जग्गा फिर्ता लिनु, गुठीसँग सम्बन्धित सम्पदाहरूको संरक्षण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

गुठी सम्पदाहरूको पहिचान, संरक्षण तथा अभिलेखिकरण गरी सम्पदाहरूको व्यवस्थित ढंगले उत्पादनमूलक प्रयोजनमा ल्याउने वातावरण बन्नु यस क्षेत्रका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू

सोच

गुठी जग्गाको संरक्षण र ऐतिहासिक सम्पदाहरूको सम्बर्द्धन गर्ने।

लक्ष्य

गुठी जग्गा तथा ऐतिहासिक सम्पदाहरूको समुचित प्रयोग गरी उत्पादनमूलक कार्यमा लगाउने।

उद्देश्य

१. गुठीको स्वामित्वमा रहेका ऐतिहासिक मन्दिर तथा सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्नु।

२. गुठी जग्गाहरूको वैज्ञानिक व्यवस्थापन गर्दै आय वृद्धि गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गुठी व्यवस्थापनका लागि आवश्यक संरचना तथा नीतिगत सुधार गर्ने।	१. गुठी व्यवस्थापनको लागि कानूनी व्यवस्था र संस्थागत संरचना बनाई भू-उपयोग नीतिसँग जोडेर एकीकृत योजनाको कार्यान्वयन गरिनेछ।
२. गुठी जग्गाको सदुपयोग गरी उत्पादन बढाउने।	१. गुठीसँग सम्बन्धित सम्पदा र जग्गाको प्रयोगको अवस्थाको लगत बिवरण अद्यावधिक गरिनेछ। २. स्थानीय तह र गुठी सम्बद्ध संस्थासँग सहकार्य गरी गुठी जग्गाको संरक्षण तथा दिगो व्यवस्थापन गरिनेछ। ३. गुठी जग्गालाई सदुपयोग गरी समुचित प्रयोगमार्फत् आयआर्जनमा वृद्धि गरिनेछ।

५. अपेक्षित उपलब्धि

यस रणनीतिक योजनाको कार्यन्वयन सँगै प्रादेशिक संरचना र कानूनी व्यवस्थाका आधारमा गुठिका जग्गा ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा दीगो व्यवस्थापन भएको हुनेछ।

५.१० जनसंख्या तथा बसाईँसराइ

१. पृष्ठमूमि

आर्थिक, सामाजिक, सास्कृतिक तथा राजनैतिक संरचना निर्माणमा जनसंख्या तथा बसाईसराईको महत्वपूर्ण भूमिका रहि आएको छ। प्रजनन् दर घट्दै जानु, औसत आयूमा वृद्धि हुनु, युवा जनशक्ति बिदेशिनु, जेष्ठ नागरिकको संख्या बढ्दै जानु, शहरी क्षेत्रमा जनघनत्व बढ्नु आदिका कारणले जनसंख्याको वितरणमा असमानता बढ्दै गएको पाइन्छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनसम्बन्धी लुम्बिनी प्रदेशको जनसंख्या ५१,२४,२२५ लैङ्गिक अनुपात ९२.१५, वार्षिक जनसंख्या वृद्धिदर १.२५ प्रतिशत र जनघनत्व २३० प्रति वर्ग कि.मि. रहेको छ। प्रतिवदेनसम्बन्धी अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लाको जनसंख्या वृद्धिदर नकारात्मक रहेको छ भने अन्य जिल्लाहरूमा सकारात्मक रहेको छ।

जनसंख्याको वृद्धिदर विकासको सैद्धान्तिक दृष्टिकोणले सन्तुलित र लाभकारी देखिन्छ तर यसको व्यवस्थापन, अव्यवस्थित बसोबास, बसाइँसराइ, युवाहरूको पलायन, बढ्दो बाल र वृद्ध जनसांख्यिक चाप आदि प्रमुख सवालहरू रहेका छन्।

२. प्रमुख समस्या

पहाडी जिल्लाहरूबाट तराईका जिल्लाहरूमा तथा गाउँबाट शहरी क्षेत्रमा भैरहेको बसाईसराई प्रमुख समस्याहरू हुन्। जनसंख्या वृद्धिसँगै अव्यवस्थित बस्ती विकास, भुमिको खण्डिकरण समस्या बन्दै गएकोले कंक्रिटको शहर बन्ने खतरा पैदा भैरहेको देखिन्छ। ग्रामीण क्षेत्रमा पूर्वाधार तथा प्रविधिको विकास कम हुनु, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध नहुँनु, रोजगारी तथा आम्दानीको सीमितता, केही जिल्लाहरूमा जनसंख्या वृद्धिदर ऋणात्मक हुनु र युवा पलायनका कारणले सामाजिक, साँस्कृतिक तथा मनोवैज्ञानिक समस्याहरू बढ्नु प्रमुख समस्याहरू रहेका छन्।

३. चुनौती र अवसर

युवा जनशक्तिलाई देशभित्र नै उचित रोजगारीको व्यवस्था गर्नु, प्राविधिक र गुणस्तरीय शिक्षा प्रदान गर्नु, आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्नु; जनसांख्यिक भौगोलिक सन्तुलन मिलाउनु, यौन प्रजनन स्वास्थ्य तथा परिवार नियोजनका सेवाको पहुँचमा वृद्धि गर्नु; जन्म, मृत्यु बसाइँसराइ र विवाहसम्बन्धी अद्यावधिक तथ्याङ्क राख्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

वर्तमान जनसंख्याको बनौट जनसांख्यिक लाभांशको लागि उपयुक्त अवस्थामा रहनु; श्रमशक्तिको उपलब्धता, युवाहरूमा उद्यमशीलतासम्बन्धी सोचको विकास हुनु र शिक्षित जनसंख्या बढ्नु आदि जनसंख्या व्यवस्थापनका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

जनसंख्या वितरणको सन्तुलनलाई व्यवस्थित गर्दै बसाइँसराइ तथा सुरक्षित बस्ती विकास गर्ने।

लक्ष्य

जनसांख्यिक लाभ लिनेगरी जनसंख्या र बसाइँसराइलाई व्यवस्थापन गर्ने।

उद्देश्य

१. बसाइँसराइलाई व्यवस्थित गर्नु।
२. एकीकृत बस्ती विकास योजना लागु गर्नु।
३. जनसांख्यिक लाभांश हासिल हुनेगरी जनसंख्या व्यवस्थापनको नीति लागु गर्नु।
४. युवा शक्तिलाई उत्पादनशिल उद्यममा प्रयोग गर्नु।

रणनीति तथा कार्यनीति

कार्यनीति	रणनीति
१.नीतिगत सुधार गर्ने।	१. स्थानीय तह र जिल्लागत विशेषता विश्लेषण गर्दै जनसंख्या, बस्ती विकास र बसाईसराईसम्बन्धी एक एकीकृत नीति बनाई लागू गरिनेछ। २. जनसंख्या र विकास तथा बसाइँसराइसम्बन्धी विभिन्न पक्षमा अध्ययन, अनुसन्धान गर्न र त्यस्ता अध्ययनका निष्कर्षहरूलाई नीति निर्माणमा प्रयोग गरिनेछ। ३. अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख जातिहरूको संरक्षण गर्ने नीति अपनाइनेछ।
२. जनसंख्या व्यवस्थापनमा आधारभूत कार्यक्रम र सेवा सुनिश्चित गर्ने।	१. सरकारी, गैरसरकारी, निजी तथा विकास साझेदार संस्थाहरूको सहकार्यमा जनसंख्या व्यवस्थापनका क्रियाकलापहरू समन्वयात्मक रूपबाट सञ्चालन गरिनेछ। २. सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य सूचना तथा सेवालाई गुणस्तरीय बनाउँदै पहुँच बढाइनेछ। ३. यौन शिक्षा र प्रजनन स्वास्थ्य शिक्षालाई विद्यालय तथा समुदायमा विस्तार गरिनेछ। ४. लिङ्ग पहिचान गरी गैरकानूनी तरीकाले गरिने गर्भपतनलाई पूर्णरूपमा नियन्त्रण गरिनेछ। ५. परिवार नियोजनका साधनको गुणस्तरीय सेवा तथा इच्छाएको साधनको छनौट र भरपर्दो सेवा विस्तार गरिनेछ।
३. बालबालिका र किशोर किशोरीको विकासको लागि सहज वातावरण सिर्जना	१. किशोर- किशोरी तथा युवामैत्री स्वास्थ्य सेवामा विस्तार गरिनेछ।

कार्यनीति	रणनीति
गर्ने।	२. बालविवाहलाई निरुत्साहित गर्न बालमैत्री कार्यक्रम लागू गरिनेछ। ३. लागु पदार्थ दुर्व्यसनी, दुराचार तथा यौन दुराचार जस्ता कार्यबाट किशोर किशोरीलाइ टाढा राख्न प्रदेशस्तरीय एक सुविधा सम्पन्न सचेतना केन्द्र र पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ।
४. बसाइँसराइ र विकासको अन्तरआबद्धलाई व्यवस्थित गर्ने।	१. एकीकृत तथा दिगो बस्ती विकास योजना तर्जुमा गरिनेछ। २. पूर्वाधार विकासमार्फत् रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

५. अपेक्षित उपलब्धि

जनसंख्या वृद्धिदर सन्तुलित हुने, बसाइँसराइ व्यवस्थित भएको हुने तथा जनसांख्यिक लाभ प्राप्त भएको हुनेछ।

परिच्छेद-६

पूर्वाधार क्षेत्र

६.१ यातायात पूर्वाधार

१. पृष्ठभूमि

यातायात पूर्वाधारलाई विकासको मेरुदण्ड मानिन्छ। यो पूर्वाधारहरूको आधारभुत र प्रथम आवश्यकता भएको हुँदा यसलाई पूर्वाधारहरूको पनि पूर्वाधारको रूपमा परिभाषित गर्न सकिन्छ। हाल लुम्बिनी प्रदेशभित्र सडकको विकास यातायातको एकमात्र विकल्पको रूपमा देखिएको छ। पछिल्ला वर्षहरूमा सडक विस्तारलाई प्राथमिकताका साथ लगानी केन्द्रीत गरिएको हुँदा सडक सञ्जालहरू तीव्र गतिमा फैलदै गएका छन्। हाल यस प्रदेशमा करिब २१३२ कि.मि. कालोपत्रे सडक, ३८४७ कि.मि. ग्राभेल सडक र ५८१८ कि.मि. कच्ची सडक रहेको छ। सडकको विस्तार सँगै ग्याबिन टेवा पर्खाल निर्माण, स्टोन मेशनरी टेवा पर्खाल निर्माणको कार्यको पनि विस्तार गरी सडकलाई मजबुत बनाइएको छ।

प्रदेश सरकारले हालसम्म करिब ७० वटा पक्की सडक पुल र ९ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न गरेको छ। प्रदेश सरकारले सडक आयोजनाहरूको नियमित मर्मतसंभारतर्फ थप प्राविधिक जनशक्तिको व्यवस्थापन गरी गुणस्तरीय निर्माण कार्यसम्पादन गर्नुको साथै दिगोपना अभिवृद्धि पनि गरेको छ। सडक आयोजनाहरूको नियमित मर्मतसंभारमा ७५० जनाको वार्षिक रोजगारी सिर्जना गरी नियमित यातायात सञ्चालनमा पनि सहजता प्रदान गरेको छ। लम्बाइको हिसाबले अधिक विकास भएको सडक, गुणात्मक हिसाबले भने कम नै विकास भएको छ। स्थानीय स्तरमा योजनाबिनै बाटो खन्ने प्रचलन, सडकको विस्तारसँगै यातायात सुविधाको विस्तार हुन नसकेको, बाटोको विकासमा गरेको लगानीको उच्चतम प्रतिफल पाउन नसकिएको तथा सडकको विकास वातावरणमैत्री हुन नसकेको अवस्था यथावत रहेको छ।

प्रदेशभित्रको सडक विकासमा प्रदेश स्तरका लोकमार्गहरू, साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट सञ्चालित प्रदेश स्तरका सम्पूर्ण कार्यहरू (संरचना समेत), दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरू (ग्रामीण र कृषि सडक समेत), झोलुङ्गे पुलहरू र सडक सुरक्षा सुदृढीकरण प्रदेश सरकारको कार्यक्षेत्र अन्तर्गत पर्दछ। सडक बाहेकका साधनमा नेपाल सरकारको

रेल विभागले पूर्वपश्चिम रेलमार्गको विस्तृत अध्ययन सम्पन्न गरेको छ जसमा पूर्वपश्चिम राजमार्गको आसपास हुँदै जाने रेलका अतिरिक्त बुटबलबाट भैरहवा हुँदै लुम्बिनी जोड्ने रेलको पनि डिजाइन गरिएको छ। रेलमार्गमा पर्ने जग्गा अधिग्रहणको कार्यले पनि निरन्तरता पाइरहेको छ। संविधानतः रेलमार्गको विकास केन्द्रीय सरकारको क्षेत्राधिकारभित्र पर्दछ भने प्रदेश लोकमार्ग प्रदेशको अधिकार क्षेत्रभित्र रहेको छ।

२. प्रमुख समस्या

अधिकांश क्षेत्र जटिल भौगोलिक र भौगर्भिक अवस्था रहेको पहाडी भूबनोट र छरिएर रहेको बस्तीले गर्दा सबै बस्तीहरूमा सडकको पहुँच पुयाउन कठिनाइ रहनु, सडक निर्माणपूर्व आवश्यक इन्जिनियरिङ भौगर्भिक अध्ययन नहुनु, सडकमा पर्याप्त नालीको व्यवस्था नहुँदा पानीले सडक बिगार्नु, मनसुनको समयमा धेरै पहिरो गई बाटो अवरुद्ध हुनु, भित्री मधेस र तराईमा वर्षातको समयमा सडक डुबान हुनु, पहाडी जिल्लामा सडकको गुणस्तर कमजोर रहने र यसले गर्दा दुर्घटना हुनु प्रमुख समस्याको रूपमा रहेका छन्। दक्ष श्रमिक एवम् सम्बन्धित क्षेत्रका विज्ञ जनशक्तिको उपलब्धतामा कमी, निजी क्षेत्रहरूको समयानुकुल व्यवसायिक क्षमतको वृद्धिमा कमी, गुणस्तरीय नदीजन्य निर्माण सामग्रीको पहिचान एवम् उपलब्धतामा कमी, आयोजना छनोट एवम् कार्यान्वयनमा उचित मापदण्डको निर्माण हुन नसक्नु लगायतका समस्या पनि विद्यमान रहेका छन्। धेरैजसो सडकहरूको निर्माण गुणस्तरीय हुन सकेको छैन भने निर्मित सडकहरूको यथा समयमा आवश्यक मर्मत सम्भार हुन सकेको छैन।

३. चुनौती र अवसर

नयाँ सडकको विस्तार, नयाँ तथा पुराना सडकको कालोपत्रे तथा गुणस्तर सुधार, स्तरोन्नति र पुराना सडकको मर्मतसंभारको लागि लगानी जुटाई अधिकतम प्रतिफल सुनिश्चित हुने गरी अन्तराष्ट्रिय मापदण्डसम्बन्धीको भरपर्दो यातायात सुविधा सन्तुलित, सुरक्षित एवम् वातावरणमैत्री तवरले व्यवस्थापन गराउनु चुनौतीपूर्ण रहेको छ। उपलब्ध सीमित लगानीमा सडक निर्माणको लागि आधुनिक प्रविधि र उच्च गुणस्तर कायम राख्नु वा लगानी, प्रविधि र गुणस्तर बीच सन्तुलन कायम राख्नु, जटिल एवम् चुनौतीपूर्ण भौगोलिक एवम् भौगर्भिक अवस्था, सार्वजनिक-निजी साझेदारीमार्फत लगानी आकर्षत गर्नु, विषयगत विज्ञहरूको दरबन्दी सिर्जना गरी गुणस्तर सुधार गर्नु, सम्बन्धित क्षेत्रको संस्थागत अभिवृद्धि गर्नु लगायतका चुनौतीहरू रहेका छन्।

सडक निर्माण, विस्तार एवम् सुदृढीकरणमा सरकारको उच्च प्राथमिकतामा रहनु, सडक पूर्वाधार विकासमा निजी क्षेत्रहरूले लगानी गर्न चासो राख्नु, सडक विकासको लागि चाहिने ज्ञान, अनुभव तथा प्रविधि देशमै उपलब्ध रहनु, निर्माण सामग्री तथा उपकरणहरूको सहज उपलब्धता हुँदै जानु अवसरको रूपमा रहेका छन्।

लुम्बिनीमा पर्यटन प्रवर्धन गर्न रेलसेवा विकास गर्नका लागि विदेशीहरूले चासो देखाएकाले नेपाल सरकार तथा लगानी बोर्ड, नेपालसँग समन्वय गरेर रेल विकास गर्ने अवसर छ। साथै, सुरुङ निर्माणको लागि विस्तृत अध्ययन हुनु र केही ठाउँहरूमा उपयोगी हुने केबलकारमा निजी क्षेत्र आकर्षित भइरहेको कुरा अवसरको रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

अन्तर्राष्ट्रिय मापदण्डसहितको सन्तुलित, सुरक्षित, गुणस्तरीय एवम् वातावरणमैत्री यातायात पूर्वाधारको सञ्जाल विकाससहितको समृद्ध प्रदेश।

लक्ष्य

प्रदेशभित्र गुणस्तरीय एवम् सुलभ यातायात सुविधा विस्तार गर्ने।

उद्देश्य

१.प्रदेशबासीहरूलाई गुणस्तरीय सडकको पँहुच पुर्‍याइ मर्मतसंभार र संरक्षण गर्नु।

२.भरपर्दो र सहज यातायात प्रणालीको विकास एवम् विस्तार गर्नु।

३.भूक्षय एवम् पहिरो नियन्त्रणको लागि आवश्यक अध्ययन गरी आयोजना अगाडि बढाउनु।

४.वैकल्पिक यातायात पूर्वाधारहरू विकास गर्नु।

५.यातायात प्रणालीलाई लैङ्गिकमैत्री बनाउनु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गुणस्तरीय रणनीतिक सडकहरू थप गर्दै पुराना सडकहरूको मर्मतसंभार एवम् कालोपत्रे र ढलान कार्य सम्पन्न गर्ने।	१. प्रादेशिक सडक, शहरी सडक, ग्रामीण सडक, सडक पुल, आकाशे पुल र झोलुंगे पुलमा वर्गीकरण गरिएको सडक क्षेत्रको वीस्तारलाई तीव्रता दिइनेछ। २. ट्र्याक खोलिसकिएको बाटोको मर्मतसंभार गरी कालोपत्रे एवम् आवश्यक रहेको ठाउँमा ढलान गरी गुणस्तरीय बाटोको विस्तार गरिनेछ। ३. आवश्यक स्थानमा कोरिडर निर्माणको लागि अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ। ४. प्रादेशिक गौरव आयोजना अन्तर्गत पर्ने रामपुर कपुरकोट सडक मार्गको निर्माण कार्य सम्पन्न गरिनेछ। ५. सडक विस्तार कार्यमा संघीय तथा स्थानीय सरकारसँगको सहकार्यमा सबै पालिकाको केन्द्रहरूमा कालोपत्रे सडक र जिल्लाहरू जोड्ने रणनीतिक सडकहरू आवश्यकता अनुरूप दुई लेन वा चार लेनमा स्तरोन्नति गरिनेछ। साथै तोकिएको मापदण्ड अनुरूपको चौडाई, झुकाव, घुम्ती तथा नाली व्यवस्था भएपछि मात्र सडकलाई कालोपत्रे गरिनेछ। ६. प्रदेश अन्तर्गत पर्ने हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्गलाई जोड्ने सडकहरूको पहिचान गरी विकास गरिनेछ। ७. सीमा क्षेत्रका बस्तीहरूलाई यातायात सुविधासँग जोड्नेगरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। ८. प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा सञ्चालन गरिनेछ। ९. सडकको भारबहन क्षमता सम्बन्धमा अध्ययन गरी भारबहन

रणनीति	कार्यनीति
	क्षमताको नयाँ मापदण्ड लागु गरेर सडक निर्माण गर्ने नीति लिइनेछ। १०. बस्ती र उत्पादन हुने ठाउँका आधारमा रणनीतिक सडकको पहिचान गरी निर्माण गरिनेछ।
२. निजी तथा सार्वजनिक–निजी साझेदारीलाई प्रोत्साहन गर्दै लगानी आकर्षित गर्ने र सुदृढ यातायात प्रणालीको विकास गर्ने।	१. रणनीतिक सडक एवम् प्रादेशिक गौरव आयोजना अन्तर्गतको सडक निर्माण कार्यको महत्व र यसको फाइदा बारे जानकारी प्रवाह गर्न र लगानी आकर्षित गर्न निजी क्षेत्रसँग निरन्तर सम्बाद गरी सहकार्यको लागि प्रोत्साहन गरिनेछ। २. निजी क्षेत्रलाई लगानी प्रत्याभूतिको लागि विश्वस्त गराउन आवश्यक नीति, कार्ययोजना लागु गरिनेछ। ३. वैदेशिक लगानीको लागि यथेष्ट पहल गरिनेछ। ४. केवुलकार जस्ता वैकल्पिक यातायात पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। ५. सडक दुर्घटनाका कारण पहिचान गरी आधुनिक प्रविधिको प्रयोग गरेर दुर्घटना न्यूनीकरण गरिनेछ। ६. सडकहरूमा सिसिटीभी र ट्राफिक लाइटको यथेष्ट व्यवस्थापन गरिनेछ।
३. वातावरणमैत्री तथा विपद् प्रतिरोधी सडकको विकासमा जोड दिने।	१. विद्यमान सडकको मर्मतसंभार तथा गुणस्तर सुधार गरिनेछ। २. सडक निर्माण कार्यपूर्व विषयगत विज्ञहरूबाट आवश्यकताअनुरूप विस्तृत ईन्जिनियरिङ, भौगर्भिक, इन्जिनियरिङ भौगर्भिक, वातावरणीय, आर्थिक–सामाजिक अध्ययन गराउने र गुणस्तरीय सडक निर्माणको लागि राय सङ्कलन गरी डिजाइन गरिनेछ। ३. अध्ययन सकिएका आयोजनामा मात्रै निर्माणका लागि बजेट

रणनीति	कार्यनीति
	विनियोजन गरिनेछ। ४. प्रदेश सरकारको लगानी हुने कुनै पनि सडकमा सडकलाई वर्षैभरि सञ्चालन हुने गरी मर्मत सम्भार गरिनेछ। सडक छेउमा नाली राख्ने र जलनिकासीको लागि उचित प्रावधान शुरूदेखि नै अनिवार्य लागु गरिनेछ। ५. सडकको निर्माण एवम् विस्तार गर्दा न्यून वातवरणीय असर हुने गरी संरचनाको निर्माण गरिनेछ। ६. बायोइन्जिनियरिङ वा अन्य आवश्यक विधिको बारेमा विज्ञहरूबाट अध्ययन गराई सडकको गुणस्तर वृद्धि र वातावरणमैत्री बनाइनेछ।
४. संस्थागत क्षमताको विकासलाई उच्च प्राथमिकता दिई आधुनिक प्रविधिको अधिकतम प्रयोग गर्ने।	१. प्रदेश लोकमार्ग एवम् रणनैतिक सडकमा अन्य पूर्वाधार निर्माण क्षेत्र सँग समन्वय गरिनेछ। २. सडक क्षेत्रसँग सम्बन्धित जनशक्तिहरूलाई आधुनिक प्रविधिमा अभ्यस्त हुने गरी व्यावहारिक दक्षता हासिलोन्मुख गुणस्तरीय तालिमको व्यवस्थापन गरिनेछ। ३. वैदेशिक सहायतामा सञ्चालन हुने सडकसँग सम्बन्धित परियोजनमा रहेका बाह्य जनशक्तिको संलग्नतामा गुणस्तरीय तालिमद्वारा ज्ञान, सीप र प्रविधिको हस्तान्तरण गरिनेछ। वैदेशिक रोजगारमा संलग्न भएका नेपाली युवाहरूबाट पनि तालिमको प्रावधान मिलाइनेछ। ४. सडक पूर्वाधार निर्माणसँग संलग्न निजी क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। ५. नाली तथा पुलहरूमा प्रिकास्ट कंक्रिटको प्रयोगलाई बढावा दिइनेछ।

रणनीति	कार्यनीति
	६. कानूनमा आवश्यक संशोधन र नीतिगत व्यवस्थामा परिमार्जन लगायतका कार्यहरू उच्च प्राथमिकताका साथ गरिनेछ।
५. सडक पूर्वाधारको डिजाईन, निर्माण, विस्तार, सुदृढीकरण, मर्मतसंभारको लागि आधुनिक प्रविधि एवम् यान्त्रिकरणको व्यवस्थापनमा जोड दिने।	१. सडकको डिजाईन, निर्माण, विस्तार, सुदृढीकरण, मर्मतसंभार कार्यमा विदेशमा हाल प्रयोगमा ल्याइएका आधुनिक प्रविधि र यान्त्रिकरणको अध्ययनको लागि विशेषज्ञ टोलीको निर्माण गरी विस्तृत प्रतिवेदन एवम् सम्मेलन, गोष्ठि लगायतको कार्यक्रमको व्यवस्था गरिनेछ। उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय विज्ञहरूलाई पनि आमन्त्रित गरिनेछ र उनीहरूसँग रहेको ज्ञान, अनुभवको भरपुर प्रयोग गर्नको लागि कार्ययोजना बनाइनेछ। २. आधुनिक प्रविधि एवम् यान्त्रिकरणको प्राप्तिको लागि सरकारले उच्च प्राथमिकता दिइनेछ। ३. आधुनिक प्रविधि एवम् यन्त्रहरूको तालिमको लागि आवश्यकतासम्बन्धी विदेशबाट जनशक्तिहरूलाई आमन्त्रण गरिनेछ। ४. सडक पूर्वाधारको विकास, विस्तार, मर्मत—संभार तथा सञ्चालनको लागि डिजिटल सूचना प्रविधिको भरपुर प्रयोग गरिनेछ।
६. केवुलकार, सुरुङ र रेलसेवा जस्ता पूर्वाधार विकासलाई प्रवर्धन गर्ने।	१. नेपाल सरकारसँग सहकार्य गरी प्रदेशमा सुरुङ मार्ग र रेल यातायात विकास गरिनेछ। २. नेपालगन्ज विमानस्थलको स्तोरन्नति र दाङ्गमा वैकल्पिक विमानस्थलको निर्माण सम्बन्धमा आवश्यक कार्य गर्न नेपाल सरकारसँग पहल गरिनेछ। ३. लुम्बिनी क्षेत्रमा बुद्ध सर्किट रेल यातायात विकास गर्न वैदेशिक लगानी आकर्षित गरिनेछ।

५. अपेक्षित उपलब्धि

यस योजनाको अन्त्यमा सडकको कुल लम्बाइ १६,३५० किमी पुग्नेछ जसमा पक्की सडकको हिस्सा ४८ प्रतिशत हुनेछ। विद्यमान सडकको मर्मतसंभार भएको हुने, प्रादेशिक लोकमार्ग, रणनैतिक सडक एवम् कृषि सडकमा २०० वटा पक्की पुलको निर्माण हुनेछ। यात्रुमैत्री, गुणस्तरीय, वैज्ञानिक र भरपर्दो यातायातको सुविधा पुगेको हुने, र कृषि, उद्योग, पर्यटन लगायत अन्य पूर्वाधारको क्षेत्रहरूमा यातायात पूर्वाधारले उल्लेख्य योगदान दिएको हुनेछ।

६.२ यातायात व्यवस्थापन

१. पृष्ठभूमि

यातायात पूर्वाधारमा केही विकास भए पनि यातायात व्यवस्थापन दिगो, सुरक्षित, गुणस्तरीय र भरपर्दो हुन सकेको छैन। बढ्दो शहरीकरण, अधिकांश पहाडी क्षेत्रमा ठूला सार्वजनिक सवारी साधनको अभाव, उपलब्ध हुने शहरी क्षेत्रमा उचित व्यवस्थापनको कमी, व्यस्त जीवनशैली र क्रमश बढ्दै गएको मध्यम स्तरको आर्थिक अवस्थाको कारण निजी सवारीको सङ्ख्यामा बढोत्तरी हुँदै गएको छ। शहरी क्षेत्रमा अधिकांश ठाउँमा पुग्न सक्ने, थोरै यात्रु अट्ने अटोरिक्शाको प्रयोग बढिरहेको छ भने ग्रामीण क्षेत्रमा पनि यसको उपलब्धता रहे पनि भाडादर महङ्गो रहेको छ।

बढ्दो यातायातका साधन अनुरूप सडक पूर्वाधारको विकास हुन सकेको छैन र उचित व्यवस्थापन पनि हुन सकेको छैन। देशको भौगोलिक एवम् भौगर्भिक अवस्था र विश्वव्यापी बढ्दै गइरहेको जलवायु परिवर्तनको समस्यालाई दृष्टिगत गर्दै यातायातका साधनको विविधीकरण एवम् व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। पेट्रोलियम पदार्थमा आधारित सवारी साधन र सडक यातायातको प्रधानता रहेको अहिलेको यातायात प्रणालीमा स्पष्ट एकीकृत यातायात नीतिको समेत अभाव रहेको छ। विद्युतीय सवारीसाधन पेट्रोलियम पदार्थमा आधारित साधनहरूको तुलनामा सरल, सहज र किफायती हुन नसकेको र चार्जिङ स्टेशनको अभावमा यसप्रति प्रयोगकर्ताको आकर्षण हुन सकेको छैन। एकीकृत यातायात नीतिको अभावमा यातायातको विकास र यातायात व्यवस्थापनमा रणनीतिक दृष्टिकोण अपनाउन सकिएको छैन।

२. प्रमुख समस्या

प्रदेशको अधिकांश सडक साँघुरो हुनु, ग्रामीण क्षेत्रसम्म आधारभूत यातायातको पहुँचको अभाव, सार्वजनिक यातायात सेवा व्यवस्थित, सर्वसुलभ, सुरक्षित र भरपर्दो नहुनु, निजी सवारी साधनको सङ्ख्यामा बढोत्तरी, शहरी क्षेत्रमा स्तरीय एवम् विश्वासिलो यातायात सेवाको अभाव रहनु, ट्राफिक जाम तथा सवारी दुर्घटना हुनु, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु र यातायात सिर्जित प्रदूषण, सवारी साधनको नियमित र व्यवस्थित परीक्षण प्रणाली नहुनु, सवारी चालक अनुमतिपत्रको वितरण व्यवस्थित गर्न नसक्नु, तथ्याङ्क व्यस्थापनमा कमजोरी रहनु यस क्षेत्रका प्रमुख समस्या हुन्। व्यवसायिक तालिम प्राप्त सवारी चालकको अभाव र श्रमको अवधिको नियमन गर्ने मापदण्ड नहुँदा दुर्घटना निम्तनु, अत्याधिक भार भएका सवारीहरूको कारण बाटोहरू छिटै बिग्रनु, प्रविधिमैत्री व्यवस्थापन प्रणाली नहुनु लगायतका समस्याहरू पनि विद्यमान रहेका छन्। यातायात सुविधाले एकीकृत सञ्जालको स्वरूप नलिँदा इन्टरमोडल यातायात प्रणाली (जस्तैः हवाई यातायात र सडक यातायात) को तादत्म्यता छैन।

३. चुनौती र अवसर

बाटो स्तरीय र फराकिलो बनाउने, एकीकृत यातायात व्यवस्थापन प्रणालीबाट ग्रामीण क्षेत्र र शहरी क्षेत्रमा यातायातको उपलब्धताको सन्तुलन मिलाउनु, शहरी क्षेत्रमा बढ्दो निजी सवारी साधनको वैज्ञानिक व्यवस्थापन गर्नु, प्रविधिमैत्री यातायात परीक्षण प्रणाली र व्यवस्थापन प्रणालीको अनुगमन गर्नु, वैज्ञानिक भाडा दरको व्यवस्था गर्नु, कर तथा दस्तुर काउन्टरहरूको अटोमेसन गर्नु, मुख्य नाकाहरूबाट प्रदेश छिर्ने सवारी साधनहरूको अनुगमन गर्नु, यातायातका पूर्वाधारलाई विपद् प्रतिरोधी बनाई दुर्घटना न्यूनीकरण गर्नु, चालकको कार्यअवधिको निरिक्षण गर्नु, प्रदुषण गराउने सवारी साधनहरूलाई नियमन एवम् नियन्त्रण गर्नु, ट्राफिक नियमको पूर्णरूपमा परिपालना गराउनु, चालक अनुमति पत्र वितरण प्रणालीको वैज्ञानिक व्यवस्थापन गर्नु, विद्युतीय सवारी साधन प्रति आकर्षित गराई जलवायु परिवर्तन प्रतिरोधी बनाउन पहल गर्नु, यातायात सेवालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्तरीय र विश्वसनीय बनाउनु प्रमुख चुनौतीको रूपमा रहेका छन्।

यातायात व्यवस्थापनको अधिकार प्रदेशलाई रहनु, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्नु, विश्वव्यापी प्रदूषण रहित विद्युतीय सवारीको प्रयोगमा आममानिसको आकर्षण बढ्दै जानु, यातायात व्यवस्थापनमा आधुनिक प्रविधि भित्राउनु निजी क्षेत्रको चासो एवम् क्षमतामा वृद्धि

देखिनु, चाक्ला र गुणस्तरीय सडक निर्माणप्रति तीनै तहको सरकार प्रतिबद्ध रहनु, ठूला सवारी साधनहरू प्रयोगमा आउनु यस क्षेत्रको व्यवस्थापनमा रहेका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

सोच

स्वस्थ प्रतिस्पर्धा युक्त गुणस्तरीय, सर्वसुलभ, वातावरणमैत्री, सुरक्षित यातायात प्रणालीको विकास एवम् व्यवस्थापन।

लक्ष्य

आधुनिक, किफायती, प्रविधिमैत्री, प्रदुषणरहित, सुविधासम्पन्न, प्रतिस्पर्धी, गुणस्तरीय, विश्वासिलो, र सुरक्षित यातायात प्रणालीको विकास गर्ने।

उद्देश्य

१. भौगोलिक अवस्था अनुकूलको जनमैत्री, बाताबरणमैत्री, आधुनिक र वैज्ञानिक यातायात प्रणालीको विकास गर्नु।

२. यातायात सेवालाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा जेष्ठ नागरिकमैत्री बनाउनु।

३. यातायात सेवालाई नियमित, सुरक्षित, सर्वसुलभ, सुविधासम्पन्न र भरपर्दो बनाउनु।

४. विभिन्न यातायात प्रणालीबीच उचित प्रकारको समिश्रण गराउँदै इन्टरमोडल यातायात सम्बन्धलाई विकास गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेश अन्तर्गतका यातायात सेवा कार्यालयहरूको स्तरीकरण गर्ने।	१. आवश्यकतासम्बन्धी कोठाहरूको प्रबन्ध मिलाई कार्यालय भवनलाई व्यवस्थित बनाउने र भवन नरहेको कार्यालयमा आफ्नै भवन निर्माण गरिनेछ। २. रकम भुक्तानी कार्यमा भीडभाड हुने कार्यालयमा, बैंकिङ्ग

रणनीति	कार्यनीति
	सेवाको स्थापना गरी भीडभाड कम गरी काम सहज बनाउने। सम्भव भए सम्पूर्ण काम कारबाहीहरू अनलाइन प्रणालीबाट हुने व्यवस्था मिलाइनेछ। ३. सवारी कार्यालयहरूमा भइरहेको सवारी दर्ता प्रणाली (VRS) को अधिकांश कार्यहरू अनलाइन प्रणालीबाट गरिनेछ र भौतिक रूपमा गर्नुपर्ने कार्यहरूलाई थप परिष्कृत र परिमार्जित गर्दै प्रक्रियागत सरलीकरण गरिनेछ।
२. यातायात सेवासम्बन्धी नीतिगत र संस्थागत सुधार गर्नुको साथै प्रक्रियागत सरलीकरण गर्ने।	१. यातायात व्यवस्थापनसम्बन्धी कानुनहरूमा समय सापेक्ष सुधार गरिनेछ। २. यातायात क्षेत्रमा संलग्न जनशक्तिहरूको क्षमता अभिवृद्धि र आचरण सुधारसम्बन्धी समय समयमा तालिम प्रदान गरिनेछ। ३. सडकको अवस्था एकिन गरेर मात्र सवारी साधन सञ्चालनको रुट अनुमति प्रदान गरिनेछ। ४. यातायात सेवा सम्बन्धिका सम्पूर्ण कार्यहरूलाई अनलाइन प्रणालीबाट सञ्चालन गरिनेछ। ५. यातायात सेवा कार्यालयमा टोकनको व्यवस्था मिलाई भिडभाड न्यूनीकरण गरिनेछ। ६. अधिकांश कार्यहरू एकद्धार प्रणालीबाट सम्पन्न गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
३. वातावरणमैत्री सवारी साधनको उपयोगलाई प्रोत्साहन गर्ने।	१. बैकल्पिक इन्धनबाट चल्ने जस्तै विद्युतीय सवारी साधनहरूको प्रयोगमा प्रोत्साहन गरिनेछ। २. विद्युतीय सवारी साधनको आयातमा लाग्ने कर छुटको

रणनीति	कार्यनीति
	लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ। ३. विशेष व्यवस्था र सुविधा प्रदान गरी प्रदेशमै विद्युतीय सवारी साधनको निर्माणको लागि निजी क्षेत्रलाई आकर्षण गरिनेछ। ४. प्रदेशको अधिकांश क्षेत्रमा सवारी परीक्षण कार्यालय स्थापना गरी सवारी प्रदुषणको लागि आधुनिक प्रविधियुक्त स्वचालित प्रणालीको प्रयोग गरिनेछ। ५. यातायात सेवालाई, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र ज्येष्ठनागरिकमैत्री बनाइनेछ। ६. नयाँ सार्वजनिक सवारीको खरिद गर्दा व्हीलचेर राख्न मिल्ने खालको साधन किन्नु पर्ने गरी नियम बनाइनेछ। ७. सम्भव भएसम्म सम्पूर्ण सार्वजनिक सवारी साधनमा व्हीलचेर राख्न मिल्ने गरी परिमार्जन गर्नुपर्ने प्राबधान लागु गरिनेछ।
४. सार्वजनिक यातायातको प्रयोगलाई प्रोत्साहन गर्दै निजी क्षेत्र, सहकारी क्षेत्र र स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाउने।	१. सार्वजनिक यातायात सञ्चालनमा स्थानीय तह र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गरिनेछ र निजी क्षेत्रको लगानीलाई प्रभाबकारी नियमन गरिनेछ। २. सार्वजनिक यातायात अधिकांश रुटमा चल्ने व्यवस्था मिलाइनेछ। ३. सार्वजनिक सवारी निश्चित समयको अन्तरालमा स्टेसनबाट छुट्ने प्रबन्ध मिलाइनेछ। ४. वैज्ञानिक एबम स्वचालित भाडा दर प्रणाली लागु गरिनेछ। यातायातको भाडा अनलाइन वा QR कोड प्रणाली बाट

रणनीति	कार्यनीति
	भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइनेछ। ५. एकल मोबाइल एप्लिकेसनबाट सबै कम्पनीको भाडादर भुक्तानीको गर्न मिल्ने व्यवस्था मिलाइनेछ। ६. सवारीसाधनको परीक्षणको लागि निजी क्षेत्रको लगानीमा सवारी जांचपास केन्द्रहरू स्थापना गर्न प्रोत्साहन गरिनेछ।
५. यातायात व्यवस्थापन प्रविधिमैत्री बनाइ सडक दुर्घटना न्यूनीकरण गर्दै जाने।	१. ग्लोबल पोजिसनिङ सिस्टम (जिपिएस) को स्थापना गरी सवारी साधनहरूको ट्र्याकिङको व्यवस्था मिलाइनेछ। २. यातायात व्यवस्थापनका लागि डिजिटल सर्भिलेन्स, ट्राफिक लाइट, स्पीडोमीटर लगायतका आधुनिक प्रविधिहरूको प्रयोग गरिनेछ। ३. सवारी साधनहरूमा सेन्सर र जिपिएस प्रणालीको स्थापनाद्वारा दुर्घटना न्यूनीकरण गरिनेछ।
६. सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण कार्यलाई प्रक्रियागत सरलीकरण गरी थप प्रभावकारी बनाइने।	१. सवारी चालक अनुमतिपत्रको लागि स्थलगत परीक्षा दिने केन्द्रहरूको संख्यामा वृद्धि गरिनेछ। २. लाइसेन्सको आवेदन, भुक्तानी, बायोमेट्रिक प्रणाली र लिखित परीक्षा सबै अनलाइन प्रणालीबाट गराइनेछ।

५. अपेक्षित उपलब्धि

प्रदेशको यातायात प्रणाली जनमैत्री, वातावरणमैत्री, आधुनिक र वैज्ञानिक सेवासुविधासहितको हुने, यातायात सेवाबीच राम्रो अन्तरसम्बन्ध कायम भई यात्रुमैत्री यातायात सेवा सञ्चालन भएको हुने तथा सडक दुर्घटना कम भएको हुनेछ।

६.३ सिँचाइ

१. पृष्ठभूमि

कृषि उत्पादकत्व वृद्धिका लागि अन्य कुराका अतिरिक्त कृषियोग्य जमिनमा बाहै महिना भरपर्दो, दिगो सिँचाइ व्यवस्थाको आवश्यकता पर्दछ। यस प्रदेशमा कुल क्षेत्रफलको करिब एक चौथाइ भूभाग खेतीयोग्य रहेको छ जसमध्ये करिब ५८ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको छ। करिब ५५० वटा सिँचाइ प्रणाली भएको यस प्रदेशमा बाह्रै महिना सिँचाइ सुविधा विस्तार भएको जमिन एक तिहाइभन्दा कम रहेको छ। सिक्टा सिँचाइ आयोजना र बबई-भेरी डाइभर्सन आयोजना समयमै निर्माण हुन नसक्दा कृषक आकाशे पानी र परम्परागत सिँचाइ प्रणालीमा निर्भर रहनु परेको छ।

२. प्रमुख समस्या

यस प्रदेशको कुल क्षेत्रफलको करिब ६९ प्रतिशत पहाडी क्षेत्रले ओगटेको छ। यस क्षेत्रका अधिकांश सिँचाइ प्रणाली प्राकृतिक नदी-नालामा आधारित भएकाले बाहै महिना भरपर्दो सिँचाइ सुविधा पुर्याउन नसक्नु प्रमुख समस्या हो। साथै परम्परागत सिचाइ प्रणाली र नयाँ पूर्वाधारको मर्मत-सम्भारको कमी, ठूला र नयाँ बहुउद्देश्यीय सिँचाइ आयोजनाको निर्माण कार्यमा ढिलासुस्ती, प्राकृतिक पानीका मुहानहरू सुक्दै जानु, नदीजन्य सामग्रीको अत्यधिक दोहले नदीको बेड तह घट्नु, उपलब्ध पानीको स्रोतमाथिको चाप बढ्नु साथै थोरै पानीको प्रयोग गरी धेरै भू-भागमा सिँचाइ गर्न सकिने प्रविधिको कम उपयोग हुनु पनि प्रमुख समस्या रहेका छन्। यसका अलावा स्थानीयको ध्यान भौतिक पूर्वाधारको तुलनामा सिँचाइ पूर्वाधारमा कम हुनु र भूगोलसम्बन्धीको सिँचाइ व्यवस्था र प्रणालीको विकास विस्तारमा सम्बन्धित निकायको ध्यानाकर्षण नहुनु पनि सिँचाइ क्षेत्रका समस्या हुन्।

३. चुनौती र अवसर

सम्पूर्ण भू-भागमा दिगो, भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउनु, निर्माण थालिएका ठूला सिँचाइ आयोजना समयमै सम्पन्न गर्नु, सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरूको मर्मत सम्भार तथा व्यवस्थापन गर्नु, सिँचाइ समस्या स्थानीय र जनप्रतिनिधिको प्राथमिकताको विषय नबन्नु, सुक्दै गरेका पानीका मुहानको संरक्षण गर्नु, उपलब्ध जलस्रोतको संरक्षण गर्दै विद्यमान सिँचाइ प्रणाली र वैज्ञानिक प्रविधिको प्रयोग गरी प्रदेशका सबै कृषियोग्य जमिनमा सिँचाइको समान सुविधा विस्तार

गर्नु प्रमुख चुनौती हुन्। त्यस्तै कृषिको आधार : सिँचाइमा सुधार भन्ने मूल मर्मसम्बन्धी सिँचाइलाई आवश्यक पानी वितरणको विधि परिमाणको व्यवस्था मिलाउनु र पानीको परिमाण आवश्यकतासम्बन्धी मापन गरेर प्रदान गर्नु, पानीका स्रोतलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु, भूमिगत र सतहको पानीलाई वैज्ञानिक तवरले प्रयोग गर्नु पनि प्रमुख चुनौती रहेका छन्। साथै पानी निकासको व्यवस्थापन नगरी निर्माण गरिएका आयोजना व्यवस्थापन पनि चुनौतीको रूपमा देखिएको छ।

सतही र भूमिगत जलस्रोतको प्रचुर उपलब्धता सिँचाइको लागि यस प्रदेशको प्रमुख अवसर हो। भूमिगत जलको पूर्ण उपयोग गर्न सक्ने अवस्था रहनु, सिँचाइ सुविधा विस्तार नभएका स्थानमा सिँचाइसम्बन्धी स्थानीय परम्परागत प्रविधिको परिमार्जन र नयाँ प्रविधिको प्रयोग तथा विस्तार गर्ने सम्भावना हुनु, आकाशे पानीमा निर्भर र तत्काल सिँचाइ सेवा उपलब्ध गराउन नसकिने तराईका स्थानहरूमा भूमिगत जलस्रोत प्रयोगको सम्भावना हुनु, ६९ प्रतिशत ओगटेको यस प्रदेशको पहाडी जिल्लाका कृषियोग्य जमिनमा लिफ्टिङ, टार लगायतका अन्य प्रविधि प्रयोग गरी सिँचाइ प्रणाली विस्तार गर्ने सम्भावना हुनुका साथै सिँचाइ प्रणाली विकासका लागि कृषकको माग, सहभागिता र पहुँच बढ्नु यस प्रदेशका सिँचाइका अवसर हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

कृषियोग्य जमिनमा परम्परागत र आधुनिक प्रविधिको प्रयोग गर्दै सबै भूगोलमा पर्याप्त सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादकत्व वृद्धिमा योगदान पुर्याउने।

लक्ष्य

दिगो र भरपर्दो सिँचाइ प्रणाली र पूर्वाधारको समान विस्तार गरी सबै कृषियोग्य जमिनको अधिकतम उपयोग गरी कृषि उत्पादन वृद्धि गर्ने।

उद्देश्य

१. उपयुक्त प्रविधि अवलम्बन गरी सिँचाइ सुविधा विस्तार गर्नु।

२. सिँचाइ प्रणालीको दिगो सञ्चालन र व्यवस्थापनका साथै जिर्ण र परम्परागत सिँचाइ प्रणाली र पूर्वाधारको मर्मत-सम्भार र पुनर्स्थापना गर्नु।

३. सिँचाइ आयोजनाहरूको स्रोत संरक्षण गर्ने र उपलब्ध पानीको विभिन्न प्रविधिबाट सिँचाइमा अधिकतम प्रयोग गर्नु।

४. सिँचाइका संरचना र पूर्वाधारसम्बन्धित दुर्घटना न्यूनीकरण गर्नु।

५. स्रोतको यथेष्ठ पहिचान गरी प्रयोग गर्नु।

रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
१. उपयुक्त प्रविधि अवलम्बन गरी सिँचाइ सुविधा विस्तार गर्ने।	१. सिँचाइसम्बन्धी विद्यमान अवस्था, यस अगाडिको योजनाको प्रगति विवरणका आधारमा सिँचाइ गुरुयोजना बनाइ काम गरिनेछ। २. निर्माणाधीन सबै स्तरका सिँचाइ आयोजना समयमै सम्पन्न गरिनेछ। ३. सिँचाइ नपुगेका स्थानमा सेवा विस्तार गरिनेछ र सेवा विस्तार गर्दा भूगोल, कृषियोग्य जमिनको क्षेत्रफल, चक्लाबन्दी, कृषि पाकेट क्षेत्रको आधारमा वैज्ञानिक तवरले स्थानीय र प्रदेशस्तरीय आयोजना ल्याइनेछ। ४. प्रदेशको आधाभन्दा धेरै हिस्सा ओगटेको पहाडी कृषियोग्य जमिनमा सम्भव भएमा सोझै सतही जलस्रोत नभएमा लिफ्टिङ, ग्राभिटी फ्लो तरिकाबाट विस्तार गरिनेछ। नभएमा हाइड्रोजिओलोजिस्टको परामर्शमामा माउण्टेन अक्वुफर खोज

रणनीति	कार्यनीति
	र उत्खनन् गरी सिँचाइ सेवा विस्तार गरिनेछ। ५. तराई र भित्री मधेसका सिँचाइ सेवा पुग्न बाँकी या पुगेर पनि वर्षैभरि सिँचाइ सुविधा नभएका स्थानमा सतही जलस्रोतका साथै भूमिगत जलस्रोतको उपयोगमा जोड दिइनेछ। ६. सिँचाइ सेवा विस्तारलाई प्रदेश र स्थानीय निकायको प्राथमिकतामा राखिनेछ।
२. सिँचाइ प्रणालीको दिगो सञ्चालन र व्यवस्थापनका साथै जिर्ण र परम्परागत सिँचाइ प्रणाली र पूर्वाधारको मर्मत-सम्भार र पुनर्स्थापना गर्ने।	१. स्थानीयस्तरका सिँचाइ प्रणाली र सुविधाको सञ्चालन र व्यवस्थापनको जिम्मा उपभोक्ता समितीलाई दिइनेछ। २. सिँचाइ सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा आत्मनिर्भर बनाउन सिँचाइ सेवा शुल्क व्यवस्था गरी संस्थागत तरिकाले सञ्चालन गरिनेछ। ३. सिँचाइ प्रणाली र पूर्वाधारको स्तर हेरेर स्थानीय र प्रदेशस्तरमा 'मर्मत-सम्भार कोष'को स्थापना गरिनेछ। ४. सिँचाइ सेवा र पूर्वाधारलाई चुस्त राख्न स्थानीय र विज्ञ टोलीबाट केही समयको अन्तरालमा नियमित रूपमा अनुगमन गरिनेछ।

रणनीति	कार्यनीति
	५. परम्परागत सिँचाइ प्रणाली कुलेसो, साना जलाशयको मर्मत-सम्भार गर्न स्थानीयलाई प्रोत्साहन गरिनेछ।
३. सिँचाइ आयोजनाहरूको स्रोत संरक्षण गर्ने र उपलब्ध पानीको विभिन्न प्रविधिबाट सिँचाइमा अधिकतम प्रयोग गर्ने।	१. तराईमा नदीजन्य सामग्रीको अत्यधिक दोहनको सिँचाइका मुहानहरूमा परेको असर न्यूनीकरण गर्न वैज्ञानिक र कानुनी तरिकाले उक्त सामग्री उत्खनन् गर्न लगाइनेछ। २. सिँचाइका लागि उपलब्ध पानीको अधिकतम प्रयोगका लागि खेतीको प्रकारसम्बन्धी पानी प्रदान गराउनुका साथै थोपा, स्प्रिङ्कलजस्ता नयाँ र परम्परागत विधिको प्रयोग गरिनेछ।
४. सिँचाइका संरचना र पूर्वाधारसम्बन्धित दुर्घटना न्यूनीकरण गर्ने।	१. सिँचाइका पूर्वाधार (जस्तै; नहर, जलाशय) निर्माण गर्दा मानवीय दुर्घटना नहुने संरचनागत सुरक्षित संरचना निर्माण गरिनेछ। २. निर्माण भइसकेका नहर या यस्तै पूर्वाधारमा संरचनागत त्रुटि भई मानवीय दुर्घटनाको जोखिम भएमा त्यस्ता संरचना पुनर्स्थापना गरिनेछ। ३. सिँचाइ सम्बन्धित दुर्घटना न्यूनीकरण गर्न स्थानीयमा चेतना अभिमुखीकरणलाई ध्यान दिइनेछ।

५. अपेक्षित उपलब्धि

यस योजना अवधिमा ८० प्रतिशत कृषियोग्य जमिनमा बाहैं महिना र ९० प्रतिशतमा आवधिक रूपमा प्रभावकारी प्रविधिबाट सिँचाइ सेवा र पूर्वाधार विकास गरिनेछ। सतही सिँचाइका साथै पहाडमा माउण्टेन अक्वुफर र तराईमा भूमिगत जलस्रोतको उपयोगमा वृद्धि हुनेछ।

६.४ खानेपानी तथा सरसफाइ

१. पृष्ठभूमि

खानेपानी र सरसफाइ मानवजीवनको लागि अपरिहार्य आवश्यकता रहेको छ। संयुक्त राष्ट्र संघले १७ वटा दिगो विकासका लक्ष्य मध्ये सबैमा खानेपानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनको सुनिश्चित गर्ने एउटा लक्ष्य रहेको छ। नेपालको संविधानले मौलिक हक अन्तर्गत स्वास्थ्यसम्बन्धी हकमा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक हुनेछ भनेर उल्लेख गरेको छ।

प्रदेश सरकार अन्तर्गत खानेपानी र सरसफाइसम्बन्धी प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, सेवाको शुल्क निर्धारण, योजना, निजी क्षेत्रको सहभागिता प्रवर्धनसम्बन्धी नीति मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमनको अधिकार रहेको छ।

लुम्बिनी प्रदेशमा ९७ प्रतिशत घरपरिवारमा आधारभूत खानेपानीको सुविधा पुगेको छ। करिब १३ प्रतिशत जनताले मात्र सुरक्षित पानीको उपभोग गर्दै आएका छन्। लुम्बिनी प्रदेशले वि.सं. २०८० सम्म सत प्रतिशत आधारभुत खानेपानीको सुविधा पुऱ्याउने उद्देश्यले "एक घर एक धारा" अभियानमार्फत् आयोजनाको काम शुरु गरेको थियो। विश्वव्यापी कोभिड संक्रमणको महामारी र बजेट अभावको कारण सो लक्ष्य हासिल गर्न कठिनाइ हुने देखिएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले खानेपानी गुणस्तर, पानी ल्याउन लाग्ने समय, धाराको प्रकृति र पानीको स्रोतको अवस्थालाई हेरी सुरक्षित, आधारभूत, असुरक्षित, सीमित र सतहको पानी भनी वर्गीकरण गरेको छ। व्यक्तिगत धारा भएको, १२ महिनै पानी आउने, गुणस्तरीय र ५ मिनेटमै एक खेप पानी ल्याउन सकिने भएमा त्यसलाई सुरक्षित पानी मानेको छ। त्यस्तै व्यक्तिगत वा समूहको धारा र ५ देखि ३० मिनेटसम्म एक खेप पानी ल्याउन सकिने भएमा त्यसलाई आधारभूत खानेपानी मानिएको छ। यसमा गुणस्तरको मापन गरिएको छैन।

खानेपानी, सरसफाइ र स्वच्छता (वास) योजना बनाउन लुम्बिनी प्रदेशले आफ्नो प्रदेशको १०९ ओटै स्थानीय तहसँग सम्झौता गरेको छ। प्रदेश सरकारले नेतृत्व लिएर वास प्लान निर्माण गर्ने लुम्बिनी पहिलो प्रदेश हो। कपिलवस्तु जिल्लामा पानी परीक्षण प्रयोगशाला निर्माणको चरणमा रहेको छ। प्रदेशमा उच्च प्रविधियुक्त केन्द्रीय खानेपानी कार्यक्रम आयोजनाहरू कार्यन्वयनको अवस्थामा रहेका छन्।

प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा ९८ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरू सम्पन्न गरेको छ भने ११९ वटा खानेपानी आयोजनाहरूमा मर्मत कार्यहरू सम्पन्न भएका छन्। केही आयोजनाहरूको लागतको अनुमानको तुलनामा विनियोजित बजेट ज्यादै न्यून रहेको हुँदा कार्यान्वयनमा समस्या देखिएको छ।

तराईका जिल्लामा आर्सेनिकको मिसावट र पहाडी जिल्लामा पानीको मुहान सुक्दै जाने समस्याहरू देखा परेका छन्। वर्षादको समयमा पानीका स्रोतहरू धमिलो हुने र संरचनाहरू बगाउने समस्याहरू अत्याधिक रहेका छन्। जिल्लाहरू खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसक्दा पनि शौचालय प्रयोग गर्ने बानीको विकास हुन सकेको छैन। शहरबजार क्षेत्रहरूबाट ठूलो मात्रामा फोहोर निस्कने र त्यसको प्रभावकारी व्यवस्थापनमा कठिनाइ रहेको छ। सडक तथा अन्य निर्माणका काममा उड्ने धूलो, आगजनी तथा इन्धनको जथाभावी प्रयोग गर्ने कलकारखानाहरू, सवारीसाधन र उद्योगहरूबाट निस्कने धूवाँ, धूलो तथा विषाक्त ग्यासहरूले केही ठाँउहरूमा वायु प्रदूषण गराएका छन्। दिगो विकासका लक्ष्यमा सन् २०३० सम्ममा सबैलाई स्वच्छ खानेपानी र सरसफाइ पुर्याउने लक्ष्य निर्दिष्ट छ। खुला दिसामुक्त बस्ती, ढल निकासको उचित व्यवस्था, खानेपानीको गुणस्तर सुधार, जलाधार क्षेत्रको संरक्षण यस लक्ष्यअन्तर्गत पर्दछन्।

२. प्रमुख समस्या

भौगोलिक जटिलता र छरिएर रहेको बस्ती हुनु, वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बढ्दो शहरीकरण र अव्यवस्थित बस्ती विकासको कारण पानीको स्रोतहरू सुक्दै जानु र प्रदुषित हुनु, स्वच्छ खानेपानीको आपूर्ति हुन नसक्नु, तराईमा आर्सेनिकको मिसावट हुनु, वितरण गरिएको पानीको गुणस्तर अनुगमन र गुणस्तर वृद्धिमा ध्यान दिन नसक्नु, पानीको गुणस्तर परीक्षण गर्ने प्रयोगशालाको अभाव रहनु, निर्माण सम्पन्न खानेपानी आयोजनाहरूको प्रभावकारी नियमन, अनुगमन र मर्मतसंभार तथा व्यवस्थापन हुन नसक्नु, खानेपानीतर्फ प्रमुख समस्या रहेको छ भने

सरसफाइतर्फ गरिब, पिछडिएको र उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने वर्ग सरसफाइको मूल प्रवाहबाट बाहिर रहनु, ग्रामीण क्षेत्रमा शौचालय प्रयोगको महत्वसम्बन्धी ज्ञानको अभाव रहनु, शहरी क्षेत्रमा फोहोरको वर्गीकरण गरी प्रभावकारी व्यवस्थापन हुन नसक्नु आदि समस्याहरू रहेका छन्।

३. चुनौती र अवसर

सीमित स्रोतसाधनबाट सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्थापन गर्नु, खानेपानी आयोजनाहरूमा २० प्रतिशत जनश्रमदान जुटाउनु, खानेपानीको स्रोतहरू बस्तीबाट टाढा हुनु, सीमित जनशक्तिबाट धेरै आयोजनाहरूको सञ्चालन एवम् व्यवस्थापन गर्नु, खानेपानीका स्रोतहरू सुक्दै जानु वर्षातको समयमा पानीको स्रोत बगाउन नदिने गरी संरचना निर्माण गर्नु, पानीको गुणस्तर / स्तरवृद्दि गर्नु, चुरे, भावर र पहाडी क्षेत्रहरूमा पानीको स्रोत पहिचान गरी खानेपानीको सुविधा विस्तार गर्नु, योजना मर्मतसंभार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता र दक्षता अभिवृद्धि गर्नु, ह्रास हुँदै आएको सतहगत र भूमिगत खानेपानीको स्रोतहरूको संरक्षण गर्नु, भौगोलिक जटिलता र छरिएर रहेको स्थानहरूमा खानेपानी र ढलको सुविधा प्रदान गर्नु, प्लाष्टिकको जथाभावी प्रयोगलाई निरुत्साहित गर्नु, फोहोरको वर्गीकरण र प्रभावकारी व्यवस्थापन गर्नु, कुहिने फोहोरबाट मल बनाउने प्रविधिको आरम्भ गर्नु, सरकारी कार्यालयहरू, स्वास्थ्य संस्था, विद्यालय, बाटोघाटो, मन्दिर र सार्वजनिक भेलास्थलहरूलाई पनि खानेपानी तथा सरसफाइको दायरामा ल्याउनु, खानेपानी तथा सरसफाइका संरचनालाई जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री बनाउनु, अव्यवस्थित शहरीकरण र बसाइँसराइबाट खानेपानी, सरसफाइ र वातावरण सन्तुलनको क्षेत्रमा देखा परेको असरलाई न्यूनीकरण गर्नु आदि चुनौती रहेका छन्।

खानेपानी तथा सरसफाइको हकलाई नेपालको संविधानले मौलिक हकमा समावेश गर्नु, संयुक्त राष्ट्रले दिगो विकासको लक्ष्यमा खानेपानी तथा सरसफाइलाइ स्थान दिनु, तीनै तहको सरकारले उच्च प्राथमिकता दिनु, निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रहरूले चासो दिनु तथा लगानी गर्न आकर्षित हुनु, खानेपानीको स्रोत पहिचान र व्यवस्थापन गर्न आवश्यक विशेषज्ञ : जलभूगर्भविद्, इन्जिनियरलगायत अन्य जनशक्ति स्वदेशमै उपलब्ध रहनु, नदीनाला, तालतलैया, जलाशयलगायत अन्य वातावरणीय स्वच्छताको विषयमा नागरिकहरूको चेतना अभिवृद्धि हुनु, साक्षरतामा वृद्धि, नवीनतम प्रविधिहरूको विकास हुनु, खानेपानी प्रशोधन गरी विदेशमा समेत निर्यात गर्न सकिने अवस्था रहनु आदि अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सर्वसुलभ गुणस्तरीय खानेपानी तथा सरसफाइयुक्त समृद्ध प्रदेश।

लक्ष्य

उच्च गुणस्तरयुक्त सर्वसुलभ खानेपानी सुविधा र सरसफाइ प्रदेशको सम्पूर्ण बस्तीमा पुऱ्याउनु।

उद्देश्य

१. प्रदेशका सबै जनतालाई उच्च गुणस्तरयुक्त खानेपानी सुविधा प्रदान गर्नु।

२. प्रदेशको मानव बस्ती पूर्णरूपमा सरसफाइयुक्त बनाउनु।

३. खानेपानी स्रोतको पहिचान एवम् व्यवस्थापनको कार्यउन्मुख अध्ययन गर्नु।

४. फोहोरमैलाको वर्गीकरण एवम् व्यवस्थापन गरी वैकल्पिक ऊर्जा र कृषि मलको उत्पादन गर्नु।

५. जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. उच्च गुणस्तरयुक्त खानेपानी सेवा विस्तार गर्ने।	१. तराईका ग्रामीण बस्तीमा भएका ट्युबवेलहरूको गुणस्तर प्रमाणीकरण तथा नियमित अनुगमन गरी सुरक्षित ट्युबवेललाई मात्र प्रयोगमा ल्याइनेछ। २. सञ्चालित खानेपानी आयोजनाहरूको नियमित गुणस्तर परीक्षण गर्ने र वितरण प्रणाली सुरु गर्नु पूर्व उच्च प्रविधियुक्त प्रशोधन प्रणालीबाट प्रशोधन गरिनेछ। ३. वर्षातको समयमा पानीको स्रोतलाई धमिलो हुन नदिने प्रयास गरिनेछ र धमिलो भएको पानीलाई प्रविधिको प्रयोग

रणनीति	कार्यनीति
	गरी गुणस्तरीय बनाई वितरण गरिनेछ।
२. खानेपानी आयोजनाहरूको स्रोत सुनिश्चित गर्ने।	१. आवश्यकतासम्बन्धी जलाशय, पोखरी, ट्याङ्की, तथा लिफ्ट प्रणाली निर्माण गरी खानेपानीको स्रोत सुनिश्चित गरिनेछ। २. निजी जग्गामा रहेका पानीका मूलहरूलाई उपभोक्ताको प्रयोगको लागि स्थानीय तहसँग समेत सहकार्य गरी सहजीकरण गरिनेछ। ३. पहाडी क्षेत्रमा भूमिगत जल (माउन्टेन एक्वीफर) र तराई क्षेत्रमा एक्वीफरको अध्ययन गरी धेरै मात्रामा पानी रहेको स्रोतको पहिचान गरिनेछ र सोही क्षेत्रबाट भूमिगत जलको निकास गरिनेछ। ४. स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक धारालाई एक घर एक धारा नीतिसम्बन्धी निजी धारामा परिणत गरिनेछ र आवश्यक नयाँ धारा थपिनेछ।
३. खानेपानी आयोजनाहरूको जलाधार क्षेत्र तथा मुहान संरक्षण गर्ने।	१. आयोजना क्षेत्रमा अवस्थित जलाधार सीमा क्षेत्र पहिचान गरी सतही र भूमिगत जलस्रोतको संरक्षणको लागि उपभोक्ता र समुदायलाई परिचालन गरिनेछ। २. जलाधार क्षेत्रभित्र ऐतिहासिक एवम् पुरातात्विक महत्व बोकेका ढुङ्गेधारा, कुवा एवम् पोखरीहरूको संरक्षण गरिनेछ। ३. पानीको मुहान निकट कुनै पनि ठूला आयोजनाहरूको निर्माण गर्दा भूमिगत जल वा मूलको प्रवाह अवरोध भई पानीको स्रोत सुक्न नदिनको लागि सम्बन्धित विज्ञहरूबाट

रणनीति	कार्यनीति
	स्विकृती लिएर मात्र कार्य अगाडि बढाउन पाइने व्यवस्था लागु गरिनेछ। ४. मानव बस्ती एवम् औद्योगिक, खानी उत्खनन् स्थान बाट सोझै जलाधार क्षेत्र र खोलामा ढल र प्रदुषित पानी मिसाउने कार्यलाई प्रतिबन्ध गरिनेछ। त्यस्ता पदार्थहलाई प्रशोधन गरी निर्धारण गरिएको शुद्धता सीमा प्राप्त भएमात्र खोलामा मिसाउन दिने व्यवस्था मिलाइनेछ। ५. प्रदुषण र यसका असरबारे विभिन्न माध्यमबाट जनचेतना फैलाई समुदायलाई थप उत्तरदायी बनाइनेछ। ६. ठूला खानेपानी र अन्य पूर्वाधारको आयोजना निर्माण हुँदा जलाधार क्षेत्रको संरचना (मर्फोलोजी)मा कुनै नकारात्मक असर नपर्ने गरी सुनिश्चित गर्न सम्बन्धित पक्षलाई जिम्मेवार गराइनेछ। संरचना परिवर्तन भई पर्यावरणलाई असर गर्ने स्थितीमा आवश्यकता हेरि व्यवस्थापनको उपाय अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ। ७. जलवायु परिवर्तन मानवीय क्रियाकलापको कारण जलाधार क्षेत्र तथा मुहान क्षेत्रमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्ने उपायहरू पहिचान गरी अवलम्बन गरिनेछ। ८. विभिन्न क्षेत्रमा जल पुनर्भरण कुवा (Artificial Recharge Pond) को निर्माण गरी भूमिगत जलको सतहमा वृद्धि गरिनेछ। ९. जलस्रोतको उपयोग, एकीकृत उपयोग तथा पुनरुपयोगलाई प्रोत्साहन गरिनेछ। १०. खडेरीको समयमा खानेपानी अभावलाई परिपूर्ति गर्न

रणनीति	कार्यनीति
	आकाशे पानी सङ्कलन एवम् प्रशोधन गरी उपयोग गर्न प्रोत्साहन गरिनेछ र स्थानीय तहमा आकाशे पानी जम्मा गर्ने जलाशय र प्रशोधन प्रणालीको स्थापना गरिनेछ। ११. प्रयोगमा आइसकेको पानीलाई शुद्दीकरण गरी जमिनमुनि पठाई इनार, पोखरीहरूको स्तर वृद्धि हुने व्यवस्था मिलाउन प्रोत्साहन गरिनेछ।
४. खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा समयसापेक्ष सेवा विस्तार अभिवृद्धि गर्दै जाने।	१. खानेपानी आयोजनाहरूको मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि खानेपानी उपभोक्ता तथा आश्रित समुदायको क्षमता तथा दक्षता अभिवृद्धि गरिनेछ। २. खानेपानी आयोजना निर्माण एवम् व्यवस्थापनको लागि निजी क्षेत्र र गैरसरकारी संस्थाहरूको सहकार्य एवम् सहलगानीको लागि अभिप्रेरित गरिनेछ। ३. ठूलाठूला खानेपानी आयोजना निर्माणको लागि समयसापेक्ष प्रचलितमा रहेका प्रविधिहरूको प्रयोग गरिनेछ। ४. खानेपानी सुविधा उपयोग गर्ने उपभोक्ताको स्तरको वर्गीकरण गरी शुल्क सङ्कलन कार्यलाई थप प्रभावकारी बनाइनेछ। ५. पम्पिङ र लिफ्ट प्रणालीबाट खानेपानी सेवा प्रदान गर्ने आयोजनाहरूलाई सौर्य ऊर्जा जडान गर्न प्रोत्साहन अनुदान दिइनेछ। त्यस्ता आयोजनाहरूलाई विद्युतको डिमाण्ड चार्जमा अनुदान दिइनेछ। ६. खानेपानीको बजेट विनियोजन जनसंख्याको अतिरिक्त भूगोललाई समेत आधार बनाई गरिनेछ।

रणनीति	कार्यनीति
	७. अति विपन्न बस्तीहरूमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न समुदायको आर्थिक लगानीको अनुपात कम गरी जनश्रमदानलाई प्राथमिकता दिइनेछ। यसको अलावा खानेपानी व्यवस्थापनमा उपभोक्ता र आश्रित समुदायलाई प्रत्यक्ष सहभागी गराउने गरी आयोजनाहरू सञ्चालन र व्यवस्थापन गर्न पहल गरिनेछ।
५. खानेपानी तथा सरसफाइ आयोजनाहरूलाई जलवायु परिवर्तन अनुकूल र विपद् जोखिम न्यूनीकरण हुने गरी दिगो व्यवस्थापन गर्ने।	१. खानेपानी र सरसफाइ सेवा आयोजनाको निर्माण एवम् व्यवस्थापनमा जलवायु परिवर्तन र विपदको न्यून प्रभाव रहने गरी अध्ययन गरी डिजाइन गर्ने व्यवस्था लागु गरिनेछ। २. संघीय सरकारको समन्वयमा जलवायु अनुकूल र विपद जोखिम न्यूनीकरण कोष स्थापना गरिनेछ।
६. फोहोरजन्य पदार्थको वर्गीकरण एवम् व्यवस्थापन गरी लाभ प्राप्त गरिनेछ।	१. सम्पूर्ण घरपरिवारमा कुहिने फोहोर र नकुहिने फोहोरलाई वर्गीकरण गरी छुट्टाछुट्टै डस्टवीनमा राख्नको लागि सूचना प्रदान गरिनेछ। २. स्थानीय तहमार्फत् फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोर र नकुहिने फोहोर छुट्टाछुट्टै व्यवस्थापन गरिनेछ। ३. कुहिने ठोसजन्य फोहोरलाई आधुनिक प्रविधि व्यवस्थापन प्रणालीद्वारा जैविक मल, यूरिया, ग्यँास लगायत लाभजन्य पदार्थमा परिणत गरी प्रदेशको आयआर्जन गर्ने आर्थिक स्रोतको रूपमा विकास गरिनेछ। ४. नकुहिने फोहोरहरूलाई वर्गीकरण गरी धातुजन्य फोहोरहरूलाई रिसाइकल गरिनेछ, प्लाष्टिकजन्य

रणनीति	कार्यनीति
	फोहोरहरूबाट इन्धन र अलकत्रा निर्माण गरिनेछ।
७. सरकारी कार्यालयहरू र सार्वजनिक स्थलरूलाई खानेपानी तथा शौचमैत्री बनाउने।	१. प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरू र सार्वजनिक स्थलहरूमा सेवाग्राहीले सहजै प्राप्त गर्ने गरी स्वच्छ पानीको व्यवस्था गरिनेछ। २. प्रदेश सरकारको मातहतका कार्यालयहरू र स्थानीय तहको कार्यालय भवन निर्माण गर्दा लैङ्गिकमैत्री, अशक्त र अपाङ्गमैत्री शौचालयको निर्माण गरिनेछ। सञ्चालनमा रहेका कार्यालयहरूमा पनि सोही व्यवस्था लागु गरिनेछ। ३. सार्वजनिक स्थलहरूमा पनि लैङ्गिकमैत्री, अशक्त र अपाङ्गमैत्री शौचालयको निर्माण गरिनेछ।
८. प्रादेशिक मापदण्डहरू बनाएर प्रदूषण नियन्त्रण गर्ने।	१. विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा प्रदूषण नियन्त्रणको लागि प्रदुषणको प्रादेशिक मापदण्ड तयार गरिनेछ। २. प्रदेशमा सञ्चालनमा आउने प्रत्येक उद्योग र खानी क्षेत्रहरूको प्रदुषण मापदण्ड लागु गरिएको नगरिएको अवस्था बुझ्न नियमित अनुगमन गरिनेछ। प्रदूषणका प्रदेश अनुकूल मापदण्डहरू बनाएर लागु गरिनेछ। ३. प्लाष्टिकको प्रयोगबारे प्रदेशको वस्तुस्थिति तथा प्लाष्टिकका प्रभावहरूबारे तथ्यमा आधारित अध्ययन एवम् विश्लेषण, वैकल्पिक व्यवस्था गरी यसको प्रयोगलाई निरुत्साहित र प्रभावकारी नियमन गरिनेछ। ४. स्वदेशी जैविक कच्चापदार्थबाट बन्ने वैकल्पिक झोलाको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

५.अपेक्षित उपलब्धि

योजना अवधिमा शतप्रतिशत घरपरिवारमा सुरक्षित खानेपानीको सुविधा पुगेको हुनेछ।

६.५ जलविद्युत तथा प्रसारण लाइन

१. पृष्ठभूमि

जलविद्युत विकास पूर्वाधारका खम्बाहरूमध्ये एक हो। यस प्रदेशमा ७ वटा जलविद्युत आयोजनाबाट ३७.७ मेगावाट विद्युत उत्पादन भइरहेको छ। यस तथ्याङ्कले यस प्रदेश जलविद्युत उत्पादनमा कमजोर रहेको देखाउँछ। विद्युतको खपत घरायसी, व्यवसायिक, औद्योगिक र अन्यमा क्रमश; ९५ प्रतिशत, १ प्रतिशत, २ प्रतिशत र २ प्रतिशत हुने गरेको छ। वर्षेनी नयाँ प्रयोगकर्ता जोडिने दर पनि बढ्दो छ। यस प्रदेशमा विद्युत आपूर्ति समग्रमा ९१ प्रतिशत भएतापनि पुर्वी रुकुम र रोल्पामा यो प्रतिशत ११.२५ प्रतिशत र ४०.११ प्रतिशत मा सीमित छ। त्यसै गरी, पाल्पा र दाङमा पनि विद्युत आपूर्ति ९० प्रतिशतभन्दा कम छ। यस क्षेत्रलाई विद्युतमा आत्मनिर्भर बनाउन सक्ने ७ मेगावाटको दरमखोला र ४८ मेगावाटको बबई-भेरी जल विद्युत आयोजना र १० मेगावाटका साना तथा मझौला जलविद्युत आयोजना निर्माणाधीन छन्। विभिन्न अनुसन्धानले झन्डै ४०० मेगावाट क्षमताको बहुउद्देश्यीय नौमुरे, १०४ मेगावाटको कालीगण्डकी-तिनाउ पथान्तरण आयोजना र ३८ स्थानमा २८ मेगावाट बढी विद्युत उत्पादन गर्न सकिने स्थान पहिचान भएका छन्। विभिन्न स्थानमा अन्तर प्रदेशीय १६०० मेगावाट क्षमताका संभावित स्थान पहिचान भएका छन्। ५० मेगावाटका साना तथा मझौला जलविद्युत आयोजना अध्ययनका क्रममा छन्।

यस प्रदेशले ३३ किलोभोल्ट, ११ किलोभोल्ट प्रसारण लाइन, लो टेनसन लाइन र वितरण ट्रान्सफर्मरको नेपालको कुल हिस्साको क्रमश; ३३ प्रतिशत, २० प्रतिशत, २१ प्रतिशत र २४ प्रतिशत ओगट्छ। लमही-घोराही १३२ किलोभोल्ट डबल सर्किट प्रसारण लाइन र कुस्मा - हापुरे १३२ किलोभोल्ट प्रसारण लाइन सञ्चालनमा छन्। बुटवल-लुम्बिनी १३२ किलोभोल्ट डबल सर्किट प्रसारण लाइन निर्माणाधीन अवस्थामा छ। घोराही-मादीचौर १३२ किलोभोल्ट, कोहलपुर-नेपालगञ्ज ३३/११ किलोभोल्ट र अन्य प्रदेशसँग जोड्ने कोहलपुर-सुर्खेत-दैलेख १३२ किलोभोल्ट प्रसारण लाइन, १५० किलोमिटर लामो न्यू बुटवल-लमही र ९० किलोमिटर लामो लमही-न्यू कोहलपुर तथा ४०० किलोभोल्टको डि.सी. प्रसारण लाइन प्रस्तावित योजनामा छन्।

२. प्रमुख समस्या

यस प्रदेशमा आपूर्ति हुँदै आइहेको जलविद्युतको थोरै अंश मात्र यस क्षेत्रमा उत्पादन हुनु, मागसम्बन्धी उत्पादन हुन नसक्नु, सबै भू-भागमा समान विद्युत आपूर्ति नहुनु, सेवा विस्तार गर्ने जटिल भूगोल हुनु, विद्युत सेवा विस्तार भएका स्थानमा पनि विद्युत कटौती हुनु, भरपर्दो र गुणस्तरिय नहुनु, आवश्यक मात्रामा ट्रान्सफर्मर र प्रसारण लाइन नहुनु, निर्माणाधीन जलविद्युत आयोजनाहरू निर्माणमा र पहिचान गरिएका सम्भावित जलविद्युत योजनाहरूको विस्तृत अनुसन्धानमा ढिलाइ हुनु विद्युतसम्बन्धी यस प्रदेशका प्रमुख समस्या हुन्।

३.चुनौती र अवसर

जलविद्युत उत्पादनमा पर्याप्त अनुसन्धान र लगानीको कमी, निर्माणाधीन जलविद्युत प्रसारण र वितरण लाइन समयमै सक्नु, प्रस्तावित योजना तत्काल कार्यान्वयनमा ल्याउनु, उक्त संरचनाको प्रसारण र वितरणसम्बन्धी अधिकार र संथागत विकास गर्नु, विकट भूगोल भएका पूर्वी रुकुम र रोल्पा लगायत अन्य स्थानमा विद्युत सेवा वितरण गर्नु, बढ्दो उद्योग, कलकारखाना, नयाँ प्रयोगकर्ताको मागसम्बन्धीको भरपर्दो, नियमित र गुणस्तरिय विद्युत आपूर्ति गर्नु, विद्युत दुर्घटना न्यूनीकरण गर्नु प्रमुख चुनौती हुन्।

प्रदेशभित्र र अन्तरप्रदेशीय पहिचान गरिएका संभावित योजना अगाडि बढाई विद्युतमा प्रदेश आत्मनिर्भर हुनु, सडक प्रसारण लाइन, सबस्टेशन निर्माण प्रदेशको प्राथमिकतामा पार्ने, अध्ययनकै क्रममा रहेका साना तथा मझौला जलविद्युत आयोजनालाई प्राथमिकतामा राखी विस्तृत अध्ययन गरी फिजिवल भएमा तत्काल कार्यान्वयनमा लैजाने, पूँजीका लागि समयमै लगानिकर्ता आकर्षित गर्ने, उत्पादनका साथै सम्पुर्ण भू-भागमा समान, गुणस्तरिय विद्युत सेवा विस्तार गर्न सकिने अवस्था रहनु साथै विद्युतीय प्रयोगलाई घरायसी, उद्योग, यातायात, सिँचाइ लगायतका क्षेत्रमा बढावा दिइ कार्वन उत्सर्जन कटौती गरी पर्यावरण संरक्षणमा योगदान पुर्याउन सकिने यस प्रदेशका मुख्य अवसर हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

निर्माणाधीन र पहिचान गरिएका संभावित प्रदेशभित्रका र अन्तरप्रदेशीय जलविद्युत आयोजनाका र आवश्यक पूर्वाधारको छोटो अवधिमै निर्माण गरी दिगो, भरपर्दो विद्युत विस्तार र विकास गर्ने।

लक्ष्य

जलविद्युत उत्पादन र प्रयोगमा वृद्धि गरी उर्जाको क्षेत्रमा आत्मनिर्भर बन्ने।

उद्देश्य

१. जलविद्युत उत्पादनमा वृद्धिका साथै प्रसारण लाइन र सबस्टेसन विकासमा जोड दिनु।
२. विद्युतमा सबैको समान, गुणस्तरिय र सर्वसुलभ पहुँच बनाउनु।
३. विद्युत खपतमा वृद्धि र दिगो व्यवस्थापन गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. जलविद्युत उत्पादनमा वृद्धि गर्ने	१. निर्माणधीन जलविद्युत आयोजना समयमै सम्पन्न गरिनेछ। २. पहिचान गरिएका संभावित जलविद्युत आयोजना सम्भाव्यता अध्ययन गरी नतिजाको आधारमा शीघ्र कार्यान्वयन प्रक्रियामा लगिनेछ। ३. निर्धारित समयमै निर्माण कार्य सम्पन्न गर्ने र तोकिएको अवधिमै सञ्चालन गर्ने जलविद्युत आयोजनालाई विशेष सहुलियत प्रदान गरिनेछ। ४. जलविद्युतको पूर्वाधार निर्माणाधीन प्रसारण लाइन र सबस्टेसन समायमै सम्पन्न गरिनेछ। ५. प्रस्तावित घोराही-मादीचौर १३२ किलोभोल्ट, कोहलपुर-नेपालगञ्ज ३३/११ किलोभोल्ट, कोहलपुर-सुर्खेत-दैलेख १३२ किलोभोल्ट प्रसारण लाइन, १५० किलोमिटर लामो न्यू बुटवल-लमही र ९० किलोमिटर लामो लमही-न्यू कोहलपुर ४०० किलोभोल्टको डि.सी प्रसारण लाइन र बुटवल ग्रिडअन्तर्गतका अन्य यथाशीघ्र अध्ययन र फिजिबल रहेका परियोजनाहररू कार्यान्वयनमा ल्याइनेछ।
२ जलविद्युत उत्पादनमा	१. जलविद्युत आयोजना निर्माणका लागि पर्याप्त पूँजी व्यवस्था गर्न

रणनीति	कार्यनीति
लगानीको व्यवस्था गर्ने	वित्तीय संस्था, निजी लगानीकर्ता, गैरआवासीय संघ-संस्था, वैदेशिक लगानीकर्ता र स्थानीयलाई आकर्षित गरिनेछ। २. निजी लगानीमैत्री वातावरण सिर्जना गर्न नीतिगत र प्रक्रियागत कामकारवाही सहज बनाइनेछ। ३. जलविद्युत आयोजनाको सम्बन्धित जिल्ला र प्रदेशका नागरिकलाई शेयरमार्फत् आर्थिक र भावनात्मकरूपमा सामेल गरिनेछ।
३. विद्युतमा सबैको समान, गुणस्तरिय र सर्वसुलभ पहुँच बनाउने।	१. यस प्रदेशका सम्पूर्ण जिल्लामा नियमित र गुणस्तरिय विद्युत आपूर्ति गरिनेछ। २. पूर्वी रुकुम र रोल्पामा विद्युत वितरण विस्तार गर्न विशेष प्राथमिकता दिइनेछ। ३. सम्पुर्ण जिल्लामा र क्षेत्रमा गुणस्तरिय विद्युत आपूर्तिका लागि आवश्यक पुर्वाधार निर्माण गरिनेछ। ४. शहरी क्षेत्र र गाउँमा गरिएको असमान विद्युत आपूर्तिलाई समान गरिनेछ।
४. विद्युत खपतमा वृद्धि गर्ने।	१. विद्युत खपतमा वृद्धि गर्न यातायात, सिँचाइ, उद्योगलगायत अन्य क्षेत्रमा प्रोत्साहन र अभिमुखीकरण गरिनेछ। २. यातायातमा विद्युत खपत बढाउन विद्युतीय यातायात सञ्चालन र चार्जिङ् स्टेशन निर्माणलाई प्राथमिकता दिइनेछ। ३. विद्युत खपत वृद्धि गर्न आवश्यक परेका स्थान र अवस्थामा विद्युत शुल्कमा हेरफेर गर्न सकिनेछ। ४. ग्रामीण बस्ती, आर्थिक रूपमा अति विपन्न, पिछडिएको र दलितलाई आवश्यक परेमा स्थानीय निकायसँग सहकार्य गरी महसुल घटाइनेछ।

रणनीति	कार्यनीति
५. विद्युतको उचित व्यवस्थापन गर्ने।	१. प्रदेशमा विद्युत अध्ययन, विकास र व्यवस्थापन हेर्ने संरचना स्थापना गरिनेछ। २. प्रदेशभर विद्युतीय काम छिटोछरितो र चुस्त राख्न विद्युत जडान र मर्मतसंभार गर्न आवश्यक मात्रामा दक्ष जनशक्ति परिचालन गरिनेछ। ३. बर्खायाम, हावाहुरी, बाढी, पहिरोजस्ता प्रकृतिक प्रकोप र अन्य कारणबाट हुन सक्ने सम्भावित क्षती, सेवा कटौती र दुर्घटना न्यूनीकरण गर्न विज्ञद्वारा नियमित (छ महिनाको अन्तरालमा र आवश्यक परेको अवस्थामा अन्य समयमा पनि) अनुगमन र मर्मतसंभार गरिनेछ। ४. विद्युतीय दुर्घटना न्यूनीकरण गर्न नियमित कुनै स्थानमा भूमिगत विद्युत वितरणसम्बन्धी विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ।

५. अपेक्षित उपलब्धि

यस योजनाअवधिमा ३ वटा ठूला जलविद्युत आयोजना निर्माण भएर राष्ट्रिय प्रसारण लाइनमा जोडिएका हुनेछन्। प्रदेशका सबै परिवारमा विद्युतको सुविधा पुगेको हुनेछ। निर्माणाधिन बुटवल-लुम्बिनी १३२ किलोभोल्टको डबल सर्किट प्रसारण लाइन निर्माण भइसकेको हुनेछ भने प्रस्तावित अन्य प्रसारण लाइन र सबस्टेशन र बुटवल ग्रिडअन्तर्गतका योजनाहरू निर्माण प्रक्रियामा गइसकेका हुनेछन्। विद्युत आपूर्तिको गुणस्तरमा वृद्धि भएको हुनेछ। साथमा विद्युतीय यातायातको प्रयोगमा उल्लेखनीय वृद्धि भएको हुनेछ।

६.६ सौर्य ऊर्जा

१. पृष्ठभूमि

नेपालको बढ्दो विद्युत माग आपूर्ति गर्न जलविद्युत उत्पादनका साथै सौर्य ऊर्जा उपयुक्त विकल्प हो। विद्युतीय सेवा विस्तार नभएका दुर्गम क्षेत्रमा सौर्य ऊर्जा प्रमुख स्रोत र विकल्प हो। नेपाल

विद्युत प्राधिकरणले जलविद्युत र सौर्य ऊर्जाको मिश्रण अनुपात ८५:१५ कायम गर्ने उद्देश्य लिएको छ। विभिन्न कम्पनीहरूले कुल ५०० मेगावाटभन्दा बढी सौर्य ऊर्जा उत्पादनाका लागि अनुमति पत्र प्राप्त गरिसकेका छन्। तिलोत्तमा बुटवल सौर्य शक्ति परियोजनामा उत्पादित ८.५ मेगावाट सौर्य ऊर्जा राष्ट्रिय प्रसारण लाइनमा जोडिइसकेको छ। सौर्य ऊर्जा सञ्चालनका लागि यस प्रदेशले ७.५ मेगावाट उत्पादन क्षमता भएका ४ परियोजनालाई कुल ३२५ मेगावाट सौर्य ऊर्जा उत्पादनका लागि अनुमतिपत्र प्रदान गरिसकेको छ। सन् २०२० सम्मको तथ्याङ्कलाई हेर्दा प्रदेशले कुल ६३.४९ मेगावाट सौर्य ऊर्जा सर्वेक्षण अनुमतिपत्र उपलब्ध गराएको छ। जसमध्ये कपिलवस्तु र दाङमा २-२ र गुल्मी र अर्घाखाँचीमा १-१ परियोजना पर्दछन्। प्रदेशका विभिन्न स्थानीय तहमा ८५ मेगावाट सौर्य ऊर्जा उत्पादन गर्न सकिने ८५ स्थान पहिचान भएका छन्। विगत केही वर्षमा खानेपानी र सिँचाइमा सौर्य ऊर्जाको प्रयोग बढ्दो छ। यो प्रदेश जलविद्युतको तुलनामा सौर्य ऊर्जामा राम्रो सम्भावना बोकेको क्षेत्र हो। दाङ, गुल्मी र रुपन्देही सौर्य ऊर्जा उत्पादनका लागि अधिक सम्भावना बोकेका जिल्ला हुन्।

२. प्रमुख समस्या

सौर्य ऊर्जा भरपर्दो ऊर्जा स्रोतको स्थापित हुन नसक्नु, आवश्यक ऐन कानूनको अभाव हुनु, उत्पादन क्षमताअनुसार उत्पादन नहुनु, उत्पादनको लागि प्रशस्त खुल्ला जमिन आवश्यक हुनु र जग्गा प्राप्ति कठिन हुनु र उत्पादन प्रभावकारिता मौसममा निर्भर रहनु, पिक आवरमा उत्पादन नहुनु, सुरुवाती लागत महङ्गो हुनु र सौर्य ऊर्जा उत्पादन, व्यवस्थापन र यससम्बन्धी आवश्यक नीति अभाव हुनु सौर्य ऊर्जा विकासका प्रमुख समस्या हुन्।

३. चुनौती र अवसर

सौर्य ऊर्जालाई भरपर्दो ऊर्जाको रूपमा स्थापित गर्नु, आवश्यक ऐन कानून नहुनु, आवश्यक मात्रामा खुल्ला, सिङ्गो प्लट उपलब्ध गराउनु, लगानी व्यवस्था गर्नु, प्रतिकुल मौसमको समयमा सौर्य ऊर्जाको उपयुक्त विकल्प दिनु र ऊर्जा खोज उत्पादन र व्यापारमा आवश्यक नीति निर्माण गर्नु सौर्य ऊर्जाका प्रमुख चुनौती हुन्।

यस प्रदेशमा न्युन जलविद्युत उत्पादन हुनु, सौर्य उत्पादनको अधिक सम्भावना हुनु, विश्वभर ग्रिन-इनर्जी, क्लिन-इनर्जीको लहर आउनु, उर्जा स्टोरेजको लागि ब्याट्रीमा सुधार आउनु, सिँचाइ,

खानेपानी, सार्वजनिक स्थानमा र साना उद्योगमा सौर्य ऊर्जाको प्रयोग बढ्नु, जलविद्युत उत्पादनको तुलनामा सौर्य ऊर्जा छोटो समयमै, कम लगानीमै र पुर्वी रुकुम र रोल्पाजस्ता विकट स्थानमा पनि सहजै विस्तार गर्न सकिनु सौर्य ऊर्जा उत्पादनका अवसर हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सौर्य ऊर्जा उत्पादन वृद्धि गरी उर्जामा आत्मनिर्भर भएको प्रदेश।

लक्ष्य

निर्माणाधीन र पहिचान गरिएका सौर्य परियोजना यथाशिघ्र सम्पन्न र कार्यान्वयन गरी सौर्य ऊर्जा उत्पादन वृद्धि गर्ने।

उद्देश्य

१. सौर्य ऊर्जा उत्पादन, अनुसन्धान र खपतमा वृद्धि गर्ने।
२. आवश्यक लगानी आकर्षित गर्ने।
३. सौर्य ऊर्जासम्बन्धी आवश्यक नीति निर्माण गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सौर्य ऊर्जा उत्पादन, अनुसन्धान खपतमा वृद्धि गर्ने।	१. ३२.५ मेगावाट सौर्य ऊर्जा उत्पादन अनुमति पत्र प्राप्त गरेका परियोजनाको निर्माण कार्य समयमै सम्पन्न गरिनेछ। २. ८५ मेगावाट सौर्य ऊर्जा उत्पादनको लागि सम्भाव्यता पहिचान गरिएका ८५ स्थानको यथाशिघ्र विस्तृत अध्ययन गरी कार्यान्वयन प्रक्रियामा लगिनेछ। ३. सौर्य ऊर्जा खपतमा वृद्धि गर्न खानेपानी, सिँचाइ, साना उद्योग, सार्वजनिक स्थान र कार्यालय र तापीय सौर्य

रणनीति	कार्यनीति
	ऊर्जा प्रवर्धन र प्रयोगमा प्रोत्साहन गरिनेछ।
२. आवश्यक लगानी आकर्षित गर्ने।	१. सौर्य ऊर्जा उत्पादनका लागि निजी लगानिकर्ता, वित्तीय संस्थालाई आकर्षित गरिनेछ। २. विकट क्षेत्रमा सौर्य ऊर्जा उत्पादनमा इच्छुक लगानिकर्ता र परियोजनालाई विशेष सहुलियत प्रदान गरिनेछ। ३. सौर्य ऊर्जा उत्पादनका लागि आवश्यक जमिन उपलब्ध गराउन स्थानीय निकायसँग सहकार्य गरी सहजीकरण गरिनेछ। ४. लगानीकर्तालाई पूँजी व्यवस्थापन गर्न सरकारी वित्तीय संस्था र बैङ्कमा न्यून व्याजदरमा ऋण प्राप्त गर्न सहयोग गरिनेछ।
३. सौर्य ऊर्जासम्बन्धी आवश्यक नीति निर्माण गर्ने।	१. सौर्य ऊर्जा उत्पादन, व्यवस्थापन गर्न छुट्टै स्वमित्वको स्वायत्त निकाय स्थापना गरिनेछ। २. निकट भविष्यमा सौर्य ऊर्जाका पुराना उपकरण व्यवस्थापन तथा यसबाट सिर्जित सम्भावित हानिकारक प्रदूषण नियन्त्रणका बारेमा आवश्यक प्रावधान गरिनेछ।

५. अपेक्षित उपलब्धि

उल्लेखीय मात्रामा सौर्य ऊर्जा उत्पादन अनुमतिप्राप्त परियोजना सम्पन्न भएर राष्ट्रिय प्रसारण लाइनमा जोडिएका हुनेछन्, विद्युतीय ऊर्जा नपुगेको र तत्काल विस्तार गर्न नसकिने स्थानमा सौर्य ऊर्जामार्फत् विस्तार भएको हुनेछ।

६.७ नवीकरणीय ऊर्जा

१. पृष्ठभूमि

दिगो विकासका लागि दिगो ऊर्जा समयको माग हो। नेपालको सन्दर्भमा शहरी क्षेत्रमा एलपि ग्यास र विद्युतीय उर्जा प्रयोग भएपनि राष्ट्रका अधिकांस भूभागमा परम्परागत ऊर्जा र खानी ऊर्जा नेपालमा प्रचलित छन्। नेपालको कूल ऊर्जा खपतको आधाभन्दा बढी हिस्सा ओगट्ने परम्परागत ऊर्जा दाउरा, गुइठा, कोइला आदि प्रयोगको स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै वन तथा वातावरण संरक्षणमा पनि प्रतिकूल असर पर्दछ र खानी ऊर्जा पेट्रोल, कोइला अनवीकरणीय वातावरण प्रतिकूल प्रभाव पर्नु र आयात गर्नुपर्ने भएकाले नेपालले नवीकरणीय उर्जामा जोड दिदै आएको छ। दिगो विकास लक्ष्य २०१५/३० ले पनि नवीकरणीय ऊर्जा विकास र विस्तारको नीति लिएको छ। नवीकरणीय उर्जा समय सापेक्ष, सुपथ, सुलभ र स्थानीय प्रविधि र स्रोतमा आधारित हुने भएकाले विश्वभर नवीकरणीय उर्जाका लहर आउनुका साथै चासो र अनुसन्धान पनि बढ्दो छ। क्लिन इनर्जी, ग्रिन (इनर्जी भनेर चिनिने नवीकरणीय उर्जा पछिल्लो समयमा ब्याट्रीको गुणस्तरमा आएको सुधार र घट्दो मुल्यले पनि नवीकरणीय उर्जा विकासमा इट्टा थपेको छ। यस प्रदेशमा अहिले पनि २.९ प्रतिशतले बायो ग्यासबाट खाना बनाउछन्। ७३ गाउँपालिका र चार ठूला उप-महानगरपालिका रहेको यस प्रदेश जैविक (बायोग्यास, फोहोर) उर्जा विस्तारको क्षेत्र बन्न सक्छ।

२. प्रमुख समस्या

वैकल्पिक ऊर्जा योगदानको स्पष्ट खाका नहुनु, सुरुवाती लागत धेरै हुनु, ग्रामीण क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित नहुनु, सहुलियत ऋण, जोखिम व्यवस्थापन र बिमासम्बन्धी आवश्यक व्यवस्था नहुनु, नवीकरणीय ऊर्जा घरायसी प्रयोगमा सीमित हुनु, स्थानीय तहमा प्रचलनमा रहेका नवीकरणीय उर्जा प्रवर्धन नहुनु र व्यवस्थापन दक्षता उपलब्ध नहुनु प्रमुख समस्या हुन्।

३. चुनौती र अवसर

नवीकरणीय ऊर्जालाई व्यवसायिक ऊर्जाको रूपमा विकास गर्नु, यस प्रदेशमा आधाभन्दा धेरै क्षेत्रमा खाना बनाउन प्रयोग हुँदै आइरहेको परम्परागत ऊर्जालाई आधुनिक नवीकरणीय ऊर्जा स्रोतमा प्रतिस्थापन गर्नु, एलपी ग्यासको प्रयोग कम गर्नु, ग्रामीण क्षेत्रमा विस्थापित हुँदै गइरहेका पानी घट्ट, सुधारिएको चुलोको प्रयोग संरक्षण र प्रवर्धन गर्नु, नवीकरणीय ऊर्जा खपतमा वृद्धि गर्नु, सुरुवाती

लागत धेरै हुनु, पर्याप्त लगानी आकर्षित गर्नु, प्रदेशले स्पष्ट मिश्रित ऊर्जा प्रणालीको नीति निर्माण नगर्नु र तिन तहका सरकारबिच सहकार्य र समन्वय गर्नु प्रमुख चुनौती हुन्।

नवीकरणीय ऊर्जा सदैव, सर्वत्र उपलब्ध, वैज्ञानिक, वातावरण अनुकूल हुनुका साथै विश्वव्यापी रूपमा यसको अनुसन्धान र विकासमा बढ्दै जानु, नेपाल सरकारले नवीकरणीय ऊर्जालाई प्राथमिकतामा राख्नु, विद्युत वितरण विस्तार नभएका स्थानमा छोटो समयमै सुपथ र सुलभ तरिकाले ऊर्जा पहुँच विस्तार गर्न मिल्नु, नवीकरणीय ऊर्जाको प्रयोग बढ्दै जानु र दीर्घकालमा सम्पुर्ण क्षेत्रमा यसको प्रयोगको उत्तिकै सम्भावना हुनु, एक पटक विकास गरेपछि मर्मत-संभारको झन्झट नहुनु ऊर्जाका प्रमुख अवसर हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

नवीकरणीय ऊर्जा विकास, विस्तार र प्रवर्धन गरी ऊर्जा सुरक्षा सुनिश्चित गर्ने।

लक्ष्य

बायोग्यास, बायोइन्धन र वायुमा आधारित विद्युत तथा तापीय ऊर्जाको प्रवर्धन गरी ऊर्जामा आत्मनिर्भर हुने।

उद्देश्य

१. नवीकरणीय ऊर्जाको पहुँच र खपतमा वृद्धि गर्ने।
२. जैविक (फोहोर) र वायु ऊर्जा विकासका लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन गर्ने।
३. नवीकरणीय ऊर्जा विकास गर्न लगानी र सहुलियत व्यवस्था गर्ने।

रणनीति	कार्यनीति
१. नवीकरणीय ऊर्जाको पहुँच विस्तार गर्ने।	१. राष्ट्रिय विद्युत प्रसारणको पहुँच बाहिर रहेका स्थानमा नवीकरणीय ऊर्जा प्रवर्धन गरिनेछ। २. भूगोलसम्बन्धी बायोग्यास, सुधारिएको चुलो,

रणनीति	कार्यनीति
	विद्युतीय चुलो, सुधारिएको घट्ट, बायोब्रिकेट उत्पादन र प्रवर्धन गरिनेछ। ३. बढ्दो नवीकरणीय ऊर्जाको विस्तारलाई सहज बनाउन आवश्यक जनशक्ति र नीतिगत व्यवस्था गरिनेछ। ४. पानीघट्टबाट लघु जलविद्युत उत्पादन गरिनेछ। ५. परम्परागत र पेट्रोलियम ऊर्जा स्रोतलाई आधुनिक, नवीकरणीय ऊर्जामा रुपान्तरण गरिनेछ।
२. नवीकरणीय ऊर्जाको खपतमा वृद्धि गर्ने।	१. खाना पकाउने, लघुउद्योग, सार्वजनिक स्थान, कार्यालय, खानेपानी, सिँचाइ लगायतका क्षेत्रमा नवीकरणीय ऊर्जा प्रयोगमा प्रोत्साहन गरिनेछ। २. नवीकरणीय ऊर्जा प्रयोगमा प्रोत्साहन गर्न प्रभावकारी सूचना प्रवाह र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
३. जैविक (फोहोर) र वायु ऊर्जा विकासका लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन गर्ने।	१. यस प्रदेशका उप-महानगरपालिका र नगरपालिकामा उत्पादित जैविक फोहोरको ऊर्जा उत्पादनसम्बन्धी विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ। २. चार उप-महानगरपालिकामा परीक्षणस्वरुप सानोस्तरको एक-एक जैविक ऊर्जा प्लान्ट निर्माण गरिनेछ। ३. वायु ऊर्जा उत्पादनको लागि उपयुक्त स्थान

रणनीति	कार्यनीति
	पहिचानार्थ विस्तृत अध्ययन गरिनेछ। ४. प्रदेश सरकारको लगानीमा घरमा उत्पादन हुने जैविक मल र फोहोरद्वारा बायोग्यास उत्पादन गरी घरका लागि आवश्यक खाना बनाउन पर्याप्त ऊर्जा उत्पादन भएको एक नमुना गाउँ निर्माण गरिनेछ। ५. जैविक र वायुको प्रयोगलाई आधुनिक र सरल बनाउन विश्वविद्यालय वा अनुसन्धान गर्ने निकायसँग साझेदारी गरी अनुसन्धान गरिनेछ।
४. नवीकरणीय ऊर्जा विकास गर्न लगानी र सहुलियत व्यवस्था प्रदान गर्ने।	१. नवीकरणीय ऊर्जामा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। २. घरायसी र कार्यालयहरूमा नवीकरणीय ऊर्जा जडान गर्न इच्छुक प्रयोगकर्तालाई केही प्रतिशत मुल्य छुट गरिनेछ भने विद्युत सेवा नपुगेका ग्रामीण क्षेत्रमा छुटका साथै विशेष सहुलियत प्रदान गरिनेछ। ३. ग्रामीण भेगमा र ठूला नवीकरणीय प्लान्ट निर्माण कम्पनीलाई न्यून व्याजदारमा ऋण उपलब्ध गराइनेछ।

५. अपेक्षित उपलब्धि

विद्युत आपूर्तिको पहुँच बाहिर रहेका स्थानमा नवीकरणीय ऊर्जाद्वारा ऊर्जा पहुँच भएको हुने, जैविक उर्जाको विकास र प्रयोगको विस्तार हुनुका साथै घरमा उत्पादित जैविक मलको बायोग्यास उत्पादन

भएको नमुना क्षेत्र निर्माण हुने र प्रदेशमा खाना बनाउने इन्धनको रूपमा नवीकरणीय ऊर्जाको वृद्धि भई एलपी ग्यास र परम्परागत ऊर्जा प्रयोगमा कमी आएको हुनेछ।

६.८ विज्ञान तथा प्रविधि

१. पृष्ठभूमि

वर्तमान विज्ञान र प्रविधिको युगमा यसको उचित र यथेष्ठ उपयोग बिना समृद्दिको परिकल्पना गर्न असम्भव नै छ। अहिले देखिइरहेको तीव्र आधुनिकीकरण विज्ञान र प्रविधिको देन हो। पूर्वाधार, स्वास्थ्य, खाद्य, आवास, वातावरणीय व्यवस्थापन, सूचना तथा सञ्चार, प्राकृतिक स्रोतको उचित उपयोग, आर्थिक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, शिक्षा र सामाजिक सुरक्षा लगायतका विषयमा विज्ञान, प्रविधि र नवप्रवर्तन कार्यक्रमले ठूलो भूमिका खेलिरहेको हुन्छ। नेपालको संविधानले राज्यको नीतिहरू अन्तर्गत विकासको नीतिमा वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने उल्लेख गरेको छ। साथै यसले वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकासलाई संघ र प्रदेशको साझा अधिकारको सूचिमा समावेश गरेको छ।

वैज्ञानिक अनुसन्धानबाट प्रतिपादित ज्ञान र पम्परागत एवम् आधुनिक प्रविधिको उपलब्धिलाई आधारभूत आवश्यकताको सहज परिपूर्ति गर्न यसलाई प्राथमिकता दिनु आजको आवश्यकता हो। प्राकृतिक स्रोतको प्रचुर सम्भावना रहेको यस प्रदेशमा विज्ञान तथा प्रविधिको समुचित प्रयोगद्वारा प्राकृतिक स्रोतको पहिचान एवम् उचित प्रयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी देशलाई समृद्धिको दिशातिर उन्मुख गराउन जरुरी भइसकेको छ।

विज्ञान तथा प्रविधिको विकासको लागि यस क्षेत्रमा राज्यको लगानीमा उल्लेख्य वृद्धि गरि, दक्ष प्राविधिक जनशक्तिको उल्लेखीय वृद्धि गरी प्राविधिक शिक्षण संस्थान, विश्वविद्यालय एवम् अनुसन्धान संस्थाको क्षमता अभिवृद्धि गरी समग्र अनुसन्धान तथा प्रविधिको उपयोग एवम् आधुनिकीकरणमा प्राथमिकता दिनु आवश्यक छ। फलस्वरुप, देशमै नयाँ प्रविधिको विकास एवम् दक्ष प्राविधिक जनशक्तिको उत्पादन एवम् स्तरवृद्धि भई राज्यको विकासमा ठूलो भूमिका स्थापित गरेको हुन्छ।

उच्च शिक्षामा विज्ञान प्रविधितर्फ मेधावी विद्यार्थीहरूको आकर्षण रहेको छ। यस प्रदेशमा २ वटा विश्वविद्यालय भए तापनि विज्ञान तथा प्रविधिको अध्ययन हुँदैन। देशको अन्य प्रदेशमा अवस्थित

विश्वविद्यालयबाट यस प्रदेशमा अवस्थित शिक्षण संस्थाहरूले सम्बन्धन लिई उच्च शिक्षामा पठनपाठन गराएको अवस्था छ। समग्रमा भन्नुपर्दा देशमै र यस प्रदेशमा विज्ञान तथा प्रविधिको प्रयोग कमजोर रहेको छ। अनुसन्धान र प्रविधि विकासको प्रगती निराशाजनक रहेको छ। पारम्परिक ज्ञान र प्रविधिको संरक्षण एवम् आधुनिकीकरण गरी त्यसको लाभ लिन नसकेको अवस्था रहेको छ। प्रमुख आर्थिक क्षेत्रको रूपमा रहेको कृषिक्षेत्र अझैं पनि परम्परागत प्रविधिमा नै आधारित छ र पर्याप्त प्रविधिको आधुनिकीकरण र यान्त्रिकीकरण हुन सकेको छैन। औद्योगिक क्षेत्रमा पनि विज्ञान र प्रविधिको प्रयोग पर्याप्त छैन भने स्वदेशी प्रविधिको विकास र विस्तार हुन सकेको छैन।

प्रदेश सरकारको निर्माण भएपश्चात् प्रादेशिक विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र सञ्चालन विधेयक प्रदेश सभामा टेवुल भएको र प्रतिष्ठानको भवन नेपालगंजमा निर्माण भएको छ। प्रदेशको विकासको लागि आवश्यक प्राविधिक मानवपुँजी निर्माण गर्न विज्ञ, प्रविधि, इन्जिनियरिङ, गणित (स्टेम) विषयलाई संस्थागत गरी विद्यालय शिक्षालाई रुपान्तरण गर्ने योजनाअनुरूप प्रदेशमा स्टेम संयोजकहरूको नियुक्ती गर्ने, केही विद्यालयहरूमा कन्सोर्टीयम विद्यालयको रूपमा विकास गरिएको, विद्यालयहरूमा स्टेम ल्याबको स्थापना र सञ्चालन पनि गरिएको छ। विज्ञान संकायमा अध्ययनरत छात्राहरू र अपाङ्ग विद्यार्थीहरूलाई छात्रावृती प्रदान गरिएको छ। विज्ञान तथा प्रविधि क्षेत्रमा शोधकार्य गर्ने विद्यार्थीहरूलाई छात्रवृती प्रदान गरिनुको साथै प्राविधिक शिक्षालयका भवनहरू निर्माणको सुरुवात भएको छ। नेपाली प्राविधिक एवम् वैज्ञानिकहरूलाई देशमै अनुकूल वातावरण र अवसर सिर्जना भएमा देशमै योगदान पुर्याउन तयार छन्।

२. प्रमुख समस्या

विज्ञान प्रविधिसम्बन्धी प्रभावकारी नीति तथा स्पष्ट कानूनी व्यवस्थाको कमी हुनु, नवीन अनुसन्धान र आविष्कारमा आर्थिक स्रोतको विनियोजन न्यून हुनु, धेरैजसो विद्यार्थीहरू विज्ञान तथा प्रविधितर्फभन्दा मानविकी, सामाजिक, व्यवस्थापन र शिक्षा विषय अध्ययन गर्ने हुँदा प्राविधिक ज्ञानको आत्मसात गर्न आवश्यक विज्ञान तथा प्रविधिको ज्ञानको कमी हुनु, देशको समग्र विकास र समृद्धिको लागि राष्ट्रभित्र र बाहिर छरिएर रहेक प्रतिभावान विशेषज्ञ र जनशक्तिहरूको सीप र क्षमतालाई उपयोग गर्ने वातावरण सिर्जना हुन नसक्नु, विश्वविद्यालयहरूको पढाइ अनुसन्धानमुखी हुज नसक्नु, आन्तरिक प्रविधिको विकास हुननसक्नु, विज्ञान तथा प्रविधिको क्षेत्रमा सेवा तथा

व्यापार गर्ने संस्थाहरू र विज्ञान प्रविधिमा अध्यापन अनुसन्धान गर्ने संस्थाहरूबीच सहकार्य नहुनु जस्ता समस्याहरू रहेका छन्।

३. चुनौती र अवसर

विज्ञान तथा प्रविधिको सन्तुलित विकास गर्न नीतिगत र संरचनात्मक व्यवस्था गर्नु, विज्ञान शिक्षालाई व्यावहारिक, सर्वसुलभ र प्रविधिमैत्री बनाउनु, विज्ञान र प्रविधिको शिक्षालाई अनुसन्धानमुखी बनाउनु, अनुसन्धानको महत्त्व स्थापित गर्नु, स्वदेशमै राम्रा वैज्ञानिक उत्पादनहरू संभव छन् भन्ने मानसिकता तयार गर्नु, अनुसन्धानकर्ताहरूलाई विशेष सुविधा प्रदान गरी अनुसन्धान क्षेत्रलाई पूर्वाधारयुक्त र सबल बनाउनु, देशभित्र रहेको वैज्ञानिक र प्राविधिक प्रतिभाको क्षमतालाई सदुपयोग गर्नु, विकास कार्यलाई नव प्रविधिमा आबद्ध गर्नु, परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र आधुनुकीकरण गर्नु, सूचना तथा सञ्चार प्रविधि, नानो प्रविधि, जैविक प्रविधि, आर्टीफिसियल इन्टेलीजीन्स, मेसीन लर्नीङ, डाटा एनालाइसीस लगायतका नवीन प्रविधिको सदुपयोग गर्न प्रोत्साहित गर्नु, विकसित प्रविधिलाई उद्योग र उद्यमशीलताको विकासमा सदुपयोग गर्नु, विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका विकासलाई आधारभूत सेवा एवम् उत्पादनमा आबद्ध गर्नु, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न प्रविधिको समुचित प्रयोग गर्नु, विज्ञान तथा प्रविधि तथा नवप्रवर्तनको दुरगामी योजना र मार्गचित्र तयार गरी कार्यन्वयन गर्नु प्रमुख चुनौती हुन्।

नेपालको संविधानले राज्यको नीतिहरू अन्तर्गत विकासको नीतिमा विज्ञान तथा प्रविधिलाई समावेश गर्नु, प्रविधि हस्तान्तरण तथा प्रवद्धन गर्न अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुने अवसर रहनु, इन्टरनेटको पहुँच तीव्र गतिमा विस्तार हुनु, विज्ञान शिक्षा विद्यालय तहदेखि उच्च शिक्षासम्म समावेश हुनु, प्राविधिक शिक्षालयको विस्तार हुनु, विकसित देशहरूमा तीव्र गतिमा भइरहेका प्रविधिको विकास भूमण्डलीकरणको कारण प्रविधिहरू भित्र्याउन सकिने अवस्था रहनु, विश्वमा आविष्कार भएका प्रविधिको स्थानीय आवश्यकतासम्बन्धी परिमार्जन गरी उच्च लाभ लिने सम्भावना रहनु, प्रदेशस्तरमा अनुसन्धानशाला तथा प्राविधिक विकासलाई अघि बढाउने वातावरण रहनु, देश बाहिर छरिएर रहेका वैज्ञानिक प्रतिभालाई स्वदेश फर्काइ विज्ञान र प्रविधिको उपयोग गर्ने सम्भावना रहनु, विज्ञान अध्ययन गरेका जागरुक युवा समूहको उल्लेख्य सङ्ख्या रहनु, र वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनको क्षेत्रमा अनुसन्धानकर्ताको सङ्ख्या बढ्दै जानु आदि अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

नवप्रवर्तन, विज्ञान तथा प्रविधिको प्रचुर विकास : प्रदेशको समृद्धिमा योगदान।

लक्ष्य

वैज्ञानिक अनुसन्धान तथा विज्ञान तथा प्रविधिको विकासमार्फत् आर्थिक वृद्धिमा योगदान पुयाउने।

उद्देश्य

१. विज्ञान तथा प्रविधिको विकास, विस्तार र समुचित प्रयोग गरी प्रदेशको समृद्धीको आधार तय गर्नु।

२. व्यवहारिक विज्ञान शिक्षा, नवीनतम विज्ञान तथा प्रविधिको ज्ञानलाई अंगीकार गर्दै आधारभूत सेवा प्रवाहमा समुचित उपयोग गर्नु।

३. परम्परागत ज्ञान र प्रविधिको संरक्षण एवम् आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरी औद्योगिक विकास गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. विज्ञान तथा प्रविधिको नीतिगत सुधार एवम् समाजमा विज्ञानको भूमिका, महत्व र समाज विकास एवम् समृद्धिको आधार सम्बन्धमा वैज्ञानिक चेतना एवम् विश्लेषण गर्न प्रोत्साहन गर्ने।	१. प्रचलित विज्ञान तथा प्रविधि नीतिको समयसापेक्ष परिमार्जन गरी कार्यान्वयन गरिनेछ। २. नवप्रवर्तन, उच्चस्तरीय वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास एवम् आधुनिकीकरणको सबलीकरण गर्न कानूनी तथा संरचनात्मक आधार तयार गरी अनुसन्धान तथा विकास कोष एवम् केन्द्रको स्थापना गरिनेछ। ३. विज्ञान विषयको पठनपाठनलाई समयसापेक्ष परिमार्जन गरी यसको अध्ययनको लागि प्रोत्साहन गरिनेछ। ४. विज्ञान प्रविधि एवम् नवप्रवर्तनमा भैरहेको उपलब्धि र सञ्चालनमा आएका आयोजनाहरू सम्बन्धमा सञ्चारको विभिन्न

रणनीति	कार्यनीति
	माध्यमद्वारा ब्यापक प्रचार प्रसार गरिनेछ। ५. घुम्ती विज्ञान प्रयोगशालाको आयोजना एवम् सहभागितामूलक विज्ञान अन्तरक्रिया, प्रदशर्नी एवम् अन्य सम्बन्धित कार्यक्रमहरूको सञ्चालन गरिनेछ। ६. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क र विश्लेषणलाई प्रविधिमैत्री बनाइनेछ।
२. प्रयोगशाला, अनुसन्धान केन्द्र, प्रतिष्ठानहरूको स्थापना गर्ने।	१. प्रत्येक वर्षमा रणनीतिक र महत्वपूर्ण स्थानमा विज्ञान प्रविधिसम्बन्धी शिक्षालयको सङ्ख्यामा गुणात्मक वृद्धि गरिनेछ। २. स्थानीय तहसँगको सहकार्यमा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालाको स्थापना एवम् स्तरवृद्धि गरिनेछ। ३. नवीनतम प्रविधिको अनुसन्धान, विकास र उपयोग गर्न प्रोत्साहन गरिनेछ। ४. प्राकृतिक स्रोतको उपयोगको लागि आवश्यक पूर्वाधार तथा प्राविधिक जनशक्ति तयार गर्ने। ५. सुविधासम्पन्न प्रतिष्ठान स्थापना गरी तिनलाई विषयगत विशिष्ट केन्द्रको रूपमा विकास गरी स्थानीय आवश्यकतासम्बन्धी आबद्ध गरिनेछ।
३. विभिन्न प्रविधि एवम् नवप्रबर्तनबाट आर्जन हुने लाभलाई जनमानसमा पुर्याई प्रदेशको समृद्धि गर्ने।	१. जडीबुटी तथा वनष्पतीसम्बन्धी अध्ययन, कृषि क्षेत्रको आधुनिकीकरण एवम् विकास, पहिरोको पूर्व सम्भाव्यता अध्ययन, यसको नियन्त्रण र रोकथाम, वातावरण संरक्षण, सडक एवम् अन्य पूर्वाधारहरूको विकास, खानी तथा खनिजको अन्वेषण एवम् उत्खनन् लगायतका कार्यहरूमा अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्दै प्राप्त् नतिजाको प्रमाणीकरण एवम्

रणनीति	कार्यनीति
	उपयोग गर्ने व्यवस्था गरिनेछ। २. पूर्वाधार पुस्तकालय तथा प्रशिक्षण प्रतिष्ठानमार्फत् विज्ञान र प्रविधिको विकास गरिनेछ। ३. पूर्वाधार विकास, कृषि विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन, खानी तथा खनिज सम्पदाको विकासका लागि स्वयमसेवी, इन्टर्नसिप तथा सोधार्थीहरूलाई सहभागी गराउने परिपाटीको विकास गरिनेछ। ४. विज्ञानमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूलाई अनिवार्य इन्टर्नसिप गर्ने व्यवस्था गरी प्राप्त अनुभव र सिकाइलाई प्रदेशको विकासमा उपयोग गरिनेछ। ५. वर्षा तथा मौसम मापन, वायु ऊर्जा तथा सौर्य ऊर्जाको सम्भावित क्षमता मापन, नदीहरूको बहाव मापन, जमिनहरूको बीचलन दरको मापन लागि स्थापना भएको केन्द्रहरूबाट सार्वजनिक जानकारी दिइने व्यवस्था मिलाइनेछ। ६. दिगो विकासको मार्गचित्रअनुरूप गरिबी न्यूनीकरण लगायत अन्य लक्ष्य हासिल गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षमतालाई अधिकतम प्रयोग गरिनेछ। ७. प्रदेशको प्राथमिकताको विषयमा अध्ययन, अनुसन्धान तथा विद्यावारिधी र शोधकार्य गर्न प्रोत्साहन गरिनेछ।
४. निजी क्षेत्र र विश्वविद्यालयसँग सहकार्य गरी अनुसन्धानमा उल्लेख्य लगानी गर्ने।	१. विज्ञान तथा प्रविधिको अध्ययन, अनुसन्धानलाई प्रदेशबाट बजेट विनियोजन गरिनेछ। २. लुम्बिनी बहुप्राबिधिक विश्वविद्यालय स्थापना गरिनेछ। ३. विज्ञान प्रविधिमा अनुसन्धान गर्ने निकायको स्थापना गरिनेछ

रणनीति	कार्यनीति
	र निजी क्षेत्रको सहकार्यमा विज्ञान प्रविधि पार्कको विकास गरिनेछ। ४. विज्ञान प्रविधिमा अध्ययन, अनुसन्धान गर्ने संस्थाहरूसँग सहकार्य गरिनेछ। विश्वविद्यालय, क्याम्पसहरूसित सहकार्य गरी प्राध्यापक तथा विद्यार्थीलाई वैज्ञानिक अनुसन्धान तथा प्रविधिको विकासमा प्रोत्साहित गरिनेछ। ५. विभिन्न विकास निर्माणको लागि गरिने वैज्ञानिक अध्ययन, अनुसन्धानको लागि सम्बन्धित विश्वविद्यालय, शिक्षण संस्था, विभागसँग जीटूजी (G-to-G) सम्झौता गरिनेछ। ६. वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन गर्न सार्वजनिक—निजी साझेदारीमा अनुसन्धान र लगानी गरिनेछ।
५. परम्परागत र स्थानीय ज्ञान तथा प्रविधिको आवश्यकतासम्बन्धी संरक्षण, संबर्धन र आधुनिकीकरण गर्ने।	१. परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको पुर्नखोज, संरक्षण, संवर्धन आधुनिकीकरण गर्दै यसको उपयोगमा विशेष जोड दिइनेछ। २. मौलिक प्रविधिहरूको संरक्षणको लागि संग्राहलयको स्थापना गरिनेछ र तत्कालीन जानकारहरूद्वारा युवाहरूलाई तालिमको व्यवस्था मिलाई प्रयोगमा ल्याइनेछ। ३. स्थानीय मौलिक प्रविधिको प्याटेन्ट राइट संघीय सरकारको समन्वयमा लिइनेछ।
६. प्राज्ञिक क्षेत्रमा हुने अनुसन्धानलाई औद्योगिक उत्पादनसँग संयोजन गर्ने र	१. अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय र औद्योगिक संस्थाहरूबीच समन्वय कायम गर्न प्रभावकारी संयन्त्रको विकास गरिनेछ।

रणनीति	कार्यनीति
वैज्ञानिक तथा प्राविधिक जनशक्तिमा उद्यमशीलताको विकास गर्ने।	२. विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठान र औद्योगिक प्रतिष्ठानबीच सहकार्यको वातावरण बनाउन आवश्यक नीति—नियम तर्जुमा गरी लागु गरिनेछ। ३. औद्योगिक प्रतिष्ठानमा अनुसन्धान तथा विकास एकाइ स्थापना गरिनेछ। साथै औद्योगिक उत्पादनको परीक्षण एवम् प्रमाणीकरणका लागि आधुनिक प्रयोगशाला निर्माण गरिनेछ।

५. अपेक्षित उपलब्धि

विज्ञान, प्रविधि नवप्रवर्तनको विकास गर्न अनुसन्धान तथा विकास कोष अथवा विकास केन्द्रको स्थापना एवम् सवलीकरणको लागि संघीय सरकारको समन्वयमा नीतिगत एवम् संरचनात्मक आधार तय भएको हुने, संस्थागत संरचनाहरू सुदृढीकरण भई विज्ञान तथा प्रविधिको विकास एवम् सोको प्रादेशिक महत्वको आधारमा हुने उपयोगका स्पष्ट मार्गचित्र तयार भएको हुनेछ। ७ वटा अनुसन्धान र विकास केन्द्रको स्थापना भएको हुने, १२ वटा शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरूसँग वैज्ञानिक अनुसन्धानको लागि सहकार्य भएको हुने, विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना भएको हुने, १० वटा थप क्याम्पसहरूमा स्नातक र स्नात्तकोतर तहको अध्ययनको लागि संकाय थपिएको हुने, सम्पूर्ण विद्यालयहरूमा विज्ञान प्रयोगशालाको स्थापना भएको हुने, अनुसन्धानमा लगानी बढेको हुने, विज्ञान र प्रविधिसम्बन्धी अनुसन्धान तथा प्रकाशनहरू बढेका हुने, प्रदेशमा नयाँ प्रविधिमा आधारित उत्पादनहरू शुरू भएका हुने, प्रादेशिक बायोटेक नविनता केन्द्र स्थापना भएको हुने, र वैज्ञानिक अनुसन्धानका कारण प्रदेशले जैविक उपज, जडिबुटी, खानी तथा खनिज सम्पदाबाट उल्लेख्य आम्दानी गरेको हुनेछ।

६.९ शहरी विकास

१. पृष्ठभूमि

लुम्बिनी प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका रहेका छन्। पछिल्लो समयमा प्रदेशमा तिव्र शहरी विकास भइरहेको छ। तर दिगो विकास लक्ष्यको अवधारणा र वैज्ञानिक योजनाअनुरुप शहरी विकास नहुँदा शहर अव्यवस्थित हुनुका साथै आधारभुत पूर्वाधार र

सेवामा पनि कमी छ। अनियन्त्रित र अव्यवस्थित शहरी विकास र उच्च बसाइँसराइले शहर सुरक्षित, समावेशी, वातावरणमैत्री, विपद् प्रतिरोधी र आर्थिकरूपमा गतिशील बन्न सकेका छैनन्। शहरी करिडोर विकास र साना स्मार्ट सिटीको अवधारणाअनुसार शहरी विकास कार्य भइरहेको छ। प्रदेश सरकार नियमावली २०७४ अनुसार शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार सञ्चालन, मर्मत-सम्भार, भवन संहिता कार्यान्वयनको नीति तर्जुमा, कार्यान्वयन ग्रामीण तथा शहरी विकास मन्त्रालयको मातहतमा पर्दछ। विद्यमान अवस्थामा शहरको अवस्था हेर्दा स्तरोन्नति र व्यवस्थित गर्न र निर्माणाधीन शहरहरू योजनाबद्धरूपमा विकास गर्नु अत्यावश्यक छ।

२. प्रमुख समस्या

शहरी प्रणालीको तहगत खाका, गुरुयोजना निर्माण नहुनु र सोअनुरूप योजनाबद्ध रूपमा शहरी शहरी पूर्वाधार र विकास, व्यवस्थापन र स्तरोन्नति नहुनु, खुल्ला क्षेत्र अभाव, प्रदूषण, सरसफाइ र फोहोरको उचित दीर्घकालीन व्यवस्था नहुनु, नदीनाला प्रदुषित हुनु, अव्यवस्थित शहरीकरण र कृषीयोग्य जमीन खण्डिकरण हुनु, बर्खायाममा हुने फ्ल्यास फ्लड र उचित ढल निकास नहुनु, विपद्संरचना, विपद् व्यवस्थापन उद्धार मार्ग, क्षमता र दक्षता अभाव हुनु, भौतिक पूर्वाधार र स्तरन्नतिका कार्य ढिला हुँदा नागरिकलाई सास्तीका साथै दुर्घटनाको जोखिम बढ्नु, शहरी विकास गर्दा स्थानीय मौलिक र सांस्कतिक पहिचानको संरक्षण नहुनु, अपाङ्गमैत्री संरचना र सेवाको अभाव हुनु, शहरलाई पुग्दो खाद्यान्न उत्पादन गर्न सक्ने कृषिक्षेत्र शहर आसपासमा नहुनु, जमिन मूल्य आकाशिनु, अनुत्पादक खर्च बढ्नु, दिगो रोजगार र आयको व्यवस्था नहुनु र शहर समावेशी हुन नसक्नु शहरी विकासका प्रमुख समस्या हुन्।

३. चुनौती र अवसर

भू-योजनामा आधारित व्यवस्थित र योजनाबद्ध शहरी विकासको माध्यमबाट विकास गर्नु, शहरको वर्गीकरण गर्दै पूर्वाधार विकास गर्नु, अव्यस्थित जमीन खण्डिकरण नियन्त्रण गर्नु, शहरी विकासका पूर्वाधारको दिगो, समान विकास गर्नु, फोहोर व्यवस्थापन, वातावरण संरक्षण, आवश्यक खुल्ला क्षेत्र र उद्यान निर्माण गर्नु, मुख्य शहर आसपासमा अनियन्त्रित साना शहर विस्तार, जग्गाको अत्याधिक मूल्य वृद्धि नियन्त्रण गर्नु, बसाइँसराइ चाप न्यूनीकरण गर्नु, अपाङ्गमैत्री शहर बनाउनु, शहरी कोरिडोर अन्तर्गतका तीन ठूला शहर योजनाअनरुप विकास गर्नु, राष्ट्रिय सुरक्षा नीति तथा रणनीति

र दिगो विकासका लक्ष्य अवलम्बन गर्दै सुरक्षित, समावेशी र शहरका सबै सेवा र संरचनामा सबै शहरवासीको समान पहुँच भएको शहर निर्माण गर्नु प्रमुख चुनौती हुन्।

शहरी विकास तीनै तहको सरकारी गैरसरकारी संस्था र दातृ निकायको प्राथमिकतामा पर्नु, निर्माणधीन शहर समयमै स्तरोन्नति गरी व्यवस्थित गर्न सकिनु, प्रमुख सडक सञ्जाल आसपासमा र शहर विकासका सुरुवाती चरणमा रहेका स्थानलाई मौलिकता कायम रहने गरी योजनाबद्ध तरिकाले विकास गर्नु, विपद् प्रतिरोधि क्षमता र व्यवस्थापनमा दक्षता वृद्धि गर्नु, कृषिभूमि खण्डिकरण हुन बाट रोक्नु, उचित ढल निकास बनाउनु, पूर्वाधार विकास गर्दा अन्य सम्बन्धित निकायसँग सहकार्य गर्नु, प्राकृतिक, ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्व बोकेका स्थानलाई पर्यटनका दृष्टिले प्रवर्धन हुने गरी शहरी विकास गर्नु, समयमै पर्याप्त मात्रामा ठाउँ ठाउँमा खुल्ला क्षेत्र राख्नु, सार्वजनिक शौचालयजस्ता सेवा सुधार गर्नु, तीन शहरी कोरिडोर र साना स्याटेलाइट स्मार्ट सिटी विस्तार गर्नु र सबैले समानरूपमा शहरका स्रोत, सेवा उपभोग गर्न पाउने गरी नमुना शहर निर्माण गर्नु प्रमुख अवसर हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सुविधा सम्पन्न, वातावरणमैत्री, सुरक्षित, समावेशी, व्यवस्थित र मौलिक शहर विकास गरी आर्थिक सामाजिक विकास गर्ने।

लक्ष्य

दिगो आर्थिक गतिशीलता भएको, सर्वसुलभ, व्यवस्थित र सुन्दर शहरहरूको विकास गर्ने।

उद्देश्य

१. शहरी विकासका लागि मापदण्ड तर्जुमा गरी अत्यावश्यक पूर्वाधार विकास गर्ने।
२. तीन ठूला शहरी कोरिडोरसहित साना स्याटालाइट स्मार्ट सिटी र अन्य शहरहरू निर्माण गर्ने।
३. शहरी क्षेत्रका सार्वजनिक स्थानमा निर्मित अव्यवस्थित बस्तीको दिगो व्यवस्थापन गर्ने।
४. अव्यवस्थित शहरीकरणको समयमै स्तरोन्नति र क्षमता अभिवृद्धि गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. शहरी विकासका लागि मापदण्ड तर्जुमा गरी अत्यावश्यक पूर्वाधार विकास गर्ने।	१. व्यवस्थित शहर विकास गर्न मापदण्ड तर्जुमा र कार्यान्वयन गरिनेछ। २. राप्ती उपत्यका देउखुरिलाई प्रदेश राजधानीको निर्माण कार्य सम्पन्न गरिनेछ। ३. प्रादेशिक रंगशालाको निर्माण कार्य अगाडि बढाइनेछ। ४. प्रदेशमा अन्तराष्ट्रिय सम्मेलन केन्द्रको निर्माण कार्य सम्पन्न गरिनेछ। ५. विस्तृत प्राविधिक (भौगर्भिक, जलप्रणाली, इन्जिनियरिङ्) र सामाजिक अध्ययनपश्चात मात्र नयाँ शहर योजना बनाइनेछ। ६. वातावरणमैत्री शहर निर्माण गर्न एक घर एक रुख र आवश्यक खुल्ला क्षेत्रको अवधारणा अवलम्बन गरिनेछ। ७. शहर विकास गर्दा स्थानीय मौलिक पहिचानलाई संरक्षण र कायम गरिनेछ। ८. सडक सञ्जाल, खानेपानी, उचित ढल निकास, बसपार्क, विद्युत लगायतका आधारभूत पूर्वाधार विकास एकीकृत ढङ्गले गरिनेछ। ९. शहरी क्षेत्रमा बढ्दो फ्ल्यास फ्लड समस्या समाधान गर्न समयमै उचित ढल निकासको व्यस्था गरिनेछ। १०. स्थानीय तहमा शहरी योजना तर्जुमा र कार्यान्वयनका लागि आवश्यक स्रोत तथा दक्ष जनशक्ति उपलब्ध गराइनेछ।

रणनीति	कार्यनीति
२. शहरी कोरिडोर विस्तार र साना स्याटालाइट स्मार्ट सिटी र अन्य शहरहरू निर्माण गर्ने।	१. शहरी कोरिडोर विकास अन्तर्गतका बुटवल-भैरहवा, कोहलपुर-नेपालगञ्ज र घोराही-तुलसिपुरलाई एकीकृत र व्यवस्थित रूपमा विकास गरिनेछ। २. प्रदेश राजधानी देउखुरीलाई योजनाबद्धरूपमा दिगो शहरी विकास गरिनेछ। ३. ठूला शहरका आसपास र प्रत्येक जिल्लामा साना स्याटेलाइट स्मार्ट सिटी विकास गरिनेछ। ४. स्थानीय तहका पालिकास्तरका केन्द्रलाई प्रशासनिक, सामाजिक र आर्थिक केन्द्रका रूपमा विस्तार गरिनेछ। ५. पर्यटकीय सम्भावना बोकेका स्थानलाई केन्द्रमा राखेर शहर विकास गरिनेछ। ६. गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल नजिकको शहरी क्षेत्रलाई थप व्यवस्थित गरिनेछ।
३. शहरी क्षेत्रका सार्वजनिक स्थानमा निर्मित अव्यवस्थित बस्तीको दिगो व्यवस्थापन गर्ने।	१. शहरी क्षेत्रमा अव्यवस्थित, जोखिमपूर्ण बसोवास गरिरहेका विपन्न र सीमान्तकृत वर्गलाई सम्बन्धित बस्ती विकास निकायसँग समन्वय गरी व्यवस्थापन गरिनेछ।

रणनीति	कार्यनीति
४. अव्यवस्थित शहरीकरणको समयमै स्तरोन्नति र क्षमता अभिवृद्धि गर्ने।	१. शहर व्यवस्थापन र स्तरोन्नति गर्न तीन तहका सरकारबीच समन्वय गरी निजी क्षेत्रको क्षमता अभिवृद्धि गरिनेछ। २. विपद् व्यवस्थापन र उद्धारका लागि उपयुक्त संरचना, जनशक्ति र प्रविधिको प्रयोग गरिनेछ। ३. साँघुरा स्थानमा आगलागीजस्ता प्रकोप नियन्त्रण गर्न क्षमता र दक्षता वृद्धि गरिनेछ। ४. सेवा प्रवाहमा सूचना र प्रविधिको प्रयोग गरी प्रभावकारी र आधुनिक सुविधा उपलब्ध गराइनेछ। ५. शहरी विकास सँगसँगै दिगो आय, रोजगार सिर्जना र आर्थिक गतिशीलता काय गर्ने विकल्प खोजिनेछ। ६. विद्यमान शहरहरूको ग्रेडिङ गरी सोहीअनुरूप स्तरोन्नति गरिनेछ।

५. अपेक्षित उपलब्धि

स्थानीय मौलिकता कायम गर्दै व्यवस्थित तरिकाले प्रदेश राजधानी, अन्य साना स्यटेलाइट शहर निर्माण र उप-महानरपालिकाका प्रमुख शहरहरूको स्तरोन्नति भएको हुने, पर्यटकीय सम्भावना बोकेका स्थानको शहरीकरणको भएको हुने, शहरहरू आर्थिक रूपमा गतिशील र आत्मनिर्भर हुँदै गरेको तथा व्यवस्थित, सुरक्षित र समावेशी शहर निर्माण हुने र शहरी क्षेत्रको आर्थिक योगदानमा वृद्धि भएको हुनेछ।

६.१० भवन, आवास तथा बस्ती विकास

१. पृष्ठभूमि

मानिसको लागि आवास आधारभूत आवश्यकतामा पर्दछ। नेपालको संविधानको मौलिक हकमा सम्पूर्ण नागरिकहरूलाई उपयुक्त आवासको हक हुने कुरा उल्लेख गरेको छ। साथै आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदाय र आवासविहिन दलित समुदायलाई कानूनबमोजिम आवासको

व्यवस्था गर्ने विषय पनि यसै संविधानमा समावेश भएको छ। संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्थासमेत गरेको छ। प्रदेश सरकारको कार्यक्षेत्रमा सुरक्षित बसोवास र जग्गा एकीकरणसम्बन्धी नीति तर्जुमा, बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन कार्यहरू पर्दछन्। प्रदेश सरकारको निर्माण भएपश्चात एकीकृत बस्ती विकास कार्यक्रमको मापदण्ड तयार पार्ने कार्य भएको छ र आवास तथा बस्ती विकास कार्यक्रमअन्तर्गत गुरुयोजना निर्माण कार्य विभिन्न चरणमा सम्पन्न भएको छ। प्रदेशको विभिन्न स्थानहरूमा घना शहरीकरण गर्न एकीकृत गुरुयोजनाको निर्माण, पर्यटनमैत्री पहाडी शहरको विकास तथा सम्भाव्यता अध्ययन, प्रदेशको सबै जिल्लाका ४७ वटा स्थानमा आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम अन्तर्गत एकीकृत पूर्वाधार कार्यक्रमको विभिन्न चरणमा कार्य सम्पन्न भइरहेको छ र केही नयाँ कामको बोलपत्र आह्वान भई कार्यान्वयनमा रहेको छ।

निजी आवास निर्माण एवम् विकासमा सरकारी भूमिका न्यून रहेको पाइन्छ। तथापि राष्ट्रिय पुनर्निर्माण अभियान, जनता आवास कार्यक्रमको माध्यमद्वारा नेपाल सरकारले निजी आवासको निर्माण विकास गरिरहेको छ।

तराईका जिल्लाका धेरै ठाउँहरूमा सार्वजनिक जग्गा अतिक्रमण गरी बस्तीहरू बसेका छन्। केही त्यस्ता बस्तीहरू नदीको किनारजस्ता जोखिमयुक्त ठाउँहरूमा रहेका छन्। पहाडी भेगमा कतिपय बस्तीहरू पहिरोको जोखिम भएका स्थानमा छन्। पहाडी भेगमा बस्तीहरू छरिएर रहेका छन् जसको कारण भौतिक पूर्वाधार र सेवा सुविधाहरू पुर्‍याउन कठिन छ। बसाइको प्रकृति हेर्दा परम्परागत रोजगारीको स्थानले आवासको स्थललाई प्रभावित पारेको देखिन्छ। उदाहरणका लागि पशुपालन र खेतीपाती गर्नेहरू बारी वा खेतको छेउमा बस्ने, माटाका भाँडा बनाउने कुमाल समुदाय भाँडा बनाउने माटो पाइने ठाउँमा केन्द्रित हुने, माछा मार्ने जातिहरू खोलाछेउमा बस्ने आदि। यसले अब विकास गरिने आवासहरूमा पनि दिगोपनको लागि रोजगारीको पाटोलाई सँगै लैजानुपर्ने संकेत गर्दछ। प्रदेश सरकार नयाँ संरचना भएकाले यसका लागि आवश्यक भवनहरू रहेका छैनन्। त्यस्तै ज्येष्ठ नागरिक, हिंसा पीडित महिला र अपाङ्गता भएका मानिसहरू तथा प्रकोपको समयमा आवश्यक सुरक्षित आवास पनि पर्याप्त रहेको छैन।

आजको आवश्यकताअनुरूप प्रदेशमा आधुनिक, पूर्वाधारयुक्त, व्यवस्थित र सुरक्षित गाउँ शहर बस्तीको निर्माण गर्नुको साथै एकीकृत बस्तीहरूको विकास गर्नुपर्नेछ। एकीकृत बस्ती र

रोजगारीको माध्यमसँगै विकास गर्न सकेमा स्थानीय स्तरमा हुने बसाइँसराइलाई नियोजित बसाइँसराइ गराएर सहज रूपमा भौतिक पूर्वाधार र सुविधाहरू पुयाउन सकिनेछ, श्रम र उत्पादनमा वृद्धि हुनेछ तथा गरिबी हटाउन सहयोग हुनेछ। यस्तो शहर एवम् मानव बस्तीको विकास गर्दा भूकम्पीय जोखिम न्यूनीकरण गर्न भूकम्प प्रतिरोधी प्रविविधको प्रयोग र विपद्को कुनै असर नहुने स्थानमा गाउँ, शहर तथा बस्तीलाई सुरक्षित बनाउनु पर्दछ।

२. प्रमुख समस्या

न्यून आय भएका जनताका लागि सुरक्षित र व्यवस्थित आवास नहुनु, कमजोर आवास संरचनाको कारण वर्षेनी ठूलो धनजनको क्षति हुनु, तराई क्षेत्रका अधिकांश कमजोर घरहरू आगलागी र बाढीको चपेटामा पर्नु, कमजोर पहाडी जोखिमयुक्त भू—घरातलमा बस्ती हुनु, पहाडी क्षेत्रमा छरिएर रहेको बस्ती हुँदा भौतिक पूर्वाधार अपायक हुनु, गाउँ बस्तीहरूमा आधारभूत सेवा सुविधा नहुनु, आधुनिक सुरक्षित आवासको ठूलो अभाव रहनु, शहरी क्षेत्रमा बसाइँसराइको अत्याधिक चाप रहनु, आधारभूत भौतिक संरचनाको कमी हुनु, पूर्वाधार संरचनाको समन्वयमा कमी हुनु, नदी नाला तथा बन जस्ता सार्वजनिक जमिन तथा सांस्कृतिक सम्पदामा अतिक्रमण बढ्नु, व्यक्तिगत प्रयासबाट आवास निर्माण गर्ने परम्परा खर्चिलो र धान्न नसक्ने हुनु, विलासी र आयातित सामग्रीहरूलाई प्राथमिकता दिँदा निर्माण कार्य महङ्गो हुनु, जग्गाको बजार प्रणाली अव्यवस्थित हुनु, न्यूनतम क्षेत्रफलमा आधारित कित्ताकाट प्रणाली विद्यमान रहनु, शहरी पूर्वाधार वातावरणमैत्री, लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री नहुनु, बढ्दो जनसङ्ख्यालाई विचार गरी योजनाबद्ध रूपमा गाउँ, शहर तथा बस्तीहरूको निकास हुन नसक्नु, सामूहिक आवास निर्माणमा जनचासो नहुनु, भू—उपयोग नीतिअनुसार बस्ती विकास नहुनु, ग्रामीण क्षेत्रमा आवास निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, आवास निर्माण र बस्ती विकास पूर्व जमिनको अवस्थाको परीक्षण गर्न भौगर्भिक अध्ययन नहुनु, निर्माण सामग्री कम गुणस्तर र खर्चिलो हुनु, स्थानीय निर्माण सामग्रीको प्रयोग गरी सुरक्षित आवासको निर्माण कार्य कम हुनु, भवन निर्माण मापदण्ड र संहिताको प्रभावकारी कार्यान्वयन नहुनु, सामूहिक आवास निर्माण कार्यक्रममा निजी क्षेत्रको आकर्षण कम हुनु र जनचासो पनि कम रहनु, एकीकृत बस्ती विकास गर्ने निकायहरू बिच समन्वय हुन नसक्नु प्रमुख समस्याहरू हुन्।

३. चुनौती र अवसर

निर्माण सामग्रीको बढ्दो मूल्य, स्थानीय निर्माण सामग्रीको प्रयोग गरी सर्वसुलभ र सुरक्षित आवास निर्माण गर्नु, सामूहिक आवास कार्यक्रममा निजी क्षेत्रलाई आबद्ध गराउनु, शहरी क्षेत्रमा अनाधिकृत रूपमा बसोबास गर्ने घर परिवारको स्थानान्तरण गर्नु, बढ्दो जनसङ्ख्या र बसाइँसराइलाई धान्न सक्ने गरी व्यवस्थित गाउँ, शहर तथा बस्ती विकास गर्नु, गरिबीको रेखामुनि रहेका, अल्पसङ्ख्यक, पिछडिएका दलित, सीमान्तकृत, जोखिम क्षेत्रमा अवस्थित वर्गहरूलाई सामूहिक, सुरक्षित, वातावरणमैत्री, उपयुक्त लागतमा आवासको व्यवस्थापन गर्नु, भूउपयोग नीतिको आधारमा विद्यमान बस्तीहरूको वर्गीकरण गर्नु, भौगोलिक विकटता र जोखिमयुक्त असुरक्षित बस्तीहरूलाई भूउपयोगसम्बन्धी वैज्ञानिक प्रणाली अन्तर्गत रहि एकीकृत बस्ती विकासको निर्माण गर्नु, आफ्नो विद्यमान वासस्थान छाड्न नचाहने प्रवृत्ति, गरिब र न्यून आयले सुरक्षित आवास बनाउन नसक्ने स्थिती, शहरी विकास एवम् बस्ती विकासको लागि सम्बन्धित निकायहरूबीच समन्वय गर्नु, भूमि खण्डीकरण रोक्नु, बढ्दो मूल्यको कारण उद्योग कलकारखाना एवम् शहरी विकास संरचनालाई जग्गा सुलभ दरमा प्राप्ति गर्नु आदि चुनौती रहेका छन्।

अवासको अधिकारसम्बन्धी ऐन २०६५ लागु हुनु, न्यून आय भएका परिवारको लागि उपयुक्त लागतमा आवास कार्यक्रम सञ्चालन हुनु, अति विपन्न, सीमान्तकृत, दलित समुदाय र विपन्न परिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन हुनु, प्रदेशमा सुरक्षित बसोवास र जग्गा एकीकरणसम्बन्धी नीति तर्जुमा, कार्यान्वयनको अधिकार प्रदान गर्नु साथै बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमनको पनि अधिकार रहनु, प्रदेशद्वारा एकीकृत बस्ती विकास कार्यक्रमको मापदण्ड तयार गर्नु र आवास तथा बस्ती विकास कार्यक्रमसम्बन्धी गुरुयोजना निर्माणको विभिन्न चरण सम्पन्न हुनु, वि.सं. २०७२ को विनाशकारी भूकम्पपश्चात् सुरक्षित आवास निर्माणको चेतना जागृत हुनु र प्रविधि, ज्ञान, सिप, क्षमता, निर्माण सामग्रीको बारेमा जानकारी हुनु र चेतना अभिवृद्धि हुनु, एकीकृत बस्ती विकासका लागि निजी क्षेत्र एवम् विकास साझेदारहरूको अभिरुचि रहनु, विकट र विपद्को उच्च जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकास तयार हुनु, विप्रेषणको कारण आम्दानी वृद्धि भई आवासको निर्माण एवम् विस्तार गर्न सक्ने क्षमता हुनु यसका अवसर हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सबैका लागि सुरक्षित र व्यवस्थित आवासको सुनिश्चतता।

लक्ष्य

सुरक्षित, मौलिक, व्यवस्थित र एकीकृत बस्ती विकास गरी सबैमा आवास सुनिश्चतता।

उद्देश्य

१. विपन्न, सीमान्तकृत, दलित लगायत सबै नागरिकलाई पूर्वाधारयुक्त, सुरक्षित आवासको व्यवस्था र जोखिममा रहेका बस्तीको अभिवृद्धि या स्थानान्तरण गर्नु।
२. विस्तृत भौगर्भिक, जल प्रणाली, वातावरण, सामाजिक र इन्जिनियरिङ्ग अध्ययन गरी बस्ती विकास गर्नु।
३. प्रमुख राजमार्ग, पर्यटकीय सम्भावना भएका स्थान र व्यवस्थित ठूला बजार क्षेत्र आसपासमा एकीकृत बस्ती विकास गर्नु।
४. सुरक्षित आवास सुनिश्चित गर्न भवन संहिता कार्यान्वयन गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. घना बस्ती भएका शहरी र ग्रामीण क्षेत्र तथा प्रमुख राजमार्ग-लोकमार्ग आसपास भू-उपयोग नीति र अन्य मापदण्डको आधारमा बस्ती व्यवस्थित गर्ने।	१. नेपाल सरकारसँगको समन्वयमा स्थानीय तहको भू-उपयोग नीति तथा योजना निर्माण गर्ने र भवन संहिताको आधारमा भौतिक पूर्वाधारको योजनाबद्ध विकास गरी बस्ती विकास गरिनेछ। २. बस्ती विकास एवम् व्यस्थापनका लागि जग्गा प्राप्तिको व्यवस्थालाई सरलीकरण गरिनेछ। ३. राजमार्ग एवम् लोकमार्ग क्षेत्रमा सम्भावित अव्यवस्थित बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ। ४. अनधिकृतरूपमा सरकारी र गुठीका जग्गामा बसोवास गर्ने विपन्न घरपरिवार पहिचान स्थानान्तरण गरिनेछ। ५. औद्योगिक क्षेत्र वरपर श्रमिक लक्षित एकीकृत बस्ती

रणनीति	कार्यनीति
	विकास गरिनेछ। ६. विस्तृत भौगर्भिक, जल प्रणाली, वातावरण, सामाजिक र इन्जिनियरिङ्ग अध्ययन गरी बस्ती विकास गरिनेछ। ७. कृषियोग्य जमिनमा हुने गरको अव्यवस्थित प्लटिङ्गलाई नियन्त्रण र निरुत्साहित गरिनेछ। ८. घरबारविहिन, घरबाट विस्थापित र सडक बालबालिका लक्षित गरी सामाजिक आवासको व्यवस्था गरिनेछ। ९. कृषिको लागि अनुपयुक्त स्थानलाइ बस्ती विकास क्षेत्र तोकिनेछ। १०. कृषि जमिनको संरक्षणको लागि सानो क्षेत्रफल रहेको जग्गाको कित्ताकाटमा प्रतिबन्ध लगाउने मापदण्ड निर्माण गरिनेछ।
२. आवासरहित र जोखिममा रहेका विपन्न लगायत अन्य समुदायलाई आवश्यकतासम्बन्धी स्तरोन्नति र स्थानान्तरण गर्ने।	१. अति विपन्न, लोपोन्मुख, सीमान्तकृत, दलित लगायत आवश्यक व्यक्ति र समुदायलाई अवस्था हेरेर पूर्वाधार विकास, बस्ती स्तरोन्नति र आवास कार्यक्रम ल्याइनेछ। २. भूगर्भविद् लगायतका प्राविधिकको टोली बनाई कमजोर, संवेदनशील र जोखिमपूर्ण स्थानको पहिचान र ग्रेडिङ् गरिनेछ। सोहीअनुरुप बस्ती विकास विकास योजना ल्याइनेछ। ३. भू-उपयोग वर्गीकरणका आधारमा कृषियोग्य जमिन र प्रकृतिक स्रोतको संरक्षण गर्दै आवास तथा बस्ति विकास र विस्तार गरिनेछ। ४. विपन्न वर्ग, राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षण आसपास जोखिममा रहेका समुदायका लागि आवास तथा बस्ती विकासमा र स्थानान्तरणमा जोड दिइनेछ।

रणनीति	कार्यनीति
३. आवास निर्माणमा स्वदेशी वस्तु प्रयोगलाई जोड दिने।	१. विदेशबाट आयात हुने र खासै उपादेयता नहुने विलासी निर्माण सामग्री लाई निरूत्साहित गरिनेछ र त्यस्ता सामग्रीको बिकल्पमा स्थानीय ढुंगा, कंक्रिट, बाँस, काठजस्ता सामग्रीहरू प्रवर्धन गर्ने उद्यमीलाई प्रोत्साहन गरिनेछ। २. स्थानीय स्तरमा सजिलै उपलब्ध हुने काठ र बाँसलाई घरनिर्माणमा उपयोगमा बढावा दिइनेछ। काठ र ढुंगाको प्रयोगसम्बन्धमा इन्जिनियरिङ विधामा अध्ययन, अनुसन्धान तथा तालिमको व्यवस्था गरिनेछ। ३. परम्परागत निर्माण सामग्री र शैलीका राम्रा पक्षहरूलाई प्रवर्धन गर्नेगरी सुपथ घरका मापदण्ड, डिजाइन तथा नमुना विकास गरिनेछ। ४. निर्माणजन्य सामग्रीहरूको सहज उपलब्धता गराउने व्यवस्था गरिनेछ।
४. पहाड र हिमाली क्षेत्रका शहर र बजार क्षेत्रलाई एकीकृत गरी शहरी कोरिडोरसँग आबद्ध गर्ने।	१. पहाड र हिमाल क्षेत्रमा सामुहिकीकरणलाई विशेष जोड दिई विकास योजनामा स्थानीय सरकारसँग सहकार्य गरिनेछ। २. भौगोलिक निकटता, लाभप्रदायक र प्राकृतिक अन्तरसम्बन्ध रहेका शहर, साना शहर तथा बजार क्षेत्रलाई समेटि सामुहिक रूपमा विकास गरिनेछ।
५. प्रदेशस्तरीय जग्गा खरिद बिक्री सूचना प्रणालीको माध्ययमबाट जग्गाको उपलब्धतासम्बन्धी सूचनाको पहुँच।	१. शहरी र प्रादेशिक सूचना कार्यविधि र विद्युतीय सूचना प्रणाली कार्यान्वयन एवम् विकास गरी जग्गा किनबेचमासम्बन्धी निजी क्षेत्रलाई आबद्ध गरिनेछ। २. लागि आवास र विभिन्न शहरी क्रियाकलाप गर्न आवश्यक जग्गा सुरक्षित हुने गरी शहरी विकास क्षेत्रको प्रस्ताव वा पहिचान गरिनेछ।
६. राष्ट्रिय भवन संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाई भवन निर्माणलाई सुरक्षित तुल्याउने।	१. राष्ट्रिय भवन संहिता र योजना, भवन निर्माण, वास्तुकला, पूर्वाधार तथा वातावरणसम्बन्धी एकीकृत मोडल मापदण्डलाई संयोजन गरी कार्यान्वयन गरिनेछ।

५. अपेक्षित उपलब्धि

विपन्न, सीमान्तकृत, दलित लगायतका सबै नागरिकको आवासमा पहुँच हुनेछ भने सबै बस्तीमा आधारभूत पूर्वाधार र सेवा पुगेको हुनेछ। प्राकृतिक प्रकोप र आगलागीको उच्च जोखिममा रहेका बस्ती र छानाहरू विस्थापित भएका हुनेछन्। भौगोलिकरूपमा कमजोर, संवेदनशील, छरिएका र जोखिममा रहेका बस्ती पहिचान हुने र अति जोखिममा रहेका बस्तीहरू विपद् अगावै स्तरोन्नति या स्थानान्तरण भैसकेको हुने, आवास र शहर विकास अनिवार्य रूपमा अपाङ्गमैत्री बनाउनुपर्ने नियम लागु भएको हुने, संरक्षण आसपासका वन्यजन्तुको आक्रमणको अति जोखिममा रहेका समुदाय सुरक्षित क्षेत्रमा स्थानान्तरण भएका हुने, बस्ती विकास कार्यक्रम सार्वजनिक-निजी साझेदारीअन्तर्गत स्थानीय तह, निजी क्षेत्र र लक्षित वर्गको सहलगानीमा सम्पन्न भएको हुने, साना बजार तथा शहरी क्षेत्रहरूको सामुहिकीकरण भई क्षेत्रीय बजार संरचनाको विकास भई शहरी कोरिडोरसँग आबद्ध भएको हुने, भू-उपयोग नीति र अन्य मापदण्डको आधारमा कृषि र उत्पादक क्षेत्रको संरक्षण भएको हुने, स्थानीय निर्माण सामग्रीहरूको उत्पादन, व्यवस्थापन र प्रवर्धन भएको हुने, शहरी क्षेत्रमा बहुतले भवनहरूको निर्माण भएको हुने र आवास र बस्ती विकाससँगै कृषियोग्य जमिन र वातावरणको पनि संरक्षण भएको हुनेछ।

परिच्छेद-७

लोकतन्त्र, सुशासन र सुरक्षा

७.१ सुशासन

१. पृष्ठभूमि

लोकतन्त्रको मेरुदण्ड सुशासन हो। राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकताअनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवम् सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटोछरितो सरल एवम् न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउनुलाई नै सुशासन भनिन्छ।सुशासनका प्रमुख तत्वहरूमा पारदर्शिता, कानूनको शासन, सहभागिता, जवाफदेहिता, उतरदायित्व र समानता पर्दछन्। सुशासन अर्थात् असल शासन भनेको राज्य वा सरकारको नीतिगत, कानूनी एव संस्थागत प्रत्याभूति हो।

देशमा ठूलो राजनीतिक एवम् संवैधानिक परिवर्तनपश्चात् संघीय व्यवस्थाले तीन तहको सरकारको व्यवस्था गरेर सरकारलाई जनताको नजिक ल्याएको छ। त्यसैले अब जनताले सहज ढंगले सरकारी सेवा प्राप्त गर्ने अपेक्षा राखेका छन्। विगतमा भएका राजनीतिक परिवर्तन, आन्दोलन, बलिदान र जनभावनाको आवाज पनि विकास र सुशासन नै हो। नेपालको संविधान २०७२ ले अंगीकार गरेका आधारभूत संरचना तथा विशेषताहरूमा सुशासनको बृहत अवधारणालाई आत्मसात गरेको छ। संविधानको भाग ४ को धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत राजनीतिक तथा शासन व्यवस्था समावेश गरिएको छ। यसको बुँदा ४ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूत गर्ने कुरा उल्लेख छ।त्यसै गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले कानूनी शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनलाई सुशासनको रूपमा परिभाषित गरेको पाइन्छ।

२. प्रमुख समस्या

संविधानद्वारा प्रदत्त अधिकारहरूको प्रयोग गर्न सुशासन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानून निर्माण नहुनु, मन्त्रालयहरूको संख्या थपघट भैरहनु, शाखा/महाशाखाहरू पनि गाभिने क्रम र स्थान्तरण भैरहनु र कर्मचारी/मानव संसाधनको अभाव हुँदाहुँदै पनि छिटो-छिटो सरुवा भैरहनु, भौतिक पूर्वाधारका कार्यहरू तोकिएको समय, लागत र मापदण्डमा सम्पन्न गर्न नसक्दा विकास निर्माणका कार्यहरू खर्चिला, कमसल र समयम नसकिनु, सार्वजनिक प्रशासनमा जवाफदेहिता तथा पारदर्शिता नहुनु प्रमुख समस्याका रूपमा रहेका छन्

३. चुनौती र अवसर

भ्रष्टचार नियन्त्रणसम्बन्धी विद्यमान कानूनको पालना गर्नु गराउनु, विकास निर्माणका कामहरू गुणस्तरीय हिसाबले निर्धारित लागत र अवधिमा सम्पन्न गर्नु, सार्वजनिक प्रशासनमा पारदर्शिता र सदाचारको संस्कृति विकास गर्नु प्रमुख चुनौतीको रूपमा रहेका छन्।

सुशासन नागरिकको अधिकार र जनप्रतिनिधिको दायित्व हो भन्ने कुरा स्थापित हुँदै जानु , प्रदेशबासीका सेवा प्रवाहसम्बन्धी गुनासाहरूलाई समयमै सम्बोधन गर्न "हेलो मुख्यमन्त्री कक्ष" सञ्चालनमा आउनु, सार्वजनिक सुनुवाई, सूचनाको हक, सूचना प्रविधिमैत्री कर्मचारी, प्रशासनिक परीक्षण लगायतका विषयहरूको बढ्दो प्रयोग, प्रदेश सरकारसँग जनताको सकारात्मक अपेक्षा रहेको, भ्रष्टाचार विरुद्ध आम नागरिक, नागरिक समाज, सञ्चारजगत तथा सामाजिक सञ्जालहरूको सशक्त सहयोग र सहकार्य फैलिदै जानु प्रमुख अवसरको रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सुशासन र जनमैत्री सेवाको प्रत्याभूति गर्दै जवाफदेहि र पारदर्शी समाजको निर्माण गर्ने।

लक्ष्य

भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन प्रवर्धन गर्ने।

उद्देश्य

१. भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक संरचनाको विकास गर्दै सदाचारयुक्त संस्कृतिको प्रवर्धन गर्ने।

२. डिजिटल प्रदेशको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सूचना प्रविधिको उच्चतम उपयोग गर्दै "डिजिटल प्रदेशको आधारः हात हातमा प्रदेश सरकार" को नीति र कार्यक्रम अख्तियार गर्ने।

३. सार्वजनिक सेवालाई जवाफदेही, जनउत्तरदायी र पारदर्शी बनाई विधिको शासन लागु गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र विश्वसनीय बनाउने।	१. विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक सेवालाई छिटो छरितो बनाई गुणस्तरमा विशेष ध्यान पुर्याइनेछ। २. गुनासो व्यवस्थापन संयन्त्रमार्फत् जनसरोकारका विषयहरूलाई सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ। ३. जनताको प्रत्यक्ष सरोकार हुने र आर्थिक कारोवार हुने सरकारी कार्यालयहरूमा सिसिटीभी जडान गरी अनुगमन गरिनेछ। ४. प्रदेश सरकारको आधिकारिक पोर्टलमार्फत् एकीकृत सूचना व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ।
२. वित्तीय अनुशासन, कर्मचारी व्यवस्थापन, र एकद्वार सेवा प्रणालीको विकास गरिने।	१. वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरुजु फरछ्यौट अभियान बाध्यकारी र प्रभावकारी बनाइनेछ। २. समान प्रकृतिका कार्यसम्पादन गर्ने निकायहरूलाई क्रमशः एकीकृत संगठन संरचनामा रुपान्तरण गरी एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्न विद्यमान सांगठानिक संरचनाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पुनरावलोकन गरिनेछ। ३. प्रदेश निजामती ऐन तथा नियमावलीको तर्जुमा

रणनीति	कार्यनीति
	गरी निजामती प्रशासनलाई सबल, सक्षम, सुदृढ र उत्तरदायी बनाइनेछ। ४. "हेलो मुख्यमन्त्री" कार्यक्रमलाई थप प्रभावकारी बनाई यसको कक्षलाई अत्याधुनिक र व्यवस्थित बनाउदै लगिनेछ। ५. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासको लागि आवश्यकताको आधारमा तालिम सञ्चालन गरिनेछ। ६. कर्मचारी सरूवा, बढुवा र पदस्थापना प्रणालीलाई पारदर्शी, वैज्ञानिक र पूर्वानुमान योग्य बनाइनेछ। कर्मचारीहरूसँग कार्य सम्पादन करार गर्ने पद्धति लागु गरिनेछ।
३. प्रदेशको विकास निर्माण कार्य तोकिएको मापदण्ड कायम गरी समयमा सम्पन्न गर्ने।	१. विकास निर्माणका कार्यहरूको कार्ययोजना तयार गरी सोही अनुरूप कार्यान्वयन गरिनेछ र समयमै काम नसक्ने ठेकेदार र परामर्शदातालाई जवाफदेहि बनाउने। २. अनुगमन प्रणालीलाई सहभागितामुलक र प्रभावकारी बनाउदै त्यसमा स्थानीय जनता, सरोकारवाला, विज्ञ र प्रदेश/स्थानीय सरकार सबैको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।
४. विकास निर्माणका कार्यक्रमहरू र सेवा प्रवाहको योजनाबद्ध र वैज्ञानिक प्राथमिकीकरण गर्ने।	१. विकास निर्माण र सरकारको काम कारवाहीको अनुगमनको व्यवस्थालाई प्रभावकारी र सहभागीतामुलक बनाइनेछ। २. सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणको व्यवस्था गरिनेछ। ३. दीर्घकालीन सोचअनुरूप प्राथमिकताका आधारमा विकास कार्यक्रम र आयोजनालाइ बजेटसँग आबद्ध

रणनीति	कार्यनीति
	गरिनेछ। पूर्वतयारी भएका, डीपीआरसमेत गरिएका, परियोजना बैंकमा प्रविष्ट भएका एवम् कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजना मात्र बजेटमा समावेश गर्ने नीति लिइनेछ। ४. उत्पादनमा आधारित अनुदान प्रणाली बनाई कार्यान्वयन गरिनेछ।

५. अपेक्षित उपलब्धि

प्रदेशका सार्वजनिक सेवाहरूमा न्यून लागत र गुणस्तरीय सेवा प्रवाह हुनुका साथै विकास निर्माणका कार्यहरू गुणस्तरीयरूपमा समयमै सम्पन्न गरिएको हुनेछ। सरोकारवालाहरूको सहकार्यबाट उल्लेखनीयरूपमा भ्रष्टाचार न्यूनीकरण भएको हुनेछ।

७.२ शान्ति सुरक्षा

१. पृष्ठभूमि

हरेक नागरिकको शान्ति सुरक्षा राज्यको प्रमुख दायित्व हो। नागरिकको समृद्धि र खुशीको लागि शान्ति सुरक्षा अनिवार्य शर्त हो। समाजमा घट्ने हत्या, हिंसा, बलात्कार, अपहरण, मानव बेचविखन, ठगी, चोरीडकैतीजस्ता आपराधिक गतिविधि नियन्त्रण गर्नु सरकारको कर्तव्य हुन आउँछ। खुल्ला सिमानाका कारणले तराईका जिल्लाहरूमा आपराधिक घटनाहरू घट्ने गरेका छन्। नेपालको संविधानले प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षालाई प्रदेशको अधिकार सूचीमा राखेको छ तर राष्ट्रिय सुरक्षा भने संघको क्षेत्राधिकारभित्र पर्दछ।

२. प्रमुख समस्या

विश्वसनीय सूचनाको अभाव, सुरक्षा निकायको आधुनिकीकरण हुन नसक्नु, खुला सिमाना, आर्थिक तथा सामाजिक असमानता र साइबर क्राइम शान्ति सुरक्षामा देखा परेका प्रमुख समस्या हुन्।

३. चुनौती र अवसर

प्रदेशस्तरीय शान्ति सुरक्षा कायम राख्ने कार्यमा तीन तहका सरकारहरू बीचमा समन्वयको विकास गर्नु, आपराधिक प्रवृत्ति र मनोवृत्तिलाई नियन्त्रणमा राख्नु, सुरक्षा निकायको आधुनिकीकरण र व्यवसायीकरण गर्नु, जनअपेक्षा र उपलब्ध साधन र स्रोतबीचको अन्तरलाई कमी गर्नु, शान्ति सुरक्षा खलल गर्ने अपराधीहरूलाई समयमा पहिचान गरी कारवाही गर्नु शान्ति सुरक्षाका मुख्य चुनौती हुन्।

अपराध अनुसन्धानमा नवीनतम प्रविधिको विकास, जनचेतनाको अभिवृद्धि, सुरक्षा निकाय र नागरिक बीचको सम्वन्ध सुदृढीकरण हुँदै जानु यस क्षेत्रका अवसरहरू हुन्।

४.सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सुरक्षित र न्यायपूर्ण समाज निर्माण गर्ने।

लक्ष्य

शान्तिसुरक्षाको प्रत्याभूति गराउँदै समृद्ध प्रदेश निर्माण गर्ने।

उद्देश्य

१. सीमानाकाको सुरक्षा व्यवस्था सुदृढ गर्नु।

२. प्रदेशमा शान्ति सुरक्षा तथा अमनचयन व्यवस्था कायम गराउने।

३. सामाजिक विकृति, द्वन्द्व, हिंसा नियन्त्रण गर्ने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. शान्तिसुरक्षा कायम राख्न प्रदेश स्तरमा रणनीति, कानून र संरचनागत सुदृढीकरण गर्ने।	१. प्रदेश अनुसन्धान व्यूरो स्थापना गरी सञ्चालनमा ल्याइनेछ। २. प्रदेश प्रहरी संगठनलाई व्यवस्थित एवम् सुदृढीकरण गरी सञ्चालनमा ल्याइनेछ। ३. नागरिकमैत्री शान्ति सुरक्षाको व्यवस्था गरिनेछ। ४. तालिम केन्द्रहरू स्थापना र सञ्चालन गरी प्रदेश

	प्रहरीको क्षमता अभिवृद्धि गरिनेछ। ५. सामाजिक जागरणका कार्यक्रमहरू सञ्चालन गर्दै अपराध अनुसन्धानका लागि अत्याधुनिक प्रविधिको प्रयोग गरिनेछ।
२. नागरिक र प्रहरीबीच सुमधुर सम्बन्ध विकास गर्ने।	१. प्रदेशको शान्ति सुरक्षा कायम गर्न प्रहरी र जनताको सहकार्यमा जोड दिइनेछ। २. प्रत्येक वडामा मेलमिलाप केन्द्रहरू स्थापना गरिनेछ। ३. घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरू अवलम्बन गरिनेछ।

५. अपेक्षित उपलब्धि

प्रदेश प्रहरी संगठनको संस्थागत क्षमता अभिवृद्धि भई शान्ति सुरक्षा तथा सुव्यवस्थामा उल्लेख्य सुधार भएको हुनेछ।

परिच्छेद ८

अन्तरसम्बन्धित क्षेत्र

८.१ तथ्याङ्क सुदृढीकरण

१. पृष्ठभूमि

नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश तथा स्थानीय सरकारहरूले मातहतका क्षेत्रभित्र दिगो विकासका कार्यहरू अघि बढाउन आवश्यक नीतिहरू तर्जुमा गर्न साथै राज्य शक्तिको बाँडफाँटलाई कार्यान्वयन गर्न विद्यमान अवस्थाका बारेमा यथार्थपरक वस्तुस्थितिको जानकारी हुनु अपरिहार्य हुन्छ। यसका लागि प्रादेशिक तथ्याङ्क एवम् सूचना सङ्कलन तथा प्रशोधन कार्यलाई संस्थागत एवम् नियमित गर्नु आवश्यक छ। नीति, कार्यक्रम, योजना तर्जुमा तथा कार्यक्रमहरूको अनुगमनका लागि खण्डीकृत तथ्याङ्कको आवश्यकता रहे पनि स्थानीय तहहरूले उत्पादन गरेको तथ्याङ्कहरू एकै खालको अवधारणा तथा परिभाषामा नसमेटेको कारणले एक अर्काबीच तुलनायोग्य हुन सकेका छैनन्।

२. प्रमुख समस्या

कार्यालयहरूमा प्रशासनिक अभिलेखहरूको विद्युतीयरूपमा व्यवस्थापन गर्न नसक्नु, तथ्याङ्क उत्पादन, प्रशोधन र प्रकाशनका लागि संस्थागत संरचना नहुनुका साथै कार्यालयहरूमा तथ्याङ्क व्यवस्थापनका लागि छुट्टै तथ्याङ्कीय एकाइ नहुँदा तथ्याङ्क उत्पादन, प्रशोधन, विश्लेषण, सार्वजनिकीकरण तथा भण्डारणजस्ता क्रियाकलापहरूले प्राथमिकता पाउन सकिरहेका छैनन्।

३. चुनौती र अवसर

गुणस्तरीय तथ्याङ्कको माग र आपूर्ति एकअर्काका परिपूरक हुन्छन्। नीति, योजना तथा कार्यक्रमहरूको अनुगमनका लागि आवश्यक मागअनुसारको तथ्याङ्क उपलब्ध हुन सकेमा तथ्याङ्कको गुणस्तरमा वृद्धि हुने साथै गुणस्तरीय तथ्याङ्क उत्पादन हुन सके माग पनि बढ्दै जान्छ। गुणस्तरीय तथ्याङ्कको उत्पादन तथा उपलब्धता हुन नसक्नु, अन्तर्राष्ट्रिय जगतमा प्रचलित विधि, प्रविधि र गुणस्तर मापदण्डलाई आत्मसात गरी नीति तथा योजना प्रणालीका निकायका लागि आवश्यक तथ्याङ्कको उत्पादन र आपूर्ति गर्नु चुनौती रहेका छन्।

तथ्याङ्क आम चासोको क्षेत्र बनेको, कार्यक्रमहरूको योजना तर्जुमा तथा अनुगमन, मूल्याङ्कनमा तथ्याङ्कको बढ्दो प्रयोग, विभिन्न मन्त्रालयहरूमा सूचना प्रणालीको स्थापना, सूचना प्रविधिको प्रयोग, प्रभावकारी तथ्याङ्कीय संरचना तयार गर्दै स्थानीय तहहरूको समेत क्षमता अभिवृद्धि गरी तथ्याङ्कको व्यवस्थापन गर्न सकिने अवसर पनि रहेको छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

नीति, योजना निर्माण तथा कार्यान्वयनका लागि गुणस्तरीय तथ्याङ्कको उपलब्धता।

लक्ष्य

तथ्याङ्कको पहुँच विस्तार गरी व्यवस्थित तथ्याङ्क प्रणाली विकास गर्ने।

उद्देश्य

प्रदेशस्तरमा सामाजिक, आर्थिक तथा जनसांख्यिक लगायतका गुणस्तरीय तथ्याङ्कहरूको सङ्कलन, प्रशोधन, विश्लेषण, सार्वजनिकीकरण र भण्डारण गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. तथ्याङ्क प्रणाली विकासका लागि ऐन नियम तर्जुमाका साथै स्थायी संरचनाको विकास गर्ने।	१. तथ्याङ्क ऐन कार्यान्वयनका लागि सरोकारवालासँग पैरवी गरिनेछ। २. प्रदेशका सबै मन्त्रालय तथा स्थानीय तहमा सूचना तथा तथ्याङ्क शाखा स्थापना गर्न सहजीकरण गरिनेछ। ३. मन्त्रालयहरूका योजना तथा अनुगमन शाखाहरूमा तथ्याङ्क सेवाका प्राविधिक कर्मचारी रहने व्यवस्था गरिनेछ। ४. तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण कार्यमा आधुनिक प्रविधिको प्रयोग तथा कर्मचारीहरूमा तथ्याङ्कीय क्षमता विस्तार गरिनेछ।

रणनीति	कार्यनीति
	५. प्रदेश तथ्याङ्क कार्यालयको स्थापना गरिनेछ।
२. संघ, प्रदेश तथा स्थानीय तहबीच सहकार्य गरी तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्ने।	१. केन्द्रीय तथ्याङ्क विभागले सालवसाली रूपमा तयार पार्ने प्रदेशस्तरका कुल गार्हस्थ्य उत्पादनका अनुमानहरूलाई थप गुणस्तरीय बनाउन आवश्यक सहकार्य गरिनेछ। २. प्रदेशस्तरीय तथ्याङ्कहरूलाई सर्वसाधारणले सहजरूपमा बुझ्ने गरी भौगोलिक सूचना प्रणालीको प्रयोग गरी नक्साङ्कन गरिनेछ। ३. दिगो विकास लक्ष्यले निर्धारण गरेका सूचकहरूको अनुगमन तथा लक्ष्य प्राप्तिका लागि प्रदेशस्तरमा समन्वयकारी संरचना तयार गरिनेछ। ४. प्रदेशस्तरमा उपलब्ध तथ्याङ्कहरूको सङ्कलन तथा व्यवस्थापन गरी वार्षिकरूपमा तथ्याङ्कीय पार्श्वचित्र तयार गरिनेछ। ५. योजना, अनुगमन तथा मूल्याङ्कनमा तथ्याङ्क विश्लेषण तथा प्रयोगलाई आधार बनाउन कर्मचारीहरूको क्षमता विस्तार गरिनेछ।
३. तथ्याङ्क व्यवस्थापन कार्यलाई लैङ्गिक तथा समावेशी बनाउने।	१. प्रदेशबाट सञ्चालन हुने सबै तथ्याङ्कीय क्रियाकलापहरूमा लैङ्गिक समावेशितालाई जोड दिँदै भौगोलिक सामाजिक आर्थिक क्षेत्रगत र समावेशी सिद्धान्तका आधारमा खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण तथा सार्वजनिकीकरण गरिनेछ।

५. अपेक्षित उपलब्धि

तथ्याङ्कका लागि आवश्यक संरचना निर्माण भएको हुने; तथ्याङ्कीय साक्षरता तथा तथ्याङ्कको प्रयोगसम्बन्धी क्रियाकलापहरू विस्तार हुने; आर्थिक, सामाजिक, जनसांख्यिक विषय लगायतका तथ्याङ्कहरू उपलब्ध हुने; तथ्याङ्कमा आधारित योजना निर्माण हुने; तथ्याङ्कहरू भौगोलिक सूचना प्रणाली नक्साङ्कनमा समेत उपलब्ध हुनेछ।

८.२ गरिबी निवारण

१. पृष्ठभूमि

गरिबी निवारणलाई विकास प्रयासको प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिए तापनि गरिबी निवारणमा अपेक्षित सफलता हासिल गर्न सकिएको छैन। राष्ट्रिय योजना आयोगको सन् २०२१ को प्रतिवेदनअनुसार यस प्रदेशमा बहुआयामिक गरिबीको दर १८.२ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत (१७.४ प्रतिशत) भन्दा बढी रहेको छ। यस प्रदेशका सबै जिल्लाहरूमा गरिब घरपरिवार पहिचानका लागि स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भइसकेको छ तर परिचयपत्र वितरण कार्य भने दुई जिल्लामा मात्र सम्पन्न हुन सकेको छ।

दिगो विकासको लक्ष्यले सन् २०३० सम्ममा गरिबीको दरलाई शून्यमा झार्ने लक्ष्य लिएको छ। गरिबी निवारण संघ, प्रदेश र स्थानीय तहकै साझा विषय भएकाले तीनै तहको सरकारको समन्वय, सहकार्यमा गरिबीको दर घटाउनु जरुरी रहेको छ।

२. प्रमुख समस्या

गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने निकायहरूबीच समन्वय नहुनु, वास्तविक गरिबसँग कार्यक्रम पुग्न नसक्नु, कृषि क्षेत्र निर्वाहमुखी हुनु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण घरखर्चमै सकिनु, बौद्धिक पलायनलाई रोक्न नसक्नु, युवा जनशक्तिको क्षमता देशभित्र गर्न नसक्नुका साथै गरिबीसम्बन्धी खण्डीकृत तथ्याङ्कको उपलब्धता/उपयोग नहुनु आदि गरिबी निवारणका प्रमुख समस्याको रूपमा लिन सकिन्छ।

३. चुनौती र अवसर

वास्तविक गरिब घरपरिवारहरूको पहिचान गरेर गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु, निर्वाहमुखी कृषि प्रणालीभन्दा व्यवसायिक कृषि प्रणालीमा जोड दिनु, गैरकृषि क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गर्नु, पर्यटन क्षेत्रको विकास गरी सेवा क्षेत्रमा रोजगारी सिर्जना गर्नु प्रमुख चुनौती रहेका छन्।

प्रदेश तथा स्थानीय तहको समन्वयमा गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु, वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको सीपलाई प्रयोग गरी उत्पादनमुखी कार्यमा लगाउनु, सम्भाव्यता

अध्ययन गरी स्थानीय तहहरूलाई कुनै एक बालीको पकेट क्षेत्र घोषणा गरी बजार प्रवर्धन गर्ने, गरिब लक्षित कार्यक्रमहरूमा दाताहरूको रुची रहनुलाई अवसरको रूपमा लिन सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

निरपेक्ष गरिबीलाई शुन्यमा झार्ने।

लक्ष्य

गरिब र धनी बिचको खाडल कम गर्दै लैजाने।

उद्देश्य

१. गरिब पहिचान गर्नु एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु।
२. सिप विकास तथा रोजगारी सिर्जना गर्नु।
३. राज्यको स्रोत साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सघन गरिबी भएका क्षेत्रहरू पहिचान गरी गरिबी निवारण लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने।	१. स्थानीयतहअनुसारको गरिबी पहिचान गर्नका लागि अध्ययन गरिनेछ। २. गरिब पहिचान भई परिचयपत्र प्राप्त गरिसकेका परिवारहरू लक्षित गरी विशेष कार्यक्रम अगाडि बढाइनेछ।

२. गरिबीलाई बहुआयामिक हस्तक्षेपबाट सम्बोधन गर्ने।	१. शिक्षा र स्वास्थ्यमा पहुँच बढाई मानवीय पूँजीको विकास गरिनेछ। २. प्रत्येक घरमा आयआर्जका लागि उद्यमशीलताको विकास गरिनेछ। ३. न्यून आय भएका परिवारहरूलाई सिपमूलक तालिम प्रदान गरिनेछ। ४. वित्तीय साक्षरता कार्यक्रम लागु गरी प्रत्येक व्यक्तिको बैक खातामा पहुँच पुर्याइनेछ।

५. अपेक्षित उपलब्धि

समग्र गरिबीको रेखामुनि रहेको जनसंख्या तथा बहुआयामिक गरिबीको दर क्रमशः ५ प्रतिशत तथा ८ प्रतिशत भएको हुनेछ। गरिब पहिचान तथा यसलाई अद्यावधिक गर्नका लागि एक प्रणालीको स्थापना गरिनेछ।

८.३ श्रम तथा रोजगारी

१. पृष्ठभूमि

नेपालको जनसांख्यिक अवस्था हेर्दा श्रम बजारमा प्रवेश गर्ने जनशक्ति बढ्दो अवस्थामा भए तापनि आन्तरिक श्रम बजारको क्षमता न्यून हुँदा युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य भएका छन्। नेपालमा श्रमको उचित सम्मान नहुनु तथा न्यूनतम ज्यालामा श्रम बेच्नुपर्ने अवस्थाले वैदेशिक रोजगारीमा जाने संख्या बढ्दो छ। प्राविधिक शिक्षामा जोड दिई नागरिकहरूलाई उद्यमशील गराउने नीति राज्यले लिए पनि अपेक्षाअनुसारको सफलता हासिल गर्न सकेको पइँदैन।

प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था संविधानमा नै उल्लेख गरिएको छ भने बेरोजगारीको तथ्याङ्क सङ्कलनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ।

२. प्रमुख समस्या

श्रम बजारको माग अनुरूपको दक्ष तथा सीपमूलक जनशक्तिको अभाव, निर्वाहमुखी कृषि प्रणालीको अवलम्बन, ज्यालामा लैङ्गिक असमानता, बालश्रमको प्रयोग, श्रमबजार सूचना प्रणालीको अभाव, मुलुकमा उपलब्ध युवा श्रमशक्तिको अधिकतम उपयोग गरी कृषि क्षेत्रमा विद्यमान अनुत्पादक श्रमशक्तिलाई उद्योग, व्यापार, पर्यटन, निर्माणजस्ता सेवा क्षेत्रहरूमा स्थानान्तरण गर्न नसक्नु प्रमुख समस्याहरू हुन्।

३. चुनौती र अवसर

श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्धन र उत्पादनशील रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, श्रम बजार सूचना प्रणालीको विकास नहुनु आदि चुनौतीको रूपमा लिन सकिन्छ।

वैदेशिक रोजगारमा गई प्राविधिक सिप सिकी आएका जनशक्तिलाई उद्यमशीलताका लागि ऋण सुविधा उपलब्ध गराउनु, रोजगार सूचना केन्द्र स्थानीय तहसम्म विस्तार हुनु, बालश्रम निवारणका लागि सबै एकबद्ध हुनु, न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था हुनु, बिद्युतीय कारोबार बढ्नु, प्रविधिको बढ्दो विकास तथा प्रयोगलाई सकारात्मक अवसरका रूपमा लिन सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सबै प्रकारका श्रमको सम्मानसहितको पूर्ण रोजगारीको सिर्जना।

लक्ष्य

श्रम बजारमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनसँगै आन्तरिक रोजगारीको सिर्जना गर्ने।

उद्देश्य

१. श्रम बजारमा प्रवेश गर्ने सबै नागरिकलाई रोजगारी सिर्जना गर्नु।
२. युवाहरूलाई उद्यमशील बनाई स्वरोजगारतर्फ उन्मुख गराउनु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. श्रमबजारको माग विश्लेषण गरी सोअनुरूपको जनशक्ति उत्पादन गर्ने।	१. स्थानीय तहसँगको सहकार्यमा बेरोजगारीको तथ्याङ्क सङ्कलन गरिनेछ। २. श्रमबजारमा भइरहेको माग र आपूर्तिको नियमित अध्ययन गरी आवश्यकताअनुसारको रोजगारमुखी शिक्षा र दक्षता विकास गरिनेछ। ३. शैक्षिक संस्थाबाट उत्पादन भएका जनशक्तिहरूलाई विभिन्न प्रतिष्ठान, बैक तथा अन्य निकायहरूसँग सहकार्य गरी तालिम तथा इन्टर्नसिप सञ्चालन गरिनेछ।
२. उद्यमशीलताको प्रवर्धन गरी रोजगारमा जोड दिने।	१. व्यवसायिक तथा प्राविधिक शिक्षामा सहज पहुँच बढाई युवाहरूलाई प्रोत्साहित गरिनेछ। २. वैदेशिक रोजगारमा गई सिप सिकेर आएका युवाहरूको सीप परीक्षण तथा प्रमाणीकरण गरी सहुलियत ऋणको व्यवस्था गरिनेछ। ३. कृषि तथा गैरकृषि क्षेत्रका उत्पादनहरूको बिक्री वितरणका लागि बजारको सुनिश्चितता गरिनेछ।
३. श्रमिकको हक हित संरक्षण गर्दै श्रम बजारमा लैङ्गिक विभेदको अन्त्य गर्ने।	१. कार्यस्थलमा हुने जोखिमको न्यूनीकरणमा जोड दिइनेछ। २. कार्यस्थलमा हुने लैङ्गिक विभेद तथा हिंसालाई निरुत्साहित गरिनेछ। ३. श्रमिकहरूको बिमा अनिवार्य गर्दै सामाजिक सुरक्षामा जोड दिइनेछ। ४. महिला उद्यमी तथा महिलाको रोजगारी बढाउने नीति ल्याइनेछ।

५. अपेक्षित उपलब्धि

कृषि तथा गैरकृषि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन भई रोजगारका अवसर सिर्जना भएको हुने, वैदेशिक रोजगारमा जानेको संख्या घट्ने, रोजगारसम्बन्धी तथ्याङ्कको उपलब्धता हुने, अर्द्धबेरोजगारीको दरमा कमी आएको हुनेछ।

८.४ वन तथा वातावरण

१. पृष्ठभूमि

हरियो वन नेपालको धन भन्ने निकै पुरानो उक्ति सधै नै सान्दर्भिक रहेको छ। यस प्रदेशको करिब ५० प्रतिशत क्षेत्रफल वनले ढाकेको पाइन्छ। बाँके र बर्दियामा दुई ठूला राष्ट्रिय निकुञ्जहरू रहेका छन्। वन क्षेत्रअन्तर्गत सामुदायिक वन, कबुलियत वन, धार्मिक वन, संरक्षित वन, साझेदारी वन, चक्ला वन र निजी वन क्षेत्र रहेका छन्। वनजंगलको उचित प्रयोग र व्यवस्थापनबाट जैविक विविधताको संरक्षण, काठ, दाउरा, घाँसपात मात्र नभई गैरकाष्ठ, जडीबुटी, वन पैदावारका आपूर्ति हुने भएकाले कृषि, पशुपालन, सिँचाइ, पर्यटन क्षेत्रसमेत लाभान्वित हुने अवस्था छ।

प्रदेशभित्रको राष्ट्रिय वन, जंगल, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकार क्षेत्रभित्र रहेको छ। दिगो विकासको लक्ष्य १५ मा वनको दिगो व्यवस्थापन गर्ने र वन विनाश रोक्ने लक्ष्य राखेको छ।

२. प्रमुख समस्या

वनक्षेत्रको उचित संरक्षणको अभाव, बढ्दो शहरीकरण तथा वातावरण प्रदुषण, वन कटानी, फँडानी, चोरीनिकासीको वृद्धि, भूकम्पीय प्रभाव, नोक्सानी पूर्तिमा वनको प्रयोग हुनु, अव्यवस्थित बसोबास, वन अतिक्रमण र वन डँढेलोको चाप बढ्दै जानु समस्याहरू हुन्।

३. चुनौती र अवसर

वन फँडानीबाट हुने क्षतिका बारेमा स्थानीयलाई बुझाउन नसक्नु, वन क्षेत्रबाट प्राप्त हुने लाभ र सेवालाई न्यायोचित वितरण हुन नसक्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता अनुरूप कानुन, नीति, नियम कार्यक्रमहरू लागु गर्न नसक्नु, वन तथा वातावरणसम्बन्धी कार्यक्रमहरू दिगो र स्पष्ट हुन नसक्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

कृषिवनका कारणले कृषि उपजको वृद्धि हुनु, जडिबुटी तथा वनमा आधारित कच्चापदार्थको उत्पादन हुदाँ व्यवसाय सञ्चालनका साथै रोजगारीको सिर्जना, आय आर्जन, वन उद्यमशीलता बढ्नु, शहरीकरणका कारण बढ्दो कार्वन उत्सर्जनलाई सन्तुलनमा ल्याउन पनि यस क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

वातावरण सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुने गरी वनको दिगो व्यवस्थापन गर्ने।

लक्ष्य

वन तथा वातावरण संरक्षण गर्दै वनपैदावारहरूको समुचित उपयोगबाट रोजगारी र आयआर्जनमा वृद्धि गर्ने।

उद्देश्य

१. वनको दिगो व्यवस्थापन गर्ने।
२. वनजन्य वस्तुको उत्पादन बढाई वनमा आधारित उद्योगहरूको विकास तथा विस्तार गर्दै रोजगारी सिर्जना गर्ने।
३. वन क्षेत्रलाई उद्योग र पर्यटनसँग आबद्ध गरी आयमूलक क्रियाकलाप अगाडि बढाउनु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापनका लागि आवश्यक नीति निर्माण गर्ने।	१. वन तथा वातावारण सँग सम्बन्धित प्राकृतिक स्रोतहरूको उचित व्यवस्थापन गर्न आवश्यक नीति मापदण्ड तथा संगठनात्मक संरचना निर्माण गरिनेछ। २. प्रदेशमा रहेका वनहरूको अध्ययन, सर्वेक्षण गरी आवश्यक संरक्षण तथा सम्बर्द्धन गर्दै दिगो उपयोग गर्ने निति तर्जुमा गरिनेछ।

रणनीति	कार्यनीति
	३. वनजन्य आपराधिक क्रियाकलापहरूलाई निरुत्साहित तथा नियन्त्रण गर्न आवश्यक कानून निर्माण तथा परिमार्जन गरिनेछ।
२. वन व्यवस्थापन तथा वन पैदावारको उपयोग गर्ने।	१. प्रदेशभित्रका वन क्षेत्रहरूमा वन डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि समुदायमा पूर्वतयारी क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम शुरु गरिनेछ। २. रैथाने वनस्पति लगायत उपयोगी जडिबुटीहरूको संरक्षण, विस्तार तथा उपयोग गरिनेछ। ३. जैविक विविधताको दिगो संरक्षण गरिनेछ।
३. जलवायु परिवर्तनलाई दृष्टिगत गर्दै वातावरण संरक्षण गर्ने।	१. जलवायु परिवर्तनसम्बन्धी सचेतनामूलक क्रियाकलाप सञ्चालन गरिनेछ। २. प्रदेशमा रहेका तालतलैया तथा सिमसार क्षेत्रहरूको संरक्षण र संवर्द्धन गरिनेछ।
४. भूक्षय नियन्त्रण तथा भूसंरक्षण गर्ने।	१. भूक्षय भएका तथा भूक्षयको संभावित स्थानहरूमा अभियानकै रूपमा वृक्षारोपण गरिनेछ। २. बाटो तथा अन्य विकास निर्माणका कार्य अगाडि बढाउँदा वातावरणीय प्रभाव मूल्याङ्कन गरी त्यसको कार्यान्वयनलाई जोड दिइनेछ।

५. अपेक्षित उपलब्धि

वनको उचित संरक्षण भएको हुनेछ। संरक्षित वनका कारणले हरित स्वरोजगारी सिर्जना भई युवा तथा जनशक्तिको पलायनलाई केही हदसम्म रोकेको हुनेछ। वन पैदावारको समुचित उपयोग भएको हुनुका साथै दिगो वातावरण संरक्षणमा योगदान भएको हुनेछ।

८.५ सूचना तथा सञ्चार प्रविधि

१. पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट सार्वजनिक महत्व सूचनाहरू आम नागरिकले थाहा पाउने अवस्थाको सिर्जना हुन्छ। यसकै प्रयोगबाट नै देशका दूरदराजका नागरिकहरू पनि सूचनाबाट सुसूचित भई राज्यबाट प्राप्त अधिकार र अवसरको सदुपयोग गरी आआफ्नो जीवनस्तर उकास्न सक्दछन्।प्रदेशका सबै स्थानीय तहहरूमा एफएम, टेलिभिजनका साथै मोबाइल फोनको पहुँच पुगेको छ। मोबाइल फोन तथा ईन्टरनेटको प्रयोगबाट शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा ज्ञान विस्तार गर्न र गुणस्तर सुधार गर्न निकै टेवा पुगेको पाइएको छ।

२. प्रमुख समस्या

लुम्बिनी प्रदेशका केही स्थानीय तहहरू भौगोलिकरूपले पिछडिएका कारणले मोबाइल फोन तथा इन्टरनेट सेवा भरपर्दो र गुणस्तरीय हुन सकेको छैन। सबै स्थानमा नियमित विद्युत सेवाको उपलब्धता हुन नसक्नु सूचना तथा प्रविधिको क्षेत्रमा प्रमुख समस्याको रूपमा पाइएको छ।

३. चुनौती र अवसर

शहरी क्षेत्रमा सरकारी तथा निजी क्षेत्रबाट प्राथमिकताका साथ सञ्चालन हुने छापा तथा विद्युतीय सञ्चार माध्यमहरूलाई ग्रामीण क्षेत्रसम्म पुर्याउनु, प्रसारण गर्ने विषयवस्तु, प्रविधिको प्रयोग, दक्ष जनशक्तिको संलग्नता, सरकारले तोकेको न्यूनतम पारिश्रमिक पूर्णरूपमा लागु गराउन नसक्नु, सञ्चार माध्यमहरूलाई निष्पक्ष, सक्षम, मर्यादित र व्यवसायिक बनाउन नसक्नु चुनौतीको रूपमा रहेका छन्।

गुणस्तरीय इन्टरनेट तथा अन्य प्रविधिहरूको प्रयोग बढ्दै जानु, सूचनाको हकलाई मौलिक हकको रूपमा समावेश गर्नु, प्रकाशन तथा प्रसारण स्वतन्त्रताको हक हुनु, सामाजिक सञ्जाल समेतका कारणले सूचनामा सर्वसाधारणको चासो तथा पहुँच बढ्नु, कार्यालयहरूमा नागरिक बडापत्रको व्यवस्था तथा सूचना अधिकारीको संस्थागत व्यवस्था हुनु अवसरका रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सूचना र प्रविधिको पहुँच बढाउदै आर्थिक तथा सामाजिक विकास गर्ने।

लक्ष्य

सबै स्थानीय तहहरूमा गुणस्तरीय टेलिफोन सेवा र इन्टरनेटको पहुँच पुर्याउने।

उद्देश्य

१. सूचना तथा प्रविधिको उपयोगमार्फत् आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने।

२. सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सूचना प्रविधिको विकासका लागि कानूनी एवम् संस्थागत व्यवस्था गर्ने।	१. प्रदेश सरकारका काम कारवाही, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई बढाउदै लगिनेछ। २. सूचनाको हक तथा सूचना प्रविधिसम्बन्धी नीति, कानून तथा मापदण्डको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।
२. सूचना प्रविधिको पहुँच विस्तार गर्दै आर्थिक सामाजिक विकासका क्षेत्रमा व्यापक प्रयोग गर्ने।	१. इन्टरनेटको पहुँच नपुगेका स्थानीय तहहरूमा प्राथमिकतामा राखी सेवा विस्तार गरिनेछ। २. मोवाइलको नेटवर्क राम्रो नभएका स्थानहरूमा टावर निर्माण गरी गुणस्तरीय सेवा प्रदान गरिनेछ। ३. प्रदेशमा रहेका विश्वविद्यालय तथा छनोटमा परेका क्याम्पसहरूमा विद्युतीय पुस्तकालय निर्माणका लागि सहकार्य गरिनेछ।

रणनीति	कार्यनीति
	४. स्थानीय स्तरमा प्रविधिको विकास गर्ने युवाहरूलाई प्रोत्साहन कार्यक्रम लागु गरिनेछ। ५. जनताले प्रतक्ष्य लाभ लिने कार्यालयहरूमा प्रविधिको प्रयोग गरी छिटो छरितो सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

५. अपेक्षित उपलब्धि

प्रदेशको सबै स्थानमा गुणस्तरीय टेलिफोन नेटवर्क र इन्टरनेटको पहुँच भएको हुने, शिक्षा, स्वास्थ्य लगायत सार्वजनिक सेवाका विषयमा इन्टरनेटका माध्यमबाट छिटो छिरितो सेवा प्रवाह भएको हुनेछ।

८.६ विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन व्यवस्थापन

१. पृष्ठभूमि

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुने गरेको छ। आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, हुरीबतास, चट्याङ साथै जलवायु परिवर्तनको असरले बेमौसमी पानी, अतिबृष्टि, खडेरीका कारणले जनधनको क्षति हुनुका साथै डेंगु, मलेरियाजस्ता कीटजन्य रोगहरू पनि लाग्ने गरेको छ।

तुलनात्मक रूपमा रोल्पा, रुकुम पूर्व र नवलपरासी जिल्लाहरू जलवायु परिवर्तनको जोखिमका हिसाबले बढी जोखिमयूक्त मानिएका छन्।

विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनसम्बन्धी विषय जटिल विषय भएकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि तीनओटै तहका सरकारको समन्वयात्मक हातेमाले जरुरी हुन्छ।

२. प्रमुख समस्या

विकास निर्माणलाई विपद् उत्थानशील बनाउन नसक्नु, समुदायस्तरमा सचेतनाका कार्यक्रम प्रभावकारी हुन नसक्नु, तालिम प्राप्त जनशक्तिको अभाव, प्रदेश स्तरमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनसम्बन्धी हेर्ने छुट्टै निकाय नहुनु, विपद् पूर्वतयारीको क्षेत्रमा अपेक्षित कार्य हुन नसक्नु, विपद्का क्षेत्रमा क्रियाशील सरकारी र गैरसरकारी सङ्ग संस्थाहरूबिच उचित समन्वय नहुनु, प्राकृतिक साधन स्रोतको उचित तरिकाले प्रयोग नहुनु प्रमुख समस्याको रूपमा लिन सकिन्छ।

३. चुनौती र अवसर

विपद्को पूर्वानुमान, व्यवस्थापनको पूर्व तयारी, अव्यवस्थित तरिकाले बाटो निर्माण, बिमा नहुदा क्षतिको क्षतिपूर्ति नहुने, विपद्पश्चात्को व्यवस्थापनमा सरोकारवालाहरूको प्रभावकारी समन्वय हुन नसक्नु, निजी तथा सार्वजनिक संरचना निर्माणमा प्राविधिक पाटोलाई ध्यान नदिनु चुनौतीको रूपमा लिईएको छ।

विपद् व्यवस्थापनमा सरकारी, गैरसरकारी लगायत सबै सरोकारवालाहरूको सहयोग हुने गरेको, जिल्ला तथा स्थानीय स्तरमा प्रतिकार्य टोलीको व्यवस्था हुनु, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा अन्तराष्ट्रिय चासो रहने गरेको साथै प्राविधिक तथा अन्य सहयोगहरू प्राप्त हुनु अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

विपद्का घटना र यसको असर एवम् प्रभाव न्यूनीकरण गर्ने।

लक्ष्य

प्राकृतिक प्रकोप तथा विपदबाट हुने मानवीय, भौतिक, सामाजिक र पर्यावरणीय क्षेत्रमा हुने हानी नोक्सानी न्यूनीकरण गर्ने।

उद्देश्य

१. विपद् जोखिम तथा क्षतिको न्यूनीकरण गर्न जोखिम रोकथाम, पूर्वतयारी तथा प्रतिकार्यका लागि जागरुक बनाउनु।

२. जलवायु परिवर्तनका कारणबाट सिर्जना भएको जोखिमको रोकथाम गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. विपद् जोखिमसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा जोखिम न्यूनीकरणका लागि पूर्वतयारी गर्ने।	१. प्रदेशका विभिन्न स्थानमा हुने प्राकृतिक विपद्का घटनाहरूको प्रवृत्ति हेरी जोखिमको आकलन गरिनेछ। २. विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिनेछ। ३. विपद् बारे बुझ्न तथा क्षति न्यूनीकरण गर्नका लागि अध्ययन अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ। ४. जल तथा मौसम मापन केन्द्रहरूको विस्तार तथा गुणस्तर वृद्धिका लागि पहल गरिनेछ। ५. भवन निर्माणमा आवश्यक मापदण्डको पालनामा कडाइ गरिनेछ। ६. नदी नियन्त्रण तथा भूव्यवस्थापन कार्य गरिनेछ। ७. खोला, नदी किनारमा रहेका जोखिमयूक्त बस्तीहरू सुरक्षित स्थानमा सार्नका लागि स्थानीय तह सँग सहकार्य गरिनेछ।
२. विपद्का कारणले हुने गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।	१. प्रादेशिक विपद् जोखिम न्यूनीकरण तथा राहत कोषको व्यवस्था गरी विपदपश्चात्को उद्दार राहत र प्रतिकार्य गरिनेछ। २. विपदमा परि क्षति भोगेका परिवारका सदस्यहरूलाई प्राथमिकताका राखी आयआर्जनका लागि रोजगारी तथा

रणनीति	कार्यनीति
	उद्यमशीलता प्रदान गरिनेछ।

५. अपेक्षित उपलब्धि

विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनका बारेमा प्रदेशबासीहरू जानकार हुनेछन्। विपत् न्यूनकरणका लागि सबै निकायहरूको सहकार्य हुने गरी कार्ययोजना तयार हुनेछ। विपद्का कारणले हुने मानवीय तथा धनजनको क्षतिमा कमी आउनेछ।

८.७ मानव संसाधनको विकास

१. पृष्ठभूमि

श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, दक्ष मानिसहरूको शक्ति क्षमताको व्यवस्थापन लाई मानव संसाधनको रूपमा लिन सकिन्छ। कुनै पनि संगठनको उपलब्धि तथा प्रभावकारिता कर्मचारीहरूको कार्य सम्पादनमा निर्भर हुने हुनाले संगठनका लक्ष्यहरू प्राप्त गर्न क्षमतावान दक्ष जनशक्तिको उत्पादन महत्त्वपूर्ण हुन्छ। देश विकासका लागि उद्यमशील तथा व्यावसायिक जनशक्तिको खाँचो हुन्छ।राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालमा आर्थिक रूपमा सक्रियहरूको जनसंख्या ५७ प्रतिशत रहेकाले सो जनशक्तिलाई श्रम बजारमा प्रयोग गरी जनसाङ्ख्यिक लाभ लिन सकिन्छ।

२. प्रमुख समस्या

नेपालमा कुन संगठनका लागि कुन समयमा कस्तो जनशक्ति आवश्यक पर्दछ भन्ने कुराको पहिचान र पुर्वानुमान गर्न सकिएको छैन।प्राय नेपालका संगठनहरूमा सञ्चालन गरिने प्रशिक्षण तथा तालीम कार्यक्रम बिनियोजित बजेट खर्च भएअनुसारको प्रभावकारी भएका देखिएका छैनन्।

शैक्षिक प्रणाली बढी मात्रामा सैद्धान्तिक ज्ञानमा आधारित भएको कारण कार्यक्रम कार्यान्वयनका लागि आवश्यक ज्ञान प्राप्तिका लागि सीमित तालिममा मात्र भर पर्ने अबस्था छ।तालिम, प्रशिक्षण कार्यक्रमहरू बाट पनि उद्देश्यअनुसारको प्रतिफल आएको छैन।

३. चुनौती र अवसर

श्रम बजारमा आवश्यक मागको आकलन गरी माग भएअनुसारको दक्ष, सक्षम जनशक्ति उत्पादनका लागि प्राविधिक, व्यवसायिक र उद्यमशील शिक्षाको व्यस्थापन तथा उत्पादिन जनशक्तिको उचित व्यवस्थापन चूनौतीको रूपमा रहेका छन्।

पछिल्लो समयमा शैक्षिक संस्थाहरूले दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिईरहेको, विश्वव्यापिकरण र श्रम क्षेत्रको व्यापकता बढ्दै जानु, तालिम तथा सिप विकासका लागि राज्यले लगानी बढाउनु, राजनैतिक स्थायित्व हुँदै जानु मानव संसाधनका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

श्रम बजारको मागअनुसारको दक्ष जनशक्ति उत्पादन गरी उत्पादकत्व वृद्धि गर्ने।

लक्ष्य

समुन्नत तथा समृद प्रदेश बनाउनका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने।

उद्देश्य

१. प्रदेशको समग्र विकासको लागि आवश्यक दक्ष जनशक्तिको आकलन गरी उत्पादन गर्ने ब्यवस्था गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. आवश्यक दक्ष तथा अर्धदक्ष जनशक्तिको आकलन गरी आवश्यकताअनुसारको जनशक्ति उत्पादन गर्ने।	१. स्थानीय तह सँग समेत समन्वय गरी यस प्रदेशमा आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरिनेछ। २. विभिन्न विद्यालय तथा व्यवसायिक तालिम केन्द्रसँग सहकार्य गरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था मिलाइनेछ।
२. सरकारी तथा गैरसरकारी	१. माग तथा आवश्यकताका आधारमा छोटो तथा लामो

रणनीति	कार्यनीति
निकायबीच सहकार्य गर्ने।	अवधिको व्यवसायिक तालिम सञ्चालन गरिनेछ। २. दक्ष जनशक्ति विकासका लागि गैरसरकारी निकायमा समेत लगानी गरी दक्ष जनशक्तिको उत्पादन गरिनेछ।

५. अपेक्षित उपलब्धि

यस प्रदेशका लागि विभिन्न क्षेत्रमा आवश्यक जनशक्तिले उद्यमशीलता तथा तालिम प्राप्त गरी दक्ष जनशक्तिको अभाव हटेको र बेरोजगारी घटेको हुनेछ।

८.८ आम सञ्चार

१. पृष्ठभूमि

पत्रपत्रिका, रेडियो, टेलिभिजन आदिका सहायताले कुनै पनि विषयवस्तुलाई सन्देश वा जानकारीको रूपमा जनसमुदायमा पुर्याउन प्रकाशन वा प्रसारण गर्ने प्रक्रियालाई आमसञ्चार भनिन्छ। नेपालले पछिल्लो दशकमा आमसञ्चारको क्षेत्रमा निकै ठूलो फड्को मारेको पाइएको छ। लुम्बिनी प्रदेशमा हाल करिब ४०० वटा पत्रिका, ८९ वटा एफएमका साथै स्थानीय स्तरमा टेलिभिजन च्यालनहरू सञ्चालनमा रहेका छन्।

सङ्घले देशभर फ्रिक्वेन्सीको म्यापिङ्ग गरी एफएम रेडियोको हकमा स्थानीय तहलाई १०० वाटसम्म, प्रदेशलाई ५०० वाटसम्म र सोभन्दा माथि सङ्घमा रहने व्यवस्था गर्ने गरी सङ्घ, प्रदेश र स्थानीय तहमा सूचना तथा सञ्चारसम्बन्धी अधिकारको विभाजन गरिएको छ साथै प्रदेशले सामुदायिक तथा प्रादेशिक टेलिभिजनको सञ्चालन गर्ने अधिकार तोकिएको छ भने स्थानीय केबुल वितरणको अनुगमन तथा नियमन गर्ने कार्यको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ।

२. प्रमुख समस्या

सूचनाको हकका विषयमा सर्वसाधारणहरूमा जानकारी नहुनु, आमसञ्चारका माध्यमहरू पूर्णरूपमा व्यवसायिक तथा गुणस्तरीय हुन नसक्नु, सञ्चार सामग्रीहरू स्थानीय भाषामा उत्पादन तथा प्रसारण नहुनु आमसञ्चारको प्रमुख समस्याको रूपमा लिन सकिन्छ।

३. चुनौती र अवसर

देशका दुरदराजमा रहेका जनता समक्ष सूचनाको पहुँच पुर्याउनु, सूचनाको पहुँच वृद्धि गरी आर्थिक सामाजिक सास्कृतिक विकास गर्न चुनौतीहरू रहेका छन्।

आमसञ्चारको विषयमा जनचासो बढ्दै गएको, स्थानीय स्तरमा सञ्चारमाध्यमको विस्तार तथा पहुँच बढ्दै जानु, सञ्चारमा प्रविधिको प्रयोग बढ्नु, सञ्चार तथा सूचनाको क्षेत्रमा युवाहरू आकर्षित हुनु, सञ्चार जगत व्यवसायिक रूपमा अगाडि बढिरहेकाले यस क्षेत्रमा अवसरहरू रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

सूचना र सञ्चारको सहज पहुँचका कारण समाज निर्माणमा टेवा पुर्याउनु।

लक्ष्य

आम सञ्चारको विकास र विस्तार गर्दै नागरिकको जीवनस्तरलाई माथि उकास्ने।

उद्देश्य

१. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउदै सूचना तथा सञ्चारको पहुँच वृद्धि गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेशभित्रका सबै परिवारहरूमा आम सञ्चार तथा इन्टरनेट सेवाको पहुँच पुर्याईने।	१. स्थानीय तह र प्रदेश सरकारबीच समन्वय गरी प्रदेशमा रहेका सबै स्थानीय तहको वडा केन्द्रहरूमा गुणस्तरीय इन्टरनेट सेवा विस्तार गरिनेछ। २. प्रदेशका सबै स्थानमा मोवाइल डाटाको गुणस्तर वृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ।

रणनीति	कार्यनीति
	३. सबै प्रकारका सञ्चार माध्यमहरूको सहज सञ्चालनका लागि आवश्यक दर्ता, नवीकरण, अनुगमन लगायतका कार्यहरूमा सहजीकरण गरिनेछ।
२. आमसञ्चार माध्यम तथा सञ्चारकर्मीहरूको दक्षता, क्षमता अभिवृद्धि गर्ने।	१. पत्रकारहरूको न्यूनतम पारिश्रमिक अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ। २. पत्रकार तथा प्रसारकको योग्यता निर्धारण गरी आमसञ्चार माध्यमबाट सम्प्रेषण हुने विषयवस्तुको गुणस्तरमा सुधार गरिनेछ। ३. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि प्रचार प्रसारमा जोड दिइनेछ र सो को प्रभावकारी अनुगमन गरिनेछ। ४. सञ्चारकर्मीहरूको दक्षता तथा क्षमता अभिवृद्धिका लागि तालिम तथा अन्य कार्यक्रमहरू ल्याइनेछ।

५. अपेक्षित उपलब्धि

आम सञ्चारको कारण विश्वभर घटेका घटनाहरूको यथार्थ जानकारी हुने, सञ्चारक्षेत्र गुणस्तरीय भई व्यवसायिक रूपमा अगाडि बढेको हुने साथै आर्थिक सामाजिक सास्कृतिक विकासका लागि सञ्चार जगतको महत्वपूर्ण भूमिका भएको हुनेछ।

८.९ सामाजिक समावेशिता

१. पृष्ठभूमि

सामाजिक विकासको मूलप्रवाहवाट वञ्चित भएका जाति, धर्म, भाषा, लिङ्ग, वर्ण, उत्पीडित, उपेक्षित तथा भौगोलिक क्षेत्रलाई सामाजिक विकासको विभिन्न क्षेत्रमा समान रूपमा सहभागी गराई सामाजिक विकासलाई तिव्रता दिने कार्य सामाजिक समावेशिता हो। यसले कुनै पनि कार्यको योजना

निर्माण देखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा त्यसको प्रतिफल प्राप्तिसम्मको प्रक्रियामा न्यायोचित साझेदारी सुनिश्चित गरी हरेक क्षेत्रका नागरिकहरूको अर्थपूर्ण सहभागितालाई जनाउँछ।

लुम्बिनी प्रदेश भौगोलिक, जातिय, धार्मिक, भाषाका हिसाबले विविधता भएको प्रदेश हो। सामाजिक, सांस्कृतिक दृष्टिले थारु, मगर, क्षेत्री, बाह्मण, मुसलमान जातिहरूको बाहुल्य रहेको यस प्रदेशमा सामाजिक सांस्कृतिक विविधता पाइन्छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार यस प्रदेशमा १०१ जातजाति र ४४ वटा भाषा बोल्ने मानिसहरू रहेको पाइएको छ।

२. प्रमुख समस्या

विद्यमान अवसर र पहुँचको असमानतालाई घटाई सबै जातजाति, धर्म भाषा लिङ्ग वर्ग क्षेत्रका व्यक्तिहरूको आर्थिक तथा सामाजिक अधिकारमा पहुँच पुर्याउन खोजिए पनि पहिलेदेखि नै राज्यको स्रोत साधनमा पहुँच भएका व्यक्ति तथा समुदायको हालीमुहाली हुनु नै प्रमुख समस्या देखिएको छ।

३. चुनौती र अवसर

राज्यको शासकीय क्रियाकलापमा बाध्यताबस अलग हुन पुगेका वा पारिएका सम्पूर्ण जनजाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र, अल्पसंख्यक, मुस्लिम लगायतका वर्ग र समुदायका व्यक्तिहरूलाई राज्यको शासन प्रणाली, स्रोतको बाँडफाँट र कानून निर्माणका क्षेत्रमा समान ढंगले समान अवसर दिलाउन खोजिए पनि तिनीहरूको अशिक्षा, गरिबी र चेतनाको स्तरका कारणले मुलधारमा ल्याउन निकै चुनौती देखिएको छ।

नेपालको संविधानले गरेको व्यवस्थाअनुसार राज्यको मुलधारमा आउन नसकेका सबै वर्ग क्षेत्र र समुदायका व्यक्तिहरूलाई सकारात्मक विभेद, मौलिक हकको व्यवस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरू, समावेशी सिद्धान्तका आधारमा राजनैतिक प्रतिनिधित्व आदिका कारण सामाजिक समावेशितामा अवसरको रूपमा लिन सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

प्रदेश निर्माणमा प्रदेशका सबै नागरिकको सहभागिता र अपनत्व।

लक्ष्य

सकारात्मक विभेदको अवलम्बन गर्दै विपन्न तथा पछाडि परेका नागरिकहरूको समृद्धि गर्ने।

उद्देश्य

१. उपलब्ध स्रोत साधन तथा सेवा सुविधामा सबै नागरिकको सहभागिता बढाई समावेशी विकास गर्नु।

२. भेदभावरहित समाजको निर्माण गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेशमा उपलब्ध स्रोत तथा साधनमा सबै नागरिकका पहुँच वृद्धि गर्ने।	१. प्रदेशमा रहेका लोपोन्मुख तथा सीमान्तकृत वर्ग लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। २. प्राकृतिक स्रोत तथा विकासका कार्यहरूमा पिछडिएका क्षेत्र र वर्गको (महिला, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, दलित, अल्पंख्यक र पिछडिएका वर्गका) नागरिकको पहुँच वृद्धि गरिनेछ।
२. सबै वर्ग र क्षेत्रका लागि सहभागितामूलक र समावेशी विकास गर्ने।	१. विकास निर्माणका कार्यक्रमहरूमा स्थानीय स्तरमा रहेका सबै वर्ग र समुदायका नागरिकहरूको सहभागिता सुनिश्चितताका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। २. आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकास गरिनेछ।
३. सामाजिक समावेशीको	१. सबै वर्ग, लिङ्ग तथा क्षेत्रका नागरिकहरूलाई

रणनीति	कार्यनीति
सिद्धान्तलाई प्रवर्धन गर्ने नीति तथा कार्यक्रमहरू निर्माण गर्ने।	सम्मानजनक बाच्न पाउने अधिकारको सुनिश्चतता गर्ने। २. लक्षित वर्ग समुदायसँग सम्बन्धित नियम कानूनहरूको अध्ययन गरी आवश्यकताअनुसारको परिमार्जन गरी समयसापेक्ष नीति तथा कार्यक्रमहरू अगाडि बढाउने।

५. अपेक्षित उपलब्धि

राज्यको साधन स्रोत बाँडफाँट लगायत विभिन्न अवसरहरूमा बहिष्करणमा परेका तथा सीमान्तकृत समुदायको समेत प्रतिनिधित्वको सुनिश्चतता भएको हुनेछ। उक्त समुदायको जनताको क्षमता अभिवृद्धि भई स्रोत र अवसरमा पहुँच हुनेछ।

परिच्छेद ९

योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन

९.१ योजना तर्जुमा

१. पृष्ठभूमि

निश्चित लक्ष्य प्राप्तिको लागि निर्धारित समयमा उपलब्ध साधन स्रोतको संयोजन तथा परिचालन गर्दै सञ्चालन गरिने कार्यक्रमहरूको प्रारुप तयार गर्नुलाई योजना तर्जुमा भनिन्छ। संक्षेपमा भविष्यमा गरिने कार्यहरूको रूपरेखालाई योजना भनिन्छ।

योजना तर्जुमा गर्दा समस्या वा आवश्यकताको पहिचान गर्ने, समस्या वा आवश्यकतालाई सम्बोधन गर्न अपनाउनु पर्ने कार्यहरू (लक्ष्य, उद्देश्य, कार्यक्रम, परियोजना), कार्य सम्पन्न गर्नका लागि आवश्यक स्रोत साधन, जनशक्तिको प्रक्षेपण र प्राप्तिको व्यवस्था र सम्पादन गरिने कार्यहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता पक्षहरूलाई समेटिन्छ।

मुलुक संघीयता कार्यान्वयनको चरणमा रहेकाले केन्द्रीय योजनाहरूसँग समन्वय गर्दै प्रदेशको आवश्यकताअनुसारका विकास योजनाहरू अघि बढाउनु प्रदेश सरकारको आवश्यकता रहेको छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेश प्रथम पञ्चवर्षीय योजना (२०७५/७६-२०८०/८१) कार्यान्वयनको चरणमा छ।

२. प्रमुख समस्या

योजना तर्जुमा गर्दा सरोकारवालाहरूको सहभागिता गराई मागमा आधारित हुनुको सट्टा पूर्तिमा आधारित हुनु, महात्वकांक्षी उद्देश्य राखिनु, भरपर्दो सूचना तथा तथ्याङ्कको अभाव, योजना प्राथमिकीकरणमा अन्यौल तथा नीतिगत अस्थिरता, तथ्यगतभन्दा पहुँचका आधारमा योजना तर्जुमा हुनु, वैदेशिक सहायतामा अत्याधिक निर्भरता, स्थानीय स्रोतसाधन, सीप परिचालनमा उदासिनता योजना तर्जुमाका प्रमुख समस्याहरू हुन्।

३. चुनौती र अवसर

संघ, प्रदेश र स्थानीय तहको समन्वय गर्न, विषयगत मन्त्रालयहरूसँग योजना निर्माणमा दक्ष जनशक्तिको व्यवस्था, तथ्यगत योजना निर्माणमा राजनैतिक नेतृत्वको सहयोग तथा सहभागिता मुख्य चुनौतीको रूपमा रहेका छन्।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीयतह हरूलाई समन्वय गर्न विशेष ऐनको परिकल्पना गर्न, सबै विषयगत मन्त्रालयहरूमा योजना, अनुगमन तथा मूल्याङ्कन एकाइ रहनु, राष्ट्रिय महत्वका आयोजनाहरू आयोजना बैकका रूपमा कार्यान्वयनका आउनु, तथ्यमा आधारित योजना निर्माणमा राजनैतिक नेतृत्वको चासो बढ्नु, आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त रचनात्मक पृष्ठपोषणलाई योजना तर्जुमामा आधारको रूपमा प्रयोग गर्ने संस्कार विकास हुनु योजना निर्माणका अवसरका रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

समग्र विकासका लागि प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन प्रणाली

लक्ष्य

योजनाहरूको लक्ष्य र प्रगतिबीच तादम्यता कायम गर्ने।

उद्देश्य

१. तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्दै प्रभावकारी कार्यान्वयन गर्नु।
२. योजनाहरूको अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. विषयगत मापदण्ड बनाइ तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम	१. हरेक योजनाको कार्यान्वयनका लागि समय तालिका, लाभलागत, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

रणनीति	कार्यनीति
गर्ने।	२. योजनाका निर्माणका क्रममा हुने कमजोरी र परिणामलाई यथार्थ विश्लेषण गरी सबै निकायसँग समन्वय र अन्तरसम्बन्ध स्थापना गरिनेछ। ३. योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि गरिनेछ। ४. विकास आयोजनाको पहिचान, छनौट र कार्यान्वयनमा स्थानीय तहसँग सहकार्य गरिनेछ।
२. तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने।	१. योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सङ्कलन तथा व्यवस्थापन प्रणाली सुदृढ गर्दै तथ्याङ्कमा आधारित योजना निर्माण गरिनेछ। २. योजना निर्माणलाई थप प्रभावकारी बनाउन शैक्षिक तथा विषयगत अध्ययन अनुसन्धान केन्द्र, विभिन्न संघसंस्था तथा बिज्ञ व्यक्तित्वहरू र विकास साझेदारहरूसँग समन्वय गरिनेछ। ३. प्रादेशिक योजना निर्माणको लागि राष्ट्रिय योजना आयोग र अन्य विषयगत संघीय मन्त्रालय तथा विभागहरूसँग समन्वय गरिनेछ।

५. अपेक्षित उपलब्धि

सही स्थान र समयमा आवश्यकताअनुसारका तथ्यमा आधारित योजनाहरू बन्नेछन्। योजना निर्माण गर्दा सरोकारवाला निकायहरूको सहभागिता र समन्वयले कम लागतमा धेरै प्रतिफल दिने योजनाहरू तयार हुनेछन्। स्थानीय स्तरमा उपलब्ध स्रोत साधन तथा जनशक्तिको उचित परिचालन हुने गरी योजना निर्माण हुनेछन्।

९.२ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

१. पृष्ठभूमि

कुनै पनि नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, यो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ। यसको मुख्य उद्देश्य नीति, योजना तथा परियोजना र कार्यक्रमको प्रगति र ढिलासुस्ती, काम सही समयमा र दिशामा भए नभएको तथा मापदण्डहरूअनुसार रहे नरहेको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो। अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सवल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना सङ्कलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुर्याउँछ। त्यसैले हरेक क्षेत्र (सार्वजनिक, निजी तथा गैरसरकारी) ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्ने गरिन्छ।

नेपाल सरकारले विकास योजना तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि विकास योजनाहरूको लागि नतिजा खाका एवम् अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन लागु गरेको छ। अनुगमन र मूल्याङ्कनको पद्धति विकास गरिएको भएतापनि पालना प्रभावकारी नहुदा आयोजनाहरूको कार्यान्वयन पक्ष कमजोर रहने गरेको छ। यी अनुभवहरूबाट पाठ सिक्दै प्रदेश सरकारले प्रदेश स्तरमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नको लागि अनुगमन तथा मूल्याङ्कनमा जोड दिएको छ। लुम्बिनी प्रदेश योजना आयोगले प्रदेशको विकास कार्यक्रमहरूलाई प्रभावकारी कार्यन्वयन गर्ने उद्देश्यले "प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५" जारी गरेको छ। उक्त दिग्दर्शनको आधारमा विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गराउने उद्देश्यले प्रदेशसभाका समिति र जिल्ला समन्वय समितिलाई पनि अनुगमन तथा मूल्याङकन प्रक्रियामा सहभागी गराउने, उच्चस्तरीय अनुगमन र मूल्याङ्कनमार्फत् सेवा प्रवाहलाई शीघ्र, सरल तथा सहज बनाउने र राष्ट्रिय आयोजनाहरूको अनुगमनका लागि संघीय सरकारसँग समन्वय गर्ने नीति लिइएको छ।

२. प्रमुख समस्या

प्रदेश योजनाबद्ध विकासको प्रारम्भिक अवस्थामा रहेकोले प्रदेशमा प्रयाप्त जनशक्ति र भौतिक संरचना नहुनु, सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, प्रदेश अन्तर्गतका संस्थागत संरचनाहरू

व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध र व्यवस्थित नहुनु, संघबाट जारी हुने समन्वय कानून बन्न बाँकी रहेको, अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक कानुन, स्रोत साधन, तथ्याङ्क तथा तथ्याङ्कीय प्रणालीमा आधारित भई काम गर्ने प्राविधिक जनशक्तिको अभाव रहनु अनुगमन तथा मूल्याङ्कन सम्वन्धमा प्रमुख समस्याका रूपमा रहेका छन्।

३. चुनौती र अवसर

तिनओटै तहको समन्वयका लागि आवश्यक कानून समयमा बन्न नसक्नु, स्थानीय तहसम्म अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु, नतीजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु, वस्तुनिष्ठ सूचकहरूको पहिचान गरी आयोजनामा अनुगमन तथा मूल्याङ्कनमा समावेश गर्नु, अनुगमन तथा मूल्याङ्कनको अभावमा सिकाइ र जवाफदेहितामा कमी हुदाँ यसका सूचकहरू वस्तुगत हुन नसक्नु, सूचना सङ्कलन तथा विश्लेषणको लागि संस्थागत तथा जनशक्ति विकास गर्नु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई बलियो बनाई योजना कार्यान्वयनका लागि उत्प्रेरणा जगाई जिम्मेवार गराउनु र स्वचालित अनुगमन प्रणालीको स्थापना तथा सञ्चालन गरी सूचना प्रविधिमैत्री बनाउनु साथै प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ ले परिकल्पना गरेको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई पूर्णरूपमा लागु तथा कार्यान्वयन गर्नु मुख्य चुनौतीका रूपमा रहेको छ।

अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नेपालको संविधानमै व्यवस्था हुनु, स्थानीय तहहरू आर्थिक रूपमा सबल र अधिकार सम्पन्न हुनु, अनुगमन तथा मूल्याङ्कनबारे संस्थागत धारण बन्नु, संगठन संरचना निर्माण गर्दा अनुगमन तथा मूल्याङ्कन कार्यको लागि महत्व दिनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु, प्रादेशिक नीति, योजना तथा कार्यक्रमहरूको शुरुवाट र अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास शुरुवाती चरणमा रहेकोले प्रारम्भ देखि नै प्रणालीलाई संस्थागत गर्न सकिने, सूचना प्रविधिको उच्च विकास, राजनितिक नेतृत्वले पनि नतिजामूलक अनुगमन तथा मूल्याङ्कनमा जोड दिनु साथै अनुगमनमा सहभागी हुनुले अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुधार तथा विकास गर्ने अवसरको रूपमा लिन सकिन्छ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सोच

नीति, योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीमार्फत् कार्यान्वयन एवम् जवाफदेहिताको सुनिश्चितता।

लक्ष्य

प्रभावकारी कार्यान्वयन संरचना तथा स्वचालित अनुगमन तथा मूल्याङ्कन प्रणालीमार्फत् सिकाइ र जवाफदेहिता सुनिश्चित गरी तथ्यपरक नीति निर्माणलाई संस्थागत गर्ने।

उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु।
२. आवश्यक सूचक निर्माण तथा आवश्यक तथ्याङ्क उपलब्ध हुने व्यवस्था मिलाउनु।
३. योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।
४. आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. अनुगमन तथा मूल्याङ्कनको लागि स्पष्ट नीति बनाई लागू गर्ने।	१. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन पुनरावलोकन गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ। २. प्रदेशस्तरीय विकास समाधान समिति, मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरीय अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखालाई प्रभावकारी बनाइनेछ।
२. आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी	१. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। २. उपलब्ध तथ्याङ्कको विश्लेषण गरी उचित प्रयोगका लागि

रणनीति	कार्यनीति
बनाउने।	अनुगमन मूल्याङ्कनमा संलग्न हुने कर्मचारीहरूलाई तथ्याङ्क विश्लेषण तथा प्रयोगसम्बन्धी तालिम दिइनेछ। ३. हरेक मन्त्रालयले महिनाको एकपटक र प्रदेश नीति तथा योजना आयोगले चौमासिक रूपमा कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति अनुगमन गर्ने व्यवस्था गरिनेछ। ४. प्रदेश र स्थानीय तहका अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, M &E M atrix, Project Perform ance Inform ation System (PPIS) Software, M &E data को प्रयोग, अभिलेख व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ। ५. सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेज र अन्तर्राष्ट्रिय प्रतिबद्धताको अनुगमन तथा मूल्याङ्कन गरिनेछ। ६. हरेक आयोजनाको ठिकठिक समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ।
३. नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता कार्यकुशलता, प्रभाव, दिगोपना,	१. सोच तालिका, नतिजा तालिका, सूचना व्यवस्थापन प्रणाली र अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी आफैंले वा तेस्रो पक्षबाट मूल्याङ्कन गरिनेछ। २. अनुगमन प्रणाली लाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम, योजना वा आयोजना निर्माण तहमा नै

रणनीति	कार्यनीति
समावेशिता, लैङ्गिक समता र लाभग्राहीको सन्तुष्टि जस्ता मापदण्डको आधारमा गरिनेछ।	सूचकहरू निर्धारण गरी आयोजना सञ्चालन अगावै पूर्व मूल्याङ्कन, कार्यान्वयनको चरणमा चालु मूल्याङ्कन र आयोजना सम्पन्न भएपछि उपलब्धिहरूको मापन गर्ने प्रणालीको विकास गरिनेछ। ३. प्रथम पञ्चवर्षीय योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना अनुगमन तथा मूल्याङ्कनको आधार मानिनेछ।

५. अपेक्षित उपलब्धि

यस योजनाको अन्तमा अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था भई आवश्यक तथ्याङ्कको प्रयोग गर्दै दक्ष जनशक्तिबाट नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुने व्यवस्था भएको हुनेछ, योजना तथा कार्यक्रमअनुसारको प्रगति मापन गर्न आवश्यक सूचक निर्माण तथा आवश्यक तथ्याङ्क समयमा प्राप्त भएको हुनेछ, प्रत्येक योजनाको अनुगमन तथा मूल्याङ्कन वस्तुगत रूपमा भएको हुनेछ साथै आधुनिक सूचना प्रविधिको प्रयोगबाट स्वचालित अनुगमन मूल्याङ्कनबाट आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन प्रभावकारी र समयमा भएको हुनेछ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

प्रदेश योजना आयोग

बुटवल, नेपाल

फोन नं. :- ०७१-५५०६१४

Email :- info@ocomcm.p5.gov.np, infocmofficep5@gmail.com

Website :- www.ocmcm.p5.gov.np